# بُلُوغُ الْمَرَامِ
# مِنْ أَدِلَّةِ الْأَحْكَامِ

## للحافظ ابن حجر العسقلاني

الترجمة:

## عتيق الرحمن محمد إدريس خان مكي

# बुलूगुल् मराम

## मिन अदिल्लतिल् अहकाम

संकलनकर्ता

## हाफिज इब्ने हज्र अल् अस्कलानी

अनुवादकः

## अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की

# लेखकको भनाई

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् त्यसको जाहेर र गोप्य अनुकम्पाहरूमा आदिदेखि अन्तसम्म । र अल्लाहको प्रशान्ति अवतरित होस् अल्लाहको सन्देष्टा र मनोनीत दूत मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि जिनले उहाँ सल्लल्लाहो अलैहे वसल्लमको धर्मको प्रचार प्रसार दृश्य अदृश्य तरिकाले गरे । र शान्ति अवतरित होस् उहाँहरूका अनुयायीहरूमाथि जुन ज्ञानका वारिस भए, त विद्वानहरू नै सन्देष्टाहरूका वारिस (प्रतिनिधि) हुन्, त कति राम्रो वारिस छन् र कति राम्रो विरासत छ ।

तत्पश्चातः यो संक्षिप्त किताब हो जसमा इस्लामीय विधिशास्त्रका प्रमुख समस्या र मामिलाहरूमाथि हदीसहरूद्वारा प्रमाणीकरण गरिएको छ, र जसलाई मैले अनथक प्रयासले यस्तो शैलीमा प्रस्तुत गरेको छु कि यसलाई कण्ठ गर्नेवाला व्यक्ति आफ्नो मित्र र साथीहरूबीच मर्यादित र उनीहरूमाथि उत्कृष्ट भइहाल्छ । र प्राथमिक विद्यार्थी यसबाट सहायता प्राप्त गर्छ, र उच्च शिक्षा प्राप्त गर्नेवाला पनि यसबाट निस्पृह रहन सक्दैन ।

र मैले यसमा मुस्लिम समुदायको हितको उद्देश्यले प्रत्येक हदीस पश्चात त्यसको सन्दर्भ पनि वर्णन गरेको छु, र त्यस विद्को नाम पनि जसले यसलाई वर्णन गरेको छ । यसर्थ यस किताबमा वर्णित **सब्अः** (सातौं) को अर्थ होः **अहमद, बुखारी, मुस्लिम, अबू दाऊद, नेसाई, तिर्मिजी र इब्ने माजा** । र **सित्तह** ( छयौं) को अर्थ होः **अहमद बाहेक उपरोक्तमा वर्णित समस्त हदीसका विद्हरू** । र **खम्सह** (पाँचौं) को अर्थ होः **बुखारी र मुस्लिम बाहेक अन्य सबै जिनलाई उपरोक्तमा वर्णन गरिएको छ** । र **कहिलेकाहिँ म भन्दछु अरबअह** (चारौं) **र अहमद, त चारौं** (अरबअह) को अर्थ होः **पहिलाका तीन विद्हरू बाहेक सबै** । र **सलासह** (तीनौं) को अर्थ होः **पहिलाका तीन** (**अहमद, बुखारी, मुस्लिम**) **र अन्तिमका एक** (**इब्ने माजा**) **बाहेकका विद्हरू** (**अर्थात अबू दाऊद, तिर्मिजी र नेसाई**) । र **मुत्तफक अलैहको** अर्थ होः **बुखारी र मुस्लिम** । र कहिलेकाहिँ म बुखारी र मुस्लिमको साथमा अन्य विधिशास्त्रीहरूलाई वर्णन गर्दैन, र यस बाहेक समस्त अवस्थामा सबै कुराहरूलाई प्रष्ट पारिदिएको छु ।

र यस किताबलाई मैले "**बुलूगुल् मराम मिन अदिल्लतिल अहकाम**"को नाम दिएको छु, र अल्लाहसित यो याचना गर्दछु कि जुन ज्ञान हामीले प्राप्त गरेका छौं त्यसलाई हामीहरूको लागि आपत्तिजनक कुरो नबनाओस्, र हामीलाई त्यो कार्य गर्ने सुअवसर प्रदान गरोस् जसले त्यस परम् पूज्यलाई प्रसन्न गरिदेओस् ।

**लेखकः**

**अबुल् फजल शहाबुद्दीन अहमद इब्ने हज्र अल् अस्कलानी**

# प्रक्काथन

समस्त प्रकारको प्रशंसा अल्लाहकै लागि छन् जुन समस्त संसारको प्रतिपालक हो । र प्रशान्ति अवतरित होस् त्यसको अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि जुन समस्त युग र समस्त संसारको लागि सन्देष्टा पठाइएका हुन् ।

मलाई अति खुशी लागेको छ, र म आफूलाई अति भाग्यवान महसूस गरिरहेको छु कि अल्लाहले मलाई यस्तो पावन कार्यको लागि मनोनीत गऱ्यो र मलाई आफ्नो सन्देष्टाका हदीसहरूलाई अनुवाद गर्ने सुअवसर प्रदान गऱ्यो । यसर्थ म त्यसको यस अनुकम्पामा त्यसको जति कृतज्ञता व्यक्त गरे पनि कम नै रहन्छ । साथै म यो पनि भन्न चाहन्छु कि मानिसले अनुवादगर्दा जति प्रयास गरे पनि त्यसको अनुवादमा केही कमिकम्जोरी बाँकी नै रहन्छ, यसर्थ यस अनुवादमा कुनै कमिकम्जोरी देखा परेमा निम्नमा भएको इमेल अथवा सम्पर्क नम्बरमा खबर गरिदिएमा तपाईको आभारी हुनेछु ।

यो किताब इस्लामका प्रसिद्ध विद् हाफिज इब्ने हज्र अल् अस्कलानीले संग्रह गरेको किताब हो जसमा उहाँले जीवनका प्रत्येक क्षेत्रसित सम्बन्धित रसूल सल्लल्लाहो अलैहे वसल्लमका हदीसहरूलाई संग्रह गरेका छन् ताकि मुसलमानहरू यसद्वारा ज्ञान प्राप्त गरेर अआफ्नो जीवन यसै ज्ञानको आधारमा व्यतीत गरुन् ।

यो हदीसको संग्रह अति सानो भए पनि मुसलमानहरूको लागि अति महत्वपूर्ण छ र यसको अनुवादको लागि नयाँ मुसलमान दाजुभाइहरूले पटक पटक मसित भनेको कारण नै मैले यसको अनुवाद गरेको छु, र यसमा हदीसहरूको नम्बर मैले शैख सफीउर्रहमान मुबारकपुरीले गरेको यसको व्याख्याको किताबबाट लिएको छु र हदीसका शब्दहरूलाई पनि उपरोक्त किताबबाट लेखेको छु, र अनुवादगर्दा कुनै कुराबारे शंका सन्देह भएमा शैख सफीउर्रहमान ज्यूको व्याख्यालाई नै प्राथमिकता दिएको छु, र सकेसम्म नेपालीहरूको लागि अपरिचित शब्दहरुलाई टीकाटिप्पणीमा वदि्हरूको सही कथन बमोजिम अर्थाउने प्रयास गरेको छु । र यस किताबको अनुवाद मैले २०१४ ई. मा नै सम्पन्न गरिसकेको थिएँ, तर आर्थिक अभावको कारण प्रकाशित गर्न सकेको थिएन, तर अहिले अल्लाहको कृपाले यस किताबको पहिलो भाग प्रकाशित गर्दछु यस आशाको साथ कि अल्लाह मेरो यस सानो

प्रयासद्वारा समस्त मानवगणलाई लाभ पुऱ्याई मलाई र मेरो परिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् । (आमीन)


**अनुवादकः**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वॉड नं. ४ महुवा तौलिहवा नेपाल**

**एम.ए. विधिशास्त्र विभाग**

**उम्म अल् कुरा विश्वविद्यालय**

**पवित्र मक्का सउदी अरब**

**मो.नं.: ००९६६५०१३७३३५४**

**Email- atiqkhannp1982@yahoo.com**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

# १- पवित्रताको वर्णन

## अध्यायः पानीको बर्णन

१- हजरत[1] अबू हुरैरह रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले समुन्द्रको बारेमा भन्नु भयोः “त्यसको पानी पवित्र छ, र त्यसका मृतकहरू (माछाहरू) हलाल (वैध) छन्” । ( यस हदीसलाई चारौंले र इब्ने अबि शैबाले वर्णन गर्नु भएको छ, र हदीसका शब्द इब्ने अबि शैबाका नै हुन् । र यस हदीसलाई इब्ने खुजैमा र तिर्मिजीले सही भनेका छन्, र यस हदीसलाई इमाम शाफई र इमाम मालिक एवं इमाम अहमदले पनि वर्णन गर्नु भएको छ ।)

२- र हजरत अबू सईद अल् खुदरी रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः “निःसन्देह पानी पवित्र छ त्यसलाई कुनै पनि कुरा अपवित्र गर्न सक्दैन” । (यस हदीसलाई तीनौंले वर्णन गरेका छन्, र अहमदले यसलाई सही भन्नु भएको छ ।)

३- र हजरत अबू उमामा अल् बाहेली रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छः “पानीलाई कुनै पनि कुरा अपवित्र गर्न सक्दैन त्यस बाहेक जुन त्यसको रङ्ग वा सुगन्ध वा स्वादमाथि प्रभावी भइहालोस्” । (

# ١– كِتَابُ اَلطَّهَارَةِ

## بَابُ اَلْمِيَاهِ

١– عَنْ أَبِي هُرَيْرَةَ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ فِي الْبَحْرِ: { هُوَ اَلطُّهُورُ مَاؤُهُ، الْحِلُّ مَيْتَتُهُ } أَخْرَجَهُ الْأَرْبَعَةُ، وَابْنُ أَبِي شَيْبَةَ وَاللَّفْظُ لَهُ، وَصَحَّحَهُ ابْنُ خُزَيْمَةَ وَالتِّرْمِذِيُّ.ورواه مالك والشافعي وأحمد.

٢– وَعَنْ أَبِي سَعِيدٍ الْخُدْرِيِّ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِنَّ الْمَاءَطَهُورٌ لَا يُنَجِّسُهُ شَيْءٌ } أَخْرَجَهُ الثَّلَاثَةُ وَصَحَّحَهُ أَحْمَدُ.

٣– وَعَنْ أَبِي أُمَامَةَ الْبَاهِلِيِّ ﷺ قَالَ: قَالَ رَسُولُ ﷺ: { إِنَّ الْمَاءَ لَا يُنَجِّسُهُ شَيْءٌ، إِلَّا مَا غَلَبَ عَلَى رِيحِهِ وَطَعْمِهِ،

1 -कसैलाई सम्मानित गरेर सम्बोधित गर्ने शब्द हो जसरी श्रीमान... आदि ।

وَلَوْنِهِ } أَخْرَجَهُ ابْنُ مَاجَهْ وَضَعَّفَهُ أَبُو حَاتِمٍ.

وَلِلْبَيْهَقِيِّ: { الْمَاءُ طَاهِرٌ إِلَّا إِنْ تَغَيَّرَ رِيحُهُ، أَوْ طَعْمُهُ، أَوْ لَوْنُهُ؛ بِنَجَاسَةٍ تَحْدُثُ فِيهِ }.

यस हदीसलाई इब्ने माजाले वर्णन गर्नु भएको छ, र यसलाई अबू हातिमले जईफ ( कम्जोर र अविश्वासनीय) भनेका छन् ।)
र बैहकीमा यो हदीस यसरी वर्णित छ: "समस्त पानी पवित्र हुन्छ त्यस बाहेक जसको सुगन्ध अथवा स्वाद वा रङ्ग कुनै अपवित्र कुराद्वारा परिवर्तित भइहालोस्" ।

٤- وَعَنْ عَبْدِ اللَّهِ بْنِ عُمَرَ رَضِيَ اللَّهُ عَنْهُمَا قَالَ: قَالَ رَسُولُ اللَّهِ صَلَّى عَلَيْهِ وَسَلَّمَ: { إِذَا كَانَ الْمَاءُ قُلَّتَيْنِ لَمْ يَحْمِلْ الْخَبَثَ } وَفِي لَفْظٍ: { لَمْ يَنْجُسْ } أَخْرَجَهُ الْأَرْبَعَةُ، وَصَحَّحَهُ ابْنُ خُزَيْمَةَ وَابْنُ حِبَّانَ والحاكم.

४- र हजरत अब्दुल्लाह बिन उमर रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "जब पानी दुई कुल्ला (अर्थात दुई ठूलो भाँडा जतिको होस् जसको आँकलन लगभग २२७ कि. ग्राम हुन्छ) होस्, त त्यो अपवित्रतालाई स्वीकार्दैन ।" र हदीसको अर्को शब्द यसरी छ कि: "त्यो अपवित्र हुँदैन" । (यस हदीसलाई चारौंले वर्णन गरेका छन्, र यसलाई इब्ने खुजैमा र इब्ने हिब्बान एवं हाकिमले सही भनेका छन् ।)

٥- وَعَنْ أَبِي هُرَيْرَةَ ؓ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { لَا يَغْتَسِلُ أَحَدُكُمْ فِي الْمَاءِ اَلدَّائِمِ وَهُوَ جُنُبٌ } أَخْرَجَهُ مُسْلِمٌ وَلِلْبُخَارِيِّ: { لَا يَبُولَنَّ أَحَدُكُمْ فِي الْمَاءِ الدَّائِمِ الَّذِي لَا يَجْرِي، ثُمَّ يَغْتَسِلُ فِيهِ }. وَلِمُسْلِمٍ: "مِنْهُ" وَلِأَبِي دَاوُدَ: { وَلَا يَغْتَسِلُ فِيهِ مِنْ الْجَنَابَةِ }.

५- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "तिमीमध्ये कोही पनि अपवित्रताको अवस्थामा रुकेको पानीमा स्नान नगरोस् ।" (यस हदीसलाई मुस्लिमले वर्णन गर्नु भएको छ । र बुखारीको हदीसमा शब्द यसरी वर्णित छन् कि: "तिमीहरूमध्ये कोही पनि रुकेको (नबग्ने) पानीमा पिशाब नफेरोस्, अनि त्यसैमा स्नान पनि गरोस् ।" र सही मुस्लिमको हदीसमा "फीहि" को सट्टामा "मिन्हो" शब्द वर्णित छ । र अबू दाऊदको हदीसका शब्द छन् कि: "त्यस पानीमा अपवित्रताको अवस्थामा स्नान नगरोस् ।")

٦- وَعَنْ رَجُلٍ صَحِبَ النَّبِيَّ ﷺ قَالَ: { نَهَى رَسُولُ اللَّهِ ﷺ "أَنْ تَغْتَسِلَ الْمَرْأَةُ بِفَضْلِ الرَّجُلِ، أَوْ الرَّجُلُ بِفَضْلِ الْمَرْأَةِ، وَلْيَغْتَرِفَا جَمِيعًا } أَخْرَجَهُ أَبُو دَاوُدَ، وَالنَّسَائِيُّ، وَإِسْنَادُهُ صَحِيحٌ.

٧- وَعَنْ ابْنِ عَبَّاسٍ رَضِيَ اللَّهُ عَنْهُمَا؛ { أَنَّ النَّبِيَّ ﷺ كَانَ يَغْتَسِلُ بِفَضْلِ مَيْمُونَةَ رَضِيَ اللَّهُ عَنْهَا } أَخْرَجَهُ مُسْلِمٌ وَلِأَصْحَابِ "السُّنَنِ": { اِغْتَسَلَ بَعْضُ أَزْوَاجِ النَّبِيِّ ﷺ فِي جَفْنَةٍ، فَجَاءَ لِيَغْتَسِلَ مِنْهَا، فَقَالَتْ لَهُ: إِنِّي كُنْتُ جُنُبًا، فَقَالَ: "إِنَّ الْمَاءَ لَا يَجْنُبُ" } وَصَحَّحَهُ التِّرْمِذِيُّ، وَابْنُ خُزَيْمَةَ.

٨- وَعَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { طَهُورُ إِنَاءِ أَحَدِكُمْ إِذْا وَلَغَ فِيهِ الْكَلْبُ أَنْ يَغْسِلَهُ سَبْعَ مَرَّاتٍ، أُولَاهُنَّ بِالتُّرَابِ } أَخْرَجَهُ مُسْلِمٌ .

६- र एउटा यस्तो मान्छेको वर्णन छ जुन नबी सल्लल्लाहो अलैहे वसल्लमको संगतमा थियो कि: “रसूल सल्लल्लाहो अलैहे वसल्लमले यस कुराबाट मनाही गरेका छन् कि महिला पुरुषको प्रयोगबाट बचेको पानीद्वारा स्नान गरोस् वा पुरुष महिलाको प्रयोगबाट बचेको पानीद्वारा स्नान गरोस्, हो यदि दुवै एकैसाथ अञ्जुलीले पानी लिन्छन् भने कुनै आपत्ति छैन ।” (यसलाई अबू दाऊद र नेसाईले वर्णन गरेका छन्, र यसको सनद (वर्णनकर्ताहरूको श्रृंखला) सही छ ।)

७- र हजरत इब्ने अब्बास रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लम हजरत मैमूना रजिअल्लाहो अन्हाले प्रयोग गरेबाट बचेको पानीद्वारा स्नान गर्थे” । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् । र सुनन वर्णन गर्ने विद्हरूले वर्णन गरेका शब्द यस प्रकार छन्: “नबी सल्लल्लाहो अलैहे वसल्लमको कुनै स्वास्नीले सनान गर्ने एउटा भाँडाबाट स्नान गरिन्, अनि नबी सल्लल्लाहो अलैहे वसल्लम पनि त्यसै भाँडामा बचेको पानीबाट स्नान गर्न चाहे त उहाँकी त्यस स्वास्नीले भनिन्: हे अल्लाहका रसूल म अपवित्र थिएँ । त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: पानी अपवित्र हुँदैन ।” र यस हदीसलाई तिर्मिजी एवं इब्ने खुजैमाले सही भनेका छन् ।)

८- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “जब तिमीमध्ये कसैको पवित्र भाँडामा कुनै कुकुर आफ्नो मुख हालिदेओस् त त्यो त्यसलाई सात पटक पखालोस्, जसमध्ये पहिलो पटक माटोबाट

स्वच्छ पारेर पखालोस्" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन्, र उहाँले फल् युरिक्हुको शब्द प्रयोग गरेका छन् जसको अर्थ हो त्यसमाथि पानी हाल्नु ।)
र तिर्मिजीले वर्णन गरेको हदीसमा यसरी छ कि: " पहिलो पटक वा अन्तिम पटक माटो प्रयोग गरेर पखालोस्" ।
९- र हजरत अबू कतादा रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले बिरालोको बारेमा भन्नु भयो: "त्यो अपवित्र छैन किनकि त्यो सदैंव तिमीहरू वरिपरि चक्रित रहन्छ" । (यस हदीसलाई चारौंले वर्णन गरेका छन्, र तिर्मिजी एवं इब्ने खुजैमाले यसलाई सही पनि भनेका छन् ।)
१०- र हजरत अनस बिन मालिक रजिअल्लाहो अन्होको वर्णन छ कि: "एउटा गाउँले मान्छे आयो अनि मस्जिदको एउटा कुनामा पिशाब फेर्न थाल्यो, त मानिसहरू त्यसलाई ढाँट्न थाले, त नबी सल्लल्लाहो अलैहे वसल्लमले सबैलाई यस्तो गर्नुबाट मनाही गरिदिए । अनि जब त्यसले पिशाब गरिहाल्यो त नबी सल्लल्लाहो अलैहे वसल्लमले एउटा भाँडामा पानी ल्याइने आदेश गर्नु भयो, अनि त्यस पिशाब गरेको ठाउँमाथि पानीलाई बगाइयो" । (बुखारी, मुस्लिम)
११- र हजरत इब्ने उमर रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "हामीहरूको लागि दुई प्रकारका मृतकहरू र रगतहरू वैध गरिएका छन्, त रह्यो दुई मृतक त ती हुन्: टिड्डी (सलह) र माछा, र रह्यो दुई रगत त ती हुन्: कलेजो र तिल्ली (फोक्सो)" । (यस हदीसलाई अहमद र इब्ने माजाले

وَفِي لَفْظٍ لَهُ: { فَلْيُرِقْهُ } .

وَلِلتِّرْمِذِيِّ: { أُخْرَاهُنَّ، أَوْ أُولَاهُنَّ بِالتُّرَابِ } .

٩- وَعَنْ أَبِي قَتَادَةَ ﷺ أَنَّ رَسُولَ اللَّهِ ﷺ قَالَ -فِي الْهِرَّةِ-: { إِنَّهَا لَيْسَتْ بِنَجَسٍ، إِنَّمَا هِيَ مِنْ الطَّوَّافِينَ عَلَيْكُمْ } أَخْرَجَهُ الْأَرْبَعَةُ، وَصَحَّحَهُ التِّرْمِذِيُّ وَابْنُ خُزَيْمَةَ.

١٠- وَعَنْ أَنَسِ بْنِ مَالِكٍ ﷺ قَالَ: { جَاءَ أَعْرَابِيٌّ فَبَالَ فِي طَائِفَةِ الْمَسْجِدِ، فَزَجَرَهُ النَّاسُ، فَنَهَاهُمْ النَّبِيُّ ﷺ فَلَمَّا قَضَى بَوْلَهُ أَمَرَ النَّبِيُّ ﷺ بِذَنُوبٍ مِنْ مَاءٍ؛ فَأُهْرِيقَ عَلَيْهِ. } مُتَّفَقٌ عَلَيْهِ.

١١- وَعَنْ ابْنِ عُمَرَ رَضِيَ اللَّهُ عَنْهُمَا قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ :{ أُحِلَّتْ لَنَا مَيْتَتَانِ وَدَمَانِ، فَأَمَّا الْمَيْتَتَانِ: فَالْجَرَادُ وَالْحُوتُ، وَأَمَّا الدَّمَانِ: فَالطِّحَالُ وَالْكَبِدُ }. أَخْرَجَهُ أَحْمَدُ، وَابْنُ مَاجَهْ، وَفِيهِ

ضَعْفٌ.

١٢- وَعَنْ أَبِي هُرَيْرَةَ ﵁ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِذَا وَقَعَ الذُّبَابُ فِي شَرَابِ أَحَدِكُمْ فَلْيَغْمِسْهُ، ثُمَّ لِيَنْزِعْهُ، فَإِنَّ فِي أَحَدِ جَنَاحَيْهِ دَاءً، وَفِي الْآخَرِ شِفَاءً } أَخْرَجَهُ الْبُخَارِيُّ وَأَبُو دَاوُدَ، وَزَادَ: { وَإِنَّهُ يَتَّقِي بِجَنَاحِهِ الَّذِي فِيهِ الدَّاءُ }.

١٣- وَعَنْ أَبِي وَاقِدٍ اللَّيْثِيِّ ﵁ قَالَ: قَالَ النَّبِيُّ ﷺ: { مَا قُطِعَ مِنْ الْبَهِيمَةِ -وَهِيَ حَيَّةٌ- فَهُوَ مَيِّتٌ } أَخْرَجَهُ أَبُو دَاوُدَ، وَالتِّرْمِذِيُّ وَحَسَّنَهُ، وَاللَّفْظُ لَهُ.

## بَابُ الْآنِيَةِ

١٤- عَنْ حُذَيْفَةَ بْنِ الْيَمَانِ رَضِيَ اللَّهُ عَنْهُمَا، قَالَ: قَالَ النَّبِيُّ ﷺ: { لَا تَشْرَبُوا فِي آنِيَةِ الذَّهَبِ وَالْفِضَّةِ، وَلَا تَأْكُلُوا فِي صِحَافِهَا، فَإِنَّهَا لَهُمْ فِي الدُّنْيَا، وَلَكُمْ فِي

वर्णन गरेका छन्, र यसमा जोअफ ( अविश्वासनीयता, खोट) छ ।)

१२- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “जब तिमीमध्ये कसैको पेय पदार्थमा भिँगा खसोस् त त्यो त्यसलाई त्यसमा डुबाइदेओस्, अनि त्यसलाई निकालेर फालोस्, किनकि त्यसको एउटा पँखमा विरामी र अर्कोमा त्यसको उपचार हुन्छ” । (यस हदीसलाई बुखारी र अबू दाऊदले वर्णन गरेका छन् । र अबू दाऊदले यति वृद्धिको साथ वर्णन गरेका छन् कि: “भिँगा आफ्नो दुवै पंखमध्ये त्यसलाई डुबाउँछ जसमा रोगका किटाणु हुन्छन्” ।)

१३- हजरत वाकिद अल्लैसी रजिअल्लाहो अन्होको वर्णन छ कि: नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “जीवित जनावरबाट जुन (मासु) काटियोस् त्यो मृतक (हराम) घोषित हुन्छ” । (यस हदीसलाई अबू दाऊद र तिर्मिजीले वर्णन गरेका छन्, र इमाम तिर्मिजीले यसलाई (हसन) विश्वासनीय भनेका छन्, र वर्णित हदीसका शब्द यिनैका हुन् ।)

## अध्याय: भाँडाहरूको वर्णन

१४- हजरत हुजैफा बिन यमान रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “तिमीहरू सुन र चाँदीको भाँडामा नत खाऊ नत पिऊ, किनकि यी भाँडाहरू उनीहरूको ( नास्तिकहरूको) लागि यस संसारमा छ, र तिमीहरूको लागि परलोकमा छ” । (बुखारी, मुस्लिम)

الْآخِرَةِ } مُتَّفَقٌ عَلَيْهِ.

١٥- وَعَنْ أُمِّ سَلَمَةَ رَضِيَ اللَّهُ عَنْهَا، قَالَتْ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { الَّذِي يَشْرَبُ فِي إِنَاءِ الْفِضَّةِ إِنَّمَا يُجَرْجِرُ فِي بَطْنِهِ نَارَ جَهَنَّمَ } مُتَّفَقٌ عَلَيْهِ.

१५- र हजरत उम्मे सलमा रजिअल्लाहो अन्हाको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “जुन व्यक्ति चाँदीको भाँडामा पानी खान्छ त्यसको पेटमा नर्कको आगो खन्याइने छ” । (बुखारी, मुस्लिम)

١٦- وَعَنِ ابْنِ عَبَّاسٍ رَضِيَ اللَّهُ عَنْهُمَا قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِذَا دُبِغَ الْإِهَابُ فَقَدْ طَهُرَ } أَخْرَجَهُ مُسْلِمٌ . وَعِنْدَ الْأَرْبَعَةِ: { أَيُّمَا إِهَابٍ دُبِغَ }.

१६- र हजरत इब्ने अब्बास रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “जब चर्मलाई दबागत दिइयोस् (नुन आदि लगाएर चर्मलाई प्रयोग योग्य बनाउने क्रम) त त्यो पवित्र भइहाल्छ” । (यसलाई मुस्लिमले वर्णन गरेका छन् । र चारौंले वर्णन गरेको शब्द हो: “जुन सुकै चर्मलाई दबागत दिइयोस” ।)

١٧- وَعَنْ سَلَمَةَ بْنِ الْمُحَبِّقِ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { دِبَاغُ جُلُودِ الْمَيْتَةِ طُهُورُهَا } صَحَّحَهُ ابْنُ حِبَّانَ.

१७- र हजरत सलमा बिन मुहब्बिक रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “मृतकको चर्मलाई दबागत दिनु नै त्यसको पवित्रता हो” । (यसलाई इब्ने हिब्बानले सही भनेका छन् ।)

١٨- وَعَنْ مَيْمُونَةَ رَضِيَ اللَّهُ عَنْهَا، قَالَتْ: { مَرَّ رَسُولُ اللَّهِ ﷺ بِشَاةٍ يَجُرُّونَهَا، فَقَالَ: "لَوْ أَخَذْتُمْ إِهَابَهَا؟" فَقَالُوا: إِنَّهَا مَيْتَةٌ، فَقَالَ: "يُطَهِّرُهَا الْمَاءُ

१८- र हजरत मैमूना रजिअल्लाहो अन्हाको वर्णन छ कि: “रसूल सल्लल्लाहो अलैहे वसल्लम एउटा यस्तो बाखाछेउबाट गुज्रनु भयो जसलाई मानिसहरू घिसारी रहेका थिए, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: अति उत्तम हुन्थ्यो यदि तिमीहरूले यसको छालालाई निकालेको भए ? त उनीहरूले भने: यो त मरिसकेको छ । त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु

وَالْقَرَظُ" } أَخْرَجَهُ أَبُو دَاوُدَ، وَالنَّسَائِيُّ.

भयोः यसलाई पानी र केकरले [1] पवित्र गरिदिन्छ" । (यसलाई अबू दाऊद र नेसाईले वर्णन गरेका छन् ।)

١٩- وَعَنْ أَبِي ثَعْلَبَةَ الْخُشَنِيِّ ﷺ قَالَ: { قُلْتُ: يَا رَسُولَ اللَّهِ، إِنَّا بِأَرْضِ قَوْمٍ أَهْلِ كِتَابٍ، أَفَنَأْكُلُ فِي آنِيَتِهِمْ؟ فَقَالَ: "لَا تَأْكُلُوا فِيهَا، إِلَّا أَنْ لَا تَجِدُوا غَيْرَهَا، فَاغْسِلُوهَا، وَكُلُوا فِيهَا" } مُتَّفَقٌ عَلَيْهِ.

१९- र हजरत अबि सअ्लबा अल् खुशनी रजिअल्लाहो अन्होको वर्णन छ किः "मैले भनेंः हे अल्लाहका रसूल ! हामी अहले किताब (यहूदी र ईसाई) का क्षेत्रहरूमा बसोबास गर्दछौं, त के हामी उनीहरूका भाँडाहरूमा खानपान गर्न सक्दछौं ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः तिनीहरूका भाँडाहरूमा नखाऊ, तर यदि त्यस बाहेक कुनै अन्य भाँडा छैन भने त्यसलाई पखालेर त्यसमा खान सक्दछौ" । ( बुखारी, मुस्लिम)

٢٠- وَعَنْ عِمْرَانَ بْنِ حُصَيْنٍ رَضِيَ اللَّهُ عَنْهُمَا؛ { أَنَّ النَّبِيَّ ﷺ وَأَصْحَابَهُ تَوَضَّئُوا مِنْ مَزَادَةِ اِمْرَأَةٍ مُشْرِكَةٍ. } مُتَّفَقٌ عَلَيْهِ، فِي حَدِيثٍ طَوِيلٍ .

२०- र हजरत इम्रान बिन हुसैन रजिअल्लाहो अन्हुमाको वर्णन छ किः "रसूल सल्लल्लाहो अलैहे वसल्लम र उहाँका साथीहरूले एउटी बहुदेववादी महिलाको पानीको थैलाबाट वजू गर्नु भयो" । (यसलाई बुखारी र मुस्लिमले लामो हदीसमा वर्णन गरेका छन् ।)

٢١- وَعَنْ أَنَسِ بْنِ مَالِكٍ ﷺ { أَنَّ قَدَحَ النَّبِيِّ ﷺ اِنْكَسَرَ، فَاتَّخَذَ مَكَانَ الشَّعْبِ سِلْسِلَةً مِنْ فِضَّةٍ. } أَخْرَجَهُ الْبُخَارِيُّ .

२१- र हजरत अनस बिन मालिक रजिअल्लाहो अन्होको वर्णन छ किः "रसूल सल्लल्लाहो अलैहे वसल्लमको पानीको प्याला (कचौरा) भाँच्यो, त उहाँले भाँचेको स्थानमा चाँदीको तार लगाउनु भयो" । (यसलाई बुखारीले वर्णन गरेका छन् ।)

1 - एक प्रकारको बिरुवा जसको पातद्वारा चर्मलाई प्रयोग योग्य बनाइन्छ ।

## بَابُ إِزَالَةِ النَّجَاسَةِ وَبَيَانِهَا

٢٢- عَنْ أَنَسِ بْنِ مَالِكٍ رضي الله عنه قَالَ: { سُئِلَ رَسُولُ اللَّهِ ﷺ عَنْ الْخَمْرِ تُتَّخَذُ خَلًّا؟ قَالَ: "لَا". } أَخْرَجَهُ مُسْلِم.

٢٣- وَعَنْهُ قَالَ: { لَمَّا كَانَ يَوْمُ خَيْبَرَ، أَمَرَ رَسُولُ اللَّهِ ﷺ أَبَا طَلْحَةَ، فَنَادَى: "إِنَّ اللَّهَ وَرَسُولَهُ يَنْهَيَانِكُمْ عَنْ لُحُومِ الْحُمُرِ الْأَهْلِيَّةِ، فَإِنَّهَا رِجْسٌ" } مُتَّفَقٌ عَلَيْه.

٢٤- وَعَنْ عَمْرِو بْنِ خَارِجَةَ رضي الله عنه قَالَ: { خَطَبَنَا رَسُولُ اللَّهِ ﷺ بِمِنًى، وَهُوَ عَلَى رَاحِلَتِهِ، وَلُعَابُهَا يَسِيلُ عَلَى كَتِفَيَّ. } أَخْرَجَهُ أَحْمَدُ، وَالتِّرْمِذِيُّ وَصَحَّحَه.

٢٥- وَعَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا، قَالَتْ: { كَانَ رَسُولُ اللَّهِ ﷺ يَغْسِلُ الْمَنِيَّ، ثُمَّ يَخْرُجُ إِلَى الصَّلَاةِ فِي ذَلِكَ الثَّوْبِ، وَأَنَا أَنْظُرُ إِلَى أَثَرِ الْغُسْلِ فِيهِ } مُتَّفَقٌ عَلَيْهِ . وَلِمُسْلِمٍ: { لَقَدْ كُنْتُ

## अध्याय: अपवित्रता र त्यसलाई स्वच्छ पार्नुको वर्णन

२२- हजरत अनस बिन मालिक रजिअल्लाहो अन्होको वर्णन छ कि: “रसूल सल्लल्लाहो अलैहे वसल्लमसित मदिराको बारेमा प्रश्न गरियो कि के त्यसबाट सिरका बनाउन सकिन्छ ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: होइन, (बनाउनु सही छैन)” । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

२३- र उहाँबाटै (अर्थात हजरत अनसबाट नै) वर्णित छ कि: “खैबरको दिन रसूल सल्लल्लाहो अलैहे वसल्लमले अबू तलहालाई आदेश गरे, अनि उनले उच्च स्वरमा एलान गर्दै भने कि: अल्लाह र अल्लाहका रसूलले तिमीहरूलाई पाल्तु गद्हाको मासु खानुबाट रोक लगाएका छन् किनकि त्यो अपवित्र छ” । (बुखारी, मुस्लिम)

२४- र हजरत अमर बिन खारेजा रजिअल्लाहो अन्होको वर्णन छ कि: “रसूल सल्लल्लाहो अलैहे वसल्लमले हामीहरूलाई मिनामा खुत्बा (पर्वचन) दिनु भयो यस्तो अवस्थामा कि उहाँ आफ्नो सवारीमाथि सवार थिए र त्यस सवारीको थुक मेरो काँधामाथि परिरहेको थियो (बगिरहेको थियो)” । (यसलाई अहमद र तिर्मिजीले वर्णन गरेका छन्, र तिर्मिजीले यसलाई सही पनि भनेका छन् ।)

२५- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: “रसूल सल्लल्लाहो अलैहे वसल्लम वीर्यलाई पाखल्दथे, अनि त्यसै कपडालाई लगाएर नमाजको लागि जान्थे र म त्यस कपडामा धुलाईको निशानलाई हेर्दथें” । (बुखारी, मुस्लिम)

أَفْرُكُهُ مِنْ ثَوْبِ رَسُولِ اللَّهِ ﷺ فَرْكًا، فَيُصَلِّي فِيهِ } . وَفِي لَفْظٍ لَهُ: { لَقَدْ كُنْتُ أَحُكُّهُ يَابِسًا بِظُفُرِي مِنْ ثَوْبِهِ }.

र मुस्लिमको हदीसमा छ कि: "म रसूल सल्लल्लाहो अलैहे वसल्लमको लुगाबाट वीर्यलाई खुर्चन्थें, अनि उहाँ सल्लल्लाहो अलैहे वसल्लम त्यसै लुगामा नमाज पढ्थे" । र मुस्लिमले वर्णन गरेको अर्को शब्द यसरी छ कि: "म उहाँको कपडामा सुक्केको वीर्यलाई आफ्नो नङ्गद्वारा खुर्चन्थें" ।

٢٦- وَعَنْ أَبِي السَّمْحِ ﷺ قَالَ: قَالَ النَّبِيُّ ﷺ: { يُغْسَلُ مِنْ بَوْلِ الْجَارِيَةِ، وَيُرَشُّ مِنْ بَوْلِ الْغُلَامِ } أَخْرَجَهُ أَبُو دَاوُدَ، وَالنَّسَائِيُّ، وَصَحَّحَهُ الْحَاكِمُ .

२६- र हजरत अबूस्समह रजिअल्लाहो अन्होको वर्णन छ कि: नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "बालिकाको पिशाबबाट लुगालाई पानीले धुलिन्छ, र बालकको पिशाबबाट लुगामाथि मात्र पानीको छिंटो मारिन्छ" । (यसलाई अबू दाऊद र नेसाईले वर्णन गरेका छन्, र हाकिमले यसलाई सही भनेका छन् ।)

٢٧- وَعَنْ أَسْمَاءَ بِنْتِ أَبِي بَكْرٍ رَضِيَ اللَّهُ عَنْهُمَا؛ أَنَّ النَّبِيَّ ﷺ قَالَ -فِي دَمِ الْحَيْضِ يُصِيبُ الثَّوْبَ-: { "تَحُتُّهُ، ثُمَّ تَقْرُصُهُ بِالْمَاءِ، ثُمَّ تَنْضَحُهُ، ثُمَّ تُصَلِّي فِيهِ" } مُتَّفَقٌ عَلَيْهِ .

२७- र हजरत अस्मा बिन्ते अबि बक्र रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: नबी सल्लल्लाहो अलैहे वसल्लमले त्यस रजस्वलाको रगतको बारेमा भन्नु भयो जुन लुगालाई लागेको होस् कि: " त्यसलाई खुर्चा, अनि त्यसलाई मलेर पानीद्वारा धुला, अनि त्यस लुगालाई पूर्णतया पानीले पखाला, अनि त्यसै लुगालाई लगाएर नमाज पढ" । ( बुखारी, मुस्लिम)

٢٨- وَعَنْ أَبِي هُرَيْرَةَ ﷺ قَالَ: قَالَتْ خَوْلَةُ: { يَا رَسُولَ اللَّهِ، فَإِنْ لَمْ يَذْهَبْ الدَّمُ؟ قَالَ: "يَكْفِيكِ الْمَاءُ، وَلَا يَضُرُّكِ أَثَرُهُ" } أَخْرَجَهُ التِّرْمِذِيُّ، وَسَنَدُهُ ضَعِيفٌ .

२८- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि हजरत खौलाले भनिन्: "हे अल्लाहका रसूल यदि धुले पश्चात पनि रगतको प्रभाव (निशान) बाँकी नै रहोस् त ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: तिमीलाई पानीले धोएमा पर्याप्त हुन्छ, र त्यसको प्रभाव र निशान बाँकी रहेमा कुनै हानि र आपत्ति छैन" । (यसलाई तिर्मिजीले वर्णन गरेका छन्, तर यसको सनद जईफ छ ।)

## अध्यायः वजूको वर्णन

## بَابُ الْوُضُوءِ

२९- हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "यदि मेरा अनुयायीहरूमाथि यो कुरो कष्टकर हुने भय नभएको भए म उनीहरूलाई प्रत्येक वजूको साथ मिस्वाक (दाँत कोट्याउने) आदेश गरिहाल्थें" । (यस हदीसलाई मालिक, अहमद र नेसाईले वर्णन गरेका छन्, र इब्ने खुजैमाले यसलाई सही भनेका छन् ।)

٢٩- عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه عَنْ رَسُولِ اللَّهِ صلى الله عليه وسلم قَالَ: { لَوْلَا أَنْ أَشُقَّ عَلَى أُمَّتِي لَأَمَرْتُهُمْ بِالسِّوَاكِ مَعَ كُلِّ وُضُوءٍ } أَخْرَجَهُ مَالِكٌ، وأَحْمَدُ، وَالنَّسَائِيُّ، وَصَحَّحَهُ ابْنُ خُزَيْمَةَ .

३०- र हजरत उसमान रजिअल्लाहो अन्होको दास हुमरानद्वारा वर्णित छ किः "हजरत उसमान रजिअल्लाहो अन्होले वजू बनाउनको लागि पानी ल्याउने आदेश गरे, अनि उहाँ रजिअल्लाहो अन्होले आफ्नो दुवै हत्केलीलाई तीन तीन पटक पखाल्नु भयो, अनि कुल्ला गर्नु भयो, र नाकमा पानी हालेर त्यसलाई स्वच्छ पार्नु भयो, अनि आफ्नो अनुहारलाई तीन पटक धुल्नु भयो, अनि आफ्नो दायाँ हातलाई कोइनोसम्म तीन पटक धुल्नु भयो, अनि यस्तै देब्रे हातलाई पनि धुल्नु भयो, अनि आफ्नो टाउकोको मसह गर्नु भयो (अर्थात दुवै हातलाई पानीले भिजाएर टाउकोमा अगाडिदेखि पछाडि र पछाडिदेखि अगाडि ल्याउनु भयो), अनि दायाँ पाइलालाई गोलीगाँठसम्म तीन पटक पखाल्नु भयो, अनि बायाँ पाइलालाई पनि यस्तै पखाल्नु भयो, अनि भन्नु भयोः मेलै रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई मेरो यसै वजू झैं वजूगर्दा हेरेको छु ।" (बुखारी, मुस्लिम)

٣٠- وَعَنْ حُمْرَانَ مَولى عُثْمَانَ رضي الله عنه { أَنَّ عُثْمَانَ رضي الله عنه دَعَا بِوَضُوءٍ، فَغَسَلَ كَفَّيْهِ ثَلَاثَ مَرَّاتٍ، ثُمَّ مَضْمَضَ، وَاسْتَنْشَقَ، وَاسْتَنْثَرَ، ثُمَّ غَسَلَ وَجْهَهُ ثَلَاثَ مَرَّاتٍ، ثُمَّ غَسَلَ يَدَهُ الْيُمْنَى إِلَى الْمِرْفَقِ ثَلَاثَ مَرَّاتٍ، ثُمَّ الْيُسْرَى مِثْلَ ذَلِكَ، ثُمَّ مَسَحَ بِرَأْسِهِ، ثُمَّ غَسَلَ رِجْلَهُ الْيُمْنَى إِلَى الْكَعْبَيْنِ ثَلَاثَ مَرَّاتٍ، ثُمَّ الْيُسْرَى مِثْلَ ذَلِكَ، ثُمَّ قَالَ: رَأَيْتُ رَسُولَ اللَّهِ صَلَّى عَلَيْهِ وَسَلَّمَ تَوَضَّأَ نَحْوَ وُضُوئِي هَذَا. } مُتَّفَقٌ عَلَيْهِ .

३१- र हजरत अली रजिअल्लाहो अन्हो रसूल सल्लल्लाहो अलैहे वसल्लमको वजू गर्ने

٣١- وَعَنْ عَلِيٍّ رضي الله عنه -فِي صِفَةِ

وُضُوءِ النَّبِيِّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ- قَالَ: { وَمَسَحَ بِرَأْسِهِ وَاحِدَةً. } أَخْرَجَهُ أَبُو دَاوُدَ وأخرجهُ النسائيُ والترمذيُ بإسنادٍ صحيحٍ، بل قالَ الترمذيُ: إنهُ أصح شيءٍ في البابِ.

तरिकालाई वर्णन गर्दै भन्नुहुन्छ कि: "र उहाँ सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो टाउकोको मात्र एक पटक मसह गर्नु भयो" । (यस हदीसलाई अबू दाऊद र नेसाई एवं तिर्मिजीले सही सनदको माध्यमले वर्णन गरेका छन्, बरु इमाम तिर्मिजीले त यतिसम्म भन्नु भएको छ कि यस सन्दर्भमा यो नै सबैभन्दा सही हदीस हो ।)

٣٢- وَعَنْ عَبْدِ اللَّهِ بْنِ يَزِيدَ بْنِ عَاصِمٍ ﷺ -فِي صِفَةِ الْوُضُوءِ- قَالَ: { وَمَسَحَ ﷺ بِرَأْسِهِ، فَأَقْبَلَ بِيَدَيْهِ وَأَدْبَرَ. } مُتَّفَقٌ عَلَيْهِ .

वَفِي لَفْظٍ: { بَدَأَ بِمُقَدَّمِ رَأْسِهِ، حَتَّى ذَهَبَ بِهِمَا إِلَى قَفَاهُ، ثُمَّ رَدَّهُمَا إِلَى الْمَكَانِ الَّذِي بَدَأَ مِنْهُ }.

३२- र हजरत अब्दुल्लाह बिन यजीद बिन आसिम रजिअल्लाहो अन्होको वजूको सन्दर्भमा वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो टाउकोको मसह गर्नु भयो दुवै हातलाई टाउकोको अगाडिदेखि पछाडि र पछाडिदेखि अगाडि गराएर" । (बुखारी, मुस्लिम)

र दुवैले अर्थात बुखारी र मुस्लिमले वर्णन गरेको अर्को हदीसका शब्द यसरी छन् कि: "उहाँ सल्लल्लाहो अलैहे वसल्लमले टाउकोको अघिल्लो भागबाट आरम्भ गर्नु भयो यहाँसम्म कि दुवै हातलाई टाउकोको पछिल्लो भागसम्म लैजानु भयो अनि त्यसलाई त्यस्तै अवस्थामा फर्काएर त्यस ठाउँसम्म ल्याउनु भयो जताबाट मसह आरम्भ गर्नु भएको थियो" ।

٣٣- وَعَنْ عَبْدِ اللَّهِ بْنِ عَمْرٍو رَضِيَ اللَّهُ عَنْهُمَا -فِي صِفَةِ الْوُضُوءِ- قَالَ: { ثُمَّ مَسَحَ ﷺ بِرَأْسِهِ، وَأَدْخَلَ إِصْبَعَيْهِ السَّبَّاحَتَيْنِ فِي أُذُنَيْهِ، وَمَسَحَ بِإِبْهَامَيْهِ ظَاهِرَ أُذُنَيْهِ. } أَخْرَجَهُ أَبُو دَاوُدَ،

३३- र हजरत अब्दुल्लाह बिन अमर रजिअल्लाहो अन्हुमाको वजूको सन्दर्भमा वर्णन छ कि: "अनि रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो टाउकोको मसह गर्नु भयो, र उहाँले आफ्ना दुवै चोर औंलालाई कानको प्वालमा हाल्नु भयो र दुवै औंठाद्वारा कानको बाहिरी भागको मसह गर्नु भयो" । (यस हदीसलाई अबू दाऊद र नेसाईले वर्णन गरेका छन्, र इब्ने खुजैमाले यसलाई सही

وَالنَّسَائِيُّ، وَصَحَّحَهُ ابْنُ خُزَيْمَةَ .

भनेका छन् ।)

٣٤- وَعَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِذَا اِسْتَيْقَظَ أَحَدُكُمْ مِنْ مَنَامِهِ فَلْيَسْتَنْثِرْ ثَلَاثًا، فَإِنَّ اَلشَّيْطَانَ يَبِيتُ عَلَى خَيْشُومِهِ } مُتَّفَقٌ عَلَيْهِ .

३४- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “जब तिमीमध्ये कोही आफ्नो निद्राबाट जागोस् (बिउँझोस्) त आफ्नो नाकलाई तीन चोटि स्वच्छ पारोस्, किनकि शैतान त्यसको नाकमा भएको हाँडमाथि बास गर्छ” । (बुखारी, मुस्लिम)

٣٥- وَعَنْهُ: { إِذَا اِسْتَيْقَظَ أَحَدُكُمْ مِنْ نَوْمِهِ فَلَا يَغْمِسُ يَدَهُ فِي الْإِنَاءِ حَتَّى يَغْسِلَهَا ثَلَاثًا فَإِنَّهُ لَا يَدْرِي أَيْنَ بَاتَتْ يَدُهُ } مُتَّفَقٌ عَلَيْهِ. وَهَذَا لَفْظُ مُسْلِمٍ .

३५- र उनैद्वारा वर्णित छ कि: “जब तिमीमध्ये कोही आफ्नो निद्राबाट जागोस् ( बिउँझोस्) त आफ्नो हातलाई पानीको भाँडामा तबसम्म नहालोस् जबसम्म त्यसलाई तीन पटक नधुलोस्, किनकि त्यसलाई यो थाहा हुँदैन कि त्यसको हातले रात्री कता कता व्यतीत गरेको छ (अर्थात के कस्ता कुरालाई स्पर्श गरेको छ)” । (बुखारी, मुस्लिम, र वर्णित शब्द मुस्लिमका हुन् ।)

٣٦- وَعَنْ لَقِيطِ بْنُ صَبْرَةَ، رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { أَسْبِغْ الْوُضُوءَ، وَخَلِّلْ بَيْنَ الْأَصَابِعِ، وَبَالِغْ فِي الِاسْتِنْشَاقِ، إِلَّا أَنْ تَكُونَ صَائِمًا } أَخْرَجَهُ الْأَرْبَعَةُ، وَصَحَّحَهُ ابْنُ خُزَيْمَةَ .

وَلِأَبِي دَاوُدَ فِي رِوَايَةٍ: { إِذَا تَوَضَّأْتَ فَمَضْمِضْ } .

३६- र हजरत लकीत बिन सबुरह रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “वजू परिपूर्ण तरिकाले गर, र औंलाहरूबीच खिलाल गर, र व्रत नबसेको अवस्थामा नाकलाई बेस्सरी स्वच्छ पार” । (यस हदीसलाई चारौंले वर्णन गरेका छन्, र इब्ने खुजैमाले यसलाई सही भनेका छन् ।)

र अबू दाऊदको एउटा हदीसमा छ कि: “जब तिमी वजू गर त कुल्ला गर” ।

٣٧- وَعَنْ عُثْمَانَ رضي الله عنه { أَنَّ النَّبِيَّ ﷺ كَانَ يُخَلِّلُ لِحْيَتَهُ فِي الْوُضُوءِ }

३७- र हजरत उसमान रजिअल्लाहो अन्होको वर्णन छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लम वजू गर्दाखेरि आफ्नो दाह्रीको खिलाल गर्थे” । (यस हदीसलाई तिर्मिजीले

أَخْرَجَهُ التِّرْمِذِيُّ، وَصَحَّحَهُ ابْنُ خُزَيْمَةَ .

वर्णन गरेका छन्, र इब्ने खुजैमाले यसलाई सही भनेका छन् ।)

٣٨- وَعَنْ عَبْدِ اللَّهِ بْنِ زَيْدٍ ﷺ { أَنَّ النَّبِيَّ ﷺ أُتِى بِثُلُثَيْ مُدٍّ، فَجَعَلَ يَدْلُكُ ذِرَاعَيْهِ } أَخْرَجَهُ أَحْمَدُ، وَصَحَّحَهُ ابْنُ خُزَيْمَةَ .

३८- र हजरत अब्दुल्लाह इब्ने जैद रजिअल्लाहो अन्होको वर्णन छ कि: “रसूल सल्लल्लाहो अलैहे वसल्लम समक्ष दुई तिहाई मुद्द पानी पेश गरियो, (लगभग ६०० मि.लि. पानी) त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले धुल्नुको लागि हातलाई मल्न थाले” । (यस हदीसलाई अहमदले वर्णन गरेका छन्, र इब्ने खुजैमाले सही भनेका छन् ।)

٣٩- وَعَنْهُ، { أَنَّهُ رَأَى النَّبِيَّ ﷺ يَأْخُذُ لِأُذُنَيْهِ مَاءً خِلَافَ الْمَاءِ الَّذِي أَخَذَ لِرَأْسِهِ. } أَخْرَجَهُ الْبَيْهَقِيُّ .

३९- र उनैद्वारा वर्णित छ कि: “ उनले नबी सल्लल्लाहो अलैहे वसल्लमलाई कानको मसहको लागि त्यस बाहेक पानी लिदा हेरे जुन टाउकोको लागि लिएका थिए” । ( यसलाई बैहकीले वर्णन गरेका छन् ।)

وَهُوَ عِنْدَ "مُسْلِمٍ" مِنْ هَذَا الْوَجْهِ بِلَفْظٍ: وَمَسَحَ بِرَأْسِهِ بِمَاءٍ غَيْرَ فَضْلِ يَدَيْهِ، وَهُوَ الْمَحْفُوظُ .

र यो हदीस यसै सनदको साथ मुस्लिममा यसरी वर्णित छ कि: “उहाँ सल्लल्लाहो अलैहे वसल्लमले टाउकोको मसह त्यस पानी बाहेकको पानीद्वारा गर्नु भयो जुन उहाँको हातमा बचेको थियो” । (र यो नै सुरक्षित र सही छ)

٤٠- وَعَنْ أَبِي هُرَيْرَةَ ﷺ قَالَ: سَمِعْتُ رَسُولَ اللَّهِ ﷺ يَقُولُ: { "إِنَّ أُمَّتِي يَأْتُونَ يَوْمَ الْقِيَامَةِ غُرًّا مُحَجَّلِينَ، مِنْ أَثَرِ الْوُضُوءِ، فَمَنْ اسْتَطَاعَ مِنْكُمْ أَنْ يُطِيلَ غُرَّتَهُ فَلْيَفْعَلْ. } مُتَّفَقٌ عَلَيْهِ، وَاللَّفْظُ لِمُسْلِمٍ .

४०- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई यो भन्दै सुनेको छु कि: “प्रलयको दिन मेरा अनुयायीहरू यस्तो अवस्थामा आउने छन् कि वजूको निशान र प्रभावको कारण तिनका वजूका अंगहरू प्रकाशमान हुन्छन्, त जुन व्यक्ति आफ्नो प्रकाशमा अभिवृद्धि गर्न सक्छ त्यो अवश्य त्यसलाई गरोस्” । (बुखारी, मुस्लिम, र वर्णित शब्द मुस्लिमका हुन् ।)

٤١- وَعَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا

४१- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: “नबी सल्लल्लाहो अलैहे

قَالَتْ: { كَانَ النَّبِيُّ ﷺ يُعْجِبُهُ التَّيَمُّنُ فِي تَنَعُّلِهِ، وَتَرَجُّلِهِ، وَطُهُورِهُ، وَفِي شَأْنِهِ كُلِّهِ. } مُتَّفَقٌ عَلَيْهِ .

वसल्लमलाई चुत्ता लगाउनुमा, र कपाल कोर्नुमा, र पवित्रता ग्रहण गर्नुमा, र समस्त कार्यहरूमा दायाँबाट आरम्भ गर्नु प्रिय थियो" । (बुखारी, मुस्लिम)

٤٢- وَعَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِذَا تَوَضَّأْتُمْ فابدأوا بِمَيَامِنِكُمْ } أَخْرَجَهُ الْأَرْبَعَةُ، وَصَحَّحَهُ ابْنُ خُزَيْمَةَ .

४२- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "जब तिमी वजू गर त दाहिनाबाट आरम्भ गर" । (यसलाई चारौंले वर्णन गरेका छन्, र यसलाई इब्ने खुजैमाले सही भनेका छन् ।)

٤٣- وَعَنْ الْمُغِيرَةِ بْنِ شُعْبَةٍ رضي الله عنه { أَنَّ النَّبِيَّ ﷺ تَوَضَّأَ، فَمَسَحَ بِنَاصِيَتِهِ، وَعَلَى الْعِمَامَةِ وَالْخُفَّيْنِ. } أَخْرَجَهُ مُسْلِمٌ .

४३- र हजरत मुगीरह बिन शुअ्बा रजिअल्लाहो अन्होको वर्णन छ कि: "नबी सल्लल्लाहो अलैहे वसल्लमले वजू गर्नु भयो त आफ्नो निधारको मसह गर्नु भयो, र आफ्नो पगडी र मोजामाथि पनि मसह गर्नु भयो" । (यस हदीसलाई मुस्लिमले वर्णन गर्नु भएको छ ।)

٤٤- وَعَنْ جَابِرِ بْنِ عَبْدِ اللَّهِ رَضِيَ اللَّهُ عَنْهُمَا -فِي صِفَةِ حَجِّ النَّبِيِّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ- قَالَ ﷺ: { اِبْدَؤُوا بِمَا بَدَأَ اللَّهُ بِهِ } أَخْرَجَهُ النَّسَائِيُّ، هَكَذَا بِلَفْظِ الْأَمْرِ وَهُوَ عِنْدَ مُسْلِمٍ بِلَفْظِ الْخَبَرِ .

४४- र हजरत जाबिर बिन अब्दुल्लाह रजिअल्लाहो अन्हुमाले नबी सल्लल्लाहो अलैहे वसल्लमको हज्ज गर्ने तरिकालाई वर्णन गर्दा यो वर्णन गर्नुहुन्छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: " तिमीहरू त्यसबाट आरम्भ गर जसबाट अल्लाहले आरम्भ गरेको छ" । (यस हदीसलाई नेसाईले यसरी नै आदेशवाचक शब्दद्वारा वर्णन गरेका छन्, तर यसलाई मुस्लिमले खबरवाचक शब्दद्वारा वर्णन गरेका छन् ।)

٤٥- وَعَنْهُ قَالَ: { كَانَ النَّبِيَّ ﷺ إِذَا

४५- र उनैद्वारा वर्णित छ कि: "जब नबी सल्लल्लाहो अलैहे वसल्लम वजू गर्थे त

تَوَضَّأَ أَدَارَ الْمَاءَعَلَى مِرْفَقَيْهِ. } أَخْرَجَهُ الدَّارَقُطْنِيُّ بِإِسْنَادٍ ضَعِيفٍ .

आफ्नो दुवै कोइनोमाथि राम्ररी पानी बगाउँथे" । (यस हदीसलाई दारकुत्नीले जईफ सनदको साथ वर्णन गर्नु भएको छ ।)

٤٦- وَعَنْ أَبِي هُرَيْرَةَ ﵁ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { لَا وُضُوءَ لِمَنْ لَمْ يَذْكُرِ اسْمَ اللَّهِ عَلَيْهِ } أَخْرَجَهُ أَحْمَدُ، وَأَبُو دَاوُدَ، وَابْنُ مَاجَهْ، بِإِسْنَادٍ ضَعِيفٍ. وَلِلتِّرْمِذِيِّ: عَنْ سَعِيدِ بْنِ زَيْدٍ. وَأَبِي سَعِيدٍ نَحْوُهُ . قَالَ أَحْمَدُ: لَا يَثْبُتُ فِيهِ شَيْءٌ .

४६- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "त्यस व्यक्तिको वजू हुँदैन जसले त्यसमा अल्लाहको नाम नपुकारोस्" । (यसलाई अहमद, अबू दाऊद र इब्ने माजाले जईफ सनदको माध्यमले वर्णन गरेका छन् । र तिर्मिजीले सईद बिन जैद र अबू सईदको माध्यमले यसरी नै वर्णन गरेका छन् । र इमाम अहमदको भनाई छ किः यस सन्दर्भमा केही पनि प्रमाणित छैन ।)

٤٧- وَعَنْ طَلْحَةَ بْنِ مُصَرِّفٍ، عَنْ أَبِيهِ، عَنْ جَدِّهِ قَالَ: { رَأَيْتُ رَسُولَ اللَّهِ ﷺ يَفْصِلُ بَيْنَ الْمَضْمَضَةِ وَالِاسْتِنْشَاقِ. } أَخْرَجَهُ أَبُو دَاوُدَ بِإِسْنَادٍ ضَعِيفٍ .

४७- र हजरत तलहा बिन मुसर्रिफ आफ्नो बुवा र बाजेको माध्यमले वर्णन गर्दछन् किः उनको बाजेको भनाई छ किः "मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई स्वयम् हेरेको छु कि उहाँ सल्लल्लाहो अलैहे वसल्लम नाकमा पानी हाल्नुको लागि र कुल्ला गर्नुको लागि बेग्ला बेग्लै पानीको प्रयोग गर्थे" । ( अबू दाऊदले यस हदीसलाई जईफ सनदको माध्यमले वर्णन गरेका छन् ।)

٤٨- وَعَنْ عَلِيٍّ ﵁ -فِي صِفَةِ الْوُضُوءِ- { ثُمَّ تَمَضْمَضَ ﷺ وَاسْتَنْثَرَ ثَلَاثًا، يُمَضْمِضُ وَيَنْثِرُ مِنَ الْكَفِّ الَّذِي يَأْخُذُ مِنْهُ الْمَاءَ} أَخْرَجَهُ أَبُو دَاوُدَ وَالنَّسَائِيُّ .

४८- र हजरत अली रजिअल्लाहो अन्हो वजू गर्ने तरिकालाई वर्णन गर्दै भन्नुहुन्छ किः "अनि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले तीन पटक कुल्ला गर्नु भयो र नाकमा पानी हालेर त्यसलाई स्वच्छ पार्नु भयो, र कुल्ला गर्ने कार्य र नाक सफा गर्ने कार्य त्यसै हातले गर्थे जसबाट पानी लिन्थे (अर्थात एकै चुल्लु पानीले कुल्ला पनि गर्थे र नाकमा पानी पनि हालेर सफा पनि गर्थे)" । (

यसलाई अबू दाऊद र नेसाईले वर्णन गरेका छन् ।)

४९- र हजरत अब्दुल्लाह बिन जैद रजिअल्लाहो अन्हो वजू गर्ने तरिकालाई वर्णन गर्दै भन्नुहुन्छ किः “अनि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले पानीमा हात हाल्नु भयो, अनि एउटै चुल्लु पानीले कुल्ला पनि गर्नु भयो र नाकमा पानी पनि हाल्नु भयो, र यसरी तीन चोटि गर्नु भयो” । ( बुखारी, मुस्लिम)

५०- र हजरत अनस रजिअल्लाहो अन्होको वर्णन छ किः “नबी सल्लल्लाहो अलैहे वसल्लमले एउटा मान्छेलाई हेर्नु भयो जसको पाइलाको पछिल्लो भागमा नङ्ग जति आकारको ठाउँमा वजूको पानी परेको थिएन । त उहाँले भन्नु भयोः तिमी फर्केर जाऊ अनि राम्ररी र परिपूर्ण वजू गर” । (यस हदीसलाई अबू दाऊद र नेसाईले वर्णन गरेका छन् ।)

५१- र उनैबाट वर्णित छ किः “रसूल सल्लल्लाहो अलैहे वसल्लम एक मुद्दमा वजू गर्थे, र एक साअ्[1] देखि पाँच मुद्दसम्म पानीमा स्नान गर्थे” । (बुखारी, मुस्लिम)

५२- र हजरत उमर रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः “तिमीमध्ये जुन कसैले पनि वजू गर्छ अनि पूर्णरूपले वजू गर्छ, अनि भन्छः म गवाही दिन्छु कि अल्लाह बाहेक कोही सत्य पूजनीय छैन त्यो एकलै छ त्यसको कोही सहभागी छैन, र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे

٤٩- وَعَنْ عَبْدِ اللَّهِ بْنِ زَيْدٍ ﷺ - فِي صِفَةِ الْوُضُوءِ- { ثُمَّ أَدْخَلَ ﷺ يَدَهُ، فَمَضْمَضَ وَاسْتَنْشَقَ مِنْ كَفٍّ وَاحِدَةٍ، يَفْعَلُ ذَلِكَ ثَلَاثًا } مُتَّفَقٌ عَلَيْهِ .

٥٠- وَعَنْ أَنَسٍ ﷺ قَالَ: { رَأَى النَّبِيُّ ﷺ رَجُلًا، وَفِي قَدَمِهِ مِثْلُ الظُّفْرِ لَمْ يُصِبْهُ الْمَاءُ. فَقَالَ: "اِرْجِعْ فَأَحْسِنْ وُضُوءَكَ" } أَخْرَجَهُ أَبُو دَاوُدَ، وَالنَّسَائِيُّ .

٥١- وَعَنْهُ قَالَ: { كَانَ رَسُولُ اللَّهِ ﷺ يَتَوَضَّأُ بِالْمُدِّ، وَيَغْتَسِلُ بِالصَّاعِ إِلَى خَمْسَةِ أَمْدَادٍ } مُتَّفَقٌ عَلَيْهِ .

٥٢- وَعَنْ عُمَرَ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { مَا مِنْكُمْ مِنْ أَحَدٍ يَتَوَضَّأُ، فَيُسْبِغُ الْوُضُوءَ، ثُمَّ يَقُولُ: أَشْهَدُ أَنْ لَا إِلَهَ إِلَّا اللَّهُ وَحْدَهُ لَا شَرِيكَ لَهُ، وَأَشْهَدُ أَنَّ مُحَمَّدًا عَبْدُهُ وَرَسُولُهُ، إِلَّا

1 - शैख सफीउर्रहमानको भनाई अनुसार एक साअ लगभग २,५० कि. ग्रामको हुन्छ, तर अल्लामा मुहम्मद बिन सालेह अल् उसैमीनको भनाई अनुसार एक साअ् लगभग २,४० कि. ग्रामको हुन्छ । र एक साअमा चार मुद्द हुन्छ त यस कथन अनुसार एक मुद्द लगभग ५१० ग्रामको भयो । तर यस सन्दर्भमा विद्हरुको भिन्न भिन्न उदगार वर्णित छ ।

فُتِحَتْ لَهُ أَبْوَابُ الْجَنَّةِ" } أَخْرَجَهُ مُسْلِمٌ وَالتِّرْمِذِيُّ، وَزَادَ: { اللَّهُمَّ اِجْعَلْنِي مِنْ اَلتَّوَّابِينَ، وَاجْعَلْنِي مِنْ اَلْمُتَطَهِّرِينَ }.

वसल्लम त्यसको भक्त र सन्देष्टा हुन् । त त्यसको लागि स्वर्गका समस्त ढोकाहरू खोलिन्छन्" । (यसलाई मुस्लिम र तिर्मिजीले वर्णन गरेका छन्, र इमाम तिर्मिजीले यति अभिवृद्धिको साथ वर्णन गरेका छन् किः "हे अल्लाह मलाई प्रयाश्चित गर्नेहरू र पवित्रहरूमध्येको बनाइदेऊ" ।)

## بَابُ اَلْمَسْحِ عَلَى اَلْخُفَّيْنِ

## अध्यायः मोजामाथि मसह गर्नुको वर्णन

٥٣- عَنْ الْمُغِيرَةِ بْنِ شُعْبَةَ ﷺ قَالَ: { كُنْتُ مَعَ النَّبِيِّ ﷺ فَتَوَضَّأَ، فَأَهْوَيْتُ لِأَنْزِعَ خُفَّيْهِ، فَقَالَ: "دَعْهُمَا، فَإِنِّي أَدْخَلْتُهُمَا طَاهِرَتَيْنِ" فَمَسَحَ عَلَيْهِمَا } مُتَّفَقٌ عَلَيْهِ .

**५३-** हजरत मुगीरह बिन शुअ्बा रजिअल्लाहो अन्होको वर्णन छ किः "म नबी सल्लल्लाहो अलैहे वसल्लमको साथमा थिएँ त जब रसूल सल्लल्लाहो अलैहे वसल्लम वजू गर्न थाले त म झुकें ताकि उहाँको मोजालाई निकालूँ, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः यसलाई छाडिदेऊ किनकि मैले यसलाई पवित्रताको अवस्थामा लगाएको छु, अनि उहाँले दुवै मोजामाथि मसह गरे" । (बुखारी, मुस्लिम)

٥٤- وَلِلْأَرْبَعَةِ عَنْهُ إِلَّا النَّسَائِيَّ: { أَنَّ النَّبِيَّ ﷺ مَسَحَ أَعْلَى اَلْخُفِّ وَأَسْفَلَهُ } وَفِي إِسْنَادِهِ ضَعْفٌ .

**५४-** र नेसाई बाहेक चारौंले वर्णन गरेका छन् किः "नबी सल्लल्लाहो अलैहे वसल्लमले मोजाको माथिल्लो भाग र तल्लो भागलाई मसह गरे" । (तर यसको सनद जईफ छ ।)

٥٥- وَعَنْ عَلِيٍّ ﷺ قَالَ: { لَوْ كَانَ الدِّينُ بِالرَّأْيِ لَكَانَ أَسْفَلُ اَلْخُفِّ أَوْلَى بِالْمَسْحِ مِنْ أَعْلَاهُ، وَقَدْ رَأَيْتُ رَسُولَ اللَّهِ ﷺ يَمْسَحُ عَلَى ظَاهِرِ خُفَّيْهِ }

**५५-** र हजरत अली रजिअल्लाहो अन्होको वर्णन छ किः "यदि धर्म मनीषमाथि निर्भर भएको भए मोजाको तल्लो भागलाई मसह गर्नु त्यसको माथिल्लो भागभन्दा उत्तम हुन्थ्यो, र मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई मोजाको माथिल्लो भागलाई मसहगर्दा हेरेको छु" । (यसलाई अबू दाऊदले विश्वासनीय सनदको माध्यमले वर्णन गरेका छन् ।)

أَخْرَجَهُ أَبُو دَاوُدَ بِإِسْنَادٍ حَسَنٍ .

٥٦- وَعَنْ صَفْوَانَ بْنِ عَسَّالٍ ﷺ قَالَ: { كَانَ رَسُولُ اللَّهِ ﷺ يَأْمُرُنَا إِذَا كُنَّا سَفْرًا أَنْ لَا نَنْزِعَ خِفَافَنَا ثَلَاثَةَ أَيَّامٍ وَلَيَالِيَهُنَّ، إِلَّا مِنْ جَنَابَةٍ وَلَكِنْ مِنْ غَائِطٍ، وَبَوْلٍ، وَنَوْمٍ } أَخْرَجَهُ النَّسَائِيُّ، وَالتِّرْمِذِيُّ وَاللَّفْظُ لَهُ، وَابْنُ خُزَيْمَةَ وَصَحَّحَاهُ .

५६- र हजरत सफ्वान बिन अस्साल रजिअल्लाहो अन्होको वर्णन छ कि: “रसूल सल्लल्लाहो अलैहे वसल्लम हामीलाई यो आदेश गर्थे कि जब हामी यात्रामा होऔं त तीन दिन र तीन रात्री अआफ्ना मोजालाई ननिकालौं वीर्य पतन भएको अवस्था बाहेक, अपितु दिशा पिशाब गरे पश्चात र निद्रा पश्चात मोजा निकाल्नुको कुनै आवश्यकता छैन” । (यसलाई नेसाई इब्ने खुजैमा र तिर्मिजीले वर्णन गरेका छन्, र शब्द तिर्मिजीका हुन्, र इमाम तिर्मिजी र इब्ने खुजैमाले यसलाई सही पनि भनेका छन् ।)

٥٧- وَعَنْ عَلِيِّ بْنِ أَبِي طَالِبٍ ﷺ قَالَ: { جَعَلَ النَّبِيُّ ﷺ ثَلَاثَةَ أَيَّامٍ وَلَيَالِيَهُنَّ لِلْمُسَافِرِ، وَيَوْمًا وَلَيْلَةً لِلْمُقِيمِ. يَعْنِي: فِي الْمَسْحِ عَلَى الْخُفَّيْنِ } أَخْرَجَهُ مُسْلِمٌ .

५७- र हजरत अली इब्ने अबि तालिब रजिअल्लाहो अन्होको वर्णन छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लमले यात्रुको लागि तीन दिन र तीन रात्री, र नगरबासीको लागि एक दिन र एक रात्री मसह गर्नुको लागि नर्धारित गरेका छन्” । (यस हदीसलाई इमाम मुस्लिमले वर्णन गरेका छन् ।)

٥٨- وَعَنْ ثَوْبَانَ ﷺ قَالَ: { بَعَثَ رَسُولُ اللَّهِ ﷺ سَرِيَّةً، فَأَمَرَهُمْ أَنْ يَمْسَحُوا عَلَى الْعَصَائِبِ - يَعْنِي: الْعَمَائِمَ - وَالتَّسَاخِينِ- يَعْنِي: الْخِفَافَ } رَوَاهُ أَحْمَدُ، وَأَبُو دَاوُدَ، وَصَحَّحَهُ الْحَاكِمُ .

५८- र हजरत सौबान रजिअल्लाहो अन्होको वर्णन छ कि: “रसूल सल्लल्लाहो अलैहे वसल्लमले एउटा लडाकु टुकडी (जत्था) पठाउनु भयो, र उनीहरूलाई यो आदेश गर्नु भयो कि उनीहरू आफ्ना असाइब अर्थात पगडीहरूमाथि र तसाखीन अर्थात मोजाहरूमाथि मसह गरुन्” । (यसलाई अहमद र अबू दाऊदले वर्णन गरेका छन्, र यसलाई हाकिमले सही भनेका छन् ।)

٥٩– وَعَنْ عُمَرَ –مَوْقُوفًا– وعَنْ أَنَسٍ –مَرْفُوعًا–: { إِذَا تَوَضَّأَ أَحَدُكُمْ وَلَبِسَ خُفَّيْهِ فَلْيَمْسَحْ عَلَيْهِمَا، وَلْيُصَلِّ فِيهِمَا، وَلَا يَخْلَعْهُمَا إِنْ شَاءَ إِلَّا مِنْ جَنَابَةٍ" } أَخْرَجَهُ الدَّارَقُطْنِيُّ، وَالْحَاكِمُ وَصَحَّحَهُ .

५९- र हजरत उमरद्वारा मौकूफन् र हजरत अनसद्वारा मरफूअन् वर्णित छ किः “तिमीमध्ये जसले पनि वजू गरेर मोजा लगायो त त्यो त्समाथि मसह गरोस् र त्यसमा नमाज पनि पढोस् र यदि चाहोस् त त त्यसलाई वीर्य पतन भएको अवस्था बाहेकको अवस्थामा ननिकालोस्” । (यसलाई दारकुत्नी र हाकिमले वर्णन गरेका छन्, र हाकिमले यसलाई सही पनि भनेका छन् ।)

٦٠– وَعَنْ أَبِي بَكْرَةَ ﵁ عَنْ النَّبِيِّ ﷺ { أَنَّهُ رَخَّصَ لِلْمُسَافِرِ ثَلَاثَةَ أَيَّامٍ وَلَيَالِيَهُنَّ، وَلِلْمُقِيمِ يَوْمًا وَلَيْلَةً، إِذَا تَطَهَّرَ فَلَبِسَ خُفَّيْهِ: أَنْ يَمْسَحَ عَلَيْهِمَا } أَخْرَجَهُ الدَّارَقُطْنِيُّ، وَصَحَّحَهُ ابْنُ خُزَيْمَةَ .

६०- र हजरत अबू बकरह रजिअल्लाहो अन्हो नबी सल्लल्लाहो अलैहे वसल्लमको माध्यमले वर्णन गर्नुहुन्छ किः “रसूल सल्लल्लाहो अलैहे वसल्लमले मसह गर्नुको लागि यात्रुलाई तीन दिन र तीन रात्री, र नगरबासीलाई एक दिन र एक रात्रीको अनुमति दिनु भएको छ, यस्तो अवस्थामा जबकि त्यसले मोजा पवित्रताको अवस्थामा लगाएको होस्” । (यस हदीसलाई दारकुत्नीले वर्णन गरेका छन्, र इब्ने खुजैमाले सही भनेका छन् ।)

٦١– وَعَنْ أُبَيِّ بْنِ عِمَارَةَ ﵁ أَنَّهُ قَالَ: { يَا رَسُولَ اللَّهِ أَمْسَحُ عَلَى الْخُفَّيْنِ؟ قَالَ: "نَعَمْ" قَالَ: يَوْمًا؟ قَالَ: "نَعَمْ"، قَالَ: وَيَوْمَيْنِ؟ قَالَ: "نَعَمْ"، قَالَ: وَثَلَاثَةً؟ قَالَ: "نَعَمْ، وَمَا شِئْتَ" أَخْرَجَهُ أَبُو دَاوُدَ، وَقَالَ: لَيْسَ بِالْقَوِيِّ } .

६१- र हजरत उबई बिन अम्मारह रजिअल्लाहो अन्होको वर्णन छ कि उनले भनेः “हे अल्लाहका रसूल के म आफ्नो दुवै मोजामाथि मसह गरूँ ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः हो, गर । त उनले भनेः एक दिन ? त उहाँले भनेः हो, त उनेले भनेः र दुई दिन ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः हो, अनि उनले भनेः र तीन दिन पनि ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः हो, र जति दिन तिमी चाह” । (यस हदीसलाई अबू दाऊदले वर्णन गर्नु भएको छ, र भन्नु

भएको छ किः यो हदीस सशक्त छैन ।)

## بَابُ نَوَاقِضِ الْوُضُوءِ

## अध्यायः वजू भंग गर्ने कुराहरूको वर्णन

٦٢- عَنْ أَنَسِ بْنِ مَالِكٍ رضي الله عنه قَالَ: { كَانَ أَصْحَابُ رَسُولِ اللَّهِ ﷺ -عَلَى عَهْدِهِ- يَنْتَظِرُونَ الْعِشَاءَ حَتَّى تَخْفِقَ رُؤُوسُهُمْ، ثُمَّ يُصَلُّونَ وَلَا يَتَوَضَّئُونَ } أَخْرَجَهُ أَبُو دَاوُدَ، وَصَحَّحَهُ الدَّارَقُطْنِيُّ. وَأَصْلُهُ فِي مُسْلِمٍ .

६२- हजरत अनस बिन मालिक रजिअल्लाहो अन्होको वर्णन छ किः “रसूल सल्लल्लाहो अलैहे वसल्लमका साथीहरू उहाँ सल्लल्लाहो अलैहे वसल्लमको जीवनकालमा यति बेरसम्म इशा नमाजको प्रतिक्षा गरिहन्थे कि निद्राले उनीहरूको टाउको ढल्किहाल्थ्यो अनि त्यस्तै नमाज पढिहाल्थे र नौलो वजू गर्दैनथे” । (यसलाई अबू दाऊदले वर्णन गरेका छन्, र दारकुत्नीले सही भनेका छन् । र यसको मूल हदीस मुस्लिममा वर्णित छ ।)

٦٣- وَعَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا قَالَتْ: { جَاءَتْ فَاطِمَةُ بِنْتُ أَبِي حُبَيْشٍ إِلَى النَّبِيِّ ﷺ فَقَالَتْ: يَا رَسُولَ اللَّهِ! إِنِّي اِمْرَأَةٌ أُسْتَحَاضُ فَلَا أَطْهُرُ، أَفَأَدَعُ الصَّلَاةَ؟ قَالَ: "لَا. إِنَّمَا ذَلِكَ عِرْقٌ، وَلَيْسَ بِحَيْضٍ، فَإِذَا أَقْبَلَتْ حَيْضَتُكِ فَدَعِي الصَّلَاةَ، وَإِذَا أَدْبَرَتْ فَاغْسِلِي عَنْكِ اَلدَّمَ، ثُمَّ صَلِّي } مُتَّفَقٌ عَلَيْهِ .

وَلِلْبُخَارِيِّ: { ثُمَّ تَوَضَّئِي لِكُلِّ صَلَاةٍ }. وَأَشَارَ مُسْلِمٌ إِلَى أَنَّهُ حَذَفَهَا عَمْدًا .

६३- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ किः “हजरत फातिमा बिन्ते अबि हुबैश नबी सल्लल्लाहो अलैहे वसल्लमको पासमा आइन् र भनिन्ः हे अल्लाहका रसूल ! म यस्तो महिला हूँ जसलाई इस्तिहाजा ( विरामीको रगत) निरंतरताले आउँछ, यसर्थ म पवित्र रहँदैन त के म नमाजलाई त्यागिदिउँ ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः होइन, बरु यो त एउटा नसा (नसो) हो जुन फाटिन्छ, र यो रजस्वला होइन, यसर्थ जब तिमीलाई रजस्वला आओस् त नमाजलाई त्यागिदेऊ, र जब त्यो समाप्त भइहालोस् त रगतलाई धोएर नमाज पढदैगर” । (बुखारी, मुस्लिम)
र बुखारीमा छ किः “अनि प्रत्येक नमाजको लागि वजू गर” । र मुस्लिमले यस कुरातिर संकेत गरेका छन् कि यस वाक्यलाई उनले जानेर वर्णन गरेका छैनन् ।

٦٤- وَعَنْ عَلِيِّ بْنِ أَبِي طَالِبٍ ﵁ قَالَ: { كُنْتُ رَجُلاً مَذَّاءً، فَأَمَرْتُ الْمِقْدَادَ بْنَ الْأَسْوَدِ أَنْ يَسْأَلَ النَّبِيَّ ﷺ فَسَأَلَهُ ؟ فَقَالَ: "فِيهِ الْوُضُوءُ" } مُتَّفَقٌ عَلَيْهِ، وَاللَّفْظُ لِلْبُخَارِيِّ .

६४- र हजरत अली इब्ने अबि तालिब रजिअल्लाहो अन्होको वर्णन छ कि: " म यस्तो मान्छे हुँ जसलाई अत्याधिक मिजी (सहवासभन्दा अघि वा सवास्नीसित चुम्बन आदि गर्दा आउने सेतो पानी) आउँथ्यो त मैले हजरत मिकदादसित भनें कि: उनी यस सम्बन्धमा रसूल सल्लल्लाहो अलैहे वसल्लमसित सोधुन्, अनि उनले यसबारे उहाँसित सोधे, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भने: यस्तो अवस्थामा वजू गर्नुपर्छ" । (बुखारी, मुस्लिम, र वर्णित शब्द बुखारीका हुन् ।)

٦٥- وَعَنْ عَائِشَةَ، رَضِيَ اللَّهُ عَنْهَا؛ { أَنَّ النَّبِيَّ ﷺ قَبَّلَ بَعْضَ نِسَائِهِ، ثُمَّ خَرَجَ إِلَى الصَّلَاةِ وَلَمْ يَتَوَضَّأْ } أَخْرَجَهُ أَحْمَدُ، وَضَعَّفَهُ الْبُخَارِيُّ .

६५- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: "नबी सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो कुनै स्वास्नीलाई चुम्बन लिनु भयो, अनि नमाजको लागि नस्किनु भयो र वजू गर्नु भएन" । (यस हदीसलाई अहमदले वर्णन गरेका छन्, र बुखारीले यसलाई जईफ भनेका छन् ।)

٦٦- وَعَنْ أَبِي هُرَيْرَةَ ﵁ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِذَا وَجَدَ أَحَدُكُمْ فِي بَطْنِهِ شَيْئًا، فَأَشْكَلَ عَلَيْهِ: أَخَرَجَ مِنْهُ شَيْءٌ، أَمْ لَا؟ فَلَا يَخْرُجَنَّ مِنْ الْمَسْجِدِ حَتَّى يَسْمَعَ صَوْتًا، أَوْ يَجِدَ رِيحًا } أَخْرَجَهُ مُسْلِمٌ .

६६- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "जब तिमीमध्ये कोही आफ्नो पेटमा केही महसूस गरोस् अनि त्यसलाई यो शंका भइहालोस् कि त्यसको पेटबाट केही निस्केको छ वा निस्के छैन, त त्यो मस्जिदबाट तबसम्म ननिस्कोस् जबसम्म कुनै प्रकारको आवाज नसुनोस् वा कुनै प्रकारको दुर्गन्ध नपाओस्" । (यस हदीसलाई मुस्लिमले वर्णन गर्नु भएको छ ।)

٦٧ - وَعَنْ طَلْقِ بْنِ عَلِيٍّ ﵁ قَالَ: { قَالَ رَجُلٌ: مَسَسْتُ ذَكَرِي أَوْ

६७- र हजरत तलक बिन अली रजिअल्लाहो अन्होको वर्णन छ कि: "एउटा मान्छेले भन्यो: मैले आफ्नो लिङ्गलाई स्पर्श गरें, वा त्यस

قَالَ الرَّجُلُ يَمَسُّ ذَكَرَهُ فِي الصَّلَاةِ، أَعَلَيْهِ وُضُوءٍ ؟ فَقَالَ النَّبِيُّ ﷺ "لَا، إِنَّمَا هُوَ بَضْعَةٌ مِنْكَ } أَخْرَجَهُ الْخَمْسَةُ، وَصَحَّحَهُ ابْنُ حِبَّانَ . وَقَالَ ابْنُ الْمَدِينِيِّ: هُوَ أَحْسَنُ مِنْ حَدِيثِ بُسْرَةَ.

मान्छेले भन्यो: यदि कसैले नमाजमा आफ्नो लिङ्गलाई स्पर्श गऱ्यो त के त्यसमाथि वजू गर्नु अनिवार्य छ ? त नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: अनिवार्य छैन, किनकि त्यो पनि तिम्रो शरीरका अंगहरूमध्येकै हो" । (यस हदीसलाई पाँचौंले वर्णन गरेका छन्, र इब्ने हिब्बानले यसलाई सही पनि भनेका छन् । र इब्नुल् मदिनीले भन्नु भएको छ कि: बुस्राको हदीसबाट यो हदीस उत्तम छ ।)

٦٨- وَعَنْ بُسْرَةَ بِنْتِ صَفْوَانَ رَضِيَ اللَّهُ عَنْهَا؛ { أَنَّ رَسُولَ اللَّهِ ﷺ قَالَ: "مَنْ مَسَّ ذَكَرَهُ فَلْيَتَوَضَّأْ" } أَخْرَجَهُ الْخَمْسَةُ، وَصَحَّحَهُ التِّرْمِذِيُّ، وَابْنُ حِبَّانَ . وَقَالَ الْبُخَارِيُّ: هُوَ أَصَحُّ شَيْءٍ فِي هَذَا الْبَابِ.

६८- र हजरत बुस्रा बिन सफ्वान रजिअल्लाहो अन्हाको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: जसले आफ्नो लिङ्गलाई स्पर्श गरोस् त्यो वजू गरोस्" । (यस हदीसलाई पाँचौंले वर्णन गरेका छन्, र तिर्मिजी एवं इब्ने हिब्बानले यसलाई सही भनेका छन् । र बुखारीले भन्नु भएको छ कि: यो हदीस यस सन्दर्भमा सबैभन्दा सही छ ।)

٦٩- وَعَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا؛ أَنَّ رَسُولَ اللَّهِ صَلَّى عَلَيْهِ وَسَلَّمَ قَالَ: { مَنْ أَصَابَهُ قَيْءٌ أَوْ رُعَافٌ، أَوْ قَلَسٌ، أَوْ مَذْيٌ فَلْيَنْصَرِفْ فَلْيَتَوَضَّأْ، ثُمَّ لِيَبْنِ عَلَى صَلَاتِهِ، وَهُوَ فِي ذَلِكَ لَا يَتَكَلَّمُ } أَخْرَجَهُ ابْنُ مَاجه . وَضَعَّفَهُ أَحْمَدُ وَغَيْرُهُ.

६९- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "जसलाई नमाजमा वान्ता आओस् वा नाकबाट रक्त आउन लागोस् वा पेटमा भएको कुनै कुरा मुँहबाट बाहिर आइहालोस् वा मिजी आइहालोस् त त्यसलाई नमाज छाडेर वजू गर्नु उचित छ, अनि जताबाट नमाजलाई छाडेको छ त्यतैबाट नमाजलाई पुन: आरम्भ गरोस् यस शर्तको साथ कि यसबीच कसैसित कुराकानी नगरेको होस्" । (यसलाई इब्ने माजाले वर्णन गरेका छन्, र अहमद आदिले यसलाई जईफ भनेका छन् ।)

٧٠- وَعَنْ جَابِرِ بْنِ سَمُرَةَ رَضِيَ اللَّهُ

७०- र हजरत जाबिर बिन समुरह

عَنْهُمَا؛ { أَنَّ رَجُلاً سَأَلَ النَّبِيَّ ﷺ أَتَوَضَّأُ مِنْ لُحُومِ اَلْغَنَمِ؟ قَالَ: إِنْ شِئْتَ قَالَ: أَتَوَضَّأُ مِنْ لُحُومِ الْإِبِلِ ؟ قَالَ: نَعَمْ } أَخْرَجَهُ مُسْلِمٌ .

रजिअल्लाहो अन्हुमाको वर्णन छ किः "एउटा मान्छेले नबी सल्लल्लाहो अलैहे वसल्लमसित सोध्यो कि के बाखाको मासु खाए पश्चात वजूको आवश्यकता पर्छर ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः यदि तिमी चाह त वजू गर, त त्यसले पुनः प्रश्न गऱ्यो कि ऊँटको मासु खाए पश्चात ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः हो, (त्यसलाई खाए पश्चात वजू गर्नुपर्छ)" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

٧١- وَعَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { مَنْ غَسَّلَ مَيْتًا فَلْيَغْتَسِلْ، وَمَنْ حَمَلَهُ فَلْيَتَوَضَّأْ } أَخْرَجَهُ أَحْمَدُ، وَالنَّسَائِيُّ، وَالتِّرْمِذِيُّ وَحَسَّنَهُ . وَقَالَ أَحْمَدُ: لَا يَصِحُّ فِي هَذَا الْبَابِ شَيْءٌ.

७१- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "जसले मृतक शवलाई स्नान गराओस् त्यो स्वयम् पनि स्नान गरोस्, र जसले त्यसलाई उठायो त्यो पनि वजू गरोस्" । (यसलाई अहमद, नेसाई र तिर्मिजीले वर्णन गरेका छन्, र तिर्मिजीले यस हदीसलाई विश्वासनीय पनि भनेका छन् । तर इमाम अहमदको भनाई छ किः यस सन्दर्भमा कुनै पनि कुरा प्रमाणित छैन ।)

٧٢- وَعَنْ عَبْدِ اللَّهِ بْنِ أَبِي بَكْرٍ رَحِمَهُ اللَّهُ؛ { أَنَّ فِي الْكِتَابِ الَّذِي كَتَبَهُ رَسُولُ اللَّهِ ﷺ لِعَمْرِو بْنِ حَزْمٍ: أَنْ لَا يَمَسَّ الْقُرْآنَ إِلَّا طَاهِرٌ } رَوَاهُ مَالِكٌ مُرْسَلاً، وَوَصَلَهُ النَّسَائِيُّ، وَابْنُ حِبَّانَ، وَهُوَ مَعْلُولٌ.

७२- र अब्दुल्लाह बिन अबि बक्र रहेमहुल्लाहको वर्णन छ किः "जुन पत्र ( निर्देशन) रसूल सल्लल्लाहो अलैहे वसल्लमले अमर बिन हज्मको लागि लेखेर दिएका थिए त्यसभित्र थियो किः पवित्र ग्रन्थ कुरआनलाई पवित्र मान्छे बाहेक कोही पनि स्पर्श नगरोस्" । (यसलाई इमाम मालिकले मुरसलन् (सहाबीलाई वर्णन नगरिकन्) वर्णन गरेका छन्, र नेसाई एवं इब्ने हिब्बानले यसलाई मौसूलन् (सहाबीलाई नामांकित गरेर) वर्णन गरेका छन्, र यो हदीस विकारयुक्त छ, अर्थात यसको सनदमा संदिग्दता छ ।)

٧٣- وَعَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا قَالَتْ: { كَانَ رَسُولُ اللَّهِ ﷺ يَذْكُرُ اللَّهَ عَلَى كُلِّ أَحْيَانِهِ } رَوَاهُ مُسْلِمٌ، وَعَلَّقَهُ الْبُخَارِيُّ.

७३- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लम प्रत्येक अवस्थामा अल्लाहलाई स्मरण गर्थे" । (यसलाई मुस्लिमले वर्णन गरेका छन्, र बुखारीले मुअल्लकन् अर्थात बिना सनद वर्णन गरेका छन् ।)

٧٤- وَعَنْ أَنَسِ بْنِ مَالِكٍ ﷺ { أَنَّ النَّبِيَّ ﷺ اِحْتَجَمَ وَصَلَّى، وَلَمْ يَتَوَضَّأْ } أَخْرَجَهُ الدَّارَقُطْنِيُّ، وَلَيَّنَهُ .

७४- र हजरत अनस बिन मालिक रजिअल्लाहो अन्होको वर्णन छ कि: "नबी सल्लल्लाहो अलैहे वसल्लमले हिजामत ( विशेष तरिकाले शरीरबाट खुन निकाल्ने कार्य) गराउनु भयो, अनि बिना वजू बनाइकन् नमाज पढनु भयो" । (यस हदीसलाई दारकुत्नीले वर्णन गरेका छन्, र जईफ पनि भनेका छन् ।)

٧٥- وَعَنْ مُعَاوِيَةَ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { الْعَيْنُ وِكَاءُ السَّهِ، فَإِذَا نَامَتْ الْعَيْنَانِ اِسْتَطْلَقَ الْوِكَاءُ }. رَوَاهُ أَحْمَدُ، وَالطَّبَرَانِيُّ وَزَادَ { وَمَنْ نَامَ فَلْيَتَوَضَّأْ }. وَهَذِهِ اَلزِّيَادَةُ فِي هَذَا الْحَدِيثِ عِنْدَ أَبِي دَاوُدَ مِنْ حَدِيثِ عَلِيٍّ دُونَ قَوْلِهِ: { اِسْتَطْلَقَ الْوِكَاءُ } وَفِي كِلَا الْإِسْنَادَيْنِ ضَعْفٌ .

७५- र हजरत मुआविया रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "आँखा गुप्ताङ्गको बन्धन हो, त जब दुवै आँखा निदाउँछन् त बन्धन फुक्का भइहाल्छ" । ( यस हदीसलाई अहमद र तब्रानीले वर्णन गरेका छन्, र तब्रानीले यति वृद्धिको साथ वर्णन गरेका छन् कि: "र जुन व्यक्ति सुतोस् त्यो वजू गरोस्" । र यस हदीसमा यस वृद्धिको साथ अबू दाऊदले पनि वर्णन गरेका छन् हजरत अलीको माध्यमले तर त्यसमा "बन्धन फुक्का भइहाल्छ" वाक्य वर्णन गरेका छैनन्, र यी दुवै सनद कम्जोर छन् ।)

وَلِأَبِي دَاوُدَ أَيْضًا، عَنْ ابْنِ عَبَّاسٍ مَرْفُوعًا: { إِنَّمَا الْوُضُوءُ عَلَى مَنْ نَامَ

र अबू दाऊदले इब्ने अब्बासको माध्यमले मरफूअन् (जसको सनद रसूल सल्लल्लाहो अलैहे वसल्लमसम्म पुगेको होस्) वर्णन गरेका छन् कि: "वजू त्यस मान्छेमाथि छ

مُضْطَجِعًا } وَفِي إِسْنَادِهِ ضَعْفٌ أَيْضًا .

٧٦- وَعَنِ ابْنِ عَبَّاسٍ رَضِيَ اللَّهُ عَنْهُمَا؛ أَنَّ رَسُولَ اللَّهِ ﷺ قَالَ: { يَأْتِي أَحَدَكُمُ الشَّيْطَانُ فِي صَلَاتِهِ، فَيَنْفُخُ فِي مَقْعَدَتِهِ فَيُخَيَّلُ إِلَيْهِ أَنَّهُ أَحْدَثَ، وَلَمْ يُحْدِثْ، فَإِذَا وَجَدَ ذَلِكَ فَلَا يَنْصَرِفُ حَتَّى يَسْمَعَ صَوْتًا أَوْ يَجِدَ رِيحًا } أَخْرَجَهُ الْبَزَّارُ . وَأَصْلُهُ فِي الصَّحِيحَيْنِ مِنْ حَدِيثِ عَبْدِ اللَّهِ بْنِ زَيْدٍ . وَلِمُسْلِمٍ: عَنْ أَبِي هُرَيْرَةَ نَحْوُهُ.

وَلِلْحَاكِمِ. عَنْ أَبِي سَعِيدٍ مَرْفُوعًا: { إِذَا جَاءَ أَحَدَكُمُ الشَّيْطَانُ، فَقَالَ: إِنَّكَ أَحْدَثْتَ، فَلْيَقُلْ: كَذَبْتَ }. وَأَخْرَجَهُ ابْنُ حِبَّانَ بِلَفْظِ: { فَلْيَقُلْ فِي نَفْسِهِ }.

## بَابُ قَضَاءِ الْحَاجَةِ

٧٧- عَنْ أَنَسِ بْنِ مَالِكٍ ﵁ قَالَ: { كَانَ رَسُولُ اللَّهِ ﷺ إِذَا دَخَلَ الْخَلَاءَ وَضَعَ خَاتَمَهُ } أَخْرَجَهُ الْأَرْبَعَةُ، وَهُوَ

जुन लेटेर सुतेको होस्" । र यसको सनदमा पनि जुअफ (कम्जोरी) छ ।

७६- र हजरत इब्ने अब्बास रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "नमाजमा तिमीमध्ये कसैको पासमा शैतान आउँछ, अनि त्यसको गुप्ताङ्गमा फूँक मार्दछ र त्यसको मनमा यो संकोच हालिदिन्छ कि त्यसको वजू भंग भयो जबकि त्यसको वजू भंग भएको हुँदैन, त यदि कुनै मान्छे यस्तो अवस्थालाई हेरोस् त त्यो तबसम्म नमाजलाई भंग नगरोस् जबसम्म (हवा निस्कनुको) अवाज नसुनोस् वा त्यसको दुर्गन्ध नपाओस्" । (यस हदीसलाई बज्जारले वर्णन गरेका छन्, र मूल हदीस बुखारी मुस्लिममा अब्दुल्लाह बिन जैदको माध्यमले वर्णित छ । र यस्तै मुस्लिमले यसलाई अबू हुरैरहको माध्यमले पनि वर्णन गरेका छन् ।) र हाकिमले अबू सईदको माध्यमले मरफूअन् वर्णन गरेका छन् कि: "जब तिमीमध्ये कसैको पासमा शैतान आओस् अनि भनोस्: तिमी अपवित्र भयौ, त त्यसलाई चाहियो कि त्यो भनोस् कि: तिमीले असत्य भन्यौ" । र इब्ने हिब्बानले यस शब्दको साथ वर्णन गरेका छन् कि: "अनि त्यो आफ्नो मनमा भनोस्" ।

## अध्याय: दिशा पिशाब गर्ने तरिकाको वर्णन

७७- हजरत अनस बिन मालिक रजिअल्लाहो अन्होको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लम जब शौचको लागि शौचालयमा प्रवेश गर्थे त आफ्नो औंठीलाई निकालिदिन्थे" । (यस हदीसलाई चारौंले

مَعْلُولٌ .

वर्णन गरेका छन्, र यो हदीस टिप्पणीबाट सुरक्षित छैन ।)

٧٨- وَعَنْهُ قَالَ: { كَانَ رَسُولُ اللَّهِ ﷺ إِذَا دَخَلَ الْخَلَاءَ قَالَ: "اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنْ الْخُبُثِ وَالْخَبَائِثِ" } أَخْرَجَهُ السَّبْعَةُ .

७८- र उनैद्वारा वर्णित छ कि: “रसूल सल्लल्लाहो अलैहे वसल्लम जब शौचालयमा प्रवेश गर्थे त भन्थे: हे अल्लाह म तिम्रो शरण चाहन्छु दुष्ट शैतान र शैतान्नीबाट” । (यस हदीसलाई सातौंले वर्णन गरेका छन् ।)

٧٩- وَعَنْهُ قَالَ: { كَانَ رَسُولُ اللَّهِ ﷺ يَدْخُلُ الْخَلَاءَ، فَأَحْمِلُ أَنَا وَغُلَامٌ نَحْوِي إِدَاوَةً مِنْ مَاءٍ وَعَنَزَةً، فَيَسْتَنْجِي بِالْمَاءِ } مُتَّفَقٌ عَلَيْهِ .

७९- र उनैद्वारा वर्णित छ कि: “रसूल सल्लल्लाहो अलैहे वसल्लम जब शौच गर्न जान्थे त म र म जस्तै एउटा बालक पानीको भाँडा र भाला लिएर उहाँको साथमा जान्थें, अनि उहाँ सल्लल्लाहो अलैहे वसल्लम त्यस पानीद्वारा इस्तिन्जा गर्थे” (अर्थात पिशाब गरे पश्चात त्यसै पानीबाट लिङ्गलाई धुल्दथे) । (बुखारी, मुस्लिम)

٨٠- وَعَنْ الْمُغِيرَةِ بْنِ شُعْبَةَ رضي الله عنه قَالَ: { قَالَ لِي النَّبِيُّ ﷺ "خُذِ الْإِدَاوَةَ". فَانْطَلَقَ حَتَّى تَوَارَى عَنِّي، فَقَضَى حَاجَتَهُ } مُتَّفَقٌ عَلَيْهِ .

८०- र हजरत मुगीरह बिन शुअ्बा रजिअल्लाहो अन्होको वर्णन छ कि: “रसूल सल्लल्लाहो अलैहे वसल्लमले मसित भन्नु भयो: पानीको भाँडा (लोटा) आफूसँगै लिएर आऊ, अनि उहाँले शौचको लागि यति टाढा जानु भयो कि मबाट अदृश्य भइहल्नु भयो, अनि आफ्नो आवश्यकता पूर्ण गर्नु भयो” । (बुखारी, मुस्लिम)

٨١- وَعَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { اِتَّقُوا اللَّاعِنِينَ: الَّذِي يَتَخَلَّى فِي طَرِيقِ النَّاسِ، أَوْ فِي ظِلِّهِمْ } رَوَاهُ مُسْلِمٌ .

८१- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “दुई तिरस्कृत कुराबाट बाँच्दै रहनु: पहिलो सार्वजनिक बाटोमा शौच गर्नुबाट, र अर्को सार्वजनिक बस्ने रुखको छायाँमा शौच गर्नुबाट” । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

زَادَ أَبُو دَاوُدَ، عَنْ مُعَاذٍ: { وَالْمَوَارِدَ }

र अबू दाऊदले हजरत मुआजको माध्यमले “मवारिद” शब्दको वृद्धिको साथ वर्णन गर्नु

ولفظه: {اتَّقُوا المِلاعنَ الثّلاثةَ، البَرازَ في المَوارِدِ، وقارعةِ الطَّريقِ، والظِّلِّ}. وَلِأَحْمَدَ؛ عَنِ ابْنِ عَبَّاسٍ: { أَوْ نَقْعِ مَاءٍ } وَفِيهِمَا ضَعْفٌ .

وَأَخْرَجَ الطَّبَرَانِيُّ النَّهْيَ عَنْ تَحْتِ الْأَشْجَارِ الْمُثْمِرَةِ، وَضَفَّةِ النَّهْرِ الْجَارِي. مِنْ حَدِيثِ ابْنِ عُمَرَ بِسَنَدٍ ضَعِيفٍ .

भएको छ । र उनले वर्णन गरेका शब्दहरू यी हुन्: “तीन तिरस्कृत कुराबाट बाँच्दै रहनु: पनघटमा, र सार्वजनिक बाटोमा, र सार्वजनिक बस्ने रुखको छायाँमा शौच गर्नुबाट” । र अहमदले इब्ने अब्बासको माध्यमले वर्णन गरेका छन् कि: “वा पानी जम्मा हुने ठाउँमा शौच गर्नुबाट” । तर यी दुवै हदीसमा जुअफ (कम्जोरी) छ ।
र तब्रानीले इब्ने उमरको माध्यमले जईफ सनदको साथ वर्णन गरेका छन् कि: फल आएको रुखमुनि र बगिरहेको सरितामा शौच गर्नु निषेधित छ ।

٨٢- وَعَنْ جَابِرٍ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِذَا تَغَوَّطَ الرَّجُلَانِ فَلْيَتَوَارَ كُلُّ وَاحِدٍ مِنْهُمَا عَنْ صَاحِبِهِ، وَلَا يَتَحَدَّثَا. فَإِنَّ اللَّهَ يَمْقُتُ عَلَى ذَلِكَ } رَوَاهُ أحمد . وَصَحَّحَهُ ابْنُ السَّكَنِ، وَابْنُ الْقَطَّانِ، وَهُوَ مَعْلُولٌ .

८२- र हजरत जाबिर रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “जब दुई मान्छे दिशा गरुन् त दुवै एकअर्काबाट परदा गरुन्, र दुवै यस अवस्थामा एकअर्कासित कुरा नगरुन्, किनकि अल्लाह यसबाट क्रोधित हुन्छ” । ( यसलाई अहमदले वर्णन गरेका छन्, र इब्नुस्सकन एवं इब्ने कत्तानले यसलाई सही भनेका छन्, तर यो हदीस संदिग्द र विकारयुक्त छ ।)

٨٣- وَعَنْ أَبِي قَتَادَةَ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { لَا يُمْسِكَنَّ أَحَدُكُمْ ذَكَرَهُ بِيَمِينِهِ، وَهُوَ يَبُولُ، وَلَا يَتَمَسَّحْ مِنَ الْخَلَاءِ بِيَمِينِهِ، وَلَا يَتَنَفَّسْ فِي الْإِنَاءِ } مُتَّفَقٌ عَلَيْهِ، وَاللَّفْظُ لِمُسْلِمٍ .

८३- र हजरत अबू कतादा रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “तिमीमध्ये कोही पनि पिशाब गर्दाखेरि आफ्नो लिङ्गलाई दायाँ हातले नसमातोस्, र नत दिशा गरे पश्चात दायाँ हातले त्यसलाई स्वच्छ नै गरोस्, र नत पानी खाँदा भाँडामा स्वाँस नै फेरोस्” । (बुखारी, मुस्लिम, र वर्णित शब्द मुस्लिमका हुन् ।)

٨٤- وَعَنْ سَلْمَانَ ﵁ قَالَ: { لَقَدْ نَهَانَا رَسُولُ اللَّهِ ﷺ "أَنْ نَسْتَقْبِلَ الْقِبْلَةَ بِغَائِطٍ أَوْ بَوْلٍ، أَوْ أَنْ نَسْتَنْجِيَ بِالْيَمِينِ، أَوْ أَنْ نَسْتَنْجِيَ بِأَقَلَّ مِنْ ثَلَاثَةِ أَحْجَارٍ، أَوْ أَنْ نَسْتَنْجِيَ بِرَجِيعٍ أَوْ عَظْمٍ" } رَوَاهُ مُسْلِم.

८४- र हजरत सलमान रजिअल्लाहो अन्होको वर्णन छ कि: “रसूल सल्लल्लाहो अलैहे वसल्लमले मनाही गरेका छन् कि हामी दिशा पशिाब गर्दाखेरि किब्लातिर अनुहार गरौं, वा दायाँ हातले इस्तिन्जा[1] गरौं, वा तीन ढुँगाभन्दा कमले इस्तिन्जा गरौं, वा गोबर अथवा हड्डीद्वारा इस्तिन्जा गरौं” । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

٨٥- وَلِلسَّبْعَةِ مِنْ حَدِيثِ أَبِي أَيُّوبَ ﵁ { لَا تَسْتَقْبِلُوا الْقِبْلَةَ بِغَائِطٍ وَلَا بَوْلٍ، وَلَكِنْ شَرِّقُوا أَوْ غَرِّبُوا } .

८५- र सातौंले हजरत अबू अय्यूब रजिअल्लाहो अन्होको माध्यमले वर्णन गरेका छनु कि: “किब्लातिर अनुहार वा पिठ्युँ गरेर नत दिशा गर नत पिशाब फेर, बरु पूर्व वा पश्चिमतरि गरेर दिशा पिशाब गर” ।□

٨٦- وَعَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا؛ أَنَّ النَّبِيَّ ﷺ قَالَ: { مَنْ أَتَى اَلْغَائِطَ فَلْيَسْتَتِرْ } رَوَاهُ أَبُو دَاوُدَ .

८६- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “जुन शौचको लागि आओस् त्यो परदा गरोस्” । (यस हदीसलाई अबू दाऊदले वर्णन गरेका छन् ।)

٨٧- وَعَنْهَا؛ { أَنَّ النَّبِيَّ ﷺ كَانَ إِذَا خَرَجَ مِنْ اَلْغَائِطِ قَالَ: "غُفْرَانَكَ" } أَخْرَجَهُ الْخَمْسَةُ. وَصَحَّحَهُ أَبُو حَاتِمٍ، وَالْحَاكِمُ .

८७- र उनैद्वारा वर्णित छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लम जब शौचबाट निस्कन्थे त भन्थे: “गुफरानका” अर्थात” हे अल्लाह म तिम्रो कृपा एवं आवरण चाहन्छु । (यस हदीसलाई पाँचौंले वर्णन गरेका छन्, र अबू हातिम र हाकिमले यसलाई सही भनेका छन् ।)

1 - इस्तिन्जाको अर्थ हो: पानी वा माटो अथवा ढुँगाले गुप्ताङ्गलाई स्वच्छ र पवित्र पार्नु ।

□ यो आदेश मदिनाबासीहरूलाई दिइएको थियो किनकि उनीहरूको किब्ला दक्षिणतिर पर्छ ।

٨٨- وَعَنِ ابْنِ مَسْعُودٍ ؓ قَالَ: { أَتَى النَّبِيُّ ﷺ الْغَائِطَ، فَأَمَرَنِي أَنْ آتِيَهُ بِثَلَاثَةِ أَحْجَارٍ، فَوَجَدْتُ حَجَرَيْنِ، وَلَمْ أَجِدْ ثَالِثًا. فَأَتَيْتُهُ بِرَوْثَةٍ. فَأَخَذَهُمَا وَأَلْقَى الرَّوْثَةَ، وَقَالَ: "هَذَا رِكْسٌ" } أَخْرَجَهُ الْبُخَارِيُّ . زَادَ أَحْمَدُ، وَالدَّارَقُطْنِيُّ: { ائْتِنِي بِغَيْرِهَا } .

८८- र हजरत इब्ने मसऊद रजिअल्लाहो अन्होको वर्णन छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लमले शौचको इच्छा गर्नु भयो, त मलाई यो आदेश गर्नु भयो कि म तीन ढुँगा ल्याऊँ, अनि मैले मात्र दुईवटा ढुँगा पाएँ तेस्रो पाएन, त म एउटा गोबर (गाइको मल) लिएर आएँ, त उहाँले दुवै ढुँगालाई लिए र गोबरलाई फालिदिए, र भने: यो अपवित्र वस्तु हो” । (यस हदीसलाई बुखारीले वर्णन गरेका छन् । र अहमद एवं दारकुत्नीले यति अभिवृद्धि वर्णन गरेका छन् कि: “यस बाहेक अन्य केही ल्याऊ” ।)

٨٩- وَعَنْ أَبِي هُرَيْرَةَ ؓ { أَنَّ رَسُولَ اللَّهِ ﷺ نَهَى "أَنْ يُسْتَنْجَى بِعَظْمٍ، أَوْ رَوْثٍ" وَقَالَ: "إِنَّهُمَا لَا يُطَهِّرَانِ" } رَوَاهُ الدَّارَقُطْنِيُّ وَصَحَّحَهُ .

८९- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: “रसूल सल्लल्लाहो अलैहे वसल्लमले हड्डी र गोबरबाट इस्तिन्जा गर्नुबाट रोकेका छन्, र भनेका छन्: यी दुवै पवित्र गर्न सक्दैनन्” । (यस हदीसलाई दारकुत्नीले वर्णन गरेका छन् र सही पनि भनेका छन् ।)

٩٠- وَعَنْ أَبِي هُرَيْرَةَ ؓ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { اِسْتَنْزِهُوا مِنَ الْبَوْلِ، فَإِنَّ عَامَّةَ عَذَابِ الْقَبْرِ مِنْهُ } رَوَاهُ الدَّارَقُطْنِيُّ . وَلِلْحَاكِمِ: { أَكْثَرُ عَذَابِ الْقَبْرِ مِنَ الْبَوْلِ } وَهُوَ صَحِيحُ الْإِسْنَاد.

९०- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि: “पिशाबको छिंटबाट बच, किनकि चिहानका अधिकांश यातनाहरू यसैको कारण हुन्छ” । (यसलाई दारकुत्नीले वर्णन गरेका छन् । र हाकिमले यस हदीसलाई यसरी वर्णन गरेका छन् कि: “चिहानका अधिकांश यातनाहरू पिशाबको कारणले हुन्छ” । र यसको सनद सही छ ।)

٩١- وَعَنْ سُرَاقَةَ بْنِ مَالِكٍ ؓ قَالَ: { عَلَّمَنَا رَسُولُ اللَّهِ ﷺ فِي الْخَلَاءِ:

९१- र हजरत सुराका बिन मालिक रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले हामीलाई यो तालिम दिनु भएको छ कि: हामी शौचगर्दा

" أَنَّ نَقْعُدَ عَلَى الْيُسْرَى، وَنَنْصِبَ الْيُمْنَى" } رَوَاهُ الْبَيْهَقِيُّ بِسَنَدٍ ضَعِيفٍ .

देब्रे खुट्टामा भार गरेर बसौं, र दाहिनो खुट्टालाई ठाढो गरेर बसौं । (यसलाई बैहकीले जईफ सनदको साथ वर्णन गरेका छन् ।)

٩٢- وَعَنْ عِيسَى بْنِ يَزْدَادَ، عَنْ أَبِيهِ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ { إِذَا بَالَ أَحَدُكُمْ فَلْيَنْثُرْ ذَكَرَهُ ثَلَاثَ مَرَّاتٍ } رَوَاهُ ابْنُ مَاجَه بِسَنَدٍ ضَعِيفٍ .

९२- र ईसा बिन यजदाद आफ्नो बुवाको माध्यमले वर्णन गरेका छन् कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "जब तिमीमध्ये कोही पनि पिशाब गरोस् त आफ्नो लिङ्गलाई तीन पटक झड्कोस्" । ( यसलाई इब्ने माजाले जईफ सनदको माध्यमले वर्णन गरेका छन् ।)

٩٣- وَعَنِ ابْنِ عَبَّاسٍ رَضِيَ اللَّهُ عَنْهُمَا؛ { أَنَّ النَّبِيَّ ﷺ سَأَلَ أَهْلَ قُبَاءٍ، فقال: إنَّ الله يُثْنِي عليكم، فَقَالُوا: إِنَّا نُتْبِعُ الْحِجَارَةَ الْمَاءَ} رَوَاهُ الْبَزَّارُ بِسَنَدٍ ضَعِيفٍ . وَأَصْلُهُ فِي أَبِي دَاوُدَ، وَالتِّرْمِذِيِّ وَصَحَّحَهُ ابْنُ خُزَيْمَةَ مِنْ حَدِيثِ أَبِي هُرَيْرَةَ ؓ بِدُونِ ذِكْرِ الْحِجَارَةِ .

९३- हजरत इब्ने अब्बास रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लमले कुबाबासीहरूसित सोधे कि: अल्लाहले तिमीहरूको प्रशंसा गरेका छ यसको कारण के हो ? त उनीहरूले भने: हामी (इस्तिन्जागर्दा) ढुँगा प्रयोग गरे पश्चात पानी पनि प्रयोग गर्‍छौं" । (यसलाई बज्जारले जईफ सनदको साथ वर्णन गरेका छन् । र मूल हदीस अबू दाऊद र तिर्मिजीले वर्णन गरेका छन्, र इब्ने खुजैमाले यस हदीसलाई अबू हुरैरहको माध्यमले सही भनेका छन् तर त्यसमा ढुँगाको वर्णन छैन ।)

## بَابُ اَلْغُسْلِ وَحُكْمِ الْجُنُبِ

## अध्याय: स्नान र ठूलो अपवित्रताको वर्णन

٩٤- عَنْ أَبِي سَعِيدٍ الْخُدْرِيِّ ؓ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { الْمَاءُ مِنَ الْمَاءِ } رَوَاهُ مُسْلِمٌ . وَأَصْلُهُ فِي الْبُخَارِيِّ .

९४- हजरत अबू सईद खुदरी रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "पानीको आवश्यकता (स्नान) पानीको निष्कासन ( वीर्य पतन) पश्चात हुन्छ" । (यसलाई मुस्लिमले वर्णन गरेका छन्, र यसको मूल हदीस बुखारीमा छ ।)

९५- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “जब तिमीमध्ये कोही आफ्नो स्त्रीको चारवटै अंगबीच बसोस् अनि परिश्रम अर्थात सम्भोग गरोस्, त स्नान गर्नु अनिवार्य भयो” । (बुखारी, मुस्लिम । र मुस्लिमले यति वृद्धिले वर्णन गरेका छन् कि: “यद्यापि वीर्य स्खलन नहोस्” ।)

٩٥- وَعَنْ أَبِي هُرَيْرَةَ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِذَا جَلَسَ أحدُكُم بَيْنَ شُعَبِهَا الْأَرْبَعِ، ثُمَّ جَهَدَهَا، فَقَدْ وَجَبَ الْغُسْلُ } مُتَّفَقٌ عَلَيْهِ . زَادَ مُسْلِمٌ: "وَإِنْ لَمْ يُنْزِلْ ".

९६- र हजरत उम्मे सलमा रजिअल्लाहो अन्हाको वर्णन छ कि उम्मे सुलैम जुनकि अबू तलहाकी पत्नी हुन् तिनले भनिन्: “हे अल्लाहका रसूल ! निःसन्देह अल्लाह सत्य भन्नुबाट लाज मान्दैन, त के महिलामाथि पनि स्नान अनिवार्य भइहाल्छ जब त्यसलाई स्वप्नदोष भएको होस् ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: हो, त्यो स्नान गरोस जब त्यसले पानी (वीर्य पतन भएको) हेरोस्” । (बुखारी, मुस्लिम)

٩٦- وَعَنْ أُمِّ سَلَمَةَ؛ أَنَّ أُمَّ سُلَيْمٍ - وَهِيَ اِمْرَأَةُ أَبِي طَلْحَةَ- قَالَتْ: { يَا رَسُولَ اللَّهِ! إِنَّ اللَّهَ لَا يَسْتَحِي مِنْ الْحَقِّ، فَهَلْ عَلَى الْمَرْأَةِ الْغُسْلُ إِذَا اِحْتَلَمَتْ؟ قَالَ: "نَعَمْ. إِذَا رَأَتِ الْمَاءَ" } الْحَدِيثَ. مُتَّفَقٌ عَلَيْهِ .

९७- र हजरत अनस बिन मालिक रजिअल्लाहो अन्होको वर्णन छ कि: “रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यस महिलाको बारेमा भन्नु भयो जसले निद्रामा त्यही हेरोस् जुन पुरुष हेर्दछ कि: त्यो पनि स्नान गरोस” । (बुखारी, मुस्लिम । र मुस्लिमले यति अभिवृद्धिको साथ वर्णन गरेका छन् कि: “अनि उम्मे सुलैमले भनिन्: के यस्तो हुन्छ ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: हो, यदि यस्तो हुँदैनथ्यो भने अनुरूपता कताबाट आउँछर ?” ।)

٩٧- وَعَنْ أَنَسِ بْنِ مَالِكٍ ﷺ قَالَ: { قَالَ رَسُولُ اللَّهِ ﷺ -فِي الْمَرْأَةِ تَرَى فِي مَنَامِهَا مَا يَرَى الرَّجُلُ- قَالَ: "تَغْتَسِلُ" } مُتَّفَقٌ عَلَيْهِ . زَادَ مُسْلِمٌ: فَقَالَتْ أُمُّ سُلَيْمٍ { وَهَلْ يَكُونُ هَذَا؟ قَالَ: "نَعَمْ فَمِنْ أَيْنَ يَكُونُ الشَّبَهُ؟ } .

९८- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: “नबी सल्लल्लाहो अलैहे

٩٨- وَعَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا

قَالَتْ: { كَانَ النَّبِيَّ ﷺ يَغْتَسِلُ مِنْ أَرْبَعٍ: مِنْ الْجَنَابَةِ، وَيَوْمَ الْجُمُعَةِ، وَمِنْ الْحِجَامَةِ، وَمِنْ غُسْلِ الْمَيِّتِ } رَوَاهُ أَبُو دَاوُدَ، وَصَحَّحَهُ ابْنُ خُزَيْمَةَ .

वसल्लम चार अवस्थामा अनिवार्यतया स्नान गर्थे: वीर्य पतनबाट, र जुमआको दिन, र हजामत गराए पश्चात, र मृतकलाई स्नान गराए पश्चात" । (यस हदीसलाई अबू दाऊदले वर्णन गरेका छन्, र इब्ने खुजैमाले यसलाई सही भनेका छन् ।)

٩٩- وَعَنْ أَبِي هُرَيْرَةَ ﵁ { -فِي قِصَّةِ ثُمَامَةَ بْنِ أُثَالٍ، عِنْدَمَا أَسْلَمَ- وَأَمَرَهُ النَّبِيُّ ﷺ أَنْ يَغْتَسِلَ } رَوَاهُ عَبْدُ الرَّزَّاقِ وَأَصْلُهُ مُتَّفَقٌ عَلَيْهِ .

९९- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होले "हजरत सुमामा बिन उसालको इस्लाम लयाउने कथाको विवरणलाई वर्णन गर्दै भन्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले उनलाई स्नान गर्ने आदेश गरे ।" (यसलाई अब्दुर्रज्जाकले वर्णन गरेका छन् र यसको मूल हदीस बुखारी मुस्लिममा वर्णित छ ।)

١٠٠- وَعَنْ أَبِي سَعِيدٍ ﵁ أَنَّ رَسُولَ اللَّهِ ﷺ قَالَ: {غُسْلُ الْجُمُعَةِ وَاجِبٌ عَلَى كُلِّ مُحْتَلِمٍ } أَخْرَجَهُ السَّبْعَةُ.

१००- र हजरत अबू सईद रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "जुमआको दिन प्रत्येक वीर्य पतनद्वारा अपवित्र भएका मान्छेहरूमाथि स्नान गर्नु अनिवार्य छ" । ( यसलाई सातौंले वर्णन गरेका छन् ।)

١٠١- وَعَنْ سَمُرَةَ ﵁ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { مَنْ تَوَضَّأَ يَوْمَ الْجُمُعَةِ فَبِهَا وَنِعْمَتْ، وَمَنْ اِغْتَسَلَ فَالْغُسْلُ أَفْضَلُ } رَوَاهُ الْخَمْسَةُ، وَحَسَّنَهُ اَلتِّرْمِذِيُّ

१०१- र हजरत समुरह रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "जसले जुम्आको दिन वजू गऱ्यो त्यसले उत्तम कार्य गऱ्यो, र जसले स्नान गऱ्यो त्यसले अति उत्कृष्ट कार्य गऱ्यो" । (यसलाई पाँचौंले वर्णन गरेका छन्, र इमाम तिर्मिजीले यसलाई विश्वासनीय भनेका छन् ।)

١٠٢- وَعَنْ عَلِيٍّ ﵁ قَالَ: { كَانَ رَسُولُ اللَّهِ ﷺ يُقْرِئُنَا الْقُرْآنَ مَا لَمْ يَكُنْ جُنُبًا } رَوَاهُ الْخَمْسَةُ، وَهَذَا لَفْظُ

१०२- र हजरत अली रजिअल्लाहो अन्होको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लम हामीहरूलाई कुरआनको पाठन गराउँथे जब उहाँ ठूलो अपवित्रताको अवस्थामा हुँदैनथे" । (यसलाई पाँचौंले वर्णन गरेका छन्, र यी शब्द तिर्मिजीका हुन् र

اَلتِّرْمِذِيِّ وَحَسَّنَةُ، وَصَحَّحَهُ ابْنُ حِبَّانَ.

उनले यसलाई विश्वासनीय पनि भनेका छन्, र इब्ने हिब्बानले यसलाई सही पनि भनेका छन् ।)

١٠٣- وَعَنْ أَبِي سَعِيدٍ الْخُدْرِيِّ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِذَا أَتَى أَحَدُكُمْ أَهْلَهُ، ثُمَّ أَرَادَ أَنْ يَعُودَ فَلْيَتَوَضَّأْ بَيْنَهُمَا وُضُوءًا } رَوَاهُ مُسْلِمٌ . زَادَ الْحَاكِمُ: { فَإِنَّهُ أَنْشَطُ لِلْعَوْدِ} .

१०३- र हजरत अबू सईद खुदरी रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः “जब तिमीमध्ये कोही आफ्नो स्वास्नीसित सम्भोग गरोस् र पुनः सम्भोग गर्ने इच्छुक होस् त दुवै सम्भोगबीच एउटा वजू गरिहालोस्” । (यसलाई मुस्लिमले वर्णन गरेका छन्, र हाकिमले यति वृद्धिको साथ वर्णन गरेका छन् किः “किनकि वजू सम्भोगमा स्फुर्ति ल्याउँछ” ।)

وَلِلْأَرْبَعَةِ عَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا قَالَتْ: { كَانَ رَسُولُ اللَّهِ ﷺ يَنَامُ وَهُوَ جُنُبٌ، مِنْ غَيْرِ أَنْ يَمَسَّ مَاءً } وَهُوَ مَعْلُولٌ .

र चारौंले हजरत आइशाको माध्यमले वर्णन गरेका छन् उनको भनाई छ किः “रसूल सल्लल्लाहो अलैहे वसल्लम बिना पानीलाई स्पर्श गरिकन् अपवित्रताको अवस्थामा पनि सुत्दथे” । तर यो हदीस विकारयुक्त छ ।

١٠٤- وَعَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا قَالَتْ: { كَانَ رَسُولُ اللَّهِ ﷺ إِذَا اغْتَسَلَ مِنْ الْجَنَابَةِ يَبْدَأُ فَيَغْسِلُ يَدَيْهِ، ثُمَّ يُفْرِغُ بِيَمِينِهِ عَلَى شِمَالِهِ، فَيَغْسِلُ فَرْجَهُ، ثُمَّ يَتَوَضَّأُ، ثُمَّ يَأْخُذُ الْمَاءَ، فَيُدْخِلُ أَصَابِعَهُ فِي أُصُولِ الشَّعْرِ، ثُمَّ حَفَنَ عَلَى رَأْسِهِ ثَلَاثَ حَفَنَاتٍ، ثُمَّ أَفَاضَ عَلَى سَائِرِ جَسَدِهِ، ثُمَّ غَسَلَ رِجْلَيْهِ } مُتَّفَقٌ عَلَيْهِ،

१०४- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ किः “जब रसूल सल्लल्लाहो अलैहे वसल्लम ठूलो अपवित्रताबाट स्नान गर्थे त पहिला आफ्नो दुवै हातलाई धुल्थे, अनि आफ्नो दायाँ हातले बायाँ हातमाथि पानी हाल्थे अनि त्यसबाट आफ्नो गुप्ताङ्गलाई धुल्थे, अनि पानी लिएर आफ्नो औंलाहरूको माध्यमले पानीलाई कपालहरूका जरोसम्म पुऱ्याउँथे, अनि आफ्नो टाउकोमाथि तीन चोटि पानी हाल्थे, अनि आफ्नो पूर्ण शरीरमा पानी हाल्थे, अनि आफ्नो दुवै पाइलालाई पखाल्दथे” । (बुखारी, मुस्लिम, र वर्णित शब्द मुस्लिमका हुन् ।)

وَاللَّفْظُ لِمُسْلِمٍ .

وَلَهُمَا فِي حَدِيثِ مَيْمُونَةَ: { ثُمَّ أَفْرَغَ عَلَى فَرْجِهِ، فَغَسَلَهُ بِشِمَالِهِ، ثُمَّ ضَرَبَ بِهَا الْأَرْضَ } وَفِي رِوَايَةٍ: { فَمَسَحَهَا بِالتُّرَابِ } وَفِي آخِرِهِ: { ثُمَّ أَتَيْتُهُ بِالْمِنْدِيلِ } فَرَدَّهُ، وَفِيهِ: { وَجَعَلَ يَنْفُضُ الْمَاءَ بِيَدِهِ } .

र बुखारी मुस्लिममा नै हजरत मैमूनाद्वारा वर्णित हदीस यस प्रकार छ किः "अनि उहाँले आफ्नो गुप्ताङ्गमाथि पानी हाल्नु भयो र त्यसलाई देब्रे हातले धुल्नु भयो, अनि त्यस हातलाई धरतीमा हान्नु भयो" । र अर्को हदीसमा छ किः "अनि त्यसलाई माटोमा स्पर्श गराउनु भयो" । र यसै हदीसको अन्त्यमा छ किः "अनि म रुमाल ल्याएँ त त्यसलाई फर्काइदिनु भयो" । र यसै हदीसमा छ किः "र उहाँले आफ्नो हातले पानी हाल्न आरम्भ गर्नु भयो" ।

١٠٥- وَعَنْ أُمِّ سَلَمَةَ رَضِيَ اللَّهُ عَنْهَا قَالَتْ: { قُلْتُ: يَا رَسُولَ اللَّهِ إِنِّي امْرَأَةٌ أَشُدُّ شَعْرَ رَأْسِي، أَفَأَنْقُضُهُ لِغُسْلِ الْجَنَابَةِ؟ وَفِي رِوَايَةٍ: وَالْحَيْضَةِ؟ فَقَالَ: "لَا، إِنَّمَا يَكْفِيكِ أَنْ تَحْثِي عَلَى رَأْسِكِ ثَلَاثَ حَثَيَاتٍ" } رَوَاهُ مُسْلِمٌ .

१९५- र हजरत उम्मे सलमा रजिअल्लाहो अन्हाको वर्णन छ किः "मैले भनें: हे अल्लाहका रसूल म यस्तो महिला हूँ जसका कपाल अत्याधिक सघन छन्, त के म वीर्य पतनद्वारा भएको अपवित्रताबाट स्नानगर्दा आफ्नो केशको जुडालाई खोलूँ ? र अर्को हदीसमा छ कि र रजस्वलाको अपवित्रताबाट ? त उहाँले भन्नु भयोः होइन, बरु तिम्रो लागि यति पर्याप्त हुन्छ कि तिमी आफ्नो टाउकोमाथि तीन चुल्लु पानी हालिदेऊ" । ( यसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

١٠٦- وَعَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا قَالَتْ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِنِّي لَا أُحِلُّ الْمَسْجِدَ لِحَائِضٍ وَلَا جُنُبٍ } رَوَاهُ أَبُو دَاوُدَ، وَصَحَّحَهُ ابْنُ خُزَيْمَةَ .

१०६- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "म रजस्वलाद्वारा अपवित्र भएकी र वीर्य पतनद्वारा अपवित्र भएको मानिसको लागि मस्जिदमा प्रवेश गर्नुलाई वैध (हलाल) गर्दैन" । (यसलाई अबू दाऊदले वर्णन गरेका छन्, र इब्ने खुजैमाले सही भनेका छन् ।)

١٠٧- وَعَنْهَا قَالَتْ: { كُنْتُ أَغْتَسِلُ أَنَا وَرَسُولُ اللَّهِ ﷺ مِنْ إِنَاءٍ

१०७- र उनैद्वारा वर्णित छ किः "ठूलो अपवित्रताबाट म र नबी सल्लल्लाहो अलैहे वसल्लम एउटै भाँडाबाट स्नान गर्थें र हामीहरूको हात एक पछि अर्को त्यस

भाँडामा प्रवेश गर्‍थ्यो" । (बुखारी, मुस्लिम । र इब्ने हिब्बानले यति वृद्धिको साथ वर्णन गरेका छन् कि: हामी दुवैको हात मिलिहाल्थ्यो ।)

१०८- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "प्रत्येक कपालमुनि अपवित्रता हुन्छ, यसर्थ कपाललाई राम्ररी धुल र शरीरलाई मलेर राम्ररी स्वच्छ पार" । (यस हदीसलाई अबू दाऊद र तिर्मिजीले वर्णन गरेका छन् र यसलाई जईफ पनि भनेका छन् । र इमाम अहमदले हजरत आइशाको माध्यमले यस्तै हदीस वर्णन गरेका छन् तर त्यसको सनदमा एउटा अज्ञयात वर्णनकर्ता छ ।)

## अध्याय: तयम्मुमको वर्णन

१०९- हजरत जाबिर बिन अब्दुल्लाह रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "मलाई पाँच यस्ता कुराहरू प्रदान गरिएका छन् जुन मभन्दा पहिला कसैलाई प्रदान गरिएको थिएन: मेरो एक महिना जति दूरीमा भएको शत्रुको हृदयमा भय उत्पन्न गरेर सहायता गरिएको छ, र मेरो लागि पूर्ण धरतीलाई पवित्र र नमाज पढने ठाउँ बनाइयो, त जुनसुकै मान्छेलाई जता पनि नमाजको समय आइलागोस् त्यो त्यतै नमाज पढिहालोस्" । अनि पूर्ण हदीसलाई वर्णन गर्नु भयो । र हजरत हुजैफाको हदीसमा छ जसलाई इमाम मुस्लिमले वर्णन गरेका छन् कि: "हाम्रो लागि धरतीको माटोलाई पवित्र गरियो जब हामीलाई पानी

وَاحِدٍ، تَخْتَلِفُ أَيْدِينَا فِيهِ مِنَ الْجَنَابَةِ } مُتَّفَقٌ عَلَيْهِ . زَادَ ابْنُ حِبَّانَ: وَتَلْتَقِي .

١٠٨- وَعَنْ أَبِي هُرَيْرَةَ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِنَّ تَحْتَ كُلِّ شَعْرَةٍ جَنَابَةً، فَاغْسِلُوا الشَّعْرَ، وَأَنْقُوا الْبَشَرَ } رَوَاهُ أَبُو دَاوُدَ، وَالتِّرْمِذِيُّ وَضَعَّفَاهُ . وَلِأَحْمَدَ عَنْ عَائِشَةَ نَحْوُهُ، وَفِيهِ رَاوٍ مَجْهُولٌ .

## بَابُ التَّيَمُّمِ

١٠٩- عَنْ جَابِرِ بْنِ عَبْدِ اللَّهِ رَضِيَ اللَّهُ عَنْهُمَا؛ أَنَّ النَّبِيَّ ﷺ قَالَ: { أُعْطِيتُ خَمْسًا لَمْ يُعْطَهُنَّ أَحَدٌ قَبْلِي: نُصِرْتُ بِالرُّعْبِ مَسِيرَةَ شَهْرٍ، وَجُعِلَتْ لِي الْأَرْضُ مَسْجِدًا وَطَهُورًا، فَأَيُّمَا رَجُلٍ أَدْرَكَتْهُ الصَّلَاةُ فَلْيُصَلِّ } وَذَكَرَ الْحَدِيثَ .

وَفِي حَدِيثِ حُذَيْفَةَ عِنْدَ مُسْلِمٍ: { وَجُعِلَتْ تُرْبَتُهَا لَنَا طَهُورًا، إِذَا لَمْ نَجِدِ الْمَاءَ} .

उपलब्ध नहोस्” ।

وَعَنْ عَلِيٍّ ﷺ عِنْدَ أَحْمَدَ: { وَجُعِلَ التُّرَابُ لِي طَهُورًا } .

र इमाम अहमदले हजरत अली रजिअल्लाहो अन्होको माध्यमले वर्णन गरेका छन् कि: “माटोलाई मेरो लागि पवित्रताकको माध्यम बनाइयो” ।

١١٠- وَعَنْ عَمَّارِ بْنِ يَاسِرٍ رَضِيَ اللَّهُ عَنْهُمَا قَالَ: { بَعَثَنِي النَّبِيُّ ﷺ فِي حَاجَةٍ، فَأَجْنَبْتُ، فَلَمْ أَجِدِ الْمَاءَ، فَتَمَرَّغْتُ فِي الصَّعِيدِ كَمَا تَمَرَّغُ الدَّابَّةُ، ثُمَّ أَتَيْتُ النَّبِيَّ ﷺ فَذَكَرْتُ ذَلِكَ لَهُ، فَقَالَ: "إِنَّمَا كَانَ يَكْفِيكَ أَنْ تَقُولَ بِيَدَيْكَ هَكَذَا" ثُمَّ ضَرَبَ بِيَدَيْهِ الْأَرْضَ ضَرْبَةً وَاحِدَةً، ثُمَّ مَسَحَ الشِّمَالَ عَلَى الْيَمِينِ، وَظَاهِرَ كَفَّيْهِ وَوَجْهَهُ } مُتَّفَقٌ عَلَيْهِ، وَاللَّفْظُ لِمُسْلِمٍ .

११०- र हजरत अम्मार बिन यासिर रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लमले मलाई कुनै कामले पठाउनु भयो, अनि मलाई स्वप्नदोष भयो (म अपवित्र भएँ), तर मलाई पानी मिलेन, त मैले माटोमा उस्तै लोटपोट गरें जसरी पशु गर्छ, अनि जब नबी सल्लल्लाहो अलैहे वसल्लमको पासमा आएँ त यस कुराको वर्णन गरें, त उहाँले भन्नु भयो: तिम्रो लागि यो नै पर्याप्त हुन्थ्यो कि तिमी यस्तो गर्‍थ्यो, अनि उहाँले आफ्नो दुवै हातलाई एक चोटि धरतीमाथि हाने, अनि बायाँ हातलाई दायाँमाथि मसह गरे र हत्केलीको बाहिरी भागलाई पनि र अनुहारलाई पनि” । (बुखारी, मुस्लिम, र शब्द मुस्लिमकै हुन् ।)

وَفِي رِوَايَةٍ لِلْبُخَارِيِّ: وَضَرَبَ بِكَفَّيْهِ الْأَرْضَ، وَنَفَخَ فِيهِمَا، ثُمَّ مَسَحَ بِهِمَا وَجْهَهُ وَكَفَّيْهِ .

र बुखारीको एउटा हदीसमा छ कि: “उहाँले आफ्नो दुवै हत्केलीलाई धरतीमा हान्नु भयो, अनि दुवैलाई फूँक मारेर सफा गर्नु भयो, अनि दुवैद्वारा दुवै हत्केली र अनुहारको मसह गर्नु भयो” । (यस्तै तरिकाले पवित्रता ग्रहण गर्नुलाई तयम्मुम भनिन्छ) ।

١١١- وَعَنِ ابْنِ عُمَرَ رَضِيَ اللَّهُ عَنْهُمَا قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { التَّيَمُّمُ ضَرْبَتَانِ ضَرْبَةٌ لِلْوَجْهِ، وَضَرْبَةٌ

१११- र हजरत इब्ने उमर रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “तयम्मुम दुई पटक हान्नु हो, एक पटक अनुहारको लागि, र दोस्रो पटक हातको कोइनोसम्मको लागि” । (यस हदीसलाई दारकुत्नीले वर्णन गरेका

لِلْيَدَيْنِ إِلَى الْمِرْفَقَيْنِ } رَوَاهُ الدَّارَقُطْنِيُّ، وَصَحَّحَ الْأَئِمَّةُ وَقْفَهُ .

छन्, र यसलाई इमामहरूले मौकूफन् सही भनेका छन् ।)

١١٢- وَعَنْ أَبِي هُرَيْرَةَ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { الصَّعِيدُ وُضُوءُ الْمُسْلِمِ، وَإِنْ لَمْ يَجِدِ الْمَاءَ عَشْرَ سِنِينَ، فَإِذَا وَجَدَ الْمَاءَ فَلْيَتَّقِ اللَّهَ، وَلْيُمِسَّهُ بَشَرَتَهُ } رَوَاهُ الْبَزَّارُ، وَصَحَّحَهُ ابْنُ اَلْقَطَّانِ، ولَكِنْ صَوَّبَ الدَّارَقُطْنِيُّ إِرْسَالَهُ

وَلِلتِّرْمِذِيِّ: عَنْ أَبِي ذَرٍّ نَحْوُهُ، وَصَحَّحَهُ .

११२- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "माटो मुसलमान मान्छेको वजू हो चाहे त्यसलाई दश वर्षसम्म पानी नमिलोस्, अनि जब पानी उपलब्ध भइहालोस् त त्यसलाई चाहियो कि अल्लाहसित डरोस्, र पानीलाई प्रयोग गरोस्" । (यसलाई बज्जारले वर्णन गरेका छन्, र कत्तानले सही भनेका छन्, तर दारकुत्नीले यसको मुरसल हुने कुरालाई सही भनेका छन् । र इमाम तिर्मिजीले अबू जरको माध्यमले यस्तै हदीस वर्णन गरेका छन् र त्यसलाई सही पनि भनेका छन् ।)

١١٣- وَعَنْ أَبِي سَعِيدٍ الْخُدْرِيِّ ﷺ قَالَ: { خَرَجَ رَجُلَانِ فِي سَفَرٍ، فَحَضَرَتْ الصَّلَاةَ -وَلَيْسَ مَعَهُمَا مَاءٌ- فَتَيَمَّمَا صَعِيدًا طَيِّبًا، فَصَلَّيَا، ثُمَّ وَجَدَا الْمَاءَ فِي الْوَقْتِ. فَأَعَادَ أَحَدُهُمَا الصَّلَاةَ وَالْوُضُوءَ، وَلَمْ يُعِدِ اَلْآخَرُ، ثُمَّ أَتَيَا رَسُولَ اللَّهِ ﷺ فَذَكَرَا ذَلِكَ لَهُ، فَقَالَ لِلَّذِي لَمْ يُعِدْ: "أَصَبْتَ اَلسُّنَّةَ وَأَجْزَأَتْكَ صَلَاتُكَ" وَقَالَ

११३- र हजरत अबू सईद खुदरी रजिअल्लाहो अन्होको वर्णन छ कि: "दुई मान्छे यात्रामा निस्के, अनि नमाजको समय भयो, र उनीहरूको पासमा पानी थिएन, त दुवैले पवित्र माटोले तयम्मुम गरेर नमाज पढे, अनि नमाजको समयमै पानी पाए, त उनीमध्ये एउटाले वजू र नमाजलाई देहोऱ्यायो, (अर्थात वजू बनाएर पुनः नमाज पढ्यो) र अर्कोले दोहोऱ्याएन । अनि दुवै रसूल सल्लल्लाहो अलैहे वसल्लमको पासमा आए, र यस घटनालाई वर्णन गरे, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यस मान्छेसित भन्नु भयो जसले नामज र वजू दोहोऱ्याएको थिएनः तिमीले सुन्नतलाई पायो, र तिम्रो नमाज पूर्ण भयो । र

لِلْآخَرِ: "لَكَ الْأَجْرُ مَرَّتَيْنِ" } رَوَاهُ أَبُو دَاوُدَ، والنَّسَائِيُّ .

अर्कोसित भन्नु भयोः तिमीलाई दुई पटक प्रतिफल मल्निेछ" । (यसलाई अबू दाऊद र नेसाईले वर्णन गरेका छन् ।)

١١٤- وَعَنِ ابْنِ عَبَّاسٍ رَضِيَ اللَّهُ عَنْهُمَا فِي قَوْلِهِ ﷻ ﴿ وَإِنْ كُنتُمْ مَرْضَى أَوْ عَلَى سَفَرٍ ﴾ قَالَ: "إِذَا كَانَتْ بِالرَّجُلِ الْجِرَاحَةُ فِي سَبِيلِ اللَّهِ وَالْقُرُوحُ، فَيُجْنِبُ، فَيَخَافُ أَنْ يَمُوتَ إِنْ اِغْتَسَلَ: تَيَمَّمَ" . رَوَاهُ الدَّارَقُطْنِيُّ مَوْقُوفًا، وَرَفَعَهُ الْبَزَّارُ، وَصَحَّحَهُ ابْنُ خُزَيْمَةَ، وَالْحَاكِمُ .

११४- र हजरत इब्ने अब्बास रजिअल्लाहो अन्हुमा अल्लाहको यस कथन "यदि तिमी विरामी छौ वा तिमी यात्रामा छौ" को बारेमा भन्नु हुन्छ किः "यदि मान्छेलाई अल्लाहको मार्गमा घाउ लागोस् र त्यसै अवस्थामा त्यो अपवित्र भयो र स्नान गर्नुले त्यसलाई मृत्युको भय होस् भने त्यो तयम्मुम गरोस्" । (यसलाई दारकुत्नीले मौकूफन् वर्णन गरेका छन्, र बज्जारले मरफूअन् वर्णन गरेका छन्, र इब्ने खुजैमा र हाकिमले यसलाई सही भनेका छन् ।)

١١٥- وَعَنْ عَلِيٍّ ﷺ قَالَ: { اِنْكَسَرَتْ إِحْدَى زَنْدَيَّ فَسَأَلْتُ رَسُولَ اللَّهِ ﷺ فَأَمَرَنِي أَنْ أَمْسَحَ عَلَى الْجَبَائِرِ } رَوَاهُ ابْنُ مَاجَه بِسَنَدٍ وَاهٍ جِدًّا.

११५- र हजरत अली रजिअल्लाहो अन्होको वर्णन छ किः "मेरो एउटा जोर्नी भाँच्यो, त मैले यसको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमसित सोधें, त उहाँले मलाई यो आदेश गर्नु भयो कि म त्यसको पट्टी ( पलास्टर) माथि मसह गरूँ" । (यसलाई इब्ने माजाले अति कम्जोर सनदको माध्यमले वर्णन गरेका छन् ।)

١١٦- { وَعَنْ جَابِرٍ رَضِيَ اللَّهُ عَنْهُمَا فِي الرَّجُلِ الَّذِي شُجَّ، فَاغْتَسَلَ فَمَاتَ -: "إِنَّمَا كَانَ يَكْفِيهِ أَنْ يَتَيَمَّمَ، وَيَعْصِبَ عَلَى جُرْحِهِ خِرْقَةً، ثُمَّ يَمْسَحَ عَلَيْهَا وَيَغْسِلَ سَائِرَ جَسَدِهِ" } رَوَاهُ أَبُو

११६- र हजरत जाबिर रजिअल्लाहो अन्हुमा त्यस मान्छेको बारेमा वर्णन गरेका छन् जसलाई घाउ लागेको थियो, अनि त्यसले स्नान गरेर मरेको थियो किः "त्यसलाई यो पर्याप्त हुन्थ्यो कि त्यो तयम्मुम गर्थ्यो र त्यो आफ्नो घाउमाथि पट्टी बाँधेर त्यसमा मसह गर्थ्यो, र अरु पूर्ण शरीरलाई पानीले धुल्थ्यो" । (यसलाई अबू दाऊदले जईफ सनदको माध्यमले वर्णन गरेका छन्, र

यसको सनदमा भएका वर्णनकर्ता (रावी) हरूको बारेमा मतभेद छ ।)

دَاوُدَ بِسَنَدٍ فِيهِ ضَعْفٌ، وَفِيهِ اِخْتِلَافٌ عَلَى رُوَاتِهِ .

११७- र हजरत इब्ने अब्बास रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: “सुन्नतको तरिका त यो हो कि एक तयम्मुमद्वारा मात्र एक नमाज पढियोस्, अनि अर्को नमाजको लागि अर्को तयम्मुम गरियोस्” । (यसलाई दारकुत्नीले अति कम्जोर सनदको माध्यमले वर्णन गरेका छन् ।)

١١٧- وَعَنِ ابْنِ عَبَّاسٍ رَضِيَ اللَّهُ عَنْهُمَا قَالَ: { مِنْ السُّنَّةِ أَنْ لَا يُصَلِّيَ الرَّجُلُ بِالتَّيَمُّمِ إِلَّا صَلَاةً وَاحِدَةً، ثُمَّ يَتَيَمَّمُ لِلصَّلَاةِ الْأُخْرَى } رَوَاهُ الدَّارَقُطْنِيُّ بِإِسْنَادٍ ضَعِيفٍ جِدًّا.

## अध्याय: रजस्वलाको वर्णन

## بَابُ الْحَيْضِ

११८- हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: “फातिमा बिन्ते अबि हुबैशलाई विरामीको रगत (इस्तेहाजा) आउँदै रहन्थ्यो, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले उनीसित भनेः निःसन्देह रजस्वलाको रगत कालो हुन्छ यसलेगर्दा त्यसलाई राम्ररी पहिचान गर्न सकिन्छ, यसर्थ जब रजस्वलाको रगत होस् त नमाज नपढनु, र यदि त्यस बाहेकको रगत होस् (विरामीको रगत होस्) त वजू गरेर नमाजको आयोजना गर्नु” । (यसलाई अबू दाऊद र नेसाईले वर्णन गरेका छन्, र इब्ने हिब्बान र हाकिमले सही भनेका छन्, र अबू हातिमले यसलाई मुनकर (सही हदीस विरुद्ध) भनेका छन् ।)

١١٨- عَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا قَالَتْ: { إِنَّ فَاطِمَةَ بِنْتَ أَبِي حُبَيْشٍ كَانَتْ تُسْتَحَاضُ، فَقَالَ رَسُولُ اللَّهِ ﷺ "إِنَّ دَمَ الْحَيْضِ دَمٌ أَسْوَدُ يُعْرَفُ، فَإِذَا كَانَ ذَلِكَ فَأَمْسِكِي مِنَ الصَّلَاةِ، فَإِذَا كَانَ اَلْآخَرُ فَتَوَضَّئِي، وَصَلِّي" } رَوَاهُ أَبُو دَاوُدَ، وَالنَّسَائِيُّ، وَصَحَّحَهُ ابْنُ حِبَّانَ، وَالْحَاكِمُ، وَاسْتَنْكَرَهُ أَبُو حَاتِمٍ .

र हजरत असमाको माध्यमले अबू दाऊदले वर्णन गरेको एउटा हदीसमा छः “त्यो एउटा टबमा (ठूलो थालीमा) बसोस्, अनि जब

وَفِي حَدِيثِ أَسْمَاءَ بِنْتِ عُمَيْسٍ عِنْدَ أَبِي دَاوُدَ: { لِتَجْلِسْ فِي مِرْكَنٍ، فَإِذَا رَأَتْ

صُفْرَةً فَوْقَ الْمَاءِ، فَلْتَغْتَسِلْ لِلظُّهْرِ وَالْعَصْرِ غُسْلاً وَاحِدًا، وَتَغْتَسِلْ لِلْمَغْرِبِ وَالْعِشَاءِ غُسْلاً وَاحِدًا، وَتَغْتَسِلْ لِلْفَجْرِ غُسْلاً، وَتَتَوَضَّأْ فِيمَا بَيْنَ ذَلِكَ } .

पानीमाथि पहेलो रंगलाई हेरोस्, त जुहर र अस्र नमाजको लागि एउटा स्नान गरोस्, र मग्रिब र इशाको लागि एउटा स्नान गरोस्, र फज्र नमाजको लागि एउटा छुट्टै स्नान गरोस्, र यसको बीचको नमाजको लागि मात्र वजू गर्दै गरोस्" ।

١١٩- وَعَنْ حَمْنَةَ بِنْتِ جَحْشٍ قَالَتْ: { كُنْتُ أُسْتَحَاضُ حَيْضَةً كَبِيرَةً شَدِيدَةً، فَأَتَيْتُ النَّبِيَّ ﷺ أَسْتَفْتِيهِ، فَقَالَ: "إِنَّمَا هِيَ رَكْضَةٌ مِنَ الشَّيْطَانِ، فَتَحَيَّضِي سِتَّةَ أَيَّامٍ، أَوْ سَبْعَةً، ثُمَّ اِغْتَسِلِي، فَإِذَا اسْتَنْقَأْتِ فَصَلِّي أَرْبَعَةً وَعِشْرِينَ، أَوْ ثَلَاثَةً وَعِشْرِينَ، وَصُومِي وَصَلِّي، فَإِنَّ ذَلِكَ يُجْزِئُكَ، وَكَذَلِكَ فَافْعَلِي كَمَا تَحِيضُ النِّسَاءُ، فَإِنْ قَوِيتِ عَلَى أَنْ تُؤَخِّرِي الظُّهْرَ وَتُعَجِّلِي الْعَصْرَ، ثُمَّ تَغْتَسِلِي حِينَ تَطْهُرِينَ وَتُصَلِّينَ الظُّهْرَ وَالْعَصْرَ جَمِيعًا، ثُمَّ تُؤَخِّرِينَ الْمَغْرِبَ وَتُعَجِّلِينَ الْعِشَاءِ، ثُمَّ تَغْتَسِلِينَ وَتَجْمَعِينَ بَيْنَ اَلصَّلَاتَيْنِ، فَافْعَلِي. وَتَغْتَسِلِينَ مَعَ

११९- र हजरत हमना बिन्ते जहश रजिअल्लाहो अन्हाको वर्णन छ कि: "म विरामीको रगतबाट असाधै पीडित रहन्थें, त म नबी सल्लल्लाहो अलैहे वसल्लमको पासमा यसबारे सोध्ने मनसायले आएँ, त उहाँले मन्नु भयो: यो रगत शैतानबाट हो, यसर्थ छ वा सात दिनलाई रजस्वला मान, अनि स्नान गर, त जब पवित्र भइहाल त २४ दिन वा २३ दिन व्रत बस र नमाजको आयोजना गर, र यो तिम्रो लागि पर्याप्त पनि छ, र यस्तै प्रत्येक महिनामा गर्दैगर जसरी कि समस्त महिलाहरू गर्छिन् । र यदि तिमीमा यो क्षमता छ कि तिमी जुहरलाई विलम्ब र अस्रलाई अलि शिघ्र गर अनि दुवैको लागि एकै चोटि स्नान गरेर दुवैलाई एकै चोटि पढिहाल भने यसरी नै गर, र यस्तै मग्रिबलाई अलि विलम्ब र इशालाई अलि जल्दी गरी स्नान गरेर दुवैलाई एकै चोटि पढ, र यस्तै फज्रको लागि छुट्टै स्नान गरेर त्यसलाई पढ । अनि भन्नु भयो: र यो दुवै तरिकामध्ये मलाई प्रिय छ" । (यसलाई नेसाई बाहेक पाँचौंले वर्णन गरेका छन्, र इमाम तिर्मिजीले यसलाई सही पनि भनेका छन्, र यसलाई इमाम बुखारीले विश्वासनीय भनेका छन् ।)

الصُّبْحِ وَتُصَلِّينَ. قَالَ: وَهُوَ أَعْجَبُ الْأَمْرَيْنِ إِلَيَّ } رَوَاهُ الْخَمْسَةُ إِلَّا النَّسَائِيَّ، وَصَحَّحَهُ التِّرْمِذِيُّ، وَحَسَّنَهُ اَلْبُخَارِيّ .

١٢٠- وَعَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا؛ { أَنَّ أُمَّ حَبِيبَةَ بِنْتَ جَحْشٍ شَكَتْ إِلَى رَسُولِ اللَّهِ ﷺ الدَّمَ، فَقَالَ: "اُمْكُثِي قَدْرَ مَا كَانَتْ تَحْبِسُكِ حَيْضَتُكِ، ثُمَّ اِغْتَسِلِي" فَكَانَتْ تَغْتَسِلُ كُلَّ صَلَاةٍ } رَوَاهُ مُسْلِمٌ .

وَفِي رِوَايَةٍ لِلْبُخَارِيِّ: { وَتَوَضَّئِي لِكُلِّ صَلَاةٍ } وَهِيَ لِأَبِي دَاوُدَ وَغَيْرِهِ مِنْ وَجْهٍ آخَرَ.

१२०- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: “उम्मे हबीबा बिन्ते जहशले रसूल सल्लल्लाहो अलैहे वसल्लमसित विरामीको रगतको बारेमा गुनासो गरिन्, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो कि: जति दिन तिमीलाई रजस्वला आउँथ्यो त्यति दिन त्यसलाई रजस्वला गणना गरी नमाज आदिबाट रुकिरहनु, अनि स्नान गरेर सबैको आयोजना गर्नु । त यस पश्चात उम्मे हबीबा प्रत्येक नमाजको लागि स्नान गर्दथिइन्” । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

र बुखारीको हदीसमा छ कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले यो पनि भन्नु भयो कि: “र प्रत्येक नमाजको लागि वजू गर्दैरहनु” । र यसरी नै अबू दाऊद र अन्य विद्हरूले अर्को सनदद्वारा वर्णन गरेका छन् ।

١٢١- وَعَنْ أُمِّ عَطِيَّةَ رَضِيَ اللَّهُ عَنْهَا قَالَتْ: { كُنَّا لَا نَعُدُّ الْكُدْرَةَ وَالصُّفْرَةَ بَعْدَ الطُّهْرِ شَيْئًا } رَوَاهُ الْبُخَارِيُّ، وَأَبُو دَاوُدَ وَاللَّفْظُ لَه.

१२१- र हजरत उम्मे अतीया रजिअल्लाहो अन्हाको वर्णन छ कि: “रजस्वलाबाट पवित्र भए पश्चात पहेलो र मैलो रंगको आउने पानीलाई हामी कुनै महत्व दिदैनथ्यौं” । (यस हदीसलाई बुखारी, र अबू दाऊदले वर्णन गरेका छन्, र शब्द अबू दाऊदका हुन् ।)

١٢٢- وَعَنْ أَنَسٍ رضي الله عنه { أَنَّ الْيَهُودَ كَانُوا إِذَا حَاضَتْ الْمَرْأَةُ لَمْ يُؤَاكِلُوهَا،

१२२- र हजरत अनस रजिअल्लाहो अन्होको वर्णन छ कि: “यहूदीहरूकी महिलाहरूलाई जब रजस्वला आउन लाग्दथ्यो त उनीहरू उनीसँग खानपान गर्दैनथे, त नबी

فَقَالَ النَّبِيُّ ﷺ "اِصْنَعُوا كُلَّ شَيْءٍ إِلَّا النِّكَاحَ" } رَوَاهُ مُسْلِم.

सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः तिमीहरू रजस्वलामा भएकी महिलासँग सबै गर सम्भोग बाहेक" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

١٢٣- وَعَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا قَالَتْ: { كَانَ رَسُولُ اللَّهِ ﷺ يَأْمُرُنِي فَأَتَّزِرُ، فَيُبَاشِرُنِي وَأَنَا حَائِضٌ } مُتَّفَقٌ عَلَيْه.

१२३- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ किः "मलाई रसूल सल्लल्लाहो अलैहे वसल्लम लंगोट लगाउने आदेश गर्थे, अनि मसित सम्भोग गर्थे यस्तो अवस्थामा कि म रजस्वलामा हुन्थें" । (बुखारी, मुस्लिा)

١٢٤- وَعَنِ ابْنِ عَبَّاسٍ رَضِيَ اللَّهُ عَنْهُمَا، عَنِ النَّبِيِّ ﷺ -فِي الَّذِي يَأْتِي اِمْرَأَتَهُ وَهِيَ حَائِضٌ- قَالَ: { يَتَصَدَّقُ بِدِينَارٍ، أَوْ نِصْفِ دِينَارٍ } رَوَاهُ الْخَمْسَةُ، وَصَحَّحَهُ الْحَاكِمُ وَابْنُ الْقَطَّانِ، وَرَجَّحَ غَيْرُهُمَا وَقْفَه.

१२४- र हजरत इब्ने अब्बास रजिअल्लाहो अन्हुमाको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यस मान्छेको बारेमा भन्नु भयो जुन आफ्नो स्वास्नीसित त्यसको रजस्वलाको अवस्थामा सम्भोग गर्छ किः "त्यो एक दिनार वा आधा दिनार दान गरोस्" । (यसलाई पाँचौंले वर्णन गरेका छन्, र यसलाई हाकिम एवं इब्नुल् कत्तानले सही भनेका छन्, तर उनी दुवै बाहेकका विद्हरूले यसको मौकूफ हुने कुरालाई सही भनेका छन् ।)

١٢٥- وَعَنْ أَبِي سَعِيدٍ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { أَلَيْسَ إِذَا حَاضَتْ لَمْ تُصَلِّ وَلَمْ تَصُمْ؟ } مُتَّفَقٌ عَلَيْهِ فِي حَدِيثٍ .

१२५- र हजरत अबू सईद खुदरी रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "के यो सत्य होइन कि जब महिला रजस्वलाको अवस्थामा हुन्छे त नत नमाज पढछे नत व्रत नै बस्छे ?" । (बुखारी, मुस्लिम)

١٢٦- وَعَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا قَالَتْ: { لَمَّا جِئْنَا سَرِفَ حِضْتُ، فَقَالَ

१२६- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ किः "जब हामी सरफ नामक स्थानमा पुगें त मलाई रजस्वला आयो, त मसित नबी सल्लल्लाहो अलैहे

النَّبِيُّ ﷺ "اِفْعَلِي مَا يَفْعَلُ الْحَاجُّ، غَيْرَ أَنْ لَا تَطُوفِي بِالْبَيْتِ حَتَّى تَطْهُرِي" } مُتَّفَقٌ عَلَيْهِ فِي حَدِيث طَوِيلٍ.

वसल्लमले भन्नु भयो: ती समस्त कार्यहरू गर जुन हाजीहरू गर्छन्, तर बैतुल्लाहको तवाफ तबसमम्म नगर्नु जबसम्म रजस्वलाबाट पवित्र नभइहाल्नु" । (बुखारी, मुस्लिम, र यो एउटा लामो हदीसको टुक्रा हो ।)

١٢٧- وَعَنْ مُعَاذٍ ﷺ { أَنَّهُ سَأَلَ النَّبِيَّ ﷺ مَا يَحِلُّ لِلرَّجُلِ مِنِ اِمْرَأَتِهِ، وَهِيَ حَائِضٌ؟ قَالَ: "مَا فَوْقَ الْإِزَارِ" } رَوَاهُ أَبُو دَاوُدَ وَضَعَّفَهُ .

१२७- र हजरत मुआज रजिअल्लाहो अन्होको वर्णन छ कि: "मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमसित सोधें कि जब श्रीमतीलाई रजस्वला आइरहेको होस् त त्यसको श्रीमानको लागि त्यसबाट के के जायज हुन्छ ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: लुंगीमुनि भएको अंग बाहेक समस्त हलाल छ" । (यसलाई अबू दाऊदले वर्णन गरेका छन्, र जईफ पनि भनेका छन् ।)

١٢٨- وَعَنْ أُمِّ سَلَمَةَ رَضِيَ اللَّهُ عَنْهَا قَالَتْ: { كَانَتِ النُّفَسَاءُ تَقْعُدُ فِي عَهْدِ رَسُولِ اللَّهِ ﷺ بَعْدَ نِفَاسِهَا أَرْبَعِينَ } رَوَاهُ الْخَمْسَةُ إِلَّا النَّسَائِيَّ، وَاللَّفْظُ لِأَبِي دَاوُدَ .

१२८- र हजरत उम्मे सलमा रजिअल्लाहो अन्हाको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लमको जीवनकालमा सुत्केरीमा भएकी महिलाहरू चालिस दिन अपवित्र रहन्थिइन्" । (यस हदीसलाई नेसाई बाहेक पाँचौले वर्णन गरेका छन्, र वर्णित शब्द अबू दाऊदका हुन् ।)

وَفِي لَفْظٍ لَهُ: { وَلَمْ يَأْمُرْهَا النَّبِيُّ ﷺ بِقَضَاءِ صَلَاةِ النِّفَاسِ } وَصَحَّحَهُ الْحَاكِمُ .

र अर्को हदीसमा यसरी वर्णित छ कि: "र उनीहरूलाई नबी सल्लल्लाहो अलैहे वसल्लमले सुत्केरीमा छुटेको नमाजको कजा गर्ने आदेश दिएनन्" । र यस हदीसलाई हाकिमले सही भनेका छन् ।

# ٢-كِتَابُ الصَّلَاةِ

# २-नमाजको बारेमा वर्णन

## بَابُ الْمَوَاقِيتِ

## अध्याय: नमाजका समयहरूको वर्णन

١٢٩- عَنْ عَبْدِ اللَّهِ بْنِ عَمْرٍو رَضِيَ اللَّهُ عَنْهُمَا؛ أَنَّ نَبِيَّ اللَّهِ ﷺ قَالَ: { وَقْتُ الظُّهْرِ إِذَا زَالَتْ الشَّمْسُ، وَكَانَ ظِلُّ الرَّجُلِ كَطُولِهِ مَا لَمْ يَحْضُرْ الْعَصْرُ، وَوَقْتُ الْعَصْرِ مَا لَمْ تَصْفَرَّ الشَّمْسُ، وَوَقْتُ صَلَاةِ الْمَغْرِبِ مَا لَمْ يَغِبْ الشَّفَقُ، وَوَقْتُ صَلَاةِ الْعِشَاءِ إِلَى نِصْفِ اللَّيْلِ الْأَوْسَطِ، وَوَقْتُ صَلَاةِ الصُّبْحِ مِنْ طُلُوعِ الْفَجْرِ مَا لَمْ تَطْلُعْ الشَّمْسُ } رَوَاهُ مُسْلِمٌ .

१२९- हजरत अब्दुल्लाह बिन अमर रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "जुहर नमाजको समय हुन्छ जब सूर्य ढल्कि हालोस् र मान्छेको छायाँ त्यसैको आकार झैं भइहालोस् यहाँसम्म कि अस्रको समय नआइहालोस्, र अस्रको समय (जुहरको समय समाप्त भए पश्चात आरम्भ हुन्छ,) र सूर्यको रंग पहेलो नहुन्जेल रहन्छ, र मग्रिबको समय (सूर्य अस्ताए पश्चात आरम्भ हुन्छ) र आकाशको पश्चिमी क्षीतिजमा हुने लाली समाप्त नहुन्जेल रहन्छ, र इशाको समय (त्यो लाली समाप्त भए पश्चात आरम्भ हुन्छ) र मध्य रात्रीसम्म रहन्छ, र फज्रको समय उषाकालदेखि अर्थात बिहानको पहिलो किरण निस्के पश्चात आरम्भ हुन्छ र सूर्यउदयसम्म रहन्छ"। (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन्।)

وَلَهُ مِنْ حَدِيثِ بُرَيْدَةَ فِي الْعَصْرِ: { وَالشَّمْسُ بَيْضَاءُ نَقِيَّةٌ } . وَمِنْ حَدِيثِ أَبِي مُوسَى: { وَالشَّمْسُ مُرْتَفِعَةٌ } .

र मुस्लिमले नै अस्रको समयको बारेमा हजरत बुरदहको माध्यमले अर्को हदीस वर्णन गरेका छन् जसमा छ कि: "जब सूर्य एकदम स्वच्छ र सफा होस्"। र अबू मूसाको हदीसमा छ कि: "जब सूर्य उच्च होस्"।

١٣٠- وَعَنْ أَبِي بَرْزَةَ الْأَسْلَمِيِّ قَالَ: { كَانَ رَسُولُ اللَّهِ ﷺ يُصَلِّي الْعَصْرَ، ثُمَّ يَرْجِعُ أَحَدُنَا إِلَى رَحْلِهِ فِي أَقْصَى الْمَدِينَةِ

१३०- र हजरत अबू बरजह अल् अस्लमी रजिअल्लाहो अन्होको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लमले अस्रको नमाज यस्तो समयमा पढनुहुन्थ्यो कि हामीमध्ये कोही पनि मदिनाको अन्तिम छोरसम्म पुग्न

وَالشَّمْسُ حَيَّةٌ، وَكَانَ يَسْتَحِبُّ أَنْ يُؤَخِّرَ مِنْ الْعِشَاءِ، وَكَانَ يَكْرَهُ النَّوْمَ قَبْلَهَا وَالْحَدِيثَ بَعْدَهَا، وَكَانَ يَنْفَتِلُ مِنْ صَلَاةِ الْغَدَاةِ حِينَ يَعْرِفُ الرَّجُلُ جَلِيسَهُ، وَيَقْرَأُ بِالسِّتِّينَ إِلَى الْمِائَةِ } مُتَّفَقٌ عَلَيْهِ .

सक्थ्यो यस्तो अवस्थामा कि सूर्य स्वच्छ र चम्किलो नै रहन्थ्यो, र उहाँले इशा नमाजलाई विलम्बले पढनुलाई मन पराउँथे, र त्यस अघि सुत्नुलाई र त्यसपछि कुराकानी गर्नुलाई मन पराउँदैनथे, र फज्रको नमाज यस्तो समयमा पढिसकेका हुन्थे जब मान्छे आफूछेउ बसेको मान्छेलाई चिन्न सक्थ्यो, र यस फज्र नमाजमा उहाँ साठीदेखि सय श्लोकको पाठन गर्थे" । (बुखारी, मुस्लिम)

وَعِنْدَهُمَا مِنْ حَدِيثِ جَابِرٍ: { وَالْعِشَاءَ أَحْيَانًا وَأَحْيَانًا: إِذَا رَآهُمْ اجْتَمَعُوا عَجَّلَ، وَإِذَا رَآهُمْ أَبْطَئُوا أَخَّرَ، وَالصُّبْحَ: كَانَ النَّبِيُّ ﷺ يُصَلِّيهَا بِغَلَسٍ }

र दुवैले अर्थात बुखारी र मुस्लिमले हजरत जाबिरको माध्यमले यो हदीस पनि वर्णन गरेका छन् कि: " रसूल सल्लल्लाहो अलैहे वसल्लम इशा नमाजलाई कहिले जल्दी त कहिले विलम्बले पढथे, अर्थात जब मानिसहरू चाडै भेला भइहाल्थे त जल्दी पढिहाल्थे, र जब विलम्बले आउँथे त विलम्ब गरेर पढथे, र फज्र नमाजलाई अँध्यारोमा नै पढथे" ।

وَلِمُسْلِمٍ مِنْ حَدِيثِ أَبِي مُوسَى: { فَأَقَامَ الْفَجْرَ حِينَ انْشَقَّ الْفَجْرُ، وَالنَّاسُ لَا يَكَادُ يَعْرِفُ بَعْضُهُمْ بَعْضًا }.

र मुस्लिमले हजरत अबू मूसाको माध्यमले वर्णन गरेका छन् कि: "उहाँले फज्र नमाजलाई पौ फाटे पश्चात (उषाकालमा) आरम्भ गर्थे यस्तो अवस्थामा कि मान्छेहरू एकआर्कालाई पहिचान गर्न सक्दैनथे" ।

١٣١- وَعَنْ رَافِعِ بْنِ خَدِيجٍ قَالَ: { كُنَّا نُصَلِّي الْمَغْرِبَ مَعَ النَّبِيِّ ﷺ فَيَنْصَرِفُ أَحَدُنَا وَإِنَّهُ لَيُبْصِرُ مَوَاقِعَ نَبْلِهِ } مُتَّفَقٌ عَلَيْهِ .

१३१- र हजरत राफेअ् बिन खदीज रजिअल्लाहो अन्होको वर्णन छ कि: "हामी नबी सल्लल्लाहो अलैहे वसल्लमको साथमा मग्रिबको नमाज पढथें अनि हामीमध्ये कोही पनि नमाज पढेर फर्के पश्चात पनि आफ्नो वाणको गिरने ठाउँलाई हेर्न सक्थ्यो" । (बुखारी, मुस्लिम)

١٣٢- وَعَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا قَالَتْ: { أَعْتَمَ رَسُولُ اللَّهِ ﷺ ذَاتَ لَيْلَةٍ

१३२- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लमले एक दिन इशा नमाजमा यति

विलम्ब गर्नु भयो कि रात्रीको पहिलो पहर (प्रहर) को अधिकांश भाग गुज्रिसक्यो, अनि उहाँ नमाजको लागि आउनु भयो र नमाज पढनु भयो, र भन्नु भयोः यो नै यसको उचित समय हो यदि मेरो अनुयायीहरूलाई कष्टकर नहोस्" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

بِالْعَشَاءِ، حَتَّى ذَهَبَ عَامَّةُ اللَّيْلِ، ثُمَّ خَرَجَ، فَصَلَّى، وَقَالَ: "إِنَّهُ لَوَقْتُهَا لَوْلَا أَنْ أَشُقَّ عَلَى أُمَّتِي" } رَوَاهُ مُسْلِمٌ .

१३३- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "जब गर्मी आफ्नो चर्मसीमामा होस् त नमाजलाई विलम्बगरेर शीतल भए पश्चात पढ, किनकि अत्याधिक गर्मी नर्कको तातोपनाबाट हो" । (बुखारी, मुस्लिम)

١٣٣- وَعَنْ أَبِي هُرَيْرَةَ ﵁ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِذَا اشْتَدَّ الْحَرُّ فَأَبْرِدُوا بِالصَّلَاةِ، فَإِنَّ شِدَّةَ الْحَرِّ مِنْ فَيْحِ جَهَنَّمَ } مُتَّفَقٌ عَلَيْهِ .

१३४- र हजरत राफेअ् बिन खदीज रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "फज्रको नमाज प्रातः स्पष्ट भए पश्चात पढ, किनकि यो तिमीहरूको प्रतिफलमा अभिवृद्धि गरिदिन्छ" । (यसलाई पाँचौंले वर्णन गरेका छन्, र तिर्मिजी एवं इब्ने हिब्बानले यसलाई सही भनेका छन् ।)

١٣٤- وَعَنْ رَافِعِ بْنِ خَدِيجٍ ﵁ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { أَصْبِحُوا بِالصُّبْحِ فَإِنَّهُ أَعْظَمُ لِأُجُورِكُمْ } رَوَاهُ الْخَمْسَةُ، وَصَحَّحَهُ التِّرْمِذِيُّ، وَابْنُ حِبَّانَ

१३५- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "जसले सूर्य उदय हुनुभन्दा अघि नै फज्रको एउटा रक्अत पायो त त्यसले फज्र नमाज पायो, र जसले सूर्य अस्त हुनुभन्दा अघि नै अस्रको एक रक्अत पायो त्यसले अस्रको नमाज पाइहाल्यो" । (बुखारी, मुस्लिम)

١٣٥- وَعَنْ أَبِي هُرَيْرَةَ ﵁ أَنَّ رَسُولَ اللَّهِ ﷺ قَالَ: { مَنْ أَدْرَكَ مِنَ الصُّبْحِ رَكْعَةً قَبْلَ أَنْ تَطْلُعَ الشَّمْسُ فَقَدْ أَدْرَكَ الصُّبْحَ، وَمَنْ أَدْرَكَ رَكْعَةً مِنَ الْعَصْرِ قَبْلَ أَنْ تَغْرُبَ الشَّمْسُ فَقَدْ أَدْرَكَ الْعَصْرَ } مُتَّفَقٌ عَلَيْهِ .

र मुस्लिमले हजरत आइशाको माध्यमले यस्तै हदीस वर्णन गरेका छन् र "रक्अत"को

وَلِمُسْلِمٍ عَنْ عَائِشَةَ نَحْوَهُ، وَقَالَ:

"سَجْدَةً" بَدَلَ "رَكْعَةً". ثُمَّ قَالَ: وَالسَّجْدَةُ إِنَّمَا هِيَ الرَّكْعَةُ .

ठाउँमा "ढोग" भनेका छन् । अनि भनेका छन् कि: र सजिदा (ढोग) एउटा रक्अत नै हो ।

١٣٦- وَعَنْ أَبِي سَعِيدٍ الْخُدْرِيِّ ﷺ قَالَ: سَمِعْتُ رَسُولَ اللَّهِ ﷺ يَقُولُ: { لَا صَلَاةَ بَعْدَ الصُّبْحِ حَتَّى تَطْلُعَ الشَّمْسُ وَلَا صَلَاةَ بَعْدَ الْعَصْرِ حَتَّى تَغِيبَ الشَّمْسُ } مُتَّفَقٌ عَلَيْهِ.

१३६- र हजरत अबू सईद खुदरी रजिअल्लाहो अन्होको वर्णन छ कि: मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई भन्दै सुनें उहाँले भन्नु भयो कि: "फज्र (नमाज) पश्चात कुनै नमाज छैन यहाँसम्म कि सूर्य उदय भइहालोस्, र अस्र (नमाज) पश्चात कुनै नमाज छैन यहाँसम्म कि सूर्य अस्त भइहालोस्" । (बुखारी, मुस्लिम)

وَلَفْظُ مُسْلِمٍ: { لَا صَلَاةَ بَعْدَ صَلَاةِ الْفَجْرِ } .

र मुस्लिमका शब्द यसरी छन् कि: " फज्र नमाज पश्चात कुनै नमाज छैन" ।

وَلَهُ عَنْ عُقْبَةَ بْنِ عَامِرٍ: { ثَلَاثُ سَاعَاتٍ كَانَ رَسُولُ اللَّهِ ﷺ يَنْهَانَا أَنْ نُصَلِّي فِيهِنَّ، وَأَنْ نَقْبُرَ فِيهِنَّ مَوْتَانَا: حِينَ تَطْلُعُ الشَّمْسُ بَازِغَةً حَتَّى تَرْتَفِعَ، وَحِينَ يَقُومُ قَائِمُ اَلظَّهِيرَةِ حَتَّى تَزُولَ الشَّمْسُ، وَحِينَ تَتَضَيَّفُ الشَّمْسُ لِلْغُرُوبِ } . وَالْحُكْمُ الثَّانِي عِنْدَ "الشَّافِعِيِّ" مِنْ: حَدِيثِ أَبِي هُرَيْرَةَ بِسَنَدٍ ضَعِيفٍ. وَزَادَ: { إِلَّا يَوْمَ الْجُمْعَةِ } . وَكَذَا

र मुस्लिमले नै हजरत उक्बा बिन आमिरको माध्यमले वर्णन गरेका छन् कि: "तीन समयमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले हामीलाई नमाज पढनुबाट र मृतकलाई दफ्नाउनुबाट रोकेका छन्: त्यस समय जब सूर्य निस्किरहेको होस् यहाँसम्म कि त्यो उदय भएर अलि माथि भइहालोस्, र मध्य दिनको समय जब सूर्य आकाशको बीचौंबीच हुन्छ यहाँसम्म कि त्यो ढल्कोस्, र त्यस समय जब सूर्य अस्ताइरहेको होस्" । र दोस्रो हुकुम अर्थात मध्य दिनको समय नमाज नपढनुको हुकुमलाई इमाम शाफ्ईले हजरत अबू हुरैरहको हदीसबाट लिनु भएको छ जसको सनद जईफ छ । र त्यसमा यति वृद्धि पनि गरेका छन्: " जुमाको दिन बाहेक" । र यस्तै हदीसलाई अबू दाऊदले हजरत कतादा रजिअल्लाहो अन्होको

لِأَبِي دَاوُدَ: عَنْ أَبِي قَتَادَةَ نَحْوُهُ .

माध्यमले वर्णन गरेका छन् ।

١٣٧- وَعَنْ جُبَيْرِ بْنِ مُطْعِمٍ ﵁ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { يَا بَنِي عَبْدِ مَنَافٍ، لَا تَمْنَعُوا أَحَدًا طَافَ بِهَذَا الْبَيْتِ وَصَلَّى أَيَّةَ سَاعَةٍ شَاءَ مِنْ لَيْلٍ أَوْ نَهَارٍ } رَوَاهُ الْخَمْسَةُ، وَصَحَّحَهُ التِّرْمِذِيُّ، وَابْنُ حِبَّانَ .

१३७- र हजरत जुबैर बिन मुत्इम रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “हे अब्दे मनाफका सन्तानहरू ! बैतुल्लाहको परिक्रमा (तवाफ) गर्ने मान्छेलाई परिक्रमा गर्नुबाट मनाही नगर्नु, नत यसमा कुनै समय नमाज पढनुबाट नै रोक्नु चाहे दिन होस् वा रात्री” । (यस हदीसलाई पाँचौंले वर्णन गरेका छन्, र तिर्मिजी र इब्ने हिब्बानले यसलाई सही पनि भनेका छन् ।)

١٣٨- وَعَنْ ابْنِ عُمَرَ رَضِيَ اللَّهُ عَنْهُمَا؛ عَنْ النَّبِيِّ ﷺ قَالَ: { الشَّفَقُ الْحُمْرَةُ } رَوَاهُ الدَّارَقُطْنِيُّ وَصَحَّحَ ابْنُ خُزَيْمَةَ وَغَيْرُهُ وَقْفَهُ .

१३८- र हजरत इब्ने उमर रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “शफकको अर्थ हो लाली” । (यसलाई दारकुत्नीले वर्णन गरेका छन्, र इब्ने खुजैमाले यसको मौकूफ हुने कुरालाई सही भनेका छन् ।)

١٣٩- وَعَنْ ابْنِ عَبَّاسٍ رَضِيَ اللَّهُ عَنْهُمَا قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { الْفَجْرُ فَجْرَانِ: فَجْرٌ يُحَرِّمُ اَلطَّعَامَ وَتَحِلُّ فِيهِ الصَّلَاةُ، وَفَجْرٌ تَحْرُمُ فِيهِ الصَّلَاةُ - أَيْ: صَلَاةُ الصُّبْحِ - وَيَحِلُّ فِيهِ الطَّعَامُ } رَوَاهُ ابْنُ خُزَيْمَةَ، وَالْحَاكِمُ، وَصَحَّحَاهُ .

१३९- र हजरत इब्ने अब्बास रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “फज्र (प्रातःकाल) दुई प्रकारको हुन्छः एउटामा व्रतलुको लागि भोजन गर्नु हराम हुन्छ, र नमाज पढनु जायज हुन्छ, र अर्कोमा नमाज पढनु हराम हुन्छ तर भोजन गर्नु हलाल हुन्छ” । (यसलाई इब्ने खुजैमा र हाकिमले वर्णन गरेका छन्, र सही पनि भनेका छन् ।)

وَلِلْحَاكِمِ فِي حَدِيثِ جَابِرٍ ﵁

र हाकिमले हजरत जाबिर रजिअल्लाहो अन्होको माध्यमले यसै जस्तो हदीस वर्णन

نَحْوُهُ، وَزَادَ فِي الَّذِي يُحَرِّمُ الطَّعَامَ: { إِنَّهُ يَذْهَبُ مُسْتَطِيلاً فِي الْأُفُقِ } وَفِي الْآخَرِ: { إِنَّهُ كَذَنَبِ السِّرْحَان }.

गरेका छन् किः जुन प्रातःकालमा खाना हराम हुन्छ त्यसमा “पव यस प्रकार भाटेको हुन्छ कि आकाशको किनारामा धनुष भ्रैं फैलिएको हुन्छ” । र हदीसको अन्त्यमा यो पनि छ किः “मानो ब्वाँसोको पुच्छर होस्” ।

١٤٠- وَعَنْ ابْنِ مَسْعُودٍ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { أَفْضَلُ الْأَعْمَالِ الصَّلَاةُ فِي أَوَّلِ وَقْتِهَا } رَوَاهُ التِّرْمِذِيُّ، وَالْحَاكِمُ. وَصَحَّحَاهُ. وَأَصْلُهُ فِي "الصَّحِيحَيْنِ" .

१४०- र हजरत इब्ने मसऊद रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः “नमाजलाई त्यसको निर्धारित समयमा पढ्नु सबैभन्दा सर्वोत्कृष्ट कार्य हो” । (यसलाई तिर्मिजी र हाकिमले वर्णन गरेका छन्, र सही पनि भनेका छन् । र यसको मूल हदीस बुखारी र मुस्लिममा छ ।)

١٤١- وَعَنْ أَبِي مَحْذُورَةَ رضي الله عنه أَنَّ النَّبِيَّ ﷺ قَالَ: { أَوَّلُ الْوَقْتِ رِضْوَانُ اللَّهُ، وَأَوْسَطُهُ رَحْمَةَ اللَّهِ؛ وَآخِرُهُ عَفْوُ اللَّهِ } أَخْرَجَهُ الدَّارَقُطْنِيُّ بِسَنَدٍ ضَعِيفٍ جِدًّا .

وَلِلتِّرْمِذِيِّ مِنْ حَدِيثِ ابْنِ عُمَرَ نَحْوُهُ، دُونَ الْأَوْسَطِ، وَهُوَ ضَعِيفٌ أَيْضًا.

१४१- र हजरत अबू महजूरा रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः “प्रथम समयमा नमाजलाई आयोजित गर्नुले अल्लाहको प्रसन्नतालाई अनिवार्य गर्छ, र माध्य समयमा अल्लाहको दयालाई अनिवार्य गर्छ, र अन्तिम समयमा पढ्नुले अल्लाहको क्षमालाई अनिवार्य गर्छ” । (यसलाई दारकुत्नीले अत्यन्तै जईफ सनदको माध्यमले वर्णन गरेका छन् ।)
र तिर्मिजीले इब्ने उमरको माध्यमले यस्तै हदीस वर्णन गरेका छन् मध्य समयलाई वर्णन नगरिकन्, र यो पनि अत्यन्त जईफ छ ।

١٤٢- وَعَنْ ابْنِ عُمَرَ رَضِيَ اللَّهُ عَنْهُمَا أَنَّ رَسُولَ اللَّهِ ﷺ قَالَ: { لَا صَلَاةَ بَعْدَ الْفَجْرِ إِلَّا سَجْدَتَيْنِ }

१४२- र हजरत अब्दुल्लाह बिन उमर रजिअल्लाहो अन्हुमाको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः “फज्र नमाज पश्चात दुई ढोग (सुन्नत) बाहेक कुनै नमाज छैन” । (यसलाई नेसाई

أَخْرَجَهُ الْخَمْسَةُ، إِلَّا النَّسَائِيُّ.

बाहेक पाँचौंले वर्णन गरेका छन् ।)

وَفِي رِوَايَةِ عَبْدِ الرَّزَّاقِ: { لَا صَلَاةَ بَعْدَ طُلُوعِ الْفَجْرِ إِلَّا رَكْعَتَيْ الْفَجْرِ } . وَمِثْلُهُ لِلدَّارَقُطْنِيِّ عَنْ ابْنِ عَمْرِو بْنِ الْعَاصِ .

र अब्दुर्रज्जाकको हदीसमा छ कि: “फज्र उदय भए पश्चात फज्रका दुई रक्अत बाहेक कुनै नमाज छैन” । र यस्तै प्रकारको हदीस दारकुत्नीले हजरत इब्ने अमर बिन आसको माध्यमले वर्णन गरेका छन् ।)

١٤٣- وَعَنْ أُمِّ سَلَمَةَ رَضِيَ اللَّهُ عَنْهَا قَالَتْ: { صَلَّى رَسُولُ اللَّهِ ﷺ الْعَصْرَ، ثُمَّ دَخَلَ بَيْتِي، فَصَلَّى رَكْعَتَيْنِ، فَسَأَلْتُهُ، فَقَالَ: "شُغِلْتُ عَنْ رَكْعَتَيْنِ بَعْدَ الظُّهْرِ، فَصَلَّيْتُهُمَا الْآنَ"، قُلْتُ: أَفَنَقْضِيهِمَا إِذَا فَاتَتْنَا؟ قَالَ: "لَا" } أَخْرَجَهُ أَحْمَدُ. وَلِأَبِي دَاوُدَ عَنْ عَائِشَةَ بِمَعْنَاهُ .

१४३- हजरत उम्मे सलमा रजिअल्लाहो अन्हाको वर्णन छ कि: “रसूल सल्लल्लाहो अलैहे वसल्लमले अस्रको नमाज पढेर मेरो कोठामा प्रवेश गर्नु भयो, अनि दुई रक्अत नमाज पढनु भयो, त मैले यस नमाजको बारेमा प्रश्न गरें त उहाँले भन्नु भयो: जुहर पश्चातको दुई रकअत व्यस्तताको कारण पढन सकेको थिएन यसर्थ त्यसलाई अहिले पढेको छु, त मैले सोधों: के हामीहरू पनि त्यसको कजा गरौं यदि हामीबाट पनि त्यो छुटोस् ? त उहाँले भन्नु भयो: पर्दैन” । ( यसलाई अहमदले वर्णन गरेका छन् । र अबू दाऊदले पनि हजरत आइशाको माध्यमले यसै अर्थलाई बोध गर्ने हदीस वर्णन गरेका छन् ।)

## بَابُ الْأَذَانِ

## अध्याय: अजानको वर्णन

١٤٤- عَنْ عَبْدِ اللَّهِ بْنِ زَيْدِ بْنِ عَبْدِ رَبِّهِ رضي الله عنه قَالَ: { طَافَ بِي -وَأَنَا نَائِمٌ- رَجُلٌ فَقَالَ: تَقُولُ: "اللَّهُ أَكْبَرَ اللَّهُ أَكْبَرُ، فَذَكَرَ الْأَذَانَ - بِتَرْبِيعِ التَّكْبِيرِ بِغَيْرِ

१४४- हजरत अब्दुल्लाह बिन जैद बिन अब्दे रब्बिही रजिअल्लाहो अन्होको वर्णन छ कि: “सपनामा मलाई एउटा व्यक्ति भेट्यो जसले मसित भन्यो तिमी भन: अल्लाहु अक्बर, अल्लाहु अक्बर (अर्थात अल्लाह महान छ, अल्लाह महान छ), अनि पूर्ण अजानलाई वर्णन गऱ्यो जसमध्ये अल्लाहु अक्बरलाई

تَرْجِيعٍ، وَالْإِقَامَةَ فُرَادَى، إِلَّا قَدْ قَامَتِ الصَّلَاةُ – قَالَ: فَلَمَّا أَصْبَحْتُ أَتَيْتُ رَسُولَ اللَّهِ ﷺ فَقَالَ: "إِنَّهَا لَرُؤْيَا حَقٌّ..." } الْحَدِيثَ. أَخْرَجَهُ أَحْمَدُ، وَأَبُو دَاوُدَ، وَصَحَّحَهُ التِّرْمِذِيُّ، وَابْنُ خُزَيْمَةَ .

चार पटक भन्यो बिना तरजीअ्,□ र इकामतलाई एक एक पटक भन्यो कदकामतिस्सलात बाहेक, र यसलाई दुई चोटि भन्यो । त वर्णनकर्ता भन्छन् कि जब बिहान भयो त म रसूल सल्लल्लाहो अलैहे वसल्लमको पासमा आएर (सबै वर्णन गरें) त उहाँले भन्नु भयो: यो सत्य सपना थियो ..." पूर्ण हदीससम्म । (यसलाई अहमद र अबू दाऊदले वर्णन गरेका छन्, र तिर्मिजी एवं इब्ने खुजैमाले सही भनेका छन् ।)

وَزَادَ أَحْمَدُ فِي آخِرِهِ قِصَّةَ قَوْلِ بِلَالٍ فِي أَذَانِ الْفَجْرِ: { الصَّلَاةُ خَيْرٌ مِنَ النَّوْمِ } .

र इमाम अहमदले यस कथाको अन्त्यमा हजरत बिलालको अजानमा यस अभिवृद्धिलाई पनि वर्णन गरेका छन्: "अस्सलातु खैरुम् मिनन्नौम" अर्थात नमाज निद्राभन्दा उत्तम छ ।

وَلِابْنِ خُزَيْمَةَ: عَنْ أَنَسٍ قَالَ: { مِنَ السُّنَّةِ إِذَا قَالَ الْمُؤَذِّنُ فِي الْفَجْرِ: حَيَّ عَلَى الْفَلَاحِ، قَالَ: الصَّلَاةُ خَيْرٌ مِنَ النَّوْمِ } .

र इब्ने खुजैमाले हजरत अनसको माध्यमले वर्णन गरेका छन् कि: "सुन्नत यो हो कि जब फज्रको अजानमा मुवज्जिन (अजान दिने मान्छे) हैया अलल् फलाह भनोस् त त्यो भनोस्: अस्सलातु खैरुम् मिनन्नौम" ।

١٤٥- عَنْ أَبِي مَحْذُورَةَ رضي الله عنه { أَنَّ النَّبِيَّ ﷺ عَلَّمَهُ الْأَذَانَ، فَذَكَرَ فِيهِ التَّرْجِيعَ } أَخْرَجَهُ مُسْلِمٌ. وَلَكِنْ ذَكَرَ التَّكْبِيرَ فِي أَوَّلِهِ مَرَّتَيْنِ فَقَطْ. وَرَوَاهُ الْخَمْسَةُ فَذَكَرُوهُ مُرَبَّعًا .

१४५- र हजरत महजूरा रजिअल्लाहो अन्होको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लमले उनलाई अजान सिकाउनु भयो, त त्यसमा तरजीअलाई पनि वर्णन गर्नु भयो" । तर यसको आरम्भमा मात्र दुई पटक तक्बरीलाई वर्णन गर्नु भयो । (यसलाई मुस्लिमले वर्णन गरेका छन् । र पाँचौंले पनि यसलाई वर्णन गरेका छन् तर अल्लाहु अक्बरलाई चार चार पटक वर्णन गरेका छन् ।)

□ तरजीअ्को अर्थ हो कि: अशहदु अन् लाइलाहा इल्लल्लाहलाई पहिला मसिनो स्वरमा अनि ठूलो स्वरमा दुई पटक भनियोस् ।

١٤٦- وَعَنْ أَنَسِ بْنِ مَالِكٍ ﵁ قَالَ: { أُمِرَ بِلَالٌ أَنْ يَشْفَعَ الْأَذَانَ، وَيُوتِرَ الْإِقَامَةَ، إِلَّا الْإِقَامَةَ، يَعْنِي قَوْلَهُ: قَدْ قَامَتِ الصَّلَاةُ } مُتَّفَقٌ عَلَيْهِ، وَلَمْ يَذْكُرْ مُسْلِمٌ الِاسْتِثْنَاءَ . وَلِلنَّسَائِيِّ: { أَمَرَ النَّبِيُّ ﷺ بِلَالاً } .

१४६- र हजरत अनस बिन मालिक रजिअल्लाहो अन्होको वर्णन छ कि: “हजरत बिलाललाई यो आदेश गरियो कि अजानका शब्दहरूलाई दुई दुई गरी भनुन्, र इकामतलाई एक एक गरी भनुन् कद् कामतिस्सलात बाहेक” । (बुखारी, मुस्लिम, तर इमाम मुस्लिमले कद् कामतिस्सलातलाई भिन्न तरिकाले भन्ने कुरालाई वर्णन गरेका छैनन् । र नेसाईले वर्णन गरेका छन् कि: “नबी सल्लल्लाहो अलैहे वसल्लमले बिलाललाई आदेश गरे” ।)

١٤٧- وَعَنْ أَبِي جُحَيْفَةَ ﵁ قَالَ: { رَأَيْتُ بِلَالاً يُؤَذِّنُ وَأَتَتَبَّعُ فَاهُ، هَاهُنَا وَهَاهُنَا، وَإِصْبَعَاهُ فِي أُذُنَيْهِ } رَوَاهُ أَحْمَدُ، وَالتِّرْمِذِيُّ وَصَحَّحَهُ.

وَلِابْنِ مَاجَهْ: وَجَعَلَ إِصْبَعَيْهِ فِي أُذُنَيْهِ. وَلِأَبِي دَاوُدَ: { لَوَى عُنُقَهُ، لَمَّا بَلَغَ "حَيَّ عَلَى الصَّلَاةِ " يَمِينًا وَشِمَالاً وَلَمْ يَسْتَدِرْ } . وَأَصْلُهُ فِي الصَّحِيحَيْنِ.

१४७- र हजरत अबू जुहैफा रजिअल्लाहो अन्होको वर्णन छ कि: “मैले हजरत बिलाललाई अजान भन्दा हेरें कि उहाँ आफ्नो अनुहारलाई यता उता गर्दैरहन्थे, र त्यस समय उहाँका दुवै चोर औंला कानको प्वालमा हुन्थ्यो” । (यसलाई अहमद र तिर्मिजीले वर्णन गरेका छन् र तिर्मिजीले सही पनि भनेका छन् ।)

र इब्ने माजामा छ कि: उनले आफ्नो दुवै औंलालाई आफ्नो दुवै कानमा हाले । र अबू दाऊदमा छ कि: “जब हैया अलस्सलातसम्म पुगे त उनले आफ्नो गर्दनलाई दायाँ बायाँ घुमाउन थाले, तर आफू घुमेनन्” । र मूल हदीस बुखारी मुस्लिममा वर्णित छ ।

١٤٨- وَعَنْ أَبِي مَحْذُورَةَ ﵁ { أَنَّ النَّبِيَّ ﷺ أَعْجَبَهُ صَوْتُهُ، فَعَلَّمَهُ الْأَذَانَ } رَوَاهُ ابْنُ خُزَيْمَةَ .

१४८- र हजरत अबू महजूरा रजिअल्लाहो अन्होको वर्णन छ कि: “रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई उनको स्वर राम्रो लाग्यो, अनि उहाँले उनलाई अजान सिकाए” । (यसलाई इब्ने खुजैमाले वर्णन गरेका छन् ।)

١٤٩- وَعَنْ جَابِرِ بْنِ سَمُرَةَ رَضِيَ

१४९- र हजरत जाबिर बिन समुरह

اللَّهُ عَنْهُمَا قَالَ: { صَلَّيْتُ مَعَ النَّبِيِّ ﷺ الْعِيدَيْنِ، غَيْرَ مَرَّةٍ وَلَا مَرَّتَيْنِ، بِغَيْرِ أَذَانٍ وَلَا إِقَامَةٍ } رَوَاهُ مُسْلِمٌ .

وَنَحْوُهُ فِي الْمُتَّفَقِ: عَنْ ابْنِ عَبَّاسٍ رَضِيَ اللَّهُ عَنْهُمَا، وَغَيْرُهُ .

रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: “मैले नबी सल्लल्लाहो अलैहे वसल्लमको साथमा कैयौं पटक दुवै ईदको नमाज बिना अजान र इकामत पढेको छु” । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)
र यस्तै हदीसलाई दुवैले अर्थात बुखारी र मुस्लिमले इब्ने अब्बासको माध्यमले वर्णन गरेका छन्, र यी दुवै बाहेक अन्य विद्हरूले पनि यस हदीसलाई वर्णन गरेका छन् ।

١٥٠- وَعَنْ أَبِي قَتَادَةَ فِي الْحَدِيثِ الطَّوِيلِ، { فِي نَوْمِهِمْ عَنْ الصَّلَاةِ - ثُمَّ أَذَّنَ بِلَالٌ، فَصَلَّى رَسُولُ اللَّهِ ﷺ كَمَا كَانَ يَصْنَعُ كُلَّ يَوْمٍ } رَوَاهُ مُسْلِمٌ .

وَلَهُ عَنْ جَابِرٍ؛ { أَنَّ النَّبِيَّ ﷺ أَتَى الْمُزْدَلِفَةَ فَصَلَّى بِهَا الْمَغْرِبَ وَالْعِشَاءَ، بِأَذَانٍ وَاحِدٍ وَإِقَامَتَيْنِ } . وَلَهُ عَنْ ابْنِ عُمَرَ: { جَمَعَ بَيْنَ الْمَغْرِبِ وَالْعِشَاءِ بِإِقَامَةٍ وَاحِدَةٍ } . زَادَ أَبُو دَاوُدَ: { لِكُلِّ صَلَاةٍ } . وَفِي رِوَايَةٍ لَهُ: { وَلَمْ يُنَادِ فِي وَاحِدَةٍ مِنْهُمَا } .

१५०- र हजरत अबू कतादाले आफूहरूले नमाजबाट सुतेको घटनालाई वर्णन गर्दै एउटा लामो हदीसमा वर्णन गर्छन् कि: “अनि बिलालले अजान भने, अनि रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यस्तै नमाज पढाउनु भयो जसरी दिनहुँ नमाज पढाउँथे” । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)
र उनैद्वारा हजरत जाबिरको माध्यमले वर्णित छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लम मुज्दलिफा पुगे त मग्रिब र इशा नमाजलाई एक अजान र दुई इकामतले पढे” । र उनैले इब्ने उमरको माध्यमले वर्णन गरेका छन् कि: “उहाँले मग्रिब र इशालाई जम्मा गरेर एक अजान र दई इकामतद्वारा पढे” । र यसमा अबू दाऊदले यति वृद्धि गरेका छन् कि: “प्रत्येक नमाजको लागि” । अबू दाऊदको अर्को हदीसमा छः “दुवै नमाजमध्ये एउटामा अजान भनिएन” ।

١٥١- وَعَنْ ابْنِ عُمَرَ، وَعَائِشَةَ قَالَا: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِنَّ بِلَالاً

१५१- र हजरत इब्ने उमर र हजरत आइशा रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “हजरत बिलाल रात्रीमा नै अजान भन्छन्, त

يُؤَذِّنُ بِلَيْلٍ، فَكُلُوا وَاشْرَبُوا حَتَّى يُنَادِيَ ابْنُ أُمِّ مَكْتُومٍ"، وَكَانَ رَجُلاً أَعْمَى لَا يُنَادِي، حَتَّى يُقَالَ لَهُ: أَصْبَحْتَ، أَصْبَحْتَ } مُتَّفَقٌ عَلَيْهِ .

तिमीहरू तबसम्म खाऊ पिऊ जबसम्म कि इब्ने उम्मे मकतूम अजान नभनुन्", र इब्ने उम्मे मकतूम अन्धो मान्छे थिए उनी तबसम्म अजान भन्दैनथे जबसम्म यो भनिदैनथ्यो कि बिहान भयो बिहान भयो । ( बुखारी, मुस्लमि)

وَفِي آخِرِهِ إِدْرَاجٌ .

र यसको अन्तमा वर्णनर्कताद्वारा केही मिसाइएको छ ।

١٥٢- وَعَنْ ابْنِ عُمَرَ؛ { إِنَّ بِلَالاً أَذَّنَ قَبْلَ الْفَجْرِ، فَأَمَرَهُ النَّبِيُّ ﷺ أَنْ يَرْجِعَ، فَيُنَادِيَ: "أَلَا إِنَّ الْعَبْدَ نَامَ } رَوَاهُ أَبُو دَاوُدَ وَضَعَّفَهُ .

१५२- र हजरत इब्ने उमरको वर्णन छ कि: "बिलालले फज्रभन्दा अघि नै अजान भने, त नबी सल्लल्लाहो अलैहे वसल्लमले उहाँलाई पुनः अजान दिने आदेश गरे, त उनले भन्नु भयो: ध्यान देऊ, निःसन्देह भक्तलई निद्रा आइलागेको थियो" । (यसलाई अबू दाऊदले वर्णन गरेका छन्, र यसलाई जईफ पनि भनेका छन् ।)

١٥٣- وَعَنْ أَبِي سَعِيدٍ الْخُدْرِيِّ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِذَا سَمِعْتُمْ النِّدَاءَ، فَقُولُوا مِثْلَ مَا يَقُولُ الْمُؤَذِّنُ } مُتَّفَقٌ عَلَيْهِ .

१५३- र हजरत अबू सईद अल् खुदरी रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "जब तिमी अजान सुन त त्यस्तै भन जसरी मुवज्जिन (अजान भन्ने मान्छे) भनिरहेको छ" । (बुखारी, मुस्लिम)

وَلِلْبُخَارِيِّ: عَنْ مُعَاوِيَةَ .

र बुखारीले यसलाई हजरत मुआवियाको माध्यमले वर्णन गरेका छन् ।

وَلِمُسْلِمٍ: { عَنْ عُمَرَ فِي فَضْلِ الْقَوْلِ كَمَا يَقُولُ الْمُؤَذِّنُ كَلِمَةً كَلِمَةً، سِوَى الْحَيْعَلَتَيْنِ، فَيَقُولُ: "لَا حَوْلَ وَلَا قُوَّةَ إِلَّا

र मुस्लिमले इब्ने उमरको माध्यमले वर्णन गर्नु भएको छ मुवज्जिनले भनेको जवाफमा शब्दशः उस्तै भन्नुको श्रेष्ठताबारे जसरी मुवज्जिन भन्छ, हैया अलस्सलात र हैया अलल् फलाह बाहेक, र यसको उत्तरमा भनोस्: "ला हौला वला कूवता इल्ला बिल्लाह" ।

بِاللَّهِ" } .

١٥٤- وَعَنْ عُثْمَانَ بْنِ أَبِي الْعَاصِ ﷺ { أَنَّهُ قَالَ: يَا رَسُولَ اللَّهِ اِجْعَلْنِي إِمَامَ قَوْمِي . قَالَ: "أَنْتَ إِمَامُهُمْ، وَاقْتَدِ بِأَضْعَفِهِمْ، وَاتَّخِذْ مُؤَذِّنًا لَا يَأْخُذُ عَلَى أَذَانِهِ أَجْرًا } أَخْرَجَهُ الْخَمْسَةُ، وَحَسَّنَهُ التِّرْمِذِيُّ ، وَصَحَّحَهُ الْحَاكِمُ .

१५४- र हजरत उसमान बनि अबुल् आस रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ कि: “उनले भने: हे अल्लाहका रसूल मलाई मेरो समुदायको इमाम नयुिक्त गरिबक्सनुस्, त उहाँले भनेः तिमी उनीहरूको इमाम भयौ, यसर्थ उनीहरूमध्ये कम्जोर र दुर्वलहरूको रियायत गर्दै रहनु, र यस्तो मुवज्जिन नियुक्त गर्नु जुन अजान भन्नुमा कुनै पारिश्रमिक नलेओस् ।” (यस हदीसलाई पाँचौंले वर्णन गरेका छन्, र इमाम तिर्मिजीले यसलाई विश्वासनीय भनेका छन्, हाकिमले यसलाई सही भनेका छन् ।)

١٥٥- وَعَنْ مَالِكِ بْنِ الْحُوَيْرِثِ ﷺ قَالَ : قَالَ لَنَا النَّبِيُّ ﷺ: { وَإِذَا حَضَرَتِ الصَّلَاةُ فَلْيُؤَذِّنْ لَكُمْ أَحَدُكُمْ . . . } الْحَدِيثَ أَخْرَجَهُ السَّبْعَةُ .

१५५- र मालिक बिन हुवैरिस रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले हामीसित भन्नु भयो: “र जब नमाजको समय भइहालोस् त तिमीमध्ये एउटाले अजान भनोस्...” पूर्ण हदीससम्म । (यस हदीसलाई सातौंले वर्णन गरेका छन् ।)

١٥٦- وَعَنْ جَابِرٍ ﷺ أَنَّ رَسُولَ اللَّهِ ﷺ قَالَ لِبِلَالٍ: { إِذَا أَذَّنْتَ فَتَرَسَّلْ، وَإِذَا أَقَمْتَ فَاحْدُرْ، وَاجْعَلْ بَيْنَ أَذَانِكَ وَإِقَامَتِكَ قَدْرَ مَا يَفْرُغُ الْآكِلُ مِنْ أَكْلِهِ } الْحَدِيثَ . رَوَاهُ التِّرْمِذِيُّ وَضَعَّفَهُ

وَلَهُ : عَنْ أَبِي هُرَيْرَةَ ﷺ أَنَّ النَّبِيَّ ﷺ قَالَ: { لَا يُؤَذِّنُ إِلَّا مُتَوَضِّئٌ }

१५६- र हजरत जाबिर रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले हजरत बिलालसित भने: “जब तिमी अजान भन त रुकि रुकि भन, र जब इकामत भन त जल्दी जल्दी भन, र अजान एवं इकामतबीच यति अन्तराल गर कि भोजन गर्ने मान्छे भोजन गरेर सम्पन्न गरिहालोस्...” पूर्ण हदीससम्म । (यस हदीसलाई तिर्मिजीले वर्णन गरेका छन्, र जईफ पनि भनेका छन् ।)

र इमाम तिर्मिजीले नै हजरत अबू हुरैरहको माध्यमले वर्णन गर्नुहुन्छ कि नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

وَضَعَّفَهُ أَيْضًا.

فَالْحَدِيثُ ضَعِيفٌ مَرْفُوعًا وَمَوْقُوفًا .

وَلَهُ: عَنْ زِيَادِ بْنِ الْحَارِثِ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ { وَمَنْ أَذَّنَ فَهُوَ يُقِيمُ } وَضَعَّفَهُ أَيْضًا .

وَلِأَبِي دَاوُدَ: فِي حَدِيثِ عَبْدِ اللَّهِ بْنِ زَيْدٍ أَنَّهُ قَالَ: أَنَا رَأَيْتُهُ - يَعْنِي: الْأَذَانُ - وَأَنَا كُنْتُ أُرِيدُهُ . قَالَ : "فَأَقِمْ أَنْتَ " وَفِيهِ ضَعْفٌ أَيْضًا .

١٥٧- وَعَنْ أَبِي هُرَيْرَةَ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { الْمُؤَذِّنُ أَمْلَكُ بِالْأَذَانِ، وَالْإِمَامُ أَمْلَكُ بِالْإِقَامَةِ } رَوَاهُ ابْنُ عَدِيٍّ وَضَعَّفَهُ .

وَلِلْبَيْهَقِيِّ نَحْوُهُ : عَنْ عَلِيٍّ مِنْ قَوْلِهِ.

١٥٨- وَعَنْ أَنَسٍ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { لَا يُرَدُّ الدُّعَاءُ بَيْنَ الْأَذَانِ وَالْإِقَامَةِ } رَوَاهُ النَّسَائِيُّ،

"अजान मात्र वजू बनाएको मान्छे नै भनोस्" । (तर यसलाई पनि जईफ भनेका छन् ।)
यसर्थ यो हदीस मौकूफन् र मरफूअन् दुवै सूत्रले जईफ छ ।)
र यिनैले हजरत जियाद इब्नुल् हारिस रजिअल्लाहो अन्होको माध्यमले वर्णन गर्छन् कि जियादको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "जुन व्यक्तिले अजान भनोस् त्यसैले इकामत पनि भनोस्" । (र यसलाई पनि जईफ भनेका छन् ।)
र अबू दाऊदले हजरत अब्दुल्लाह बिन जैदको हदीसमा वर्णन गर्नुहुन्छ कि उनले भने: मैले अजानलाई सपनामा हेरें त मेरो यो मनोकामना थियो कि मलाई मुवज्जिन नियुक्त गरियोस्, तर मलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले आदेश गर्नु भयो कि: "तिमी इकामत भन्दैगर" । (र यस हदीसमा पनि कम्जोरी छ ।)
**१५७-** हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "मुवज्जिन अजान भन्नुको अधिक हकदार छ, र इमाम इकामतको अधिक हकदार छ" । (यस हदीसलाई इब्ने अदीले वर्णन गर्नु भएको छ र जईफ पनि भन्नु भएको छ ।)
र इमाम बैहकीले यस्तै हदीस हजरत अलीको माध्यमले उनैको कथनलाई वर्णन गरेका छन् ।
**१५८-** र हजरत अनस रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "अजान र इकामतबीच गरिएको याचना अस्वीकार्य हुँदैन" । (यस हदीसलाई नेसाईले वर्णन गरेका छन्, र इब्ने खुजैमाले यसलाई सही

وَصَحَّحَهُ ابْنُ خُزَيْمَةَ .

भनेका छन् ।)

١٥٩- وَعَنْ جَابِرٍ- رَضِيَ اللَّهُ عَنْهُ- أَنَّ رَسُولَ اللَّهِ ﷺ قَالَ: { مَنْ قَالَ حِينَ يَسْمَعُ النِّدَاءَ : اللَّهُمَّ رَبَّ هَذِهِ الدَّعْوَةِ التَّامَّةِ، وَالصَّلَاةِ الْقَائِمَةِ، آتِ مُحَمَّدًا الْوَسِيلَةَ وَالْفَضِيلَةَ، وَابْعَثْهُ مَقَامًا مَحْمُودًا الَّذِي وَعَدْتَهُ، حَلَّتْ لَهُ شَفَاعَتِي يَوْمَ الْقِيَامَةِ } أَخْرَجَهُ الْأَرْبَعَةُ .

१५९- र हजरत जाबिर रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः “जसले अजान सुने पश्चात भन्योः हे यस परिपूर्ण याचना र पुकार एवं आयोजित हुनेवाला नमाजको स्वामी, मुहम्मद (सल्लल्लाहो अलैहे वसल्लम) लाई वसीला र श्रेष्ठता प्रदान गर, र त्यो प्रशंसनीय स्थान प्रदान गर जसको वाचा गरेका छौ, त प्रलयको दिन त्यसको लागि मेरो सिफारिश अनिवार्य भयो” । (यस हदीसलाई चारौंले वर्णन गरेका छन् ।)

## بَابُ شُرُوطِ الصَّلَاةِ

## अध्यायः नमाजका शर्तहरूको वर्णन

١٦٠- عَنْ عَلِيِّ بْنِ طَلْقٍ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِذَا فَسَا أَحَدُكُمْ فِي الصَّلَاةِ فَلْيَنْصَرِفْ، وَلْيَتَوَضَّأْ، وَلْيُعِدْ الصَّلَاةَ } رَوَاهُ الْخَمْسَةُ، وَصَحَّحَهُ ابْنُ حِبَّانَ .

१६०- हजरत अली बिन तलक रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः “जब नमाजको अवस्थामा कसैको गुप्ताङ्गबाट हवा निस्कोस्, त त्यो नमाज त्यागेर गई वजू गरोस्, अनि पुनः नमाज पढोस्” । (यस हदीसलाई पाँचौंले वर्णन गरेका छन्, र इब्ने हिब्बानले यसलाई सही भनेका छन् ।)

١٦١-وَعَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا، عَنْ النَّبِيِّ ﷺ قَالَ: { لَا يَقْبَلُ اللَّهُ صَلَاةَ حَائِضٍ إِلَّا بِخِمَارٍ } رَوَاهُ الْخَمْسَةُ إِلَّا النَّسَائِيَّ ، وَصَحَّحَهُ ابْنُ خُزَيْمَةَ.

१६१- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ किः नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः “रजस्वला आउन लागेको (व्यस्क) महिलाद्वारा बिना छुन्नी लगाइकन् पढिएको नमाजलाई अल्लाह कबूल गर्दैनन्” । (यस हदीसलाई नेसाई बाहेक पाँचौंले वर्णन गरेका छन्, र यसलाई

इब्ने खुजैमाले सही भनेका छन् ।)

१६२- र हजरत जाबिर रजिअल्लाहो अन्होको वर्णन छ कि नबी सल्लल्लाहो अलैहे वसल्लमले उनीससित भनेः “यदि लुगा धेरै फराकिलो होस् त नमाजको अवस्थामा त्यसलाई शरीरको वरिपरि राम्ररी बेरिलेऊ” । र मुस्लिममा वर्णित छ किः “यदि लुगा फराकिलो होस् भने दुवै कुनालाई काँधामा हालिलेऊ, र यदि लुगा संकुचित होस् भने त्यसलाई लुंगी झैं लगाइलेऊ” । (बुखारी, मुस्लिम)

र बुखारी मुस्लिमले नै हजरत अबू हुरैरहको माध्यले वर्णन गरेका छन् किः “तिमीमध्ये कोही पनि एउटै लुगामा नमाज नपढोस् कि त्यसको काँधामाथि लुगाको कुनै भाग नहोस्” ।

१६३- र हजरत उम्मे सलमा रजिअल्लाहो अन्हाको वर्णन छ कि उनले नबी सल्लल्लाहो अलैहे वसल्लमसित सोधिन् किः “के महिला बिना लुंगी मात्र कुर्ता र चुन्नी लगाएर नमाज पढन सक्छे ? त उहाँले भन्नु भयोः हो, जब कुर्ता यस्तो खालको लामो होस् कि त्यसको पाइलाको पञ्जाको माथल्लिो भागलाई पनि ढाँकोस् ।” (यस हदीसलाई अबू दाऊदले वर्णन गरेका छन्, र यसको मौकूफ हुने कुरालाई इमामहरूले सही भनेका छन् ।)

१६४- र हजरत आमिर बिन रबीअह रजिअल्लाहो अन्होको वर्णन छ किः “हामीहरू अत्याधिक अन्धकारीय रात्रीमा नबी सल्लल्लाहो अलैहे वसल्लमको साथमा थियौं, अनि किब्लाको दिशा निर्धारणबारे हामीलाई सन्देह भयो, अनि अनुमानले हामीले नमाज पढ्यौं । अनि जब सूर्य उदय भयो त यो कुरो छर्लङ भयो कि हामीले

١٦٢- وَعَنْ جَابِرٍ ﷺ أَنَّ النَّبِيَّ ﷺ قَالَ لَهُ: { إِنْ كَانَ الثَّوْبُ وَاسِعًا فَالْتَحِفْ بِهِ" } - يَعْنِي : فِي الصَّلَاةِ - وَلِمُسْلِمٍ : { "فَخَالِفْ بَيْنَ طَرَفَيْهِ - وَإِنْ كَانَ ضَيِّقًا فَاتَّزِرْ بِهِ " } . مُتَّفَقٌ عَلَيْهِ .

وَلَهُمَا مِنْ حَدِيثِ أَبِي هُرَيْرَةَ ﷺ { لَا يُصَلِّي أَحَدُكُمْ فِي الثَّوْبِ الْوَاحِدِ لَيْسَ عَلَى عَاتِقِهِ مِنْهُ شَيْءٌ } .

١٦٣- وَعَنْ أُمِّ سَلَمَةَ - رَضِيَ اللَّهُ عَنْهَا- ؛ أَنَّهَا سَأَلَتْ النَّبِيَّ ﷺ { أَتُصَلِّي الْمَرْأَةُ فِي دِرْعٍ وَخِمَارٍ ، بِغَيْرِ إِزَارٍ ؟ قَالَ: "إِذَا كَانَ الدِّرْعُ سَابِغًا يُغَطِّي ظُهُورَ قَدَمَيْهَا } أَخْرَجَهُ أَبُو دَاوُدَ وَصَحَّحَ الْأَئِمَّةُ وَقْفَهُ .

١٦٤- وَعَنْ عَامِرِ بْنِ رَبِيعَةَ ﷺ قَالَ: { كُنَّا مَعَ النَّبِيِّ ﷺ فِي لَيْلَةٍ مُظْلِمَةٍ، فَأَشْكَلَتْ عَلَيْنَا الْقِبْلَةُ، فَصَلَّيْنَا . فَلَمَّا طَلَعَتِ الشَّمْسُ إِذَا نَحْنُ صَلَّيْنَا إِلَى غَيْرِ

الْقِبْلَةِ، فَنَزَلَتْ : (فَأَيْنَمَا تُوَلُّوا فَثَمَّ وَجْهُ اللَّهِ ) } أَخْرَجَهُ التِّرْمِذِيُّ وَضَعَّفَهُ .

किब्ला बाहेकको दिशातिर नमाज पढेका छौं, त यो श्लोक अवतरित भयोः अर्थः ( तिमी जतातिर मुख गरे पनि अल्लाहको अनुहारलाई पाउने छौ)" । (यस हदीसलाई तिर्मिजीले वर्णन गरेका छन्, र जईफ पनि भनेका छन् ।)

١٦٥- وَعَنْ أَبِي هُرَيْرَةَ ﵁ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { مَا بَيْنَ الْمَشْرِقِ وَالْمَغْرِبِ قِبْلَةٌ } رَوَاهُ التِّرْمِذِيُّ، وَقَوَّاهُ الْبُخَارِيُّ .

१६५- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "पूर्व र पश्चिमबीच नै किब्ला छ" । (यस हदीसलाई तिर्मिजीले वर्णन गर्नु भएको छ, र इमाम बुखारीले यसलाई सशक्त भनेका छन् ।)

١٦٦- وَعَنْ عَامِرِ بْنِ رَبِيعَةَ ﵁ قَالَ: { رَأَيْتُ رَسُولَ اللَّهِ ﷺ يُصَلِّي عَلَى رَاحِلَتِهِ حَيْثُ تَوَجَّهَتْ بِهِ } مُتَّفَقٌ عَلَيْهِ .

१६६- र हजरत आमिर बिन रबीअह रजिअल्लाहो अन्होको वर्णन छ किः "मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई सवारीमाथि नमाज पढदा हेरें चाहे सवारी जुन सुकै दिशातिर प्रवृत्त होओस् (उहाँ नमाजलाई निरन्तर राख्थे)" । (बुखारी, मुस्लिम)

زَادَ الْبُخَارِيُّ: { يُومِئُ بِرَأْسِهِ، وَلَمْ يَكُنْ يَصْنَعُهُ فِي الْمَكْتُوبَةِ }.

र बुखारीले यति वृद्धि गरेका छन् किः " उहाँ सल्लल्लाहो अलैहे वसल्लम टाउकोद्वारा संकेत गर्थे, तर यस्तो अनिवार्य नमाजमा गर्दैनथे" ।

وَلِأَبِي دَاوُدَ: مِنْ حَدِيثِ أَنَسٍ: { كَانَ إِذَا سَافَرَ فَأَرَادَ أَنْ يَتَطَوَّعَ اِسْتَقْبَلَ بِنَاقَتِهِ الْقِبْلَةَ، فَكَبَّرَ، ثُمَّ صَلَّى حَيْثُ كَانَ وَجْهُ رِكَابِهِ } وَإِسْنَادُهُ حَسَنٌ .

र अबू दाऊदले हजरत अनसको माध्यमले वर्णन गरेका छन् किः "जब उहाँ सल्लल्लाहो अलैहे वसल्लम यात्रामा हुन्थे, र नफिली नमाज पढने मन बनाउँथे त आफ्नो ऊँटनीलाई किब्लाको दिशामा गरिहाल्थे, अनि तकबीर भन्थे, अनि नमाज पढन आरम्भ गरिहाल्थे चाहे ऊँटनीको अनुहार जुन सुकै दिशामा किन नभइहालोस् नमाजलाई पूर्ण गरेर नै छाड्दथे" । (यसको सनद विश्वासनीय छ ।)

١٦٧- وَعَنْ أَبِي سَعِيدٍ ﷺ عَنْ النَّبِيِّ ﷺ { الْأَرْضُ كُلُّهَا مَسْجِدٌ إِلَّا الْمَقْبَرَةَ وَالْحَمَّامَ } رَوَاهُ التِّرْمِذِيُّ ، وَلَهُ عِلَّةٌ .

१६७- र हजरत अबू सईद रजिअल्लाहो अन्होको वर्णन छ किः नबी सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ किः "बाथरुम ( स्नान गर्ने ठाउँ) र कब्रिस्तान बाहेक पूर्ण धरती नमाज पढने ठाउँ हो" । (यसलाई तिर्मिजीले वर्णन गरेका छन्, र यस हदीसमा कुनै इल्लत (विकारयुक्त कुरा) छ ।)

١٦٨- وَعَنْ ابْنِ عُمَرَ - رَضِيَ اللَّهُ عَنْهُمَا-قَالَ: { نَهَى النَّبِيُّ ﷺ أَنْ يُصَلَّى فِي سَبْعِ مَوَاطِنَ : الْمَزْبَلَةِ، وَالْمَجْزَرَةِ، وَالْمَقْبَرَةِ، وَقَارِعَةِ الطَّرِيقِ، وَالْحَمَّامِ، وَمَعَاطِنِ الْإِبِلِ، وَفَوْقَ ظَهْرِ بَيْتِ اللَّهِ } رَوَاهُ التِّرْمِذِيُّ وَضَعَّفَهُ .

१६८- र हजरत इब्ने उमर रजिअल्लाहो अन्हुमाको वर्णन छ किः "नबी सल्लल्लाहो अलैहे वसल्लमले निम्नका सातवटा ठाउँमा नमाज पढनुबाट मनाही गर्नु भएको छः फोहोर फाल्ने ठाउँमा, जनावर बलि गर्ने ठाउँमा, कब्रस्तानमा, सार्वजनिक बाटोमा, बाथरुममा, ऊँटलाई बाँधिने गोठमा, र बैतुल्लाहको छतमाथि" । (यस हदीसलाई तिर्मिजीले वर्णन गरेका छन् र जईफ पनि भनेका छन् ।)

١٦٩- وَعَنْ أَبِي مَرْثَدٍ الْغَنَوِيِّ ﷺ قَالَ: سَمِعْتَ رَسُولَ اللَّهِ ﷺ يَقُولُ: { لَا تُصَلُّوا إِلَى الْقُبُورِ، وَلَا تَجْلِسُوا عَلَيْهَا } رَوَاهُ مُسْلِمٌ .

१६९- र हजरत अबू मरसद अल् गनवी रजिअल्लाहो अन्होको भनाई छ किः मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई भन्दै सुनेको छु किः "चिहानलाई सामुन्ने गरेर नमाज नपढनु, नत त्यसमाथि बस्नु" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

١٧٠- وَعَنْ أَبِي سَعِيدٍ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِذَا جَاءَ أَحَدُكُمْ الْمَسْجِدَ، فَلْيَنْظُرْ، فَإِنْ رَأَى فِي نَعْلَيْهِ أَذًى أَوْ قَذَرًا فَلْيَمْسَحْهُ، وَلْيُصَلِّ فِيهِمَا }

१७०- र हजरत अबू सईद रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "जब तिमीमध्ये कोही मस्जिदसम्म आओस् त आफ्नो जुत्तालाई हेरोस्, त यदि आफ्नो जुत्तामा कुनै प्रकारको अपवित्रता वा फोहोर हेरोस् त त्यसलाई स्वच्छ पारेर ती दुवै जुत्ता लगाएर

أَخْرَجَهُ أَبُو دَاوُدَ، وَصَحَّحَهُ ابْنُ خُزَيْمَةَ .

नमाज पढोस्" । (यस हदीसलाई अबू दाऊदले वर्णन गरेका छन्, र इब्ने खुजैमाले सही भनेका छन् ।)

١٧١- وَعَنْ أَبِي هُرَيْرَةَ ﵁ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ { إِذَا وَطِئَ أَحَدُكُمْ اَلْأَذَى بِخُفَّيْهِ فَطَهُورُهُمَا التُّرَابُ } أَخْرَجَهُ أَبُو دَاوُدَ وَصَحَّحَهُ ابْنُ حِبَّانَ .

१७१- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "जब तिमीमध्ये कोही आफ्नो मोजाद्वारा कुनै अपवित्रतालाई कुल्चोस् त त्यस पश्चात लाग्ने माटो त्यसलाई पवित्र गरिदिन्छ" । (यस हदीसलाई अबू दाऊदले वर्णन गरेका छन् र इब्ने हिब्बानले सही भनेका छन् ।)

١٧٢- وَعَنْ مُعَاوِيَةَ بْنِ الْحَكَمِ ﵁ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِنَّ هَذِهِ الصَّلَاةَ لَا يَصْلُحُ فِيهَا شَيْءٌ مِنْ كَلَامِ النَّاسِ، إِنَّمَا هُوَ التَّسْبِيحُ، وَالتَّكْبِيرُ، وَقِرَاءَةُ الْقُرْآنِ } رَوَاهُ مُسْلِمٌ .

१७२- रहजरत मुआविया इब्नुल् हकम रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "नमाजमा संसारिक कुराकानी गर्नु दुरुस्त छैन, बरु नमाजमा मात्र अल्लाहको स्तुति, गुणगान र कुरआनको पाठन गरिन्छ" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

١٧٣- وَعَنْ زَيْدِ بْنِ أَرْقَمَ ﵁ قَالَ: { إِنْ كُنَّا لَنَتَكَلَّمُ فِي الصَّلَاةِ عَلَى عَهْدِ النَّبِيِّ ﷺ يُكَلِّمُ أَحَدُنَا صَاحِبَهُ بِحَاجَتِهِ، حَتَّى نَزَلَتْ: (حَافِظُوا عَلَى الصَّلَوَاتِ وَالصَّلَاةِ الْوُسْطَى وَقُومُوا لِلَّهِ قَانِتِينَ) [اَلْبَقَرَة : ٢٣٨]، فَأُمِرْنَا بِالسُّكُوتِ، وَنُهِينَا عَنْ الْكَلَامِ } مُتَّفَقٌ عَلَيْهِ، وَاللَّفْظُ

१७३- र हजरत जैद बिन अरकम रजिअल्लाहो अन्होको वर्णन छ कि: "हामी नबी सल्लल्लाहो अलैहे वसल्लमको जीवनकालमा अआफ्नो आवश्यकताबारे एकअर्कासित कुरा गर्थौं यहाँसम्म कि यो श्लोक अवतरित भयो: (अर्थ: सबै नमाजहरू विशेषगरी बीचको नमाज सुचारुरूपले सम्पन्न गर्दैगर र अल्लाहको अगाडि आदर श्रद्धाको साथ उभिनेगर ।[1]), अनि हामीलाई चुप लागेर नमाज पढने आदेश गरियो, र कुराकानी गर्नुबाट मनाही गरियो ।" (बुखारी, मुस्लिम, र वर्णित शब्द मुस्लिमका हुन् ।)

1 - सूरतुल् बकर: २३८ ।

لِمُسْلِمٍ .

١٧٤ – وَعَنْ أَبِي هُرَيْرَةَ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { التَّسْبِيحُ لِلرِّجَالِ، وَالتَّصْفِيقُ لِلنِّسَاءِ } مُتَّفَقٌ عَلَيْهِ .

زَادَ مُسْلِمٌ { فِي الصَّلَاةِ } .

१७४- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "(नमाजमा आवश्यकता परेमा) पुरुषहरूको लागि तस्बीह (सुबहानअल्लाह) भन्नु हो, र महिलाहरूको लागि ताली बजाउनु हो" । (बुखारी, मुस्लिम)
र मुस्लिमले "नमाजमा" शब्दको वृद्धिले वर्णन गरेका छन् ।

١٧٥– وَعَنْ مُطَرِّفِ بْنِ عَبْدِ اللَّهِ بْنِ الشِّخِّيرِ، عَنْ أَبِيهِ قَالَ: { رَأَيْتُ رَسُولَ اللَّهِ ﷺ يُصَلِّي، وَفِي صَدْرِهِ أَزِيزٌ كَأَزِيزِ الْمِرْجَلِ، مِنْ الْبُكَاءِ } . أَخْرَجَهُ الْخَمْسَةُ، إِلَّا ابْنَ مَاجَهْ، وَصَحَّحَهُ ابْنُ حِبَّانَ .

१७५- र हजरत मुतर्रिफ बिन अब्दुल्लाह बिन अश्शखीर आफ्नो बुवाको माध्यमले वर्णन गर्छन् कि उनको बुवाको भनाई छ किः "मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई हेरें कि उहाँ नमाज पढिराख्नु भएको छ र उहाँको छातीबाट विलापको यस्तो आवाज आइरहेको छ जसरी तातिएको पानीको भाँडाबाट आवाज आउँछ" । (यस हदीसलाई इब्ने माजा बाहेक पाँचौंले वर्णन गरेका छन्, र इब्ने हिब्बानले सही पनि भनेका छन् ।)

١٧٦ – وَعَنْ عَلِيٍّ ﷺ قَالَ: { كَانَ لِي مَعَ رَسُولِ اللَّهِ ﷺ مَدْخَلَانِ، فَكُنْتُ إِذَا أَتَيْتُهُ وَهُوَ يُصَلِّي تَنَحْنَحَ لِي } رَوَاهُ النَّسَائِيُّ، وَابْنُ مَاجَهْ .

१७६- र हजरत अली रजिअल्लाहो अन्होको वर्णन छ किः "म रसूल सल्लल्लाहो अलैहे वसल्लम समक्ष दुई समय हाजिर हुन्थें, र जब यस्तो समय आउँथें कि उहाँ नमाज पढिरहेका हुन्थे त मलाई संकेत गर्नुको लागि खकार्दथे" । (यस हदीसलाई नेसाई र इब्ने माजाले वर्णन गरेका छन् ।)

١٧٧– وَعَنْ ابْنِ عُمَرَ – رَضِيَ اللَّهُ عَنْهُمَا–قَالَ: { قُلْتُ لِبِلَالٍ: كَيْفَ رَأَيْتَ النَّبِيَّ ﷺ يَرُدُّ عَلَيْهِمْ حِينَ يُسَلِّمُونَ عَلَيْهِ،

१७७- र हजरत इब्ने उमर रजिअल्लाहो अन्हुमाको वर्णन छ किः "मैले बिलालसित भनें जब नबी सल्लल्लाहो अलैहे वसल्लम नमाज पढिरहेका हुन्छन् अनि उनीहरू जब उहाँसित सलाम गर्छन् त उहाँ त्यसको

وَهُوَ يُصَلِّي ؟ قَالَ: يَقُولُ هَكَذَا، وَبَسَطَ كَفَّهُ } أَخْرَجَهُ أَبُو دَاوُدَ، وَالتِّرْمِذِيُّ وَصَحَّحَهُ .

जवाफ कसरी दिन्थे ? त उनले भनेः यसरी, अनि आफ्नो हत्केलीलाई फिजाए" । (यस हदीसलाई अबू दाऊद र तिर्मिजीले वर्णन गरेका छन् र तिर्मिजीले यसलाई सही पनि भनेका छन् ।)

١٧٨- وَعَنْ أَبِي قَتَادَةَ ﷺ قَالَ : { كَانَ رَسُولُ اللَّهِ ﷺ يُصَلِّي وَهُوَ حَامِلٌ أُمَامَةَ بِنْتِ زَيْنَبَ، فَإِذَا سَجَدَ وَضَعَهَا، وَإِذَا قَامَ حَمَلَهَا } مُتَّفَقٌ عَلَيْهِ .

وَلِمُسْلِمٍ: { وَهُوَ يَؤُمُّ النَّاسَ فِي الْمَسْجِدِ } .

१७८- र हजरत अबू कतादा रजिअल्लाहो अन्होको वर्णन छ किः "रसूल सल्लल्लाहो अलैहे वसल्लम उमामा बिन्ते जैनबलाई बोकेर नमाज पढाउँथे, अनि जब ढोग गर्थे त उमामालाई (धरतीमा) बसालिदिन्थे, र जब उभ्थे त उनलाई बोकिहाल्थे" । ( बुखारी, मुस्लिम)

र मुस्लिममा छ किः "जब उहाँ मानिसहरूलाई मस्जिदमा इमामत गराउँथे" ।

١٧٩- وَعَنْ أَبِي هُرَيْرَةَ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { اُقْتُلُوا الْأَسْوَدَيْنِ فِي الصَّلَاةِ: الْحَيَّةَ، وَالْعَقْرَبَ } أَخْرَجَهُ الْأَرْبَعَةُ، وَصَحَّحَهُ ابْنُ حِبَّانَ .

१७९- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "नमाजको अवस्थामा दुई कालो जनावर सर्प र बिच्छुलाई मार्न सक्दछौ" । (यस हदीसलाई चारौंले वर्णन गरेका छन्, र इब्ने हिब्बानले सही भनेका छन् ।)

## بَابُ سُتْرَةِ الْمُصَلِّي

## अध्यायः नमाजीको सुतराको[1] वर्णन

١٨٠- عَنْ أَبِي جُهَيْمِ بْنِ الْحَارِثِ ﷺ قَالَ : قَالَ رَسُولُ اللَّهِ ﷺ: { لَوْ

१८०- हजरत अबू जुहैम इब्नुल् हारिस रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः

1 - सुतरा त्यस वस्तुलाई भन्छन् जसलाई नमाजी आफ्नो सामुन्ने आवरणको रूपमा राख्दछ ताकि त्यो त्यसको अगाडिबाट गुज्रने मान्छे र त्यस नमाजीबीच आवरण सिद्ध होस्, र त्यसको नमाज भंग नहोस् ।

يَعْلَمُ الْمَارُّ بَيْنَ يَدَيِ الْمُصَلِّي مَاذَا عَلَيْهِ مِنَ الْإِثْمِ لَكَانَ أَنْ يَقِفَ أَرْبَعِينَ خَيْرًا لَهُ مِنْ أَنْ يَمُرَّ بَيْنَ يَدَيْهِ } مُتَّفَقٌ عَلَيْهِ، وَاللَّفْظُ لِلْبُخَارِيِّ .

"यदि नमाजीको अगाडिबाट गुज्रने मान्छेलाई त्यसको पापको बारेमा थाहा भइहालोस् त त्यसलाई नमाजीको अगाडिबाट गुज्रनुको तुलनामा चालीस (वर्ष) उभिरहनु अति प्रिय लाग्दथ्यो" । (यस हदीसलाई बुखारी र मुस्लिमले वर्णन गरेका छन्, र वर्णित शब्द बुखारीका हुन् ।)

وَوَقَعَ فِي "الْبَزَّارِ" مِنْ وَجْهٍ آخَرَ: { أَرْبَعِينَ خَرِيفًا } .

र बज्जारको एउटा हदीसमा "चालीस वर्ष" को वर्णन स्पष्टरूपले आएको छ ।

١٨١- وَعَنْ عَائِشَةَ – رَضِيَ اللَّهُ عَنْهَا– قَالَتْ : { سُئِلَ رَسُولُ اللَّهِ ﷺ – فِي غَزْوَةِ تَبُوكَ – عَنْ سُتْرَةِ الْمُصَلِّي . فَقَالَ: "مِثْلُ مُؤْخِرَةِ الرَّحْلِ } أَخْرَجَهُ مُسْلِمٌ .

१८१- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लमसित तबूक युद्धको अवसरमा सुतराको बारेमा सोधियो, त उहाँले भन्नु भयो: सुतरा ऊँटमाथि भएको काठीको पछिल्लो भाग जति उँचाइको हुनुपर्छ" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

١٨٢- وَعَنْ سَبْرَةَ بْنِ مَعْبَدٍ الْجُهَنِيِّ رضي الله عنه قَالَ : قَالَ رَسُولُ اللَّهِ ﷺ: { لِيَسْتَتِرْ أَحَدُكُمْ فِي صَلَاتِهِ وَلَوْ بِسَهْمٍ } أَخْرَجَهُ الْحَاكِمُ .

१८२- र हजरत सब्रह बिन मअबद अल् जुहनी रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "तिमीमध्ये प्रत्येकलाई यो चाहियो कि त्यो आफ्नो नमाजमा सुतरा राखोस् चाहे त्यो वाणको सुतरा किन नहोस्" । (यस हदीसलाई हाकिमले वर्णन गरेका छन् ।)

١٨٣ – وَعَنْ أَبِي ذَرٍّ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { يَقْطَعُ صَلَاةَ الْمَرْءِ الْمُسْلِمِ – إِذَا لَمْ يَكُنْ بَيْنَ يَدَيْهِ مِثْلُ

१८३- र हजरत अबू जर रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "मुसलमान मान्छेको अगाडि जब ऊँटको काठी जति उँचाइको सुतरा हुँदैन त स्त्री, गद्हा र कालो

مُؤْخِرَةِ الرَّحْلِ - الْمَرْأَةُ، وَالْحِمَارُ، وَالْكَلْبُ الْأَسْوَدُ . . . " الْحَدِيثَ . } وَفِيهِ { الْكَلْبُ الْأَسْوَدُ شَيْطَانٌ } . أَخْرَجَهُ مُسْلِمٌ.

कुकुरले त्यसको नमाजलाई भंग गरिदिन्छन्..." । पूर्ण हदीससम्मम । र यसै हदीसमा वर्णित छ कि: "कालो कुकुर शैतान हो" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

وَلَهُ : عَنْ أَبِي هُرَيْرَةَ ﷺ نَحْوُهُ دُونَ : "الْكَلْبِ"

र मुस्लिमले नै यस्तै अर्को हदीस हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको माध्यमले पनि वर्णन गरेका छन्, तर त्यसमा कुकुरको वर्णन छैन ।

وَلِأَبِي دَاوُدَ، وَالنَّسَائِيِّ: عَنْ ابْنِ عَبَّاسٍ - رَضِيَ اللَّهُ عَنْهُمَا- نَحْوُهُ، دُونَ آخِرِهِ . وَقَيَّدَ الْمَرْأَةَ بِالْحَائِضِ .

र अबू दाऊद एवं नेसाईले पनि इब्ने अब्बास रजिअल्लाहो अन्हुमाको माध्यमले यस्तै हदीस वर्णन गरेका छन्, तर त्यसमा यस हदीसको अन्तिम भाग वर्णित छैन । र यस हदीसमा महिलालाई रजस्वलाबाट निबन्धित गरिएको छ ।

١٨٤- وَعَنْ أَبِي سَعِيدٍ الْخُدْرِيِّ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِذَا صَلَّى أَحَدُكُمْ إِلَى شَيْءٍ يَسْتُرُهُ مِنْ النَّاسِ، فَأَرَادَ أَحَدٌ أَنْ يَجْتَازَ بَيْنَ يَدَيْهِ فَلْيَدْفَعْهُ، فَإِنْ أَبَى فَلْيُقَاتِلْهُ، فَإِنَّمَا هُوَ شَيْطَانٌ } مُتَّفَقٌ عَلَيْهِ .

१८४- र हजरत अबू सईद अल् खुदरी रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "यदि कुनै मान्छे सुतरा राखेर नमाज पढदछ जुन त्यस नमाजी र मानिसहरूबीच आवरण हुन्छ, त यदि कोही त्यस सुतराभित्र भएर त्यसको अगाडिबाट गुज्रन चाहन्छ भने त्यो त्यसलाई यस्तो गर्नुबाट रोक्ने प्रयास गरोस्, त यदि त्यो मान्दैन भने त्यससित लडाइ गरोस्, किनकि त्यो शैतान हो" । (बुखारी, मुस्लिम)

وَفِي رِوَايَةٍ : { فَإِنَّ مَعَهُ الْقَرِينَ } .

र एउटा अर्को हदीसमा छ कि: "त्यसको साथ त्यसको साथी अर्थात शैतान छ" ।

١٨٥- وَعَنْ أَبِي هُرَيْرَةَ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِذَا صَلَّى أَحَدُكُمْ

१८५- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "जब तिमीमध्ये

فَلْيَجْعَلْ تِلْقَاءَ وَجْهِهِ شَيْئًا، فَإِنْ لَمْ يَجِدْ فَلْيَنْصِبْ عَصًا، فَإِنْ لَمْ يَكُنْ فَلْيَخُطَّ خَطًّا، ثُمَّ لَا يَضُرُّهُ مَنْ مَرَّ بَيْنَ يَدَيْهِ } أَخْرَجَهُ أَحْمَدُ وَابْنُ مَاجَهْ، وَصَحَّحَهُ ابْنُ حِبَّانَ، وَلَمْ يُصِبْ مَنْ زَعَمَ أَنَّهُ مُضْطَرِبٌ، بَلْ هُوَ حَسَنٌ .

कोही नमाज पढोस् त आफ्नो अगाडि कुनै वस्तु राखोस्, र केही नपाएको खण्डमा आफ्नो लठ्ठीलाई नै गाडोस्, र यदि त्यो पनि उपलब्ध छैन भने एउटा धर्को खीँचोस्, अनि त्यसको अगाडिबाट गुज्रने मान्छे त्यसलाई कुनै हानि पुऱ्याउन सक्दैन" । (यस हदीसलाई अहमद र इब्ने माजाले वर्णन गरेका छन्, र इब्ने हिब्बानले सही भनेका छन्, र जसले पनि यसलाई (मुज्तरब) जईफ र अविश्वासनीय भनेका छन् उनीहरूले सही भनेका छैनन् किनकि यो हदीस (हसन) विश्वासनीय छ ।)

١٨٦- وَعَنْ أَبِي سَعِيدٍ الْخُدْرِيِّ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { لَا يَقْطَعُ الصَّلَاةَ شَيْءٌ، وَادْرَأْ مَا اسْتَطَعْتَ } أَخْرَجَهُ أَبُو دَاوُدَ، وَفِي سَنَدِهِ ضَعْفٌ .

१८६- र हजरत अबू सईद अल् खुदरी रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "नमाजलाई कुनै कुरा भंग गर्न सक्दैन, र आफ्नो सामुन्नेबाट गुज्रनेलाई आफ्नो सामर्थ्य अनुसार रोक्ने प्रयास गर" । (यसको सनदमा कम्जोरी छ ।)

## بَابُ الْحَثِّ عَلَى الْخُشُوعِ فِي الصَّلَاةِ

## अध्यायः नमाजमा श्रद्धा र शुद्धीकरणतिर प्रोत्साहनको वर्णन

١٨٧- عَنْ أَبِي هُرَيْرَةَ ﷺ قَالَ: { نَهَى رَسُولُ اللَّهِ ﷺ أَنْ يُصَلِّي الرَّجُلُ مُخْتَصِرًا } مُتَّفَقٌ عَلَيْهِ، وَاللَّفْظُ لِمُسْلِمٍ .

وَمَعْنَاهُ : أَنْ يَجْعَلَ يَدَهُ عَلَى خَاصِرَتِهِ

وَفِي الْبُخَارِيِّ : عَنْ عَائِشَةَ - رَضِيَ

१८७- हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लमले कम्मरमा हात राखेर नमाज पढनुबाट मनाही गरेका छन्" । (बुखारी, मुस्लिम, र वर्णित शब्द मुस्लिमका हुन् ।)

र यसको अर्थ हो किः कम्मरमाथि हात राखेर नमाज पढोस् ।

र बुखारीमा हजरत आइशाको माध्यमले वर्णित छ किः यो यहूदीहरूको पूजाकार्यमध्येको हो ।

اللَّهُ عَنْهَا- أَنَّ ذَلِكَ فِعْلُ الْيَهُودِ .

١٨٨- وَعَنْ أَنَسٍ- رَضِيَ اللَّهُ عَنْهُ- أَنَّ رَسُولَ اللَّهِ ﷺ قَالَ: { إِذَا قُدِّمَ الْعَشَاءُ فَابْدَءُوا بِهِ قَبْلَ أَنْ تُصَلُّوا الْمَغْرِبَ } مُتَّفَقٌ عَلَيْهِ .

१८८- र हजरत अनस रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “जब रात्रीको खाना पेश गरियोस् त मग्रिब नमाजभन्दा अघि नै खाना खाइहाल” । (बुखारी, मुस्लिम)

١٨٩- وَعَنْ أَبِي ذَرٍّ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِذَا قَامَ أَحَدُكُمْ فِي الصَّلَاةِ فَلَا يَمْسَحِ الْحَصَى، فَإِنَّ الرَّحْمَةَ تُوَاجِهُهُ } رَوَاهُ الْخَمْسَةُ بِإِسْنَادٍ صَحِيحٍ .

وَزَادَ أَحْمَدُ : "وَاحِدَةً أَوْ دَعْ" .

وَفِي "الصَّحِيحِ" عَنْ مُعَيْقِيبٍ نَحْوُهُ بِغَيْرِ تَعْلِيلٍ.

१८९- र हजरत अबू जर रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “जब तिमीमध्ये कोही नमाजको लागि उभोस् त ढोगको ठाउँमा भएको कंकरहरूलाई नहटाओस् किनकि त्यस समय अल्लाहको कृपा नमाजीतर्फ प्रवृत्त हुन्छ” । (यस हदीसलाई पाँचौंले सही सनद (सूत्र) को साथ वर्णन गरेका छन् ।)
र अहमदले यति अभिवृद्धि गरेका छन् “यदि हटाउनु छ भने मात्र एक चोटि हटाओस् वा त्यस्तै छाडिदेओस्” ।
र यस्तै हदीस बुखारीले हजरत मुऐकिबको माध्यमले बिना कारण वर्णन गरिकन् वर्णन गर्नु भएको छ ।

١٩٠ - عَنْ عَائِشَةَ --رَضِيَ اللَّهُ عَنْهَا-- قَالَتْ : { سَأَلْتُ رَسُولَ اللَّهِ ﷺ عَنْ الِالْتِفَاتِ فِي الصَّلَاةِ ؟ فَقَالَ : "هُوَ اخْتِلَاسٌ يَخْتَلِسُهُ الشَّيْطَانُ مِنْ صَلَاةِ الْعَبْدِ } رَوَاهُ الْبُخَارِيُّ .

१९०- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: “मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमसित नमाजमा यताउता हेर्नेबारे प्रश्न गरें, त उहाँले भन्नु भयो: यो शैतानको खोस्ने कार्यमध्येको हो जुन त्यो भक्तको नमाजबाट खोस्दछ” । (यस हदीसलाई बुखारीले वर्णन गरेका छन् ।)

र तिर्मिजीले एउटा हदीस हजरत अनसको माध्यमले वर्णन गरेका छन् जसलाई उनले सही पनि भनेका छन् कि: “नमाजमा

وَلِلتِّرْمِذِيِّ : عَنْ أَنَسٍ – وَصَحَّحَهُ – { إِيَّاكَ وَالِالْتِفَاتَ فِي الصَّلَاةِ، فَإِنَّهُ هَلَكَةٌ، فَإِنْ كَانَ فَلَا بُدَّ فَفِي التَّطَوُّعِ }

यताउता हेर्नुबाट बच, किनकि यो विनाशलाई अनिवार्य गर्छ, तर यदि यस्तो गर्नु अनिवार्य नै होस् त नफिली नमाजमा यस्तो गर्न सकिन्छ" ।

١٩١– وَعَنْ أَنَسٍ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِذَا كَانَ أَحَدُكُمْ فِي الصَّلَاةِ فَإِنَّهُ يُنَاجِي رَبَّهُ، فَلَا يَبْزُقَنَّ بَيْنَ يَدَيْهِ وَلَا عَنْ يَمِينِهِ، وَلَكِنْ عَنْ شِمَالِهِ تَحْتَ قَدَمِهِ } مُتَّفَقٌ عَلَيْهِ .

وَفِي رِوَايَةٍ : { أَوْ تَحْتَ قَدَمِهِ } .

१९१- र हजरत अनस रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "जब तिमीमध्ये कोही नमाजको अवस्थामा हुन्छ त त्यो आफ्नो प्रतिपालकसित कानेखुसी गरिरहेको हुन्छ, यसर्थ यस्तो अवस्थामा नत त्यो आफ्नो अगाडि थुकोस् नत दायाँतिर, बरु आफ्नो देब्रेतिरको पाइलामुनि थुकोस्" । (बुखारी, मुस्लिम)

र एउटा हदीसमा छ किः "वा आफ्नो पाइलामुनि" ।

١٩٢– وَعَنْهُ قَالَ: { كَانَ قِرَامٌ لِعَائِشَةَ –رَضِيَ اللَّهُ عَنْهَا– سَتَرَتْ بِهِ جَانِبَ بَيْتِهَا فَقَالَ النَّبِيُّ ﷺ أَمِيطِي عَنَّا قِرَامَكِ هَذَا، فَإِنَّهُ لَا تَزَالُ تَصَاوِيرُهُ تَعْرِضُ لِي فِي صَلَاتِي } رَوَاهُ الْبُخَارِيُّ.

وَاتَّفَقَا عَلَى حَدِيثِهَا فِي قِصَّةِ أَنْبِجَانِيَّةِ أَبِي جَهْمٍ ، وَفِيهِ : { فَإِنَّهَا أَلْهَتْنِي عَنْ صَلَاتِي }.

१९२- र उनैद्वारा वर्णित छ किः "हजरत आइशा रजिअल्लाहो अन्हाको एउटा श्रृंगारयुक्त सुन्दर र आकर्षक परदा थियो जसलाई उनी आफ्नो कोठाको एउटा कुनामा झुन्डियाएकी थिइन्, त नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः यस श्रृंगारयुक्त र आकर्षक परदालाई हटाइदेऊ, किनकि यसमा भएका चित्रहरू मेरो नमाजमा चित्रण भई मेरो नमाजलाई भंग गर्ने भूमिका खेलिरहेका छन्" । (यस हदीसलाई बुखारीले वर्णन गरेका छन् ।)

र बुखारी एवं मुस्लिम दुवै अबू जहमको अन्बिजानीयह च्यादरको कथाबारे सहमत छन्, र जस हदीसमा छ किः "यस च्यादरले मलाई मेरो नमाजबाट अचेत गरिदिएको थियो" ।

١٩٣– وَعَنْ جَابِرِ بْنِ سَمُرَةَ ﷺ

१९३- र हजरत जाबिर बिन समुरह

रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “( मुसलमान) समूहहरू नमाजमा आफ्नो दृष्टिलाई आकाशतिर उठाउनुबाट सावधान भइहालुन् नत्र यस्तो नहोस् कि उनीहरूको दृष्टिलाई नफर्कइयोस्” । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { لَيَنْتَهِيَنَّ قَوْمٌ يَرْفَعُونَ أَبْصَارَهُمْ إِلَى السَّمَاءِ فِي الصَّلَاةِ أَوْ لَا تَرْجِعَ إِلَيْهِمْ } رَوَاهُ مُسْلِمٌ .

र मूस्लिमले नै हजरत आइशा रजिअल्लाहो अन्हाको माध्यमले वर्णन गरेका छन् कि हजरत आइशा रजिअल्लाहो अन्हाले भन्नु भयो कि: मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई भन्दै सुनेको छु कि: “भोजन आइसकेपछि कुनै नमाज छैन, नत यस्तो अवस्थामा जब मान्छे दिशा पिशाबलाई रोक्ने प्रयासमा लागेको होस्” ।

وَلَهُ : عَنْ عَائِشَةَ -رَضِيَ اللَّهُ عَنْهَا- قَالَتْ: سَمِعْتُ رَسُولَ اللَّهِ ﷺ يَقُولُ: { لَا صَلَاةَ بِحَضْرَةِ طَعَامٍ ، وَلَا هُوَ يُدَافِعُهُ الْأَخْبَثَانِ } .

१९४- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “छिंक शैतानबाट हो, यसर्थ जब तिमीमध्ये कसैलाई छिंक आओस् त सकेसम्म त्यसलाई रोकोस् नियन्त्रण गरोस्” । (यस हदीसलाई मुस्लिम र तिर्मिजीले वर्णन गरेका छन्, र तिर्मिजीले यति अभिवृद्धि गरेका छन्: “नमाजमा” ।)

١٩٤- وَعَنْ أَبِي هُرَيْرَةَ ﷺ أَنَّ النَّبِيَّ ﷺ قَالَ: { التَّثَاؤُبُ مِنْ الشَّيْطَانِ فَإِذَا تَثَاءَبَ أَحَدُكُمْ فَلْيَكْظِمْ مَا اسْتَطَاعَ } رَوَاهُ مُسْلِمٌ وَالتِّرْمِذِيُّ، وَزَادَ: { فِي الصَّلَاةِ }.

## अध्याय: मस्जिदहरूको बारेमा

## بَابُ الْمَسَاجِدِ

**१९५-** हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: “रसूल सल्लल्लाहो अलैहे वसल्लमले घरहरूमा नमाजको लागि स्थान निर्धारित गर्नुको आदेश गर्नु भयो र त्यसलाई सफा स्वच्छ र पवित्र राख्ने आदेश पनि” । (यस हदीसलाई अहमद, अबू दाऊद र तिर्मिजीले वर्णन गरेका छन्, र इमाम तिर्मिजीले यसको मुरसल हुने कुरालाई सही भनेका छन् ।)

١٩٥- عَنْ عَائِشَةَ -رَضِيَ اللَّهُ عَنْهَا- قَالَتْ: { أَمَرَ رَسُولُ اللَّهِ ﷺ بِبِنَاءِ الْمَسَاجِدِ فِي الدُّورِ، وَأَنْ تُنَظَّفَ، وَتُطَيَّبَ. } رَوَاهُ أَحْمَدُ، وَأَبُو دَاوُدَ، وَالتِّرْمِذِيُّ، وَصَحَّحَ إِرْسَالَهُ .

१९६- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “अल्लाह यहूदीहरूलाई विनष्ट पारुन्, किनकि उनीहरूले आफ्नो सन्देष्टाहरूका चिहानहरूलाई पूजाघर (मस्जिद) बनाए” । (बुखारी, मुस्लिम)

र मुस्लिमले यति वृद्धि वर्णन गरेका छन्: “र ईसाईहरूलाई पनि” ।

र दुवैले (बुखारी र मुस्लिमले) हजरत आइशा रजिअल्लाहो अन्हाको माध्यमले वर्णन गरेका छन् कि: “जब उनीमध्ये कुनै सदाचारी मान्छेको मृत्यु भइहाल्थ्यो त उनीहरू त्यसको चिहानमाथि मस्जिदको निर्माण गरिहाल्थे” । र यसै हदीसमा यो पनि छ कि: “र यिनै त सबैभन्दा घृणित सृष्टि हुन्” ।

१९७- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लमले एउटा सानो लडाकु टुकडी पठाउनु भयो, अनि उनीहरू एउटा बहुदेववादी मान्छेलाई ल्याए र त्यसलाई मस्जिदे नब्वीको एउटा स्तम्भमा बाँधे”... । पूर्ण हदीससम्म । (बुखारी, मुस्लिम)

१९८- र उनै रजिअल्लाहो अन्होद्वारा वर्णित छ कि: “हजरत उमर रजिअल्लाहो अन्हो हजरत हस्सानको पासबाट गुज्रे यस अवस्थामा कि हस्सान मस्जिदमा कविता पढिरहेका थिए, त हजरत उमरले हजरत हस्सानलाई तीव्र दृष्टिले हेरे, त हस्सानले भने: म त्यस समय पनि मस्जिदमा कविता पढथें जब मस्जिदमा त्यो व्यक्तित्व विद्यमान हुन्थ्यो जुन तपाईभन्दा श्रेष्ठ थियो (अर्थात

١٩٦- وَعَنْ أَبِي هُرَيْرَةَ ﵁ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { قَاتَلَ اللَّهُ الْيَهُودَ : اِتَّخَذُوا قُبُورَ أَنْبِيَائِهِمْ مَسَاجِدَ } مُتَّفَقٌ عَلَيْهِ .

وَزَادَ مُسْلِمٌ { وَالنَّصَارَى }

وَلَهُمَا : مِنْ حَدِيثِ عَائِشَةَ -رَضِيَ اللَّهُ عَنْهَا- : { كَانُوا إِذَا مَاتَ فِيهِمْ الرَّجُلُ الصَّالِحُ بَنَوْا عَلَى قَبْرِهِ مَسْجِدًا } وَفِيهِ : { أُولَئِكَ شِرَارُ الْخَلْقِ } .

١٩٧- وَعَنْ أَبِي هُرَيْرَةَ ﵁ قَالَ: { بَعَثَ النَّبِيُّ ﷺ خَيْلاً، فَجَاءَتْ بِرَجُلٍ، فَرَبَطُوهُ بِسَارِيَةٍ مِنْ سَوَارِي الْمَسْجِدِ } الْحَدِيثَ . مُتَّفَقٌ عَلَيْهِ .

١٩٨- وَعَنْهُ ﵁ { أَنَّ عُمَرَ ﵁ مَرَّ بِحَسَّانَ يَنْشُدُ فِي الْمَسْجِدِ، فَلَحَظَ إِلَيْهِ، فَقَالَ: "قَدْ كُنْتُ أَنْشُدُ، وَفِيهِ مَنْ هُوَ خَيْرٌ مِنْكَ } . مُتَّفَقٌ عَلَيْهِ .

रसूल सल्लल्लाहो अलैहे वसल्लम उपस्थित हुन्थे)" । (बुखारी, मुस्लिम)

١٩٩- وَعَنْهُ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { مَنْ سَمِعَ رَجُلاً يَنْشُدُ ضَالَّةً فِي الْمَسْجِدِ فَلْيَقُلْ: لَا رَدَّهَا اللَّهُ عَلَيْكَ، فَإِنَّ الْمَسَاجِدَ لَمْ تُبْنَ لِهَذَا } رَوَاهُ مُسْلِمٌ

१९९- र उनैद्वारा वर्णित छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "जुन सुकैले कसैलाई मस्जिदमा हराएको वस्तु खोज्दा हेरोस् त भनोस्: अल्लाहले तिम्रो हराएको वस्तु नफर्काउन्, किनकि मस्जिदहरू यस कार्यको लागि निर्माण गरिएका होइनन्" । (यसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

٢٠٠- وَعَنْهُ : أَنَّ رَسُولَ اللَّهِ ﷺ قَالَ: { إِذَا رَأَيْتُمْ مَنْ يَبِيعُ ، أَوْ يَبْتَاعُ فِي الْمَسْجِدِ ، فَقُولُوا : لَا أَرْبَحَ اللَّهُ تِجَارَتَكَ } رَوَاهُ النَّسَائِيُّ ، وَالتِّرْمِذِيُّ وَحَسَّنَهُ .

२००- र उनैद्वारा वर्णित छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "जब तिमी कसैलाई मस्जिदमा खरिद र विक्री गरिरहेको अवस्थामा हेर, त भनः अल्लाह तिम्रो व्यापारमा नाफा नप्रदान गरोस्" । (यस हदीसलाई नेसाई र तिर्मिजीले वर्णन गरेका छन्, र इमाम तिर्मिजीले यसलाई विश्वासनीय पनि भनेका छन् ।)

٢٠١- وَعَنْ حَكِيمِ بْنِ حِزَامٍ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { لَا تُقَامُ الْحُدُودُ فِي الْمَسَاجِدِ، وَلَا يُسْتَقَادُ فِيهَا } رَوَاهُ أَحْمَدُ، وَأَبُو دَاوُدَ بِسَنَدٍ ضَعِيفٍ .

२०१- र हजरत हकीम बिन हिजाम रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "नत मस्जिदमा सजाय दिइन्छ नत कसास[1] लिइन्छ" । (यसलाई अहमद र अबू दाऊदले जईफ सनदद्वारा वर्णन गरेका छन् ।)

٢٠٢- وَعَنْ عَائِشَةَ -رَضِيَ اللَّهُ عَنْهَا- قَالَتْ: { أُصِيبَ سَعْدٌ يَوْمَ الْخَنْدَقِ، فَضَرَبَ عَلَيْهِ رَسُولُ اللَّهِ ﷺ خَيْمَةً فِي الْمَسْجِدِ، لِيَعُودَهُ مِنْ قَرِيبٍ }

२०२- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ किः "खनदक युद्धको दिन हजरत सअद घाइते भए, त मस्जिदमै रसूल सल्लल्लाहो अलैहे वसल्लमले उहाँको लागि खीमा लगाउनु भयो ताकि राम्ररी उहाँको हेरचाह गर्न सकुन्" । (बुखारी, मुस्लिम)

1 - कसासको अर्थ होः कसैले कसैलाई हत्या गरेमा वा अंगभंग गरेकोमा समानताको हक बदलाको रूपमा लिनु ।

مُتَّفَقٌ عَلَيْهِ .

٢٠٣– وَعَنْهَا قَالَتْ: { رَأَيْتُ رَسُولَ اللَّهِ ﷺ يَسْتُرُنِي، وَأَنَا أَنْظُرُ إِلَى الْحَبَشَةِ يَلْعَبُونَ فِي الْمَسْجِدِ . . . } الْحَدِيثَ . مُتَّفَقٌ عَلَيْهِ .

२०३- र उनैद्वारा वर्णित छ कि: “मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई हेरें कि उहाँ मेरो लागि आवरण भइराख्नु भएको छ यस्तो अवस्थामा कि म हब्शीहरूलाई मस्जिदमा खेल्दा हेरिरहेको थिएँ”... । पूर्ण हदीससम्म । (बुखारी, मुस्लिम)

٢٠٤– وَعَنْهَا : { أَنَّ وَلِيدَةً سَوْدَاءَ كَانَ لَهَا خِبَاءٌ فِي الْمَسْجِدِ، فَكَانَتْ تَأْتِينِي، فَتَحَدَّثُ عِنْدِي . . . } الْحَدِيثَ. مُتَّفِقٌ عَلَيْهِ .

२०४- र उनैद्वारा वर्णित छ कि: “एउटी कालो रंग भएकी बालिकाको खीमा मस्जिदमा थियो, जुन आएर मसित कुराकानी गर्दथिई” ...। पूर्ण हदीससम्म । ( बुखारी, मुस्लिम)

٢٠٥– وَعَنْ أَنَسٍ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { الْبُصَاقُ فِي الْمَسْجِدِ خَطِيئَةٌ وَكَفَّارَتُهَا دَفْنُهَا } مُتَّفَقٌ عَلَيْهِ .

२०५- र हजरत अनस रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “मस्जिदमा थुक्नु दोष हो, र त्यसको क्षतिपूर्ति त्यसलाई माटोले पूरिदिनु हो” । (बुखारी, मुस्लिम)

٢٠٦– وَعَنْهُ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { لَا تَقُومُ السَّاعَةُ حَتَّى يَتَبَاهَى النَّاسُ فِي الْمَسَاجِدِ } أَخْرَجَهُ الْخَمْسَةُ إِلَّا التِّرْمِذِيُّ، وَصَحَّحَهُ ابْنُ خُزَيْمَةَ .

२०६- र उनैद्वारा वर्णित छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “प्रलय तबसम्म घटित हुँदैन जबसम्म मानिसहरू मस्जिदको निर्माणमा प्रतिस्पर्धा र अभिमान गर्न थाल्दैनन्” [1]। (यस हदीसलाई तिर्मिजी बाहेक पाँचौंले वर्णन गरेका छन्, र इब्ने खुजैमाले सही पनि भनेका छन् ।)

٢٠٧– وَعَنْ ابْنِ عَبَّاسٍ –رَضِيَ اللَّهُ

२०७- र हजरत इब्ने अब्बास रजिअल्लाहो

1 - अर्थात मानिसहरू यस कुरामा गर्व र अभिमान गर्न थाल्दछन् कि मैले यति ठूलो यति राम्रो... मस्जिद बनाएको छु त जब अवस्था यहाँसम्म पुगिहाल्छ त प्रलय घटित हुन्छ ।

عَنْهُمَا- قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { مَا أُمِرْتُ بِتَشْيِيدِ الْمَسَاجِدِ } أَخْرَجَهُ أَبُو دَاوُدَ، وَصَحَّحَهُ ابْنُ حِبَّانَ .

अन्हुमाको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "मलाई मस्जिदहरूलाई श्रृंगारयुक्त बनाउने आदेश दिइएको छैन" । (यस हदीसलाई अबू दाऊदले वर्णन गरेका छन्, र इब्ने हिब्बानले सही भनेका छन् ।)

٢٠٨- وَعَنْ أَنَسٍ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { عُرِضَتْ عَلَيَّ أُجُورُ أُمَّتِي، حَتَّى الْقَذَاةُ يُخْرِجُهَا الرَّجُلُ مِنْ الْمَسْجِدِ } رَوَاهُ أَبُو دَاوُدَ، وَالتِّرْمِذِيُّ وَاسْتَغْرَبَهُ، وَصَحَّحَهُ ابْنُ خُزَيْمَةَ .

२०८- र हजरत अनस रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "ममाथि मेरा अनुयायीहरूको पुण्यकार्यलाई पेश गरियो, यहाँसम्म कि त्यो तिन्का (एक प्रकारको घाँस) निकाल्ने सुकार्य जसलाई मान्छे मस्जिदबाट निकाल्दछ" । (यस हदीसलाई अबू दाऊद र तिर्मिजीले वर्णन गरेका छन्, र इमाम तिर्मिजीले यसलाई अपरिचित पनि भनेका छन्, र इब्ने खुजैमाले यसलाई सही भनेका छन् ।)

٢٠٩- وَعَنْ أَبِي قَتَادَةَ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِذَا دَخَلَ أَحَدُكُمْ الْمَسْجِدَ فَلَا يَجْلِسْ حَتَّى يُصَلِّيَ رَكْعَتَيْنِ } مُتَّفَقٌ عَلَيْهِ .

२०९- र हजरत अबू कतादा रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "जब तिमीमध्ये कोही मस्जिदमा प्रवेश गरोस् त बिना दुई रकअत पढिकन् नबसोस्" । (बुखारी, मुस्लिम)

## بَابُ صِفَةِ الصَّلَاةِ

## अध्याय: नमाजको तरिकाको वर्णन

٢١٠- عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه أَنَّ النَّبِيَّ ﷺ قَالَ: { إِذَا قُمْتَ إِلَى الصَّلَاةِ فَأَسْبِغِ الْوُضُوءَ، ثُمَّ اِسْتَقْبِلِ الْقِبْلَةَ، فَكَبِّرْ، ثُمَّ اقْرَأْ مَا تَيَسَّرَ مَعَكَ مِنْ الْقُرْآنِ، ثُمَّ اِرْكَعْ حَتَّى تَطْمَئِنَّ رَاكِعًا، ثُمَّ ارْفَعْ حَتَّى تَعْتَدِلَ قَائِمًا،

२१०- हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "जब तिमी नमाज पढने इच्छा गर त सर्वप्रथम परिपूर्ण वजू गर, अनि किब्लातिर अनुहार गर, अनि अल्लाहु अक्बर भन, अनि जति सुसाध्य होस् कुरआनबाट पाठन गर, अनि रुकूअ गर र पूर्ण श्रद्धा र सन्तुष्टिको साथ रुकूअ गर, अनि रुकूअबाट उभ र पूर्ण श्रद्धा र

स्थिरताको साथ राम्ररी उभ, अनि ढोग गर र पूर्ण श्रद्धा र सन्तुष्टिको साथ ढोग गर, अनि उठ र पूर्ण श्रद्धा र सन्तुष्टिको साथ राम्ररी बस, अनि पुनः ढोग गर र पूर्ण श्रद्धा र सन्तुष्टिको साथ ढोग गर, अनि यसरी नै आफ्नो पूर्ण नमाजमा गर" । (यस हदीसलाई सातौंले वर्णन गरेका छन्, र वर्णित शब्द बुखारीका हुन् ।)

र मुस्लिमको सनदद्वारा इब्ने माजामा छः " यहाँसम्म कि राम्ररी र पूर्ण स्थिरताको साथ उभिहाल" ।

र यस्तै खालको हदीस अहमद र इब्ने हिब्बानले हजरत रेफाअहको माध्यमले वर्णन गरेका छन् ।
र अहमदको एउटा हदीसमा यसरी वर्णित छ किः "आफ्नो ढाडलाई सोझो पार यहाँसम्म कि समस्त हाँडहरू अआफ्ना ठाउँमा फर्कुन्" ।

र नेसाई र अबू दाऊदले हजरत रेफाअहकै हदीसलाई यसरी वर्णन गरेका छन् किः "कसैको नमाज तबसम्म पूर्ण हुँदैन जबसम्म त्यो त्यसरी परिपूर्ण तरिकाले वजू नगरोस् जसरी अल्लाहले त्यसलाई आदेश गरेका छन्, अनि तक्बीर भनोस् (अल्लाहु अक्बर भनोस्), अनि अल्लाहको प्रशंसा र त्यसको गुणगान गरोस्" । र यसै हदीसमा यो पनि वर्णित छ किः "यदि तिमीलाई कुरआनबाट केही याद (कण्ठ) छ त त्यसको पाठन गर नत्र अल्लाहको प्रशंसा गर, र त्यसको महिमा गानगर, र लाइलाहा इल्लल्लाहको जप गर" ।
र अबू दाऊले वर्णन गरेका छन् किः "अनि

ثُمَّ اسْجُدْ حَتَّى تَطْمَئِنَّ سَاجِدًا، ثُمَّ ارْفَعْ حَتَّى تَطْمَئِنَّ جَالِسًا، ثُمَّ اسْجُدْ حَتَّى تَطْمَئِنَّ سَاجِدًا، ثُمَّ افْعَلْ ذَلِكَ فِي صَلَاتِكَ كُلِّهَا } أَخْرَجَهُ السَّبْعَةُ، وَاللَّفْظُ لِلْبُخَارِيِّ .

وَلِابْنِ مَاجَهْ بِإِسْنَادِ مُسْلِمٍ : { حَتَّى تَطْمَئِنَّ قَائِمًا } .

وَمِثْلُهُ فِي حَدِيثِ رِفَاعَةَ عِنْدَ أَحْمَدَ وَابْنِ حِبَّانَ .

وَفِي لَفْظٍ لِأَحْمَدَ : { فَأَقِمْ صُلْبَكَ حَتَّى تَرْجِعَ الْعِظَامُ } .

وَلِلنَّسَائِيِّ، وَأَبِي دَاوُدَ مِنْ حَدِيثِ رِفَاعَةَ بْنِ رَافِعٍ : { إِنَّهَا لَنْ تَتِمُّ صَلَاةُ أَحَدِكُمْ حَتَّى يُسْبِغَ الْوُضُوءَ كَمَا أَمَرَهُ اللَّهُ، ثُمَّ يُكَبِّرَ اللَّهَ، وَيَحْمَدَهُ، وَيُثْنِيَ عَلَيْهِ } وَفِيهَا { فَإِنْ كَانَ مَعَكَ قُرْآنٌ فَاقْرَأْ وَإِلَّا فَاحْمَدِ اللَّهَ، وَكَبِّرْهُ، وهلِّلْهُ } .

وَلِأَبِي دَاوُدَ : { ثُمَّ اقْرَأْ بِأُمِّ الْقُرْآنِ وَبِمَا

شَاءَ اللَّهُ } .

وَلِابْنِ حِبَّانَ : { ثُمَّ بِمَا شِئْتَ }.

٢١١- وَعَنْ أَبِي حُمَيْدٍ السَّاعِدِيِّ ﷺ قَالَ: { رَأَيْتُ النَّبِيَّ ﷺ إِذَا كَبَّرَ جَعَلَ يَدَيْهِ حَذْوَ مَنْكِبَيْهِ، وَإِذَا رَكَعَ أَمْكَنَ يَدَيْهِ مِنْ رُكْبَتَيْهِ، ثُمَّ هَصَرَ ظَهْرَهُ، فَإِذَا رَفَعَ رَأْسَهُ اسْتَوَى حَتَّى يَعُودَ كُلُّ فَقَارٍ مَكَانَهُ، فَإِذَا سَجَدَ وَضَعَ يَدَيْهِ غَيْرَ مُفْتَرِشٍ وَلَا قَابِضِهِمَا، وَاسْتَقْبَلَ بِأَطْرَافِ أَصَابِعِ رِجْلَيْهِ الْقِبْلَةَ، وَإِذَا جَلَسَ فِي الرَّكْعَتَيْنِ جَلَسَ عَلَى رِجْلِهِ الْيُسْرَى وَنَصَبَ الْيُمْنَى، وَإِذَا جَلَسَ فِي الرَّكْعَةِ الْأَخِيرَةِ قَدَّمَ رِجْلَهُ الْيُسْرَى وَنَصَبَ الْأُخْرَى، وَقَعَدَ عَلَى مَقْعَدَتِهِ } أَخْرَجَهُ الْبُخَارِيُّ .

٢١٢ - وَعَنْ عَلِيِّ بْنِ أَبِي طَالِبٍ ﷺ عَنْ رَسُولِ اللَّهِ ﷺ { أَنَّهُ كَانَ إِذَا قَامَ إِلَى الصَّلَاةِ قَالَ: "وَجَّهْتُ وَجْهِي لِلَّذِي فَطَرَ السَّمَوَاتِ " . . . إِلَى قَوْلِهِ :

सूरतुल् फातिहाको पाठ गर, र त्यस बाहेक जति अल्लाहले चाहन्छ" ।

र इब्ने हिब्बानमा छ: "अनि जे चाह पाठन गर" ।

२११- र हजरत अबू हुमैद अस्साअदी रजअिल्लाहो अन्होको वर्णन छ कि: "मैले नबी सल्लल्लाहो अलैहे वसल्लमलाई हेरेको छु कि जब उहाँ तक्बीर भने त आफ्नो दुवै हातलाई काँधाको बराबर उठाए, र जब रुकूअ गरे त आफ्नो दुवै हातले आफ्नो दुवै घुँडालाई बलपूर्वक समाते, अनि आफ्नो पिठ्युँलाई झुकाए, अनि जब रुकूअबाट उठे त नितान्त सीधा भए यहाँसम्म कि समस्त हाँडका जोनीहरू अआफ्ना स्थानमा गइहालुन्, अनि जब उहाँले ढोग गरे त दुवै हातलाई धरतीमा यसरी राखे कि नत त्यो अत्याधिक वस्तृत थियो नत अत्याधिक संकुचित, र दुवै पाइलाका औंलाहरूको किनारालाई किब्लातिर गरे, र जब दुई रकअत सम्पन्न गरे पश्चात बसे त आफ्नो देब्रे पाइलामाथि बसे र दायाँलाई ठाढो राखे, र जब अन्तिम रकअतमा बसे त देब्रे पाइलालाई तिर्घामुनिबाट छिराएर अर्कोतिर निष्कासित गरे र अर्को पाइलालाई ठाढो गरे, र नितम्बलाई धरतीमा राखेर बसे" । (यस हदीसलाई बुखारीले वर्णन गरेका छन् ।)

२१२- र हजरत अली रजअिल्लाहो अन्होको वर्णन छ कि: "जब रसूल सल्लल्लाहो अलैहे वसल्लम नमाजको लागि उभ्थे त भन्थे: मैले आफ्नो अनुहारलाई आकाश र धरतीको स्रष्टातिर प्रवृत्त गरें ..., यस कथनसम्म "म मुसलमानहरूमध्येको हूँ", हे अल्लाह तिमी नै मालिक हौ तिमी बाहेक कोही पनि ईश छैन, तिमी नै मेरो प्रतिपालक हौ र म तिम्रो

"مِنْ الْمُسْلِمِينَ، اللَّهُمَّ أَنْتَ الْمَلِكُ لَا إِلَهَ إِلَّا أَنْتَ، أَنْتَ رَبِّي وَأَنَا عَبْدُكَ . . . } إِلَى آخِرِهِ . رَوَاهُ مُسْلِمٌ .

भक्त... " । अन्तसम्म । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

وَفِي رِوَايَةٍ لَهُ : أَنَّ ذَلِكَ فِي صَلَاةِ اللَّيْلِ.

र मुस्लिमको एउटा हदीसमा छः कि यो रात्रीको नमाज (तहज्जुद) मा पढथे ।

٢١٣- وَعَنْ أَبِي هُرَيْرَةَ ﷺ قَالَ: { كَانَ رَسُولُ اللَّهِ ﷺ إِذَا كَبَّرَ لِلصَّلَاةِ سَكَتَ هُنَيَّةً، قَبْلِ أَنْ يَقْرَأَ، فَسَأَلْتُهُ، فَقَالَ : "أَقُولُ: اللَّهُمَّ بَاعِدْ بَيْنِي وَبَيْنَ خَطَايَايَ كَمَا بَاعَدْتَ بَيْنَ الْمَشْرِقِ وَالْمَغْرِبِ، اللَّهُمَّ نَقِّنِي مِنْ خَطَايَايَ كَمَا يُنَقَّى الثَّوْبُ الْأَبْيَضُ مِنْ الدَّنَسِ، اللَّهُمَّ اغْسِلْنِي مِنْ خَطَايَايَ بِالْمَاءِ وَالثَّلْجِ وَالْبَرَدِ } مُتَّفَقٌ عَلَيْهِ .

२१३- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लम जब नमाजको लागि तक्बीर भन्थे त पाठन गर्नुभन्दा अघि केही बेर चुप लाग्थे, त मैले उहाँसित यसबारे सोधें, त उहाँले भन्नु भयो: म भन्छु: हे अल्लाह म र मेरा पापहरूबीच यति दूरी गरिदेऊ जति दूरी पूर्व पश्चिमबीच गरेका छौ, हे अल्लाह मलाई मेरो पापहरूबाट यसरी स्वच्छ पारिदेऊ जसरी सेतो लुगालाई मैल फोहोरबाट स्वच्छ गरिन्छ, हे अल्लाह मलाई मेरो पापहरूबाट पानी असिना र हिउँद्वारा स्वच्छ पारिदेऊ" । (बुखारी, मुस्लिम)

٢١٤- وَعَنْ عُمَرَ ﷺ أَنَّهُ كَانَ يَقُولُ: { سُبْحَانَكَ اللَّهُمَّ وَبِحَمْدِكَ، تَبَارَكَ اسْمُكَ، وَتَعَالَى جَدُّكَ، وَلَا إِلَهَ غَيْرُكَ }

२१४- र हजरत उमर रजिअल्लाहो अन्होको वर्णन छ कि उनी यस अन्तरालमा भन्थे: "तिमी पवित्र छौ हे अल्लाह र तिम्रै लागि समस्त प्रशंसाहरू छन्, तिम्रो नाम कल्याणकारी छ, तिम्रो महिमा महान छ, र तिमी बाहेक कोही पूजनीय छैन" । (यसलाई

رَوَاهُ مُسْلِمٌ بِسَنَدٍ مُنْقَطِعٍ، وَالدَّارَقُطْنِيُّ مَوْصُولاً وَهُوَ مَوْقُوفٌ.

وَنَحْوُهُ عَنْ أَبِي سَعِيدٍ مَرْفُوعًا عِنْدَ الْخَمْسَةِ. وَفِيهِ : وَكَانَ يَقُولُ بَعْدَ التَّكْبِيرِ: { أَعُوذُ بِاللَّهِ السَّمِيعِ الْعَلِيمِ مِنَ الشَّيْطَانِ الرَّجِيمِ ، مِنْ هَمْزِهِ ، وَنَفْخِهِ ، وَنَفْثِهِ } .

٢١٥- وَعَنْ عَائِشَةَ -رَضِيَ اللَّهُ عَنْهَا- قَالَتْ: { كَانَ رَسُولُ اللَّهِ ﷺ يَسْتَفْتِحُ الصَّلَاةَ بِالتَّكْبِيرِ، وَالْقِرَاءَةَ : بِ (الْحَمْدُ لِلَّهِ رَبِّ الْعَالَمِينَ ) وَكَانَ إِذَا رَكَعَ لَمْ يُشْخِصْ رَأْسَهُ، وَلَمْ يُصَوِّبْهُ، وَلَكِنْ بَيْنَ ذَلِكَ . وَكَانَ إِذَا رَفَعَ مِنْ الرُّكُوعِ لَمْ يَسْجُدْ حَتَّى يَسْتَوِيَ قَائِمًا . وَإِذَا رَفَعَ مِنْ السُّجُودِ لَمْ يَسْجُدْ حَتَّى يَسْتَوِيَ جَالِسًا . وَكَانَ يَقُولُ فِي كُلِّ رَكْعَتَيْنِ التَّحِيَّةَ . وَكَانَ يَفْرِشُ رِجْلَهُ الْيُسْرَى وَيَنْصِبُ الْيُمْنَى .

मुस्लिमले मुनकतेअ[1] सनदको माध्यमले वर्णन गरेका छन्, र दारकुत्नीले मौसूलन[2] वर्णन गरेका छन् तर यो हदीस मौकूफ[3] छ ।)

र यस्तै हदीस पाँचौले हजरत अबू सईदको माध्यमले मरफूअन् वर्णन गरेका छन्, र त्यसमा वर्णित छ किः "र तक्बीर पश्चात भन्थेः म सर्वज्ञानी सर्वज्ञ अल्लाहको शरण चाहन्छु अभिशप्त शैतानबाट, र त्यसको असमंजस, र कौतुहलता, र अहंकारबाट" ।

२१५- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ किः "रसूल सल्लल्लाहो अलैहे वसल्लम नमाजको आरम्भ तक्बीर र सूरतुल फातिहाको पाठनद्वारा गर्थे, र जब रुकूअ गर्थे त नत धेरै उच्च राख्थे नत धेरै निहुराउँथे बरु सन्तुलित राख्थे, र जब रुकूअबाट टाउको उठाउँथे त तबसम्म ढोग गर्दैनथे जबसम्म पूर्णरूपले उभ्दैनथे, र जब ढोगबाट उभिन्थे त तबसम्म ढोग गर्दैनथे जबसम्म राम्ररी बस्दैनथे, र प्रत्येक दुई रकअत पश्चात तशहहुदको लागि बस्थे, र आफ्नो देब्रे पाइलालाई पसारेर दायाँ पाइलालाई ठाढो राख्थे । र उहाँ सल्लल्लाहो अलैहे वसल्लम शैतान जस्तो बसाइबाट अर्थात कुकुर झैं बस्नुबाट रोक्दथे, र मांसाहारी जनावर झैं हात पसारेर बस्नुबाट पनि मनाही गर्थे, र नमाजलाई सलामद्वारा सम्पन्न गर्थे" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन्, तर यस हदीसको सनदमा

1 - त्यस हदीसलाई भन्छन् जसको सनद कुनै ठाउँमा कटेको होस् ।

2 - मौसूल त्यस हदीसलाई भन्छन् जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमसित संलग्न गरियोस् ।

3 - मौकूफ त्यस हदीसलाई भन्छन् जसलाई सहाबीसित संलग्न गरियोस् ।

कुनै खोट (इल्लत) छ ।)

وَكَانَ يَنْهَى عَنْ عُقْبَةِ الشَّيْطَانِ، وَيَنْهَى أَنْ يَفْتَرِشَ الرَّجُلُ زِرَاعَيْهِ اِفْتِرَاشَ السَّبُعِ . وَكَانَ يُخْتَمُ الصَّلَاةَ بِالتَّسْلِيمِ } أَخْرَجَهُ مُسْلِمٌ ، وَلَهُ عِلَّةٌ .

२१६- र हजरत इब्ने उमर रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लम जब नमाज आरम्भ गर्थे त आफ्नो दुवै हातलाई आफ्नो काँधासम्म उठाउँथे, र जब रुकूअको लागि तक्बीर भन्थे त्यस समय पनि, र जब रुकूअबाट आफ्नो टाउको उठाउँथे त्यस समय पनि आफ्नो दुवै हातलाई उठाउँथे” । (बुखारी, मुस्लिम)

٢١٦- وَعَنْ ابْنِ عُمَرَ -رَضِيَ اللَّهُ عَنْهُمَا- { أَنَّ النَّبِيَّ ﷺ كَانَ يَرْفَعُ يَدَيْهِ حَذْوَ مَنْكِبَيْهِ إِذَا افْتَتَحَ الصَّلَاةَ، وَإِذَا كَبَّرَ لِلرُّكُوعِ، وَإِذَا رَفَعَ رَأْسَهُ مِنْ الرُّكُوعِ } مُتَّفَقٌ عَلَيْهِ .

र अबू हुमैदको हदीसमा छ जसलाई अबू दाऊदले वर्णन गरेका छन् कि: “उहाँ सल्लल्लाहो अलैहे वसल्लम आफ्नो दुवै हातलाई यति उठाउँथे कि त्यो काँधा समान भइहाल्थ्यो अनि तक्बीर भन्थे” ।

وَفِي حَدِيثِ أَبِي حُمَيْدٍ، عِنْدَ أَبِي دَاوُدَ: { يَرْفَعُ يَدَيْهِ حَتَّى يُحَاذِيَ بِهِمَا مَنْكِبَيْهِ، ثُمَّ يُكَبِّرَ } .

र इमाम मुस्लिमले मालिक बिन हुवैरिस रजअिल्लाहो अन्होको माध्यमले इब्ने उमरको हदीस सरह एउटा हदीस वर्णन गरेका छन्, तर त्यसमा भनेका छन् कि: “यहाँसम्म कि दुवै हात दुवै कानको लोतीसम्म पुग्थ्यो” ।

وَلِمُسْلِمٍ عَنْ مَالِكِ بْنِ الْحُوَيْرِثِ رضي الله عنه نَحْوُ حَدِيثِ ابْنِ عُمَرَ، وَلَكِنْ قَالَ: { حَتَّى يُحَاذِيَ بِهِمَا فُرُوعَ أُذُنَيْهِ } .

२१७- र हजरत वाइल बिन हुज्र रजिअल्लाहो अन्होको वर्णन छ कि: “मैले नबी सल्लल्लाहो अलैहे वसल्लमको साथमा नमाज पढें अनि उहाँले आफ्नो दायाँ हातलाई बायाँ हातमाथि राखेर छातीमाथि राखे” । (यस हदीसलाई इब्ने खुजैमाले वर्णन गरेका छन् ।)

٢١٧ - وَعَنْ وَائِلِ بْنِ حُجْرٍ رضي الله عنه قَالَ: { صَلَّيْتُ مَعَ النَّبِيِّ ﷺ فَوَضَعَ يَدَهُ الْيُمْنَى عَلَى يَدِهِ الْيُسْرَى عَلَى صَدْرِهِ }

أَخْرَجَهُ ابْنُ خُزَيْمَةَ .

٢١٨- وَعَنْ عُبَادَةَ بْنِ الصَّامِتِ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { لَا صَلَاةَ لِمَنْ لَمْ يَقْرَأْ بِأُمِّ الْقُرْآنِ } مُتَّفَقٌ عَلَيْهِ .

२१८- र हजरत उबादह इब्नुस्सामित रजअिल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "त्यस व्यक्तिको नमाज हुँदैन जसले त्यसमा सूरतुल फातिहाको पाठन गर्दैन" । (बुखारी, मुस्लिम)

وَفِي رِوَايَةٍ، لِابْنِ حِبَّانَ وَالدَّارَقُطْنِيِّ : { لَا تَجْزِي صَلَاةٌ لَا يُقْرَأُ فِيهَا بِفَاتِحَةِ الْكِتَابِ } .

र एउटा हदीसमा छ जसलाई इब्ने हिब्बान र दारकुत्नीले वर्णन गरेका छन् कि: "त्यो नमाज पूर्ण हुँदैन जसमा सूरतुल फातिहाको पाठन गरिदैन" ।

وَفِي أُخْرَى، لِأَحْمَدَ وَأَبِي دَاوُدَ، وَالتِّرْمِذِيِّ، وَابْنِ حِبَّانَ: { لَعَلَّكُمْ تَقْرَءُونَ خَلْفَ إِمَامِكُمْ ؟ " قُلْنَا : نَعَمْ . قَالَ: "لَا تَفْعَلُوا إِلَّا بِفَاتِحَةِ الْكِتَابِ، فَإِنَّهُ لَا صَلَاةَ لِمَنْ لَمْ يَقْرَأْ بِهَا } .

र एउटा अर्को हदीसमा छ जसलाई अहमद, अबू दाऊद, तिर्मिजी र इब्ने हिब्बानले वर्णन गरेका छन् कि: "कदाचित तिमीहरू इमाम पछाडि केही पढदछौ ? त हामीले भनें: हो, हामी केही पाठन गर्दछौं । त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: तिमीहरू यस्तो नगर, बरु मात्र सूरतुल फातिहाको पाठन गर, किनकि जसले सूरतुल फातिहाको पाठन गरेन त्यसको नमाज भएन" ।

٢١٩- وَعَنْ أَنَسٍ ﷺ { أَنَّ النَّبِيَّ ﷺ وَأَبَا بَكْرٍ وَعُمَرَ كَانُوا يَفْتَتِحُونَ الصَّلَاةَ بِ (الْحَمْدُ لِلَّهِ رَبِّ الْعَالَمِينَ ) } مُتَّفَقٌ عَلَيْهِ .

२१९- र हजरत अनस रजिअल्लाहो अन्होको वर्णन छ कि: "नबी सल्लल्लाहो अलैहे वसल्लम र अबू बक्र एवं उमर नमाजको आरम्भ अल्हम्दुलिल्लाह (सूरतुल् फातिहा) द्वारा गर्थे" । (बुखारी, मुस्लिम)

زَادَ مُسْلِمٌ: { لَا يَذْكُرُونَ : (بِسْمِ اللَّهِ

र मुस्लिमले यति अभिवृद्धि गरेका छन् कि: "उनीहरू बिस्मिल्लाहिर्रहमानिर्रहीम भन्दैनथे, नत पाठन आरम्भगर्दा नत त्यसको अन्त्यमा

الرَّحْمَنِ الرَّحِيمِ ) فِي أَوَّلِ قِرَاءَةٍ وَلَا فِي آخِرِهَا } .

नै" ।

وَفِي رِوَايَةٍ لِأَحْمَدَ، وَالنَّسَائِيِّ وَابْنِ خُزَيْمَةَ : { لَا يَجْهَرُونَ بِبِسْمِ اللَّهِ الرَّحْمَنِ الرَّحِيمِ }.

र अहमद र नेसाई एवं इब्ने खुजैमाको हदीसमा छ किः उनीहरू " बिस्मिल्लाहिर्रहमानिर्रहीमलाई ठूलो स्वरमा जाहेर गरेर पढदैनथे" ।

وَفِي أُخْرَى لِابْنِ خُزَيْمَةَ : { كَانُوا يُسِرُّونَ }. وَعَلَى هَذَا يُحْمَلُ النَّفْيُ فِي رِوَايَةِ مُسْلِمٍ، خِلَافًا لِمَنْ أَعَلَّهَا.

र एउटा अर्को हदीसमा छ जसलाई इब्ने खुजैमाले वर्णन गरेका छन् किः "उनी यसलाई मसिनो स्वरमा पढदथे" । त मुस्लिमले वर्णन गरेको हदीसलाई यसैमा निर्भर गरिन्छ ती मानिसहरू विपरीत जिनले त्यसलाई विकारयुक्त भनेका छन् ।

٢٢٠- وَعَنْ نُعَيْمٍ الْمُجَمِّرِ ﷺ قَالَ: { صَلَّيْتُ وَرَاءَ أَبِي هُرَيْرَةَ فَقَرَأَ: (بِسْمِ اللَّهِ الرَّحْمَنِ الرَّحِيمِ) . ثُمَّ قَرَأَ بِأُمِّ الْقُرْآنِ، حَتَّى إِذَا بَلَغَ: (وَلَا الضَّالِّينَ)، قَالَ: "آمِينَ" وَيَقُولُ كُلَّمَا سَجَدَ، وَإِذَا قَامَ مِنْ الْجُلُوسِ: اللَّهُ أَكْبَرُ . ثُمَّ يَقُولُ إِذَا سَلَّمَ: وَالَّذِي نَفْسِي بِيَدِهِ إِنِّي لَأَشْبَهُكُمْ صَلَاةً بِرَسُولِ اللَّهِ ﷺ } رَوَاهُ النَّسَائِيُّ وَابْنُ خُزَيْمَةَ .

२२०- र हजरत नुऐम अल् मुजम्मिर रजिअल्लाहो अन्होको वर्णन छ किः "मैले हजरत अबू हुरैरहको पछाडि नमाज पढें त उहाँले पहिला बिस्मिल्लाहिर्रहमानिर्रहीम पढे, अनि सूरतुल् फातिहाको पाठन गरे यहाँसम्म कि जब वलज्जालीनको पाठन गर्नु भयो त आमीन पनि भन्नु भयो, र वर्णनकर्ता भन्छन् किः उनी जहिले पनि ढोग गर्थे वा बसाईबाट उठदथे अल्लाहु अक्बर भन्थे, अनि जब सलाम फेरे त भन्नु भयोः अल्लाहको शपथ जसको हातमा मेरो ज्यान छ मेरो नमाजको यो तरिका तिमी सबैभन्दा अधिक नबी सल्लल्लाहो हलैहे वसल्लमको नमाज अनुरूप छ" । (यस हदीसलाई नेसाई र इब्ने खुजैमाले वर्णन गरेका छन् ।)

٢٢١- وَعَنْ أَبِي هُرَيْرَةَ ﷺ قَالَ:

२२१- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो

قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِذَا قَرَأْتُمْ الْفَاتِحَةَ فَاقْرَءُوا: ( بِسْمِ اللَّهِ الرَّحْمَنِ الرَّحِيمِ )، فَإِنَّهَا إِحْدَى آيَاتِهَا } رَوَاهُ الدَّارَقُطْنِيُّ، وَصَوَّبَ وَقْفَهُ .

अलैहे वसल्लमले भन्नु भयो: "जब सूरतुल् फातिहाको पाठन गर त बिस्मिल्लाहिर्रहमानिर्रहीम पनि पढदैगर, किनकि यो सूरतुल् फातिहाको एउटा श्लोक हो" । (यस हदीसलाई दारकुत्नीले वर्णन गरेका छन्, र यसको मौकूफ हुने कुरालाई सही ठहर गरेका छन् ।)

٢٢٢- وَعَنْهُ قَالَ: { كَانَ رَسُولُ اللَّهِ ﷺ إِذَا فَرَغَ مِنْ قِرَاءَةِ أُمِّ الْقُرْآنِ رَفَعَ صَوْتَهُ وَقَالَ: "آمِينَ". } رَوَاهُ الدَّارَقُطْنِيُّ وَحَسَّنَهُ، وَالْحَاكِمُ وَصَحَّحَهُ .

२२२- र उनैद्वारा वर्णित छ कि: "जब रसूल सल्लल्लाहो अलैहे वसल्लम सूरतुल् फातिहाको पाठन सम्पन्न गर्थे त ठूलो स्वरमा आमीन भन्थे" । (यस हदीसलाई दारकुत्नीले वर्णन गरेका छन्, र विश्वासनीय पनि भनेका छन्, र हाकिमले पनि र यसलाई सही भनेका छन् ।)

وَلِأَبِي دَاوُدَ وَالتِّرْمِذِيِّ مِنْ حَدِيثِ وَائِلِ بْنِ حُجْرٍ نَحْوُهُ.

र अबू दाऊद एवं तिर्मिजीले वाइल बिन हुज्रको माध्यमले यसै जस्तो हदीस वर्णन गरेका छन् ।

٢٢٣- وَعَنْ عَبْدِ اللَّهِ بْنِ أَبِي أَوْفَى -رَضِيَ اللَّهُ عَنْهُمَا- قَالَ: { جَاءَ رَجُلٌ إِلَى النَّبِيِّ ﷺ فَقَالَ: إِنِّي لَا أَسْتَطِيعُ أَنْ آخُذَ مِنْ الْقُرْآنِ شَيْئًا، فَعَلِّمْنِي مَا يُجْزِئُنِي مِنْهُ . قَالَ : "سُبْحَانَ اللَّهِ، وَالْحَمْدُ لِلَّهِ، وَلَا إِلَهَ إِلَّا اللَّهُ وَاللَّهُ أَكْبَرُ، وَلَا حَوْلَ وَلَا قُوَّةَ إِلَّا بِاللَّهِ الْعَلِيِّ الْعَظِيمِ . . . } الْحَدِيثَ . رَوَاهُ أَحْمَدُ، وَأَبُو دَاوُدَ،

२२३- र हजरत अब्दुल्लाह बिन अबि औफा रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: "एउटा मान्छे नबी सल्लल्लाहो अलैहे वसल्लमको पासमा आएर भन्यो: म कुरआनबाट केही कण्ठ गर्नुमा सूक्ष्म छैन, यसर्थ मलाई यस्तो कुरो सिकाउनु होस् जुन त्यसलाई पर्याप्त होस् (अर्थात जसद्वारा मेरो नमाज भइहालोस्) । त उहाँले भन्नु भयो: सुबहानअल्लाह (अल्लाह पवित्र छ), वल हम्दुलिललाह (र अल्लाहको लागि नै समस्त प्रशंसा छ), वलाइलाहा इल्लल्लाह वल्लाहु अक्बर (र अल्लाह बाहेक कोही सत्य पूजनीय छैन अल्लाह महान छ), वलाहौला वला कूवता इल्ला बिललाहिल् अलीयुल् अजीम (र अल्लाह महान एवं सर्वोच्च बाहेक

وَالنَّسَائِيُّ، وَصَحَّحَهُ ابْنُ حِبَّانَ، وَالدَّارَقُطْنِيُّ، وَالْحَاكِمُ .

कसैको तागत शरण दिने योग्य छैन)...।" पूर्ण हदीससम्म । (यस हदीसलाई अहमद, र अबू दाऊद, र नेसाईले वर्णन गरेका छन्, र यसलाई इब्ने हिब्बान र दारकुत्नी एवं हाकिमले सही भनेका छन् ।)

٢٢٤ – وَعَنْ أَبِي قَتَادَةَ رضي الله عنه قَالَ: { كَانَ رَسُولُ اللَّهِ صلى الله عليه وسلم يُصَلِّي بِنَا، فَيَقْرَأُ فِي الظُّهْرِ وَالْعَصْرِ – فِي الرَّكْعَتَيْنِ الْأُولَيَيْنِ – بِفَاتِحَةِ الْكِتَابِ وَسُورَتَيْنِ، وَيُسْمِعُنَا الْآيَةَ أَحْيَانًا، وَيُطَوِّلُ الرَّكْعَةَ الْأُولَى، وَيَقْرَأُ فِي الْأُخْرَيَيْنِ بِفَاتِحَةِ الْكِتَابِ. } مُتَّفَقٌ عَلَيْهِ.

२२४- र हजरत कतादा रजिअल्लाहो अन्होको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लम हामीलाई नमाज पढाउँथे, त जुहर र अस्रको पहिलाका दुवै रकअतमा सूरतुल् फातिहाको साथ दुई अन्य सूरहहरू पनि पढथे, र कहिलेकाहिँ उहाँ हामीलाई केही श्लोक सुनाइहाल्थे, र पहिलो रक्अतलाई अलि लामो गर्थे, र अन्तिमका दुवै रकअतमा मात्र सूरतुल् फातिहाको पाठन गर्थे" । (बुखारी, मुस्लिम)

٢٢٥ – وَعَنْ أَبِي سَعِيدٍ الْخُدْرِيِّ رضي الله عنه قَالَ: { كُنَّا نَحْزُرُ قِيَامَ رَسُولِ اللَّهِ صلى الله عليه وسلم فِي الظُّهْرِ وَالْعَصْرِ، فَحَزَرْنَا قِيَامَهُ فِي الرَّكْعَتَيْنِ الْأُولَيَيْنِ مِنْ الظُّهْرِ قَدْرَ : (الم تَنْزِيلُ) السَّجْدَةِ . وَفِي الْأُخْرَيَيْنِ قَدْرَ النِّصْفِ مِنْ ذَلِكَ . وَفِي الْأُولَيَيْنِ مِنْ الْعَصْرِ عَلَى قَدْرِ الْأُخْرَيَيْنِ مِنْ الظُّهْرِ، وَالْأُخْرَيَيْنِ قَدْرَ النِّصْفِ مِنْ ذَلِكَ } رَوَاهُ مُسْلِمٌ .

२२५- र हजरत अबू सईद खुदरी रजिअल्लाहो अन्होको वर्णन छ कि: "जुहर र अस्रको नमाजमा हामी रसूल सल्ललललाहो अलैहे वसल्लमको कियाम (नमाजमा उभिने क्रम) लाई अनुमान लगाउँथें, त हामीले जुहरको पहिलाका दुई रकअतको कियामको अवधिको अनुमान लगायौं कि त्यसको अवधि लगभग (अलिफ लाम मीम तन्जील) अस्सज्दहको पाठन जति छ । र त्यसको अन्तिम दुवै रकअतको अवधि त्यसको आधा जति हुन्छ । र अस्रको पहिलाका दुवै रकअतको कियामको अवधि जुहरको अन्तिम दुई रकअत बराबर जति हुन्छ, र अस्रको अन्तिम दुवै रकअतको कियामको अवधि यसको पहिलाका रकअतको अवधिभन्दा आधा" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

٢٢٦– وَعَنْ سُلَيْمَانَ بْنِ يَسَارٍ رضي الله عنه

२२६- र हजरत सुलैमान बिन यसार रजिअल्लाहो अन्होको वर्णन छ कि:

قَالَ: { كَانَ فُلَانٌ يُطِيلُ الْأُولَيَيْنِ مِنْ الظُّهْرِ، وَيُخَفِّفُ الْعَصْرَ، وَيَقْرَأُ فِي الْمَغْرِبِ بِقِصَارِ الْمُفَصَّلِ وَفِي الْعِشَاءِ بِوَسَطِهِ وَفِي الصُّبْحِ بِطُولِهِ . فَقَالَ أَبُو هُرَيْرَةَ: "مَا صَلَّيْتُ وَرَاءَ أَحَدٍ أَشْبَهَ صَلَاةً بِرَسُولِ اللَّهِ ﷺ مِنْ هَذَا } . أَخْرَجَهُ النَّسَائِيُّ بِإِسْنَادٍ صَحِيحٍ .

"फलानाले जुहरको पहिलाका दुवै रकअतलाई लामो गरेर पढछन्, र अस्र नमाजमा धेरै लामो पढदैनन्, र मग्रिबमा केसारे मुफस्सल (साना सूरहहरू) पढछन्, र इशामा सामान्य सूरहहरूलाई पढछन्, र फज्र नमाजमा लामो सूरहहरू पढछन् । त हजरत अबू हुरैरहले भन्नु भयोः म यस व्यक्तिभन्दा अधिक नबी सल्लल्लाहो अलैहे वसल्लमको नमाजसित मल्दिो नमाज कसै अन्यको इमामतमा पढेको छैन" । (यस हदीसलाई नेसाईले सही सनदको माध्यमले वर्णन गरेका छन् ।)

٢٢٧ – وَعَنْ جُبَيْرِ بْنِ مُطْعِمٍ رضي الله عنه قَالَ: { سَمِعْتُ رَسُولَ اللَّهِ ﷺ يَقْرَأُ فِي الْمَغْرِبِ بِالطُّورِ } مُتَّفَقٌ عَلَيْهِ .

२२७- र हजरत जुबैर बिन मुतइम रजिअल्लाहो अन्होको वर्णन छ किः "मैले मग्रिबको नमाजमा रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई सूरतुत्तूर पढिरहेको सुनेको छु" । (बुखारी, मुस्लिम)

٢٢٨ – وَعَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه قَالَ: { كَانَ رَسُولُ اللَّهِ ﷺ يَقْرَأُ فِي صَلَاةِ الْفَجْرِ يَوْمَ الْجُمْعَةِ: (الم تَنْزِيلُ ) السَّجْدَةَ، و (هَلْ أَتَى عَلَى الْإِنْسَانِ) } مُتَّفَقٌ عَلَيْهِ .

२२८- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ किः "रसूल सल्लल्लाहो अलैहे वसल्लम जुमआको दिनको फज्र नमाजमा (अलिफ लाम मीम तन्जील) अस्सज्दह, र (हल अता अलल् इन्सान) को पाठन गर्नु हुन्थ्यो" । (बुखारी, मुस्लिम)

وَلِلطَّبَرَانِيِّ مِنْ حَدِيثِ ابْنِ مَسْعُودٍ: { يُدِيمُ ذَلِكَ }.

र इब्ने मसऊदको माध्यमले तब्रानीले वर्णन गरेको हदीसमा छ किः "उहाँ सल्लल्लाहो अलैहे वसल्लम सदैंव यसलाई निरन्तरताले पढथे" ।

٢٢٩ – وَعَنْ حُذَيْفَةَ رضي الله عنه قَالَ: {

२२९- र हजरत हुजैफा रजिअल्लाहो अन्होको वर्णन छ किः "मैले नबी सल्लल्लाहो

صَلَّيْتُ مَعَ النَّبِيِّ ﷺ فَمَا مَرَّتْ بِهِ آيَةُ رَحْمَةٍ إِلَّا وَقَفَ عِنْدَهَا يَسْأَلُ، وَلَا آيَةُ عَذَابٍ إِلَّا تَعَوَّذَ مِنْهَا } أَخْرَجَهُ الْخَمْسَةُ، وَحَسَّنَهُ التِّرْمِذِيُّ .

अलैहे वसल्लमको साथ नमाज पढें त उहाँ जहिले पनि रहमत (दया) को श्लोकको पाठन गर्थे त केही अन्तराल गरेर अल्लाहसित दयाको याचना गर्थे, र जहिले कुनै प्रकोपसित सम्बन्धित श्लोकको पाठन गर्थे त त्यसबाट अल्लाहको शरण चाहन्थे" । (यस हदीसलाई पाँचौंले वर्णन गरेका छन्, र इमाम तिर्मिजीले यसलाई विश्वासनीय भनेका छन् ।)

٢٣٠ – وَعَنْ ابْنِ عَبَّاسٍ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { أَلَا وَإِنِّي نُهِيتُ أَنْ أَقْرَأَ الْقُرْآنَ رَاكِعًا أَوْ سَاجِدًا، فَأَمَّا الرُّكُوعُ فَعَظِّمُوا فِيهِ الرَّبَّ، وَأَمَّا السُّجُودُ فَاجْتَهِدُوا فِي الدُّعَاءِ، فَقَمِنٌ أَنْ يُسْتَجَابَ لَكُمْ } رَوَاهُ مُسْلِمٌ .

२३०- र हजरत इब्ने अब्बास रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "सावधान ! मलाई रुकूअ र ढोगको अवस्थामा कुरआन पढनुबाट मनाही गरिएको छ, यसर्थ रुकूअमा आफ्नो प्रतिपालकको महानताको बखान गर, र ढोगमा याचना गर्नुमा परिश्रम गर, किनकि ढोगको अवस्थामा याचना कबूल हुने अधिक सम्भावना हुन्छ" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

٢٣١ – وَعَنْ عَائِشَةَ –رَضِيَ اللَّهُ عَنْهَا– قَالَتْ: { كَانَ رَسُولُ اللَّهِ ﷺ يَقُولُ: فِي رُكُوعِهِ وَسُجُودِهِ : "سُبْحَانَكَ اللَّهُمَّ رَبَّنَا وَبِحَمْدِكَ، اللَّهُمَّ اغْفِرْ لِي } مُتَّفَقٌ عَلَيْهِ .

२३१- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लम आफ्नो रुकूअ र ढोगमा भन्थे: ( सुबहानका अल्लाहुम्मा रब्बना वबिहम्दिका, अल्लाहुम्मगफिरली) अर्थात: तिमी पवित्र छौ हे हाम्रो प्रतिपालक तिम्रै लागि समस्त प्रशंसा छ, हे अल्लाह मलाई क्षमा प्रदान गर" । (बुखारी, मुस्लिम)

٢٣٢– وَعَنْ أَبِي هُرَيْرَةَ ––رَضِيَ اللَّهُ عَنْهُ–– قَالَ: { كَانَ رَسُولُ اللَّهِ ﷺ إِذَا قَامَ إِلَى الصَّلَاةِ يُكَبِّرُ حِينَ يَقُومُ ، ثُمَّ

२३२- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लम जब नमाजको लागि उभ्थे त उभिने समय तक्बीर भन्थे, अनि रुकूअ गर्ने समय तक्बीर भन्थे, अनि रुकूअबाट उठदा भन्थे: समअिल्लाहु लिमन् हमिदहू

يُكَبِّرُ حِينَ يَرْكَعُ، ثُمَّ يَقُولُ: "سَمِعَ اللَّهُ لِمَنْ حَمِدَهُ" حِينَ يَرْفَعُ صُلْبَهُ مِنَ الرُّكُوعِ ، ثُمَّ يَقُولُ وَهُوَ قَائِمٌ : "رَبَّنَا وَلَكَ الْحَمْدُ" ثُمَّ يُكَبِّرُ حِينَ يَهْوِي سَاجِدًا، ثُمَّ يُكَبِّرُ حِينَ يَرْفَعُ رَأْسَهُ، ثُمَّ يُكَبِّرُ حِينَ يَسْجُدُ ثُمَّ يُكَبِّرُ حِينَ يَرْفَعُ، ثُمَّ يَفْعَلُ ذَلِكَ فِي الصَّلَاةِ كُلِّهَا، وَيُكَبِّرُ حِينَ يَقُومُ مِنْ اِثْنَتَيْنِ بَعْدَ الْجُلُوسِ } مُتَّفَقٌ عَلَيْهِ .

अर्थात: अल्लाहले त्यसको प्रशंसालाई सुन्यो जसले त्यसको प्रशंसा गऱ्यो, अनि रुकूअबाट उभे पश्चात जब राम्ररी ठाढो भइहाल्थे त भन्थेः रब्बना वलकल् हम्द अर्थातः हे हाम्रो प्रतिपालक तिम्रै लागि प्रशंसा छ, अनि ढोगको लागि धरतीतिर झुक्दा पनि तक्बीर भन्थे, अनि ढोगबाट टाउको उठाउँदा पनि तक्बीर भन्थे, अनि पुनः ढोगगर्दा तक्बीर भन्थे, अनि दोस्रो रक्अतको लागि उठ्दा पनि तक्बीर भन्थे, र यस्तै आफ्नो पूर्ण नमाजमा गर्थे, र यस्तै जब दुई रक्अत पश्चात पहिलो तशह्हुदबाट उठ्थे तब पनि तक्बीर भन्थे" । (बुखारी, मुस्लिम)

٢٣٣- وَعَنْ أَبِي سَعِيدٍ الْخُدْرِيِّ -رَضِيَ اللَّهُ عَنْهُ- قَالَ: { كَانَ رَسُولُ اللَّهِ ﷺ إِذَا رَفَعَ رَأْسَهُ مِنْ الرُّكُوعِ قَالَ: " اللَّهُمَّ رَبَّنَا لَكَ الْحَمْدُ مِلْءَ السَّمَوَاتِ وَمِلْءَ الْأَرْضِ، وَمِلْءَ مَا شِئْتَ مِنْ شَيْءٍ بَعْدُ، أَهْلَ الثَّنَاءِ وَالْمَجْدِ، أَحَقُّ مَا قَالَ الْعَبْدُ - وَكُلُّنَا لَكَ عَبْدٌ - اللَّهُمَّ لَا مَانِعَ لِمَا أَعْطَيْتَ، وَلَا مُعْطِيَ لِمَا مَنَعْتَ، وَلَا يَنْفَعُ ذَا الْجَدِّ مِنْكَ الْجَدُّ } رَوَاهُ مُسْلِمٌ .

२३३- र हजरत अबू सईद अल् खुदरी रजिअल्लाहो अन्होको वर्णन छ किः "रसूल सल्लल्लाहो अलैहे वसल्लम जब रुकूअबाट आफ्नो टाउको उठाउँथे त भन्थेः हे अल्लाह हाम्रो प्रतिपालक तिम्रो लागि त्यति प्रशंसा छ जति आकाशहरू र धरतीलाई पूरिदेओस्, र त्यति जति तिमी यस पश्चात चाहन्छौ, तिमी प्रशंसा र पवित्रता योग्य छौ, त्यसभन्दा अधिक हकदार छौ जति भक्तले ज्ञापन गऱ्यो, र हामी सबै तिम्रो भक्त नै हौं, हे अल्लाह जसलाई तिमी प्रदान गर्न चाहन्छौ त्यसलाई कोही रोक्न सक्दैन, र जसलाई प्रदान गर्न चाहदैनौ त्यसलाई कोही प्रदान गर्न सक्दैन, र तिमी समक्ष कसैको वंश महानता आदि केही काम लाग्ने छैन" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

٢٣٤- وَعَنْ ابْنِ عَبَّاسٍ -رَضِيَ اللَّهُ

२३४- र हजरत इब्ने अब्बास रजिअल्लाहो अन्हुमाको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "मलाई सात

عَنْهُمَا– قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { أُمِرْتُ أَنْ أَسْجُدَ عَلَى سَبْعَةِ أَعْظُمٍ: عَلَى الْجَبْهَةِ – وَأَشَارَ بِيَدِهِ إِلَى أَنْفِهِ – وَالْيَدَيْنِ، وَالرُّكْبَتَيْنِ، وَأَطْرَافِ الْقَدَمَيْنِ } مُتَّفَقٌ عَلَيْهِ .

अंगहरूद्वारा ढोग गर्ने आदेश गरिएको छः निधारद्वारा (र आफ्नो हातले आफ्नो नाकतिर संकेत गर्नु भयो), र दुवै हात, र दुवै घुँडा, र दुवै पाइलाका दुवै पञ्जाहरूद्वारा" । (बुखारी, मुस्लिम)

٢٣٥ – وَعَنْ ابْنِ بُحَيْنَةَ ﵁ { أَنَّ النَّبِيَّ ﷺ كَانَ إِذَا صَلَّى فَرَّجَ بَيْنَ يَدَيْهِ، حَتَّى يَبْدُوَ بَيَاضُ إِبِطَيْهِ } مُتَّفَقٌ عَلَيْهِ .

२३५- र हजरत इब्ने बुहैनह रजिअल्लाहो अन्होको वर्णन छ किः "रसूल सल्लल्लाहो अलैहे वसल्लम जब नमाज पढथे त ढोगगर्दा उहाँ आफ्नो दुवै हातलाई पार्श्वबाट यति टाढा राख्थे कि उहाँको बाहुको सेतोपना स्पष्ट भइहाल्थ्यो" । (बुखारी, मुस्लिम)

٢٣٦– وَعَنْ الْبَرَاءِ بْنِ عَازِبٍ – رَضِيَ اللَّهُ عَنْهُمَا– قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِذَا سَجَدْتَ فَضَعْ كَفَّيْكَ، وَارْفَعْ مِرْفَقَيْكَ } رَوَاهُ مُسْلِمٌ .

२३६- र हजरत बराअ बिन आजिब रजिअल्लाहो अन्हुमाको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "जब तिमी ढोग गर त आफ्नो दुवै हत्केलीलाई धरतीमाथि राख, र आफ्नो दुवै कोइनोलाई उपर नै उठाइराख" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

٢٣٧– وَعَنْ وَائِلِ بْنِ حُجْرٍ ﵁ { أَنَّ النَّبِيَّ ﷺ كَانَ إِذَا رَكَعَ فَرَّجَ بَيْنَ أَصَابِعِهِ، وَإِذَا سَجَدَ ضَمَّ أَصَابِعَهُ } رَوَاهُ الْحَاكِمُ .

२३७- र हजरत वाइल बिन हुज्र रजिअल्लाहो अन्होको वर्णन छ किः "जब नबी सल्लल्लाहो अलैहे वसल्लम रुकूअ गर्थे त आफ्नो औंलाहरूबीच दूरी (खुल्ला) राख्दथे, र जब ढोग गर्थे त आफ्नो औंलाहरूलाई संग्रहित राख्थे" । (यस हदीसलाई हाकिमले वर्णन गरेका छन् ।)

٢٣٨– وَعَنْ عَائِشَةَ –رَضِيَ اللَّهُ

२३८- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ किः "मैले रसूल

عَنْهَا– قَالَتْ: { رَأَيْتُ رَسُولَ اللَّهِ ﷺ يُصَلِّي مُتَرَبِّعًا } رَوَاهُ النَّسَائِيُّ، وَصَحَّحَهُ ابْنُ خُزَيْمَةَ .

सल्लल्लाहो अलैहे वसल्लमलाई मुतरब्बिअन्[1] नमाज पढदा हेरेको छु" । (यस हदीसलाई नेसाईले वर्णन गरेका छन्, र इब्ने खुजैमाले यसलाई सही भनेका छन् ।)

٢٣٩– وَعَنْ ابْنِ عَبَّاسٍ –رَضِيَ اللَّهُ عَنْهُمَا– أَنَّ النَّبِيَّ ﷺ كَانَ يَقُولُ بَيْنَ السَّجْدَتَيْنِ: { اللَّهُمَّ اغْفِرْ لِي، وَارْحَمْنِي، وَاهْدِنِي، وَعَافِنِي، وَارْزُقْنِي } رَوَاهُ الْأَرْبَعَةُ إِلَّا النَّسَائِيُّ، وَاللَّفْظُ لِأَبِي دَاوُدَ، وَصَحَّحَهُ الْحَاكِمُ .

२३९- र हजरत इब्ने अब्बास रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लम दुवै ढोगबीच भन्नु हुन्थ्यो: "( अल्लाहुम्मग्फिरली, वरहमनी, वहदिनी, वआफिनी, वरजुक्नी) अर्थात: हे अल्लाह मलाई क्षमा प्रदान गर, र ममाथि दया गर, र मलाई मार्गदर्शित गर, र मलाई माफ गर, र मलाई जीविका प्रदान गर" । (यस हदीसलाई नेसाई बाहेक चारौंले वर्णन गरेका छन्, र वर्णित शब्द अबू दाऊदका हुन्, र यसलाई हाकिमले सही भनेका छन् ।)

٢٤٠– وَعَنْ مَالِكِ بْنِ الْحُوَيْرِثِ رضي الله عنه { أَنَّهُ رَأَى النَّبِيَّ ﷺ يُصَلِّي، فَإِذَا كَانَ فِي وِتْرٍ مِنْ صَلَاتِهِ لَمْ يَنْهَضْ حَتَّى يَسْتَوِيَ قَاعِدًا } رَوَاهُ الْبُخَارِيُّ

२४०- र हजरत मालिक इब्नुल् हुवैरिस रजिअल्लाहो अन्होको वर्णन छ कि: "उनले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई नमाज पढदा हेरे, त जब उहाँ सल्लल्लाहो अलैहे वसल्लम वित्र रकअत[2] पढथे त अलि बस्थे अनि सोभ्रो उठिहाल्थे" । (यस हदीसलाई बुखारीले वर्णन गरेका छन् ।)

٢٤١– وَعَنْ أَنَسِ بْنِ مَالِكٍ رضي الله عنه { أَنَّ رَسُولَ اللَّهِ ﷺ قَنَتَ شَهْرًا بَعْدَ الرُّكُوعِ، يَدْعُو عَلَى أَحْيَاءٍ مِنْ أَحْيَاءِ

२४०- र हजरत अनस बिन मालिक रजिअल्लाहो अन्होको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लमले एक महिना रुकूअ पश्चात दुआए कुनूत[3] पढनु भयो,

1 - मुतरब्बिअन्: अर्थात आफ्नो दायाँ तिर्घामुनि बायाँ पाइला राख्नु, र बायाँ पाइलाको भित्री भाग दायाँ तिर्घामुनि गरेर आफ्नो दुवै घुँडामाथि दुवै हत्केलीका औंलाहरूलाई खुल्ला गरेर बस्नु ।

2 - वित्र रकअतको अर्थ हो: पहिलो र तेस्रो रकअत ।

3 - , कुनूत: कसैलाई श्राप दनिुको लागि गरिने याचना ।

الْعَرَبِ، ثُمَّ تَرَكَهُ } مُتَّفَقٌ عَلَيْهِ .

وَلِأَحْمَدَ وَالدَّارَقُطْنِيِّ نَحْوُهُ مِنْ وَجْهٍ آخَرَ ، وَزَادَ : { فَأَمَّا فِي الصُّبْحِ فَلَمْ يَزَلْ يَقْنُتُ حَتَّى فَارَقَ الدُّنْيَا } .

जसमा अरबका गोत्रहरूमध्ये केही गोत्रहरूलाई श्राप्दथे, अनि यस क्रमलाई विराम दिए" । (बुखारी, मुस्लिम)
र अहमद र दारकुत्नीले यसै जस्तो हदीस अर्को सूत्रद्वारा वर्णन गरेका छन्, र त्यसमा यति वृद्धि छः "र रह्यो फज्र नमाजको कुरो त त्यसमा कुनूत गर्दैरहे यहाँसम्म कि उहाँको स्वर्गबास भयो" ।

٢٤٢- وَعَنْهُ أَنَّ النَّبِيَّ ﷺ { كَانَ لَا يَقْنُتُ إِلَّا إِذَا دَعَا لِقَوْمٍ، أَوْ دَعَا عَلَى قَوْمٍ } صَحَّحَهُ ابْنُ خُزَيْمَةَ .

२४२- र उनैद्वारा वर्णित छ किः "नबी सल्लल्लाहो अलैहे वसल्लम तबसम्म कुनूत गर्दैनथे जबसम्म कुनै समूहलाई श्राप्नु नहोस् वा कुनै समूहको हकमा याचना नगर्नु होस्" । (यस हदीसलाई इब्ने खुजैमाले सही भनेका छन् ।)

٢٤٣- وَعَنْ سَعْدِ بْنِ طَارِقٍ الْأَشْجَعِيِّ رضي الله عنه قَالَ: { قُلْتُ لِأَبِي : يَا أَبَتِ ! إِنَّكَ قَدْ صَلَّيْتَ خَلْفَ رَسُولِ اللَّهِ ﷺ وَأَبِي بَكْرٍ، وَعُمَرُ، وَعُثْمَانُ، وَعَلِيٍّ، أَفَكَانُوا يَقْنُتُونَ فِي الْفَجْرِ ؟ قَالَ: أَيْ بُنَيَّ، مُحْدَثٌ } رَوَاهُ الْخَمْسَةُ ، إِلَّا أَبَا دَاوُدَ .

२४३- र हजरत सअद बिन तारिक अल् अश्जई रजिअल्लाहो अन्होको वर्णन छ किः "मैले आफ्नो बुवासित भनें: हे पिता ज्यू ! हजुरले त रसूल सल्लल्लाहो अलैहे वसल्लम र अबू बक्र र उमर, एवं उसमान र अलीको पछाडि नमाज पढनु भएको छ, त के उनीहरू फज्र नमाजमा कुनूत पढथे ? त उनले भनेः हे मेरो छोरा, यो त नौलो कुरो हो" । (यस हदीसलाई अबू दाऊद बाहेक पाँचौंले वर्णन गरेका छन् ।)

٢٤٤- وَعَنْ الْحَسَنِ بْنِ عَلِيٍّ - رَضِيَ اللَّهُ عَنْهُمَا- ؛ قَالَ: { عَلَّمَنِي رَسُولُ اللَّهِ ﷺ كَلِمَاتٍ أَقُولُهُنَّ فِي قُنُوتِ الْوِتْرِ : " اللَّهُمَّ اهْدِنِي فِيمَنْ هَدَيْتَ،

२४४- र हजरत अल्हसन बिन अली रजिअल्लाहो अन्हुमाको वर्णन छ किः "रसूल सल्लल्लाहो अलैहे वसल्लमले मलाई केही यस्ता वाक्यहरू सिकाएका छन् जसलाई म वित्रको कुनूतमा पढदछु, र त्यो होः हे अल्लाह मलाई मार्गदर्शित गरेर तिनीहरूको समूहमा शामेल गरिदेऊ जिनलाई तिमीले मार्गदर्शित गरेका छौ, र ममाथि दया गरेर

وَعَافِنِي فِيمَنْ عَافَيْتَ، وَتَوَلَّنِي فِيمَنْ تَوَلَّيْتَ، وَبَارِكْ لِي فِيمَا أَعْطَيْتَ، وَقِنِي شَرَّ مَا قَضَيْتَ، فَإِنَّكَ تَقْضِي وَلَا يُقْضَى عَلَيْكَ، إِنَّهُ لَا يَذِلُّ مَنْ وَالَيْتَ، تَبَارَكْتَ رَبَّنَا وَتَعَالَيْتَ } رَوَاهُ الْخَمْسَةُ .

ती मानिसहरूमध्येका बनाइदेऊ जिनमाथि तिमीले दया गर्‍यौ, र मलाई पनि आफ्नो मित्र बनाएर उनीमध्येको बनाइदेऊ जिनलाई आफ्नो मित्र बनाएका छौ, र जुन मलाई प्रदान गरेका छौ त्यसमा अभिवृद्धि गर, र जुन बुराई मेरो लागि निर्धारित गरेका छौ त्यसबाट मलाई सुरक्षा प्रदान गर, निःसन्देह तिमी न्यायोचित फैसला गर्नेवाला हौ जस फैसला विरुद्ध फैसला गर्न सकिन्न, र जसको पक्षधर भई तिमीले सम्मानित गर्‍यौ त्यसलाई कोही अपमानित गर्न सक्दैन, हे हाम्रो परम् प्रतिपालक तिमी कल्याणकारी र सर्वोच्च छौ" । (यसलाई पाँचौंले वर्णन गरेका छन् ।)

وَزَادَ الطَّبَرَانِيُّ وَالْبَيْهَقِيُّ: { وَلَا يَعِزُّ مَنْ عَادَيْتَ }. زَادَ النَّسَائِيُّ مِنْ وَجْهٍ آخَرَ فِي آخِرِهِ : { وَصَلَّى اللَّهُ عَلَى النَّبِيِّ }.

र बैहकी एवं तब्रानीले यति वृद्धिको साथ वर्णन गरेका छन्: "र जसलाई तिमीले शत्रु ठान्यो त्यसलाई कोही सम्मानित गर्न सक्दैन" । र नेसाईले अर्को सूत्रद्वारा यस हदीसको अन्त्यमा यति वृद्धि वर्णन गरेका छन्: "र नबीमाथि अल्लाहको दया प्रशान्ति अवतरित होस्" ।

وَلِلْبَيْهَقِيِّ عَنْ ابْنِ عَبَّاسٍ –رَضِيَ اللَّهُ عَنْهُمَا– : { كَانَ رَسُولُ اللَّهِ ﷺ يُعَلِّمُنَا دُعَاءً نَدْعُو بِهِ فِي الْقُنُوتِ مِنْ صَلَاةِ الصُّبْحِ } وَفِي سَنَدِهِ ضَعْفٌ .

र बैहकीले हजरत इब्ने अब्बास रजिअल्लाहो अन्हुमाको माध्यमले वर्णन गरेका छन् कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लम हामीहरूलाई कुनूतमा गरिने दुआको तालिम दिन्थे जसलाई हामी फज्र नमाजको कुनूतमा पढौं" (तर यस हदीसको सनदमा कम्जोरी छ)

٢٤٥– وَعَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِذَا سَجَدَ أَحَدُكُمْ فَلَا يَبْرُكْ كَمَا يَبْرُكُ الْبَعِيرُ ، وَلْيَضَعْ يَدَيْهِ قَبْلَ رُكْبَتَيْهِ } أَخْرَجَهُ الثَّلَاثَةُ .

२४५- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "तिमीमध्ये जब कोही ढोग गरोस् त ऊँट झैं आफ्नो घुँडाद्वारा नटेकोस्, बरु आफ्नो घुँडाभन्दा अघि आफ्नो हातद्वारा धरतीलाई टेकोस्" । (यस हदीसलाई तीनौंले वर्णन गरेका छन् ।)

وَهُوَ أَقْوَى مِنْ حَدِيثِ وَائِلٍ: { رَأَيْتُ

رَسُولَ اللَّهِ ﷺ إِذَا سَجَدَ وَضَعَ رُكْبَتَيْهِ قَبْلَ يَدَيْهِ } أَخْرَجَهُ الْأَرْبَعَةُ .

فَإِنْ لِلْأَوَّلِ شَاهِدًا مِنْ حَدِيثِ: ابْنِ عُمَرَ رضي الله عنه صَحَّحَهُ ابْنُ خُزَيْمَةَ، وَذَكَرَهُ الْبُخَارِيُّ مُعَلَّقًا مَوْقُوفًا .

र यो हदीस नम्निमा वर्णित वाइलको हदीसभन्दा सशक्त छ, हजरत वाइल भन्छन्: "मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई हेरें कि उहाँ ढोगगर्दा आफ्नो दुवै घुँडालाई दुवै हातभन्दा अघि नै टेके" । (यस हदीसलाई चारौंले वर्णन गरेका छन् ।)

किनकि पहिलो हदीसको समर्थन इब्ने उमर रजिअल्लाहो अन्होको हदीस गर्छ जसलाई इब्ने खुजैमाले सही भनेका छन्, र जसलाई इमाम बुखारीले मौकूफन् र मुअल्लकन्[1] वर्णन गरेका छन् ।

٢٤٦- وَعَنْ ابْنِ عُمَرَ -رَضِيَ اللَّهُ عَنْهُمَا- { أَنَّ رَسُولَ اللَّهِ ﷺ كَانَ إِذَا قَعَدَ لِلتَّشَهُّدِ وَضَعَ يَدَهُ الْيُسْرَى عَلَى رُكْبَتِهِ الْيُسْرَى، وَالْيُمْنَى عَلَى الْيُمْنَى، وَعَقَدَ ثَلَاثَةً وَخَمْسِينَ، وَأَشَارَ بِإِصْبَعِهِ السَّبَّابَةِ } رَوَاهُ مُسْلِمٌ .

२४६- र हजरत इब्ने उमर रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: "जब रसूल सल्लल्लाहो अलैहे वसल्लम तशहहुदको लागि बस्थे त बायाँ हात आफ्नो बायाँ घुँडामाथि र दायाँ हात आफ्नो दायाँ घुँडामाथि राख्दथे, र आफ्नो हातद्वारा ५३ अंकको आकार बनाउँथे, र आफ्नो चोर औंलाले (शहादतको औंलाले) संकेत गर्थे" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

وَفِي رِوَايَةٍ لَهُ : { وَقَبَضَ أَصَابِعَهُ كُلَّهَا، وَأَشَارَ بِالَّتِي تَلِي الْإِبْهَامَ }.

र मुस्लिमकै अर्को हदीसमा छ कि: "र उहाँले आफ्नो समस्त औंलाहरूलाई संग्रहित गर्थे र र औंठाको छेउमा भएको औंला (चोर औंला) द्वारा संकेत गर्थे" ।

٢٤٧- وَعَنْ عَبْدِ اللَّهِ بْنِ مَسْعُودٍ رضي الله عنه قَالَ: { الْتَفَتَ إِلَيْنَا رَسُولُ اللَّهِ ﷺ فَقَالَ: " إِذَا صَلَّى أَحَدُكُمْ فَلْيَقُلْ: التَّحِيَّاتُ لِلَّهِ، وَالصَّلَوَاتُ، وَالطَّيِّبَاتُ،

२४७- र हजरत अब्दुल्लाह बिन मसऊद रजिअल्लाहो अन्होको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लम हामीतिर अनुहार गरेर भने: जब तिमीमध्ये कोही पनि नमाज पढोस् त भनोस्: समस्त प्रशंसाहरू, र नमाज एवं पवित्रताहरू अल्लाहकै लागि छन्, हे अल्लाहका सन्देष्टा तपाईमाथि अल्लाहको

1 - मुअल्लक: त्यस हदीसलाई भनिन्छ जसको आरम्भिक सनदलाई वर्णन नगरिएको होस् ।

السَّلَامُ عَلَيْكَ أَيُّهَا النَّبِيُّ وَرَحْمَةَ اللَّهِ وَبَرَكَاتُهُ، السَّلَامُ عَلَيْنَا وَعَلَى عِبَادِ اللَّهِ الصَّالِحِينَ، أَشْهَدُ أَنْ لَا إِلَهَ إِلَّا اللَّهُ، وَأَشْهَدُ أَنَّ مُحَمَّدًا عَبْدُهُ وَرَسُولُهُ، ثُمَّ لِيَتَخَيَّرْ مِنْ الدُّعَاءِ أَعْجَبُهُ إِلَيْهِ ، فَيَدْعُو } مُتَّفَقٌ عَلَيْهِ ، وَاللَّفْظُ لِلْبُخَارِيِّ .

दया र कल्याण अवतरित होस्, प्रशान्ति होस् हामीमाथि र अल्लाहका सदाचारी सत्यनिष्ठ भक्तहरूमाथि, म गवाही दिन्छु कि अल्लाह बाहेक कोही सत्य पूजनीय छैन, र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम त्यसको भक्त र सन्देष्टा हुन्, अनि जुन दुआ त्यसलाई मन परोस् त्यसद्वारा याचना गरोस्" । (बुखारी, मुस्लिम, र वर्णित शब्द बुखारीका हुन् ।)

وَلِلنَّسَائِيِّ: { كُنَّا نَقُولُ قَبْلِ أَنْ يُفْرَضَ عَلَيْنَا التَّشَهُّدُ } .

र नेसाईमा छ कि: "हामी यो दुआ त्यस समय पढथ्यौं जब हामीमाथि तशहहुद अनिवार्य भएको थिएन" ।

وَلِأَحْمَدَ: { أَنَّ النَّبِيَّ ﷺ عَلَّمَهُ التَّشَهُّد، وَأَمَرَهُ أَنْ يُعَلِّمَهُ النَّاسَ } .

र अहमदद्वारा वर्णित हदीसमा छ कि: "नबी सल्लल्लाहो अलैहे वसल्लमले उनलाई तशहहुदको तरिका सिकाए, र उनलाई यो आदेश गरे कि उनी सबैलाई सिकाउन्" ।

وَلِمُسْلِمٍ : عَنْ ابْنِ عَبَّاسٍ رضي الله عنه قَالَ: { كَانَ رَسُولُ اللَّهِ يُعَلِّمُنَا التَّشَهُّدَ: " التَّحِيَّاتُ الْمُبَارَكَاتُ الصَّلَوَاتُ لِلَّهِ ... } إِلَى آخِرِهِ .

र मुस्लिमले नै हजरत इब्ने अब्बास रजिअल्लाहो अन्होको माध्यमले वर्णन गरेका छन् कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लम हामीलाई तशहहुद सिकाउँथे (अत्तहियातुल् मुबारकातुस्सलवातु लिल्लाह..." । पूर्ण हदीससम्म ।

٢٤٨- وَعَنْ فَضَالَةَ بْنِ عُبَيْدٍ رضي الله عنه قَالَ: { سَمِعَ رَسُولُ اللَّهِ ﷺ رَجُلاً يَدْعُو فِي صَلَاتِهِ، لَمْ يَحْمَدِ اللَّهَ، وَلَمْ يُصَلِّ عَلَى النَّبِيِّ ﷺ فَقَالَ: " عَجِلَ هَذَا " ثُمَّ

२४८- र हजरत फुजालह बिन उबैद रजिअल्लाहो अन्होको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लमले एउटा व्यक्तिलाई नमाजमा दुआ गर्दा सुने जसले नत त्यस अघि अल्लाहको प्रशंसा नै गरेको थियो नत नबी सल्लल्लाहो अलैहे वसल्लममाथि दया प्रशान्ति नै पठाएको थियो, त उहाँले भन्नु भयो: यस व्यक्तिले हतार गर्‍यो, अनि त्यसलाई बोलाउनु भयो,

دَعَاهُ، فَقَالَ: " إِذَا صَلَّى أَحَدُكُمْ فَلْيَبْدَأْ بِتَحْمِيدِ رَبِّهِ وَالثَّنَاءِ عَلَيْهِ، ثُمَّ يُصَلِّي عَلَى النَّبِيِّ ﷺ ثُمَّ يَدْعُو بِمَا شَاءَ } رَوَاهُ أَحْمَدُ ، وَالثَّلَاثَةُ، وَصَحَّحَهُ التِّرْمِذِيُّ، وَابْنُ حِبَّانَ، وَالْحَاكِمُ .

र भन्नु भयो: जब तिमीमध्ये कोही नमाज पढोस् त सर्वप्रथम आफ्नो प्रतिपालकको प्रशंसा र पवित्रता एवं महानताको बखान गरोस्, अनि नबी सल्लल्लाहो अलैहे वसल्लममाथि दया प्रशान्ति (दरुद सलाम) पठाओस्, अनि जे चाहोस् याचना गरोस्" । (यस हदीसलाई अहमद र तीनौंले वर्णन गरेका छन्, र तिर्मिजी, इब्ने हिब्बान र हाकिमले यसलाई सही भनेका छन् ।)

٢٤٩- وَعَنْ أَبِي مَسْعُودٍ الْأَنْصَارِيِّ رضي الله عنه قَالَ: { قَالَ بَشِيرُ بْنُ سَعْدٍ: يَا رَسُولَ اللَّهِ ! أَمَرَنَا اللَّهُ أَنْ نُصَلِّيَ عَلَيْكَ، فَكَيْفَ نُصَلِّي عَلَيْكَ ؟ فَسَكَتَ، ثُمَّ قَالَ: " قُولُوا : اللَّهُمَّ صَلِّ عَلَى مُحَمَّدٍ، وَعَلَى آلِ مُحَمَّدٍ، كَمَا صَلَّيْتَ عَلَى إِبْرَاهِيمَ، وَبَارِكْ عَلَى مُحَمَّدٍ، وَعَلَى آلِ مُحَمَّدٍ، كَمَا بَارَكْتَ عَلَى إِبْرَاهِيمَ فِي الْعَالَمِينَ إِنَّكَ حَمِيدٌ مَجِيدٌ . وَالسَّلَامُ كَمَا عَلَّمْتُكُمْ } رَوَاهُ مُسْلِمٌ .

२४९- र हजरत अबू मसऊद अल् अन्सारी रजिअल्लाहो अन्होको वर्णन छ कि: "बशीर बिन सअदले भने: हे अल्लाहका रसूल ! हामीहरूलाई अल्लाहले यो आदेश गरेको छ कि हामी तपाईमाथि दरुद सलाम (दया प्रशान्ति) पठाऔं, त हामी तपाईमाथि दरुद सलाम कसरी पठाऔं ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लम केही बेर चुप लागे, अनि भने: तिमीहरू भन: हे अल्लाह मुहम्मदमाथि र मुहम्मदको परिवारमाथि उस्तै अनुग्रह अवतरित गर जसरी इब्राहीममाथि गरेका थियौ, र मुहम्मद र मुहम्मदका परिवारमाथि उस्तै कल्याणको वर्षा गर जसरी इब्राहीममाथि समस्त संसारमा गरेका थियौ, तिमी प्रशंसनीय मर्यादित र पवित्र छौ । र सलाम त्यसरी नै पठाइन्छ जसरी तिमीहरूलाई अघि नै सिकाएको छु" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

وَزَادَ ابْنُ خُزَيْمَةَ فِيهِ : { فَكَيْفَ نُصَلِّي عَلَيْكَ، إِذَا نَحْنُ صَلَّيْنَا عَلَيْكَ فِي صَلَاتِنَا . }

र इब्ने खुजैमाले यति अभिवृद्धि वर्णन गरेका छन्: "त हामी तपाईमाथि दरुद सलाम कसरी पठाऔं जबकि हामीले नमाजमा तपाईमाथि दरुद सलाम पठाइसकेका छौं" ।

٢٥٠- وَعَنْ أَبِي هُرَيْرَةَ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِذَا تَشَهَّدَ أَحَدُكُمْ فَلْيَسْتَعِذْ بِاللَّهِ مِنْ أَرْبَعٍ، يَقُولُ: اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنْ عَذَابِ جَهَنَّمَ، وَمِنْ عَذَابِ الْقَبْرِ، وَمِنْ فِتْنَةِ الْمَحْيَا وَالْمَمَاتِ، وَمِنْ شَرِّ فِتْنَةِ الْمَسِيحِ الدَّجَّالِ } . مُتَّفَقٌ عَلَيْهِ .

२५०- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “जब तिमीमध्ये कोही तशह्हुद गरोस् त अल्लाहसित चार कुराहरूबाट शरण चाहोस्, भनोस्: हे अल्लाह म तिम्रो शरण चाहन्छु नर्कको यातनाबाट, र चिहानको यातनाबाट, र जीवन र मृत्युको उपद्रवबाट, र मसीहुद्दज्जालको दुष्टतायुक्त उपद्रवबाट” । ( बुखारी, मुस्लिम)

وَفِي رِوَايَةٍ لِمُسْلِمٍ : { إِذَا فَرَغَ أَحَدُكُمْ مِنْ التَّشَهُّدِ الْأَخِيرِ }.

र मुस्लिमको एउटा हदीसमा छ: “जब तिमीमध्ये कोही अन्तिम तशह्हुदलाई सम्पन्न गरोस्” ।

٢٥١- وَعَنْ أَبِي بَكْرٍ الصِّدِّيقِ ﷺ { أَنَّهُ قَالَ لِرَسُولِ اللَّهِ ﷺ عَلِّمْنِي دُعَاءً أَدْعُو بِهِ فِي صَلَاتِي . قَالَ: قُلْ: " اللَّهُمَّ إِنِّي ظَلَمْتُ نَفْسِي ظُلْمًا كَثِيرًا، وَلَا يَغْفِرُ الذُّنُوبَ إِلَّا أَنْتَ، فَاغْفِرْ لِي مَغْفِرَةً مِنْ عِنْدِكَ، وَارْحَمْنِي، إِنَّكَ أَنْتَ الْغَفُورُ الرَّحِيمُ } مُتَّفَقٌ عَلَيْهِ .

२५१- र हजरत अबू बक्र अस्सिद्दीक रजिअल्लाहो अन्होको वर्णन छ कि: “उनीले रसूल सल्लल्लाहो अलैहे वसल्लमसित भने मलाई कुनै दुआ सिकाउनुस् जसद्वारा म नमाजमा याचना गरूँ, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो कि भन: हे अल्लाह मैले आफ्नो जीउमाथि अत्याधिक अत्याचार गरें, र तिमी बाहेक कोही पनि पापहरूलाई क्षमा गर्नेवाला छैन, यसर्थ आफ्नो दयाले मेरो पापलाई क्षमा गर, र ममाथि कृपा गर, निःसन्देह तिमी अति कृपालु र परम् दयालु छौ” । (बुखारी, मुस्लिम)

٢٥٢- وَعَنْ وَائِلِ بْنِ حُجْرٍ ﷺ قَالَ: { صَلَّيْتُ مَعَ النَّبِيِّ ﷺ فَكَانَ يُسَلِّمُ

२५२- र हजरत वाइल बिन हुज्र रजिअल्लाहो अन्होको वर्णन छ कि: “म नबी सल्ललाहो अलैहे वसल्लमको साथमा नमाज पढें, त उहाँ सल्लल्लाहो अलैहे वसल्लम

عَنْ يَمِينِهِ: " السَّلَام عَلَيْكُمْ وَرَحْمَةُ اللَّهِ وَبَرَكَاتُهُ " وَعَنْ شِمَالِهِ: " السَّلَامُ عَلَيْكُمْ وَرَحْمَةُ اللَّهِ وَبَرَكَاتُهُ } رَوَاهُ أَبُو دَاوُدَ بِسَنَدٍ صَحِيحٍ .

यसरी सलाम फेर्थे (अस्सलामु अलैकुम वरहमतुल्लाहे वबरकातुहू) र बायाँतिर पनि यो भन्दै सलाम फेर्थे (अस्सलामु अलैकुम वरहमतुल्लाहे वबरकातुहू) अर्थात तपाईहरूमाथि अल्लाहको प्रशान्ति र कल्याण अवतरित होस्" । (यस हदीसलाई अबू दाऊदले सही सनदको साथ वर्णन गरेका छन् ।)

٢٥٣- وَعَنْ الْمُغِيرَةِ بْنِ شُعْبَةٍ ﷺ أَنَّ النَّبِيَّ ﷺ: { كَانَ يَقُولُ فِي دُبُرِ كُلِّ صَلَاةٍ مَكْتُوبَةٍ: " لَا إِلَهَ إِلَّا اللَّهُ وَحْدَهُ لَا شَرِيكَ لَهُ، لَهُ الْمُلْكُ، وَلَهُ الْحَمْدُ، وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيرٌ، اللَّهُمَّ لَا مَانِعَ لِمَا أَعْطَيْتَ، وَلَا مُعْطِيَ لِمَا مَنَعْتَ، وَلَا يَنْفَعُ ذَا الْجَدِّ مِنْكَ الْجَدُّ } مُتَّفَقٌ عَلَيْهِ .

२५३- र हजरत मुगीरह बिन शुअबह रजिअल्लाहो अन्होको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लम प्रत्येक अनिवार्य नमाज पश्चात भन्थे: अल्लाह बाहेक कोही सत्य पूज्य छैन त्यो एकलै छ त्यसको कोही सहभागी छैन, त्यसैको लागि राजसत्ता छ, र समस्त प्रशंसा पनि त्यसैको लागि छ, र त्यो समस्त कुराहरूमाथि शक्ति सम्पन्न छ, हे अल्लाह जसलाई तिमी प्रदान गर्न चाहन्छौ त्यसलाई कोही रोक्न सक्दैन, र जसलाई प्रदान गर्न चाहदैनौ त्यसलाई कोही प्रदान गर्न सक्दैन, र तिमी समक्ष कसैको वंश महानता आदि केही काम लाग्ने छैन" । ( बुखारी, मुस्लिम)

٢٥٤- وَعَنْ سَعْدِ بْنِ أَبِي وَقَّاصٍ ﷺ قَالَ: { إِنَّ رَسُولَ اللَّهِ ﷺ كَانَ يَتَعَوَّذُ بِهِنَّ دُبُرَ الصَّلَاةِ: " اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنْ الْبُخْلِ وَأَعُوذُ بِكَ مِنْ الْجُبْنِ، وَأَعُوذُ بِكَ مِنْ أَنْ أُرَدَّ إِلَى أَرْذَلِ الْعُمُرِ، وَأَعُوذُ بِكَ مِنْ فِتْنَةِ الدُّنْيَا، وَأَعُوذُ بِكَ مِنْ عَذَابِ الْقَبْرِ } رَوَاهُ الْبُخَارِيُّ .

२५४- र हजरत सअद बिन अबि वक्कास रजिअल्लाहो अन्होको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लम यी कुराहरूबाट प्रत्येक नमाज पश्चात शरण माँगदथे: हे अल्लाह म तिम्रो शरण चाहन्छु कन्जूसीबाट र तिम्रो शरण चाहन्छु कायरताबाट, र तिम्रो शरण चाहन्छु यस कुराबाट कि मलाई बुढेसकालको जीर्ण अवस्थासम्म पुऱ्याइयोस्, र तिम्रो शरण चाहन्छु सांसारिक उपद्रवबाट, र तिम्रो शरण चाहन्छु चिहानको यातनाबाट" । (यस हदीसलाई बुखारीले वर्णन गरेका छन् ।)

२५५- र हजरत सौबान रजिअल्लाहो

٢٥٥- وَعَنْ ثَوْبَانَ ﷺ قَالَ: { كَانَ رَسُولُ اللَّهِ ﷺ إِذَا انْصَرَفَ مِنْ صَلَاتِهِ اسْتَغْفَرَ اللَّهَ ثَلَاثًا ، وَقَالَ: " اللَّهُمَّ أَنْتَ السَّلَامُ وَمِنْكَ السَّلَامُ . تَبَارَكْتَ يَا ذَا الْجَلَالِ وَالْإِكْرَامِ } رَوَاهُ مُسْلِمٌ .

अन्होको वर्णन छ किः “जब रसूल सल्लल्लाहो अलैहे वसल्लम नमाज सम्पन्न गर्थे त तीन चोटि अस्तग्फिरुललाह भन्थे, अनि भन्थेः हे अल्लाह तिमी नै शान्तिदाता हौ र तिमीबाटै शान्ति छ, तिमी कल्याणकारी छौ हे प्रताप र प्रतिष्ठावाला परम् पूज्य” । ( यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

٢٥٦- وَعَنْ أَبِي هُرَيْرَةَ ﷺ عَنْ رَسُولِ اللَّهِ ﷺ قَالَ: { مَنْ سَبَّحَ اللَّهَ دُبُرَ كُلِّ صَلَاةٍ ثَلَاثًا وَثَلَاثِينَ، وَحَمِدَ اللَّهِ ثَلَاثًا وَثَلَاثِينَ، وَكَبَّرَ اللَّهُ ثَلَاثًا وَثَلَاثِينَ، فَتِلْكَ تِسْعٌ وَتِسْعُونَ، وَقَالَ تَمَامَ الْمِائَةِ : لَا إِلَهَ إِلَّا اللَّهُ وَحْدَهُ لَا شَرِيكَ لَهُ، لَهُ الْمُلْكُ، وَلَهُ الْحَمْدُ، وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيرٌ، غُفِرَتْ لَهُ خَطَايَاهُ، وَإِنْ كَانَتْ مِثْلَ زَبَدِ الْبَحْرِ } رَوَاهُ مُسْلِمٌ .

وَفِي رِوَايَةٍ أُخْرَى: أَنَّ التَّكْبِيرَ أَرْبَعٌ وَثَلَاثُونَ.

२५६- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः “जसले पनि प्रत्येक नमाज पश्चात ३३ पटक अल्लाहको पवत्रिताको बखान गर्छ, र ३३ पटक अल्लाहको प्रशंसा गर्छ, र ३३ पटक अल्लाहको महानताको बखान गर्छ, त यी ९९ भए, र १०० पूर्ण गर्नुको लागि भन्छः अल्लाह बाहेक कोही सत्य पूज्य छैन त्यो एकलै छ त्यसको कोही सहभागी छैन, त्यसैको लागि राजसत्ता छ, र समस्त प्रशंसा पनि त्यसैको लागि छ, र त्यो समस्त कुराहरूमाथि शक्ति सम्पन्न छ, त त्यसका समस्त पापहरूलाई क्षमा गरिन्छ चाहे ती पापहरू समुन्द्रका फिँज जति किन नहोउन्” । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

र अर्को हदीसमा छ किः (अल्लाहु अक्बर) अल्लाहको महानताको वर्णन ३४ पटक भनोस् ।

٢٥٧- وَعَنْ مُعَاذِ بْنِ جَبَلٍ ﷺ { أَنَّ رَسُولَ اللَّهِ ﷺ قَالَ لَهُ: " أُوصِيكَ يَا

२५७- र हजरत मुआज बिन जबल रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले उनीसित भन्नु भयोः “हे मुआज म तिमीलाई उपदेश गर्दछु

مُعَاذُ: لَا تَدَعَنَّ دُبُرَ كُلِّ صَلَاةٍ أَنْ تَقُولَ: اللَّهُمَّ أَعِنِّي عَلَى ذِكْرِكَ وَشُكْرِكَ وَحُسْنِ عِبَادَتِكَ }. رَوَاهُ أَحْمَدُ، وَأَبُو دَاوُدَ، وَالنَّسَائِيُّ بِسَنَدٍ قَوِيٍّ .

कि तिमी प्रत्येक नमाज पश्चात यो भन्न नबिर्सनु होला कि: हे अल्लाह मलाई आफ्नो स्तुति गर्नुमा र आफ्नो प्रशंसा गर्नुमा र परिपूर्ण तरिकाले पूजा गर्नुमा सहायता प्रदान गर" । (यस हदीसलाई अहमद, र अबू दाऊद एवं नेसाईले सशक्त सनदद्वारा वर्णन गरेका छन् ।)

٢٥٨- وَعَنْ أَبِي أُمَامَةَ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { مَنْ قَرَأَ آيَةَ الْكُرْسِيِّ دُبُرَ كُلِّ صَلَاةٍ مَكْتُوبَةٍ لَمْ يَمْنَعْهُ مِنْ دُخُولِ الْجَنَّةِ إِلَّا الْمَوْتُ } رَوَاهُ النَّسَائِيُّ، وَصَحَّحَهُ ابْنُ حِبَّانَ .

وَزَادَ فِيهِ الطَّبَرَانِيُّ : { وَقُلْ هُوَ اللَّهُ أَحَدٌ } .

२५८- र हजरत अबू उमामा रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "जसले पनि प्रत्येक अनिवार्य नमाज पश्चात आयतल् कुर्सीको पाठ गर्छ त्यसलाई स्वर्गमा प्रवेश गर्नुबाट मृत्यु बाहेक केही पनि रोक्न सक्दैन" । (यस हदीसलाई नेसाईले वर्णन गरेका छन्, र इब्ने हिब्बानले सही भनेका छन् ।)

र तब्रानीले यसमा यति वृद्धि वर्णन गरेका छन्: "र कुल हुवाल्लाहु अहदको पनि पाठ गर्छ" ।

٢٥٩- وَعَنْ مَالِكِ بْنِ الْحُوَيْرِثِ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { صَلُّوا كَمَا رَأَيْتُمُونِي أُصَلِّي } رَوَاهُ الْبُخَارِيُّ .

२५९- र हजरत मालिक इब्नुल् हुवैरिस रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "तिमीहरू उस्तै नमाज पढ जसरी मलाई नमाज पढदा हेरेका छौ" । (यस हदीसलाई बुखारीले वर्णन गरेका छन् ।)

٢٦٠- وَعَنْ عِمْرَانَ بْنِ حُصَيْنٍ - رَضِيَ اللَّهُ عَنْهُمَا- قَالَ: { قَالَ لِيَ النَّبِيُّ ﷺ: " صَلِّ قَائِمًا، فَإِنْ لَمْ تَسْتَطِعْ فَقَاعِدًا، فَإِنْ لَمْ تَسْتَطِعْ فَعَلَى جَنْبٍ }

२६०- र हजरत इम्रान बिन हुसैन रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लमले मसित भन्नु भयो: उभेर नमाज पढ, त यदि यसको सामर्थ्य छैन त बसेर नमाज पढ, र यदि यस्तो गर्नुमा पनि सूक्ष्म छैनौ भने कोल्टेमा भई नमाज पढ" । (यस हदीसलाई बुखारीले

رَوَاهُ الْبُخَارِيُّ .

वर्णन गरेका छन् ।)

٢٦١– وَعَنْ جَابِرٍ ﷺ { أَنَّ النَّبِيَّ ﷺ قَالَ لِمَرِيضٍ – صَلَّى عَلَى وِسَادَةٍ، فَرَمَى بِهَا – وَقَالَ: " صَلِّ عَلَى الْأَرْضِ إِنْ اسْتَطَعْتَ، وَإِلَّا فَأَوْمِئْ إِيمَاءً، وَاجْعَلْ سُجُودَكَ أَخْفَضَ مِنْ رُكُوعِكَ } رَوَاهُ الْبَيْهَقِيُّ بِسَنَدٍ قَوِيٍّ وَلَكِنْ صَحَّحَ أَبُو حَاتِمٍ وَقْفَهُ .

२६१- र हजरत जाबिर रजिअल्लाहो अन्होको वर्णन छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लमल एउटा रोगीसित भन्नु भयो जसले एउटा सिरानीमाथि नमाज पढे पश्चात त्यसलाई फालिदिएको थियो: यदि तिमी धरतीमाथि नमाज पढन सक्दछौ भने धरतीमा नमाज पढ, र यदि यस्तो गर्न सक्दैनौ भने संकेतले नमाज पढ, र ढोगगर्दा आफ्नो रुकूअ गरेको संकेतभन्दा अधिक झुकेर संकेत गर” । (यस हदीसलाई बैहकीले सशक्त सनदद्वारा वर्णन गरेका छन्, तर अबू हातिमले यसको मौकूफ हुने कुरालाई सही भनेका छन् ।)

## بَابُ سُجُودِ السَّهْوِ وَغَيْرِهِ

## अध्यायः गल्तीको (पूरक) ढोग आदिको वर्णन

٢٦٢– عَنْ عَبْدِ اللَّهِ بْنِ بُحَيْنَةَ – رَضِيَ اللَّهُ تَعَالَى عَنْهُ– { أَنَّ النَّبِيَّ ﷺ صَلَّى بِهِمُ الظُّهْرَ، فَقَامَ فِي الرَّكْعَتَيْنِ الْأُولَيَيْنِ، وَلَمْ يَجْلِسْ، فَقَامَ النَّاسُ مَعَهُ، حَتَّى إِذَا قَضَى الصَّلَاةَ، وَانْتَظَرَ النَّاسُ تَسْلِيمَهُ، كَبَّرَ وَهُوَ جَالِسٌ . وَسَجَدَ سَجْدَتَيْنِ، قَبْلَ أَنْ يُسَلِّمَ، ثُمَّ سَلَّمَ } أَخْرَجَهُ السَّبْعَةُ، وَهَذَا لَفْظُ الْبُخَارِيِّ .

२६२- र हजरत अब्दुल्लाह बिन बुहैनह रजिअल्लाहो अन्होको वर्णन छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लमले उनीहरूलाई जुहरको नमाज पढाए, अनि पहिलाका दुई रकअत पढाए पश्चात तशहहुदमा नबसिकन् सोझो उभिहाले, अनि उहाँको साथमा सबै उभे, यहाँसम्म कि जब उहाँ चारौं रक्अत पढेर बसेका थिए, र मानिसहरू उहाँले सलाम फेर्नुको प्रतिक्षामा थिए, कि सहसा उहाँले सलाम फेर्नुभन्दा अघि नै दुई ढोग गरे, अनि सलाम फेर्नु भयो” । (यस हदीसलाई सातौंले वर्णन गरेका छन्, र वर्णित शब्द बुखारीका हुन् ।)

وَفِي رِوَايَةٍ لِمُسْلِمٍ : { يُكَبِّرُ فِي كُلِّ

र मुस्लिमको एउटा हदीसमा छ कि: “प्रत्येक ढोगगर्दा उहाँ बसेकै अवस्थामा तक्बीर भन्थे र मानिसहरूले पनि उहाँको साथमै ढोग गरे, त्यस बसाइको पूर्तिको लागि जुन उहाँले

سَجْدَةٍ وَهُوَ جَالِسٌ وَسَجَدَ النَّاسُ مَعَهُ، مَكَانَ مَا نَسِيَ مِنَ الْجُلُوسِ }.

٢٦٣- وَعَنْ أَبِي هُرَيْرَةَ -رَضِيَ اللَّهُ تَعَالَى عَنْهُ- قَالَ: { صَلَّى النَّبِيُّ ﷺ إِحْدَى صَلَاتِي الْعَشِيِّ رَكْعَتَيْنِ، ثُمَّ سَلَّمَ، ثُمَّ قَامَ إِلَى خَشَبَةٍ فِي مُقَدَّمِ الْمَسْجِدِ، فَوَضَعَ يَدَهُ عَلَيْهَا، وَفِي الْقَوْمِ أَبُو بَكْرٍ وَعُمَرُ، فَهَابَا أَنْ يُكَلِّمَاهُ، وَخَرَجَ سَرَعَانُ النَّاسِ، فَقَالُوا: أَقُصِرَتْ الصَّلَاةُ، وَرَجُلٌ يَدْعُوهُ النَّبِيُّ ﷺ ذَا الْيَدَيْنِ، فَقَالَ: يَا رَسُولَ اللَّهِ، أَنَسِيتَ أَمْ قُصِرَتْ ؟ فَقَالَ: " لَمْ أَنْسَ وَلَمْ تُقْصَرْ " فَقَالَ: بَلَى، قَدْ نَسِيتَ، فَصَلَّى رَكْعَتَيْنِ ثُمَّ سَلَّمَ، ثُمَّ كَبَّرَ، فَسَجَدَ مِثْلَ سُجُودِهِ، أَوْ أَطْوَلَ ثُمَّ رَفَعَ رَأْسَهُ فَكَبَّرَ، ثُمَّ وَضَعَ رَأْسَهُ، فَكَبَّرَ، فَسَجَدَ مِثْلَ سُجُودِهِ، أَوْ أَطْوَلَ . ثُمَّ رَفَعَ رَأْسَهُ وَكَبَّرَ } مُتَّفَقٌ عَلَيْهِ، وَاللَّفْظُ لِلْبُخَارِيِّ .

बिर्सेका थिए" ।

२६३- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: "नबी सल्लल्लाहो अलैहे वसल्लमले हामीलाई अपराह्नको कुनै नमाजमा (जुहर अथवा अस्रमा) मात्र दुई रकअत पढाएर सलाम फेरे, अनि मस्जिदको अघिल्लो भागमा भएको एउटा काठ निकट भएर उभे, अनि आफ्नो हातलाई त्यसमाथि राखे, र त्यहाँ अबू बक्र र उमर पनि उपस्थित थिए तर यस सन्दर्भमा उहाँसित कुरा गर्नुमा त्रसित थिए, र जब हतार गर्नेहरू मस्जिदबाट निस्किहाले त एकअर्कासित कुरा गर्न थाले: कि के नमाज कम गरिएको छ ? र एउटा व्यक्ति थिए जिनलाई रसूल सल्लल्लाहो अलैहे वसल्लम जुल यदैन नामले सम्बोधित गर्थे, त यसै व्यक्तिले भने: हे अल्लाहको रसूल ! के तपाई बिर्सनु भएको छ वा नमाजमा कमी गरिएको छ ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: नत म बिर्सेको छु नत नमाज नै कम गरिएको छ, त त्यस व्यक्तिले भने: होइन, बरु तपाई पक्कै बिर्सनु भएको छ, अनि उहाँले दुई रकअत नमाज पुनः पढे, अनि सलाम फेरे, अनि तक्बीर भनेर आफूले गर्दै आएको ढोग झैं वा त्यसभन्दा अलि लामो ढोग गरे, अनि आफ्नो टाउको उठाउँदै तक्बीर भने, अनि पुनः ढोगगर्दा तक्बीर भने, अनि आफूले गर्दै आएको ढोग झैं वा त्यसभन्दा अलि लामो ढोग गरे, अनि त्यसबाट टाउको उठाउनु भयो र तक्बीर भन्नु भयो" । (बुखारी, मुस्लिम, र वर्णित शब्द बुखारीका हुन् ।)

وَفِي رِوَايَةٍ لِمُسْلِمٍ : { صَلَاةُ الْعَصْرِ }

وَلِأَبِي دَاوُدَ، فَقَالَ: { أَصَدَقَ ذُو الْيَدَيْنِ ؟ " فَأَوْمَئُوا : أَيْ نَعَمْ } . وَهِيَ فِي " الصَّحِيحَيْنِ " لَكِنْ بِلَفْظِ : فَقَالُوا . وَهِيَ فِي رِوَايَةٍ لَهُ : { وَلَمْ يَسْجُدْ حَتَّى يَقَّنَهُ اللَّهُ تَعَالَى ذَلِكَ } .

٢٦٤- وَعَنْ عِمْرَانَ بْنِ حُصَيْنٍ - رَضِيَ اللَّهُ تَعَالَى عَنْهُ- { أَنَّ النَّبِيَّ ﷺ صَلَّى بِهِمْ، فَسَهَا فَسَجَدَ سَجْدَتَيْنِ، ثُمَّ تَشَهَّدَ، ثُمَّ سَلَّمَ } رَوَاهُ أَبُو دَاوُدَ، وَالتِّرْمِذِيُّ وَحَسَّنَهُ، وَالْحَاكِمُ وَصَحَّحَهُ .

٢٦٥- وَعَنْ أَبِي سَعِيدٍ الْخُدْرِيِّ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِذَا شَكَّ أَحَدُكُمْ فِي صَلَاتِهِ، فَلَمْ يَدْرِ كَمْ صَلَّى أَثْلَاثًا أَوْ أَرْبَعًا ؟ فَلْيَطْرَحِ الشَّكَّ وَلْيَبْنِ عَلَى مَا اسْتَيْقَنَ، ثُمَّ يَسْجُدُ سَجْدَتَيْنِ قَبْلَ أَنْ يُسَلِّمَ، فَإِنْ كَانَ صَلَّى خَمْساً شَفَعْنَ لَهُ صَلَاتَهُ، وَإِنْ كَانَ صَلَّى تَمَامًا

र मुस्लिमको एउटा हदीसमा छ कि: “त्यो अस्रको नमाज थियो” ।

र अबू दाऊदको हदीसमा छ: “अनि उहाँले भन्नु भयो: के जुल यदैनले सत्य भनिरहेका छन् ? त मानिसहरूले संकेत गरे, अर्थात हो भने” । र यो वृद्धि बुखारी मुस्लिममा पनि वर्णित छ तर त्यसमा (कालू) उनीहरूले भने शब्द वर्णित छ । र मुस्लिमकै एउटा हदीसमा छ कि: “र उहाँले ढोग तबसम्म गरेनन् जबसम्म कि महान अल्लाहको तर्फबाट यस बिर्साइबारे विश्वास गराइएन” ।

२६४- र हजरत इम्रान बिन हुसैन रजिअल्लाहो अन्होको वर्णन छ कि: “रसूल सल्लल्लाहो अलैहे वसल्लमले उनीहरूलाई नमाज पढाए, अनि त्यसमा गल्ती गरे त दुई ढोग गरे पश्चात तशहहुदमा बसे अनि सलाम फेरे” । (यस हदीसलाई अबू दाऊद र तिर्मिजीले वर्णन गरेका छन्, र इमाम तिर्मिजीले विश्वासनीय पनि भनेका छन्, र हाकिमले यसलाई सही भनेका छन् ।)

२६५- र हजरत अबू सईद अल् खुदरी रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “जब तिमीमध्ये कसैलाई त्यसको नमाजमा कुनै प्रकारको शंका सन्देह भइहालोस्, यसर्थ त्यसलाई यो थाहै नहोस् कि त्यसले तीन रकअत पढ्यो वा चार रकअत ? त त्यो संकोच र सन्देहलाई पर फालेर जसमाथि त्यसलाई यकीन होस् त्यसैलाई आधार मानेर आफ्नो नमाजलाई पूर्ण गरोस्, अनि सलाम फेर्नुभन्दा अघि नै दुई ढोग गरोस्, त यदि त्यसले पाँच रकअत पढिहाल्यो त यी दुवै ढोग त्यसको विसम रकअतलाई सम

كَانَتَا تَرْغِيمًا لِلشَّيْطَانِ" } رَوَاهُ مُسْلِمٌ .

٢٦٦ - وَعَنِ ابْنِ مَسْعُودٍ ﵁ قَالَ: { صَلَّى رَسُولُ اللَّهِ ﷺ فَلَمَّا سَلَّمَ قِيلَ لَهُ: يَا رَسُولَ اللَّهِ، أَحَدَثَ فِي الصَّلَاةِ شَيْءٌ ؟ قَالَ: " وَمَا ذَلِكَ ؟ " . قَالُوا: صَلَّيْتَ كَذَا، قَالَ : فَثَنَى رِجْلَيْهِ وَاسْتَقْبَلَ الْقِبْلَةَ، فَسَجَدَ سَجْدَتَيْنِ، ثُمَّ سَلَّمَ، ثُمَّ أَقْبَلَ عَلَيْنَا بِوَجْهِهِ فَقَالَ: " إِنَّهُ لَوْ حَدَثَ فِي الصَّلَاةِ شَيْءٌ أَنْبَأْتُكُمْ بِهِ، وَلَكِنْ إِنَّمَا أَنَا بَشَرٌ أَنْسَى كَمَا تَنْسَوْنَ، فَإِذَا نَسِيتُ فَذَكِّرُونِي، وَإِذَا شَكَّ أَحَدُكُمْ فِي صَلَاتِهِ فَلْيَتَحَرَّ الصَّوَابَ، فلْيُتِمَّ عَلَيْهِ، ثُمَّ لِيَسْجُدْ سَجْدَتَيْنِ } مُتَّفَقٌ عَلَيْهِ .

وَفِي رِوَايَةٍ لِلْبُخَارِيِّ: { فَلْيُتِمَّ، ثُمَّ يُسَلِّمْ، ثُمَّ يَسْجُدْ } .

وَلِمُسْلِمٍ: { أَنَّ النَّبِيَّ ﷺ سَجَدَ سَجْدَتَيْ السَّهْوِ بَعْدَ السَّلَامِ وَالْكَلَامِ }

وَلِأَحْمَدَ، وَأَبِي دَاوُدَ، وَالنَّسَائِيِّ؛ مِنْ

बनाइदिन्छन्, र यदि त्यसले पूर्ण नमाज पढेको छ भने यी दुवै ढोग शैतानको लागि अभिशाप सिद्ध हुन्छ" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

२६६- र हजरत इब्ने मसऊद रजिअल्लाहो अन्होको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लमले नमाज पढाउनु भयो, अनि जब उहाँले सलाम फेरे त उहाँसित भनियो: हे अल्लाहका रसूल के नमाजमा कुनै नौलो कुरो भएको छ ? त उहाँले भन्नु भयो: र त्यो कुरो के हो ? त उनीहरूले भने: तपाईले यसरी नमाज पढाउनु भएको छ, त इब्ने मसऊद भन्छन् कि: अनि नबी सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो दुवै पाइलामाथि बसेर किब्लातिर अनुहार गरे, अनि दुई ढोग गरे, अनि सलाम फेरे, अनि हामीहरूतिर अनुहार गरेर भने: यदि नमाजमा कुनै नौलो कुरो भएको भए म तिमीहरूलाई अवश्य बताउने थिएँ, तर म पनि तिमीहरू सरह एउटा मानव हूँ, म पनि उस्तै बिर्सन्छु जसरी तिमीहरू बिर्सदछौ, यसर्थ यदि म बिसूँ त मलाई स्मरण गराइदिनु, र जब तिमीमध्ये कोही आफ्नो नमाजबारे शंकामा परोस् त जस कुरामाथि त्यसलाई अधिक यकिन होस् त्यसैलाई आधार मानेर आफ्नो नमाजलाई पूर्ण गरोस्, अनि दुई ढोग गरिहालोस्" । ( बुखारी, मुस्लिम)

र बुखारीकै एउटा अर्को हदीसमा छ: "अनि नमाजलाई पूर्ण गरोस्, अनि सलाम फेरोस्, अनि ढोग गरोस्" ।

र मुस्लिममा छ कि: "नबी सल्लल्लाहो अलैहे वसल्लमले गल्ती गरेकोमा दुई ढोग गरे सलाम र कुराकानी गरे पश्चात" ।

र अहमद, अबू दाऊद र नेसाईमा अब्द बिन जअफरको माध्यमले मरफूअ हदीस वर्णित

حَدِيثِ عَبْدِ بْنِ جَعْفَرٍ مَرْفُوعاً: { مَنْ شَكَّ فِي صَلَاتِهِ، فَلْيَسْجُدْ سَجْدَتَيْنِ بَعْدَمَا يُسَلِّمُ } وَصَحَّحَهُ ابْنُ خُزَيْمَةَ .

छ कि: "जुन व्यक्तिलाई पनि त्यसको नमाजको बारेमा शंका भइहालोस्, त त्यो सलाम फेरे पश्चात दुई ढोग गरोस्" । (र यस हदीसलाई इब्ने खुजैमाले सही भनेका छन् ।)

٢٦٧ - وَعَنِ الْمُغِيرَةِ بْنِ شُعْبَةَ رضي الله عنه أَنَّ رَسُولَ اللَّهِ ﷺ قَالَ: { إِذَا شَكَّ أَحَدُكُمْ، فَقَامَ فِي الرَّكْعَتَيْنِ، فَاسْتَتَمَّ قَائِمًا، فَلْيَمْضِ، وَلْيَسْجُدْ سَجْدَتَيْنِ، وَإِنْ لَمْ يَسْتَتِمْ قَائِمًا فَلْيَجْلِسْ وَلَا سَهْوَ عَلَيْهِ } رَوَاهُ أَبُو دَاوُدَ، وَابْنُ مَاجَهْ، وَالدَّارَقُطْنِيُّ، وَاللَّفْظُ لَهُ بِسَنَدٍ ضَعِيفٍ .

२६७- र हजरत मुगीरह बिन शुअबह रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "जब तिमीमध्ये कसैलाई नमाजमा शंका भइहालोस्, र त्यो दुई रकअत पढे पश्चात तशह्हुदमा नबसिकन् उभिहालोस्, र राम्ररी उभिहालोस्, त आफ्नो नमाजलाई निरन्तर राखोस् (अर्थात: पुन: फर्केर तशह्हुदको लागि नबसोस्) बरु (त्यसको क्षतिपूर्तिमा) दुई ढोग गरोस्, र यदि त्यो राम्ररी उभेको छैन त बसिहालोस् र त्यसले कुनै त्रुटि गरेछैन" । (यस हदीसलाई अबू दाऊद, इब्ने माजा र दारकुत्नीले वर्णन गरेका छन्, र शब्द दारकुत्नीका हुन् तर यसको सनद जईफ छ ।)

٢٦٨ - وَعَنْ عُمَرَ رَضِيَ اللَّهُ عَنِ النَّبِيِّ ﷺ قَالَ: { لَيْسَ عَلَى مَنْ خَلْفَ اَلْإِمَامَ سَهْوٌ فَإِنْ سَهَا الْإِمَامُ فَعَلَيْهِ وَعَلَى مَنْ خَلْفَهُ" } رَوَاهُ اَلْبَزَّارُ وَالْبَيْهَقِيُّ بِسَنَدٍ ضَعِيفٍ .

२६८- र हजरत उमर रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "इमामको पछाडि नमाज पढनेहरूको कुनै गल्ती हुँदैन, यसर्थ यदि इमामले गल्ती गर्‍यो भने इमाम र मुक्तदी (जुन त्यसको पछाडि नमाज पढिरहेका छन्) दुवैमाथि सज्दए सहव ( गल्तीको पूरक ढोग) छ" । (यस हदीसलाई बज्जार र बैहकीले जईफ सनदको माध्यमले वर्णन गरेका छन् ।)

٢٦٩ - وَعَنْ ثَوْبَانَ رضي الله عنه أَنَّ النَّبِيَّ ﷺ قَالَ: { لِكُلِّ سَهْوٍ سَجْدَتَانِ بَعْدَمَا يُسَلِّمُ } رَوَاهُ أَبُو دَاوُدَ، وَابْنُ مَاجَهْ بِسَنَدٍ

२६९- र हजरत सौबान रजिअल्लाहो अन्होको वर्णन छ कि: नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "नमाजको प्रत्येक गल्तीको लागि सलाम पश्चात दुई ढोग गर्नुपर्छ" । (यस हदीसलाई अबू दाऊद

र इब्ने माजाले जईफ सनदको माध्यमले वर्णन गरेका छन् ।)

ضَعِيفٍ .

२७०- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: “हामीले रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथमा (इजस्समाउन् शक्कत) र (इक्रा बिस्मि रब्बिका) को पाठनमा ढोग गरें” । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

٢٧٠ – وَعَنْ أَبِي هُرَيْرَةَ ﷺ قَالَ: { سَجَدْنَا مَعَ رَسُولِ اللَّهِ ﷺ فِي: ( إِذَا السَّمَاءُ انْشَقَّتْ )، و : ( اقْرَأْ بِاسْمِ رَبِّكَ ) } رَوَاهُ مُسْلِمٌ .

२७१- र हजरत इब्ने अब्बास रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: “सूरतु (साद) मा भएको ढोग अनिवार्य ढोगमध्येको होइन, तर मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई यसमा ढोग गर्दा हेरेको छु” । (यस हदीसलाई बुखारीले वर्णन गरेका छन् ।)

٢٧١ – وَعَنْ ابْنِ عَبَّاسٍ –رَضِيَ اللَّهُ عَنْهُمَا– قَالَ: { ( ص ) لَيْسَتْ مِنْ عَزَائِمِ السُّجُودِ، وَقَدْ رَأَيْتُ رَسُولَ اللَّهِ ﷺ يَسْجُدُ فِيهَا } رَوَاهُ الْبُخَارِيُّ .

२७२- र उनैद्वारा वर्णित छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लमले सूरतुन्नज्ममा ढोग गर्नु भयो” । (यस हदीसलाई बुखारीले वर्णन गरेका छन् ।)

٢٧٢– وَعَنْهُ : { أَنَّ النَّبِيَّ ﷺ سَجَدَ بِالنَّجْمِ } رَوَاهُ الْبُخَارِيُّ .

२७३- र हजरत जैद बिन साबित रजिअल्लाहो अन्होको वर्णन छ कि: “मैले नबी सल्लल्लाहो अलैहे वसल्लम समक्ष सूरतुन्नज्मको पाठन गरें, तर उहाँले त्यसमा ढोग गर्नु भएन” । (बुखारी, मुस्लिम)

٢٧٣– وَعَنْ زَيْدِ بْنِ ثَابِتٍ ﷺ قَالَ: { قَرَأْتُ عَلَى النَّبِيِّ ﷺ النَّجْمَ، فَلَمْ يَسْجُدْ فِيهَا } مُتَّفَقٌ عَلَيْهِ .

२७४- र हजरत खालिद बिन मअदान रजिअल्लाहो अन्होको वर्णन छ कि: “सूरतुल् हज्जलाई दुई ढोग हुने कारण श्रेष्ठता दिइएको छ” । (यसलाई अबू दाऊदले मरासीलमा वर्णन गरेका छन् ।)
र अहमद एवं तिर्मिजीले मौसूलन् उकबा बिन आमिरको माध्यमले वर्णन गरेका छन्,

٢٧٤– وَعَنْ خَالِدِ بْنِ مَعْدَانَ ﷺ قَالَ: { فُضِّلَتْ سُورَةُ الْحَجِّ بِسَجْدَتَيْنِ }. رَوَاهُ أَبُو دَاوُدَ فِي " الْمَرَاسِيلِ " .

र यसमा यति वृद्धि पनि वर्णन गरेका छन् कि: “त जसले ती दुवै ढोगलाई नगरोस् त्यो यस सूरहलाई नपढोस्” । (तर यसको सनद जईफ छ । )

وَرَوَاهُ أَحْمَدُ، وَالتِّرْمِذِيُّ مَوْصُولًا مِنْ حَدِيثِ عُقْبَةَ بْنِ عَامِرٍ، وَزَادَ: { فَمَنْ لَمْ يَسْجُدْهُمَا، فَلَا يَقْرَأْهَا } وَسَنَدُهُ ضَعِيفٌ.

२७५- र हजरत उमर रजिअल्लाहो अन्होको वर्णन छ उनेले भनेकि: “हे मानिसहरू हामी ढोगका श्लोकहरूबाट गुज्रन्छौं त जसले ढोग गऱ्यो त्यसले पुण्यको कार्य गऱ्यो, र जसले ढोग गरेन त्यसमाथि कुनै दोष छैन” । (यस हदीसलाई बुखारीले वर्णन गरेका छन् ।) र यसै हदीसमा छ कि: “निःसन्देह अल्लाहले यी ढोगहरूलाई हामीमाथि अनिवार्य गरेका छैनन् यस कुरा बाहेक कि जसको इच्छा होस् त्यो ढोग गरोस्” । (र यो मुवत्तामा वर्णित छ)

٢٧٥- وَعَنْ عُمَرَ ﷺ قَالَ: { يَا أَيُّهَا النَّاسُ إِنَّا نَمُرُّ بِالسُّجُودِ فَمَنْ سَجَدَ فَقَدْ أَصَابَ، وَمَنْ لَمْ يَسْجُدْ فَلَا إِثْمَ عَلَيْهِ }. رَوَاهُ الْبُخَارِيُّ . وَفِيهِ : { إِنَّ اللَّهَ تَعَالَى لَمْ يَفْرِضْ السُّجُودَ إِلَّا أَنْ نَشَاءَ }. وَهُوَ فِي " الْمُوَطَّأِ.

२७६- र हजरत इब्ने उमर रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लम हामी समक्ष कुरआनको पाठन गर्थे, अनि जब ढोगको श्लोकबाट गुज्रन्थे, त तक्बीर भनेर ढोग गर्थे, र हामी पनि उहाँको साथमा ढोग गर्थें” । (यस हदीसलाई अबू दाऊदले विकारयुक्त सनदको माध्यमले वर्णन गरेका छन् ।)

٢٧٦ - وَعَنْ ابْنِ عُمَرَ -رَضِيَ اللَّهُ عَنْهُمَا- قَالَ: { كَانَ النَّبِيُّ ﷺ يَقْرَأُ عَلَيْنَا الْقُرْآنَ، فَإِذَا مَرَّ بِالسَّجْدَةِ، كَبَّرَ، وَسَجَدَ، وَسَجَدْنَا مَعَهُ } رَوَاهُ أَبُو دَاوُدَ بِسَنَدٍ فِيهِ لِينٌ .

२७७- र हजरत अबू बकरह रजिअल्लाहो अन्होको वर्णन छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लमलाई कुनै प्रसन्न गरिदिने कुराको सुसमाचार मिल्थ्यो त ढोग गर्दै अल्लाहलाई नतमस्तक भइहाल्थे” । (यस हदीसलाई नेसाई बाहेक पाँचौंले वर्णन गरेका छन् )

٢٧٧ - وَعَنْ أَبِي بَكْرَةَ ﷺ أَنَّ النَّبِيَّ ﷺ { كَانَ إِذَا جَاءَهُ أَمْرٌ يَسُرُّهُ خَرَّ سَاجِداً لِلَّهِ } رَوَاهُ الْخَمْسَةُ إِلَّا النَّسَائِيَّ .

२७८- र हजरत अब्दुर्रहमान बिन औफ

٢٧٨- وَعَنْ عَبْدِ الرَّحْمَنِ بْنِ عَوْفٍ

﵁ قَالَ: { سَجَدَ النَّبِيُّ ﷺ فَأَطَالَ السُّجُودَ، ثُمَّ رَفَعَ رَأْسَهُ وَقَالَ: "إِنَّ جِبْرِيلَ آتَانِي، فَبَشَّرَنِي، فَسَجَدْتُ لِلَّهِ شُكْرًا" } رَوَاهُ أَحْمَدُ، وَصَحَّحَهُ الْحَاكِمُ .

रजिअल्लाहो अन्होको वर्णन छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लमले लामो ढोग गरे, अनि त्यसबाट आफ्नो टाउको उठाएर भने: निःसन्देह हजरत जिब्रील मेरो पासमा आए, र मलाई शुभसमाचार सुनाए, त मैले अल्लाहको कृतज्ञता ज्ञापन गर्ने उद्देश्यले ढोग गरिहालें” । (यस हदीसलाई अहमदले वर्णन गरेका छन्, र हाकिमले सही भनेका छन् ।)

٢٧٩ – وَعَنْ الْبَرَاءِ بْنِ عَازِبٍ – رَضِيَ اللَّهُ عَنْهُمَا– { أَنَّ النَّبِيَّ ﷺ بَعَثَ عَلِيًّا إِلَى الْيَمَنِ – فَذَكَرَ الْحَدِيثَ – قَالَ: فَكَتَبَ عَلِيٌّ ﵁ بِإِسْلَامِهِمْ، فَلَمَّا قَرَأَ رَسُولُ اللَّهِ ﷺ الْكِتَابَ خَرَّ سَاجِدًا } رَوَاهُ الْبَيْهَقِيُّ . وَأَصْلُهُ فِي الْبُخَارِيِّ .

२७९- र हजरत बराअ बिन आजिब रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लमले हजरत अलीलाई यमनतिर पठाए (अनि पूर्ण हदीसलाई वर्णन गरे) र भने: अनि हजरत अलीले उनीहरूको इस्लाम कबूल गर्ने कुरालाई पत्रमा लेखेर पठाए, त जब रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यो पत्र पढे त तुरुन्तै ढोग गरिहाले” । (यस हदीसलाई बैहकीले वर्णन गरेका छन् । र मूल हदीस बुखारीमा वर्णित छ ।)

## بَابُ صَلَاةِ التَّطَوُّعِ

## अध्याय: नफिली नमाजहरूको वर्णन

٢٨٠ – عَنْ رَبِيعَةَ بْنِ كَعْبٍ الْأَسْلَمِيِّ –رِضَى اللَّهُ عَنْهُ– قَالَ: { قَالَ لِي النَّبِيُّ ﷺ سَلْ . فَقُلْتُ: أَسْأَلُكَ مُرَافَقَتَكَ فِي الْجَنَّةِ . فَقَالَ: أَوَغَيْرَ ذَلِكَ ؟، قُلْتُ: هُوَ ذَاكَ، قَالَ: " فَأَعِنِّي عَلَى نَفْسِكَ بِكَثْرَةِ السُّجُودِ" } رَوَاهُ مُسْلِمٌ .

२८०- हजरत रबीअह बिन कअब अल् असलमी रजिअल्लाहो अन्होको वर्णन छ कि: “मसित नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: जे माँग्नु छ माँग । त मैले भनें: म स्वर्गमा तपाईको साथको माँग गर्दछु ( इच्छुक छु) । त उहाँले भन्नु भयो: के यस बाहेक केही अरु चाहन्छौ ? त मैले भनें: होइन म मात्र त्यही चहन्छु, त उहाँले भन्नु भयो: यसो भए आफ्नो इच्छापूर्तिको लागि अत्याधिक ढोग गर्दैगर” । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

२८१- र हजरत इब्ने उमर रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: “मैले नबी सल्लल्लाहो अलैहे वसल्लमसित दश रकअत (नफिली नमाज) याद गरेको छु: दुई रकअत जुहरभन्दा अघि, र दुई रकअत त्यस पश्चात, र दुई रकअत मग्रिब पश्चात आफ्नै घरमा पढथे, र आफ्नै घरमा दुई रकअत इशा पश्चात, र दुई रकअत फज्रभन्दा अघि” । (बुखारी, मुस्लिम)

٢٨١ – وَعَنْ ابْنِ عُمَرَ –رَضِيَ اللَّهُ عَنْهُمَا– قَالَ: { حَفِظْتُ مِنْ النَّبِيِّ ﷺ عَشْرَ رَكَعَاتٍ: رَكْعَتَيْنِ قَبْلَ الظُّهْرِ، وَرَكْعَتَيْنِ بَعْدَهَا، وَرَكْعَتَيْنِ بَعْدَ الْمَغْرِبِ فِي بَيْتِهِ، وَرَكْعَتَيْنِ بَعْدَ الْعِشَاءِ فِي بَيْتِهِ، وَرَكْعَتَيْنِ قَبْلَ الصُّبْحِ } مُتَّفَقٌ عَلَيْهِ .

र बुखारी मुस्लिमकै एउटा अर्को हदीसमा छ: “र उहाँ आफ्नै घरमा जुमआ पश्चात दुई रकअत पढथे” ।

وَفِي رِوَايَةٍ لَهُمَا: { وَرَكْعَتَيْنِ بَعْدَ الْجُمْعَةِ فِي بَيْتِهِ } .

र मुस्लिममा छ कि: “जब फज्र (भोर, उषकाल) उदय भइहाल्थ्यो त मात्र दुई हलुङ्गो रकअत पढथे” ।

وَلِمُسْلِمٍ : { كَانَ إِذَا طَلَعَ الْفَجْرُ لَا يُصَلِّي إِلَّا رَكْعَتَيْنِ خَفِيفَتَيْنِ }

२८२- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लम जुहरभन्दा पहिलाका चार रकअत र फज्रभन्दा अघिका दुई रकअतलाई कहिले पनि त्यागेनन्” । (यस हदीसलाई बुखारीले वर्णन गरेका छन् ।)

٢٨٢ – وَعَنْ عَائِشَةَ –رَضِيَ اللَّهُ عَنْهَا– : أَنَّ النَّبِيَّ ﷺ { كَانَ لَا يَدَعُ أَرْبَعًا قَبْلَ الظُّهْرِ وَرَكْعَتَيْنِ قَبْلَ الْغَدَاةِ } رَوَاهُ الْبُخَارِيُّ .

२८३- र उनैद्वारा वर्णित छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लम समस्त नफिली नमाजहरूभन्दा अधिक महत्व फज्रका दुई रकअतलाई दिन्थे” । (बुखारी, मुस्लिम)

٢٨٣ – وَعَنْهَا قَالَتْ: { لَمْ يَكُنْ النَّبِيُّ ﷺ عَلَى شَيْءٍ مِنْ النَّوَافِلِ أَشَدَّ تَعَاهُدًا مِنْهُ عَلَى رَكْعَتَيْ الْفَجْرِ } مُتَّفَقٌ عَلَيْهِ .

र मुस्लिमले वर्णन गरेको एउटा हदीसमा

छ: “फज्रका दुई रकअत संसार र संसारमा भएका समस्त थोकभन्दा उत्कृष्ट छ” ।

وَلِمُسْلِمٍ : { رَكْعَتَا الْفَجْرِ خَيْرٌ مِنْ الدُّنْيَا وَمَا فِيهَا }.

२८४- र हजरत उम्मे हबीबा आस्थावानहरूकी आमा रजिअल्लाहो अन्हाको वर्णन छ कि: मैले नबी सल्लल्लाहो अलैहे वसल्लमलाई भन्दै सुनेको छु कि: “जसले दिन र रात्रीमा १२ रकअत (सुन्नत) पढ्दछ त अल्लाह यसको प्रतिफलको रूपमा त्यसको लागि स्वर्गमा एउटा स्मार्क बनाइदिन्छन्” । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन्, र एउटा हदीसमा “नफिली नमाज” शब्दको वर्णन पनि छ ।)

٢٨٤- وَعَنْ أُمِّ حَبِيبَةَ أُمِّ الْمُؤْمِنِينَ -رَضِيَ اللَّهُ عَنْهَا- قَالَتْ: سَمِعْتَ النَّبِيَّ ﷺ يَقُولُ: { مَنْ صَلَّى اِثْنَتَا عَشْرَةَ رَكْعَةً فِي يَوْمٍ وَلَيْلَةٍ بُنِيَ لَهُ بِهِنَّ بَيْتٌ فِي الْجَنَّةِ } رَوَاهُ مُسْلِمٌ . وَفِي رِوَايَةٍ " تَطَوُّعًا" .

र तिर्मिजीले पनि यस्तै हदीस वर्णन गरेका छन्, र त्यसमा यति वृद्धि गरेका छन् कि: “चार रकअत जुहरभन्दा अघि र दुई रकअत त्यसभन्दा पछि, र दुई रकअत मग्‌रिब पश्चात, र दुई रक्‌अत इशा नमाज पश्चात, र दुई रकअत फज्र नमाजभन्दा अघि” ।

وَلِلتِّرْمِذِيِّ نَحْوُهُ، وَزَادَ: { أَرْبَعًا قَبْلَ الظُّهْرِ وَرَكْعَتَيْنِ بَعْدَهَا، وَرَكْعَتَيْنِ بَعْدَ الْمَغْرِبِ، وَرَكْعَتَيْنِ بَعْدَ الْعِشَاءِ، وَرَكْعَتَيْنِ قَبْلَ صَلَاةِ الْفَجْرِ }.

र उनैद्वारा पाँचौले वर्णन गरेका छन् कि: “जसले जुहर नमाजभन्दा अघि र पछि चार चार रकअतलाई नरिन्तरताले आयोजित गर्दै रहन्छ अल्लाह त्यसमाथि नर्कलाई निषेधित गरिदिन्छन्” ।

وَلِلْخَمْسَةِ عَنْهَا: { مَنْ حَافَظَ عَلَى أَرْبَعٍ قَبْلَ الظُّهْرِ وَأَرْبَعٍ بَعْدَهَا حَرَّمَهُ اللَّهُ عَلَى النَّارِ }.

२८५- र हजरत इब्ने उमर रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “अल्लाह त्यस व्यक्तिमाथि दया गरुन् जसले अस्र नमाजभन्दा अघि चार रकअत पढोस्” । ( यस हदीसलाई अहमद, र अबू दाऊद र तिर्मिजीले वर्णन गरेका छन्, र तिर्मिजीले

٢٨٥ - وَعَنْ ابْنِ عُمَرَ -رَضِيَ اللَّهُ عَنْهُمَا- قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { رَحِمَ اللَّهُ اِمْرَأً صَلَّى أَرْبَعًا قَبْلَ الْعَصْرِ } رَوَاهُ أَحْمَدُ، وَأَبُو دَاوُدَ وَالتِّرْمِذِيُّ وَحَسَّنَهُ،

وَابْنُ خُزَيْمَةَ وَصَحَّحَهُ .

यसलाई विश्वासनीय पनि भनेका छन्, र इब्ने खुजैमाले यसलाई सही भनेका छन् ।)

٢٨٦ – وَعَنْ عَبْدِ اللَّهِ بْنِ مُغَفَّلٍ الْمُزَنِيِّ رضي الله عنه عَنِ النَّبِيِّ ﷺ قَالَ: { صَلُّوا قَبْلَ الْمَغْرِبِ، صَلُّوا قَبْلَ الْمَغْرِبِ " ثُمَّ قَالَ فِي الثَّالِثَةِ : " لِمَنْ شَاءَ " كَرَاهِيَةَ أَنْ يَتَّخِذَهَا النَّاسُ سُنَّةً } رَوَاهُ الْبُخَارِيُّ .

२८६- र हजरत अब्दुल्लाह बिन मुगफ्फल अल् मुजनी रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "मग्रिबभन्दा अघि नमाज पढ, "मग्रिबभन्दा अघि नमाज पढ, अनि तेस्रो पटकमा भन्नु भयो: जसले चाहोस्, यस कुराको भय र अप्रियताको कारण ताकि मानिसहरू यसलाई सुन्नत नबनाइहालुन्" । (यस हदीसलाई बुखारीले वर्णन गरेका छन् ।)

وَفِي رِوَايَةِ ابْنِ حِبَّانَ: { أَنَّ النَّبِيَّ ﷺ صَلَّى قَبْلَ الْمَغْرِبِ رَكْعَتَيْنِ }.

र इब्ने हिब्बानको एउटा हदीसमा छ कि: "नबी सल्लल्लाहो अलैहे वसल्लमले मग्रिबभन्दा अघि दुई रकअत पढे" ।

وَلِمُسْلِمٍ عَنْ أَنَسٍ –رَضِيَ اللَّهُ عَنْهُ– قَالَ: { كُنَّا نُصَلِّي رَكْعَتَيْنِ بَعْدَ غُرُوبِ الشَّمْسِ، فَكَانَ ﷺ يَرَانَا، فَلَمْ يَأْمُرْنَا وَلَمْ يَنْهَانَا } .

र मुस्लिमले हजरत अनस रजिअल्लाहो अन्होको माध्यमले वर्णन गरेका छन् कि उनले भने: "हामी सूर्य अस्त भए पश्चात दुई रकअत नमाज पढदथें, र नबी सल्लल्लाहो अलैहे वसल्लम यसलाई पढदा हेर्दैगर्थे तर उहाँले नत यसको आदेश दिनु भयो नत यसबाट मनाही नै गर्नु भयो" ।

٢٨٧ – وَعَنْ عَائِشَةَ –رَضِيَ اللَّهُ عَنْهَا– قَالَتْ: { كَانَ النَّبِيُّ ﷺ يُخَفِّفُ الرَّكْعَتَيْنِ اللَّتَيْنِ قَبْلَ صَلَاةِ الصُّبْحِ، حَتَّى إِنِّي أَقُولُ: أَقَرَأَ بِأُمِّ الْكِتَابِ؟ } مُتَّفَقٌ عَلَيْهِ .

२८७- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: "नबी सल्लल्लाहो अलैहे वसल्लम फज्र नमाजभन्दा पहिला पढिने दुई रकअतलाई अति सानो गरेर पढथे, यहाँसम्म कि म सोच्न लाग्थें कि के उहाँले मात्र सूरतुल् फातिहा पढनु भएको छ ?" । (बुखारी, मुस्लिम)

٢٨٨ – وَعَنْ أَبِي هُرَيْرَةَ–رَضِيَ اللَّهُ

२८८- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: "रसूल सल्लल्लाहो

عَنْهُ- : { أَنَّ النَّبِيَّ ﷺ قَرَأَ فِي رَكْعَتَيْ الْفَجْرِ : ( قُلْ يَا أَيُّهَا الْكَافِرُونَ ) و ( قُلْ هُوَ اللَّهُ أَحَدٌ ) } رَوَاهُ مُسْلِمٌ .

अलैहे वसल्लमले फज्रका दुई रकअतमा (कुल याअय्युहल् काफिरून्) र (कुल हुवल्लाहु अहद) को पाठन गर्नु भयो" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

٢٨٩ - وَعَنْ عَائِشَةَ -رَضِيَ اللَّهُ عَنْهَا- قَالَتْ: { كَانَ النَّبِيُّ ﷺ إِذَا صَلَّى رَكْعَتَيْ الْفَجْرِ اضْطَجَعَ عَلَى شِقِّهِ الْأَيْمَنِ } رَوَاهُ الْبُخَارِيُّ .

२८९- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: "नबी सल्लल्लाहो अलैहे वसल्लम जब फज्रका दुई रकअत पढथे त आफ्नो दायाँ कोल्टे अलिकति लेट्दथे" । (यस हदीसलाई बुखारीले वर्णन गरेका छन् ।)

٢٩٠- وَعَنْ أَبِي هُرَيْرَةَ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِذَا صَلَّى أَحَدُكُمْ الرَّكْعَتَيْنِ قَبْلَ صَلَاةِ الصُّبْحِ، فَلْيَضْطَجِعْ عَلَى جَنْبِهِ الْأَيْمَنِ } رَوَاهُ أَحْمَدُ، وَأَبُو دَاوُدَ، وَالتِّرْمِذِيُّ وَصَحَّحَهُ .

२९०- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "जब तिमीमध्ये कोही फज्र नमाजभन्दा पहिलाका दुई रकअत पढोस्, त आफ्नो दायाँ कोल्टे लेटोस्" । (यस हदीसलाई अबू दाऊद र अहमद एवं तिर्मिजीले वर्णन गरेका छन्, र तिर्मिजीले यसलाई सही पनि भनेका छन् ।)

٢٩١- وَعَنْ ابْنِ عُمَرَ -رَضِيَ اللَّهُ عَنْهُمَا- قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { صَلَاةُ اللَّيْلِ مَثْنَى مَثْنَى، فَإِذَا خَشِيَ أَحَدُكُمْ الصُّبْحَ صَلَّى رَكْعَةً وَاحِدَةً، تُوتِرُ لَهُ مَا قَدْ صَلَّى } مُتَّفَقٌ عَلَيْهِ .

وَلِلْخَمْسَةِ - وَصَحَّحَهُ ابْنِ حِبَّانَ -:

२९१- र हजरत इब्ने उमर रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "रात्रीको नमाज दुई दुई रकअत छ, अनि जब तिमीमध्ये कसैलाई बिहान उदय हुने भय लागोस् त एक रकअत पढेर समस्त पहिला पढेको नमाजको वित्र (विसम) गरोस्" । (बुखारी, मुस्लिम)

र पाँचौंले पनि एउटा हदीस वर्णन गरेका छन्, र इब्ने हिब्बानले त्यसलाई सही पनि भनेका छन् कि: "दिन रात्रीको नमाज दुई

{ صَلَاةُ اللَّيْلِ وَالنَّهَارِ مَثْنَى مَثْنَى" }
وَقَالَ النَّسَائِيُّ : "هَذَا خَطَأٌ" .

दुई रकअत छ" । तर नेसाईले भनेका छन् कि: "यो त्रुटि हो" ।

٢٩٢ - وَعَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { أَفْضَلُ الصَّلَاةِ بَعْدَ الْفَرِيضَةِ صَلَاةُ اللَّيْلِ } أَخْرَجَهُ مُسْلِمٌ .

२९२- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "अनिवार्य नमाज पश्चात सर्वोत्कृष्ट नमाज रात्रीको नमाज हो" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

٢٩٣ - وَعَنْ أَبِي أَيُّوبَ الْأَنْصَارِيِّ رضي الله عنه أَنَّ رَسُولَ اللَّهِ ﷺ قَالَ: { الْوِتْرُ حَقٌّ عَلَى كُلِّ مُسْلِمٍ، مَنْ أَحَبَّ أَنْ يُوتِرَ بِخَمْسٍ فَلْيَفْعَلْ، وَمَنْ أَحَبَّ أَنْ يُوتِرَ بِثَلَاثٍ فَلْيَفْعَلْ، وَمَنْ أَحَبَّ أَنْ يُوتِرَ بِوَاحِدَةٍ فَلْيَفْعَلْ }. رَوَاهُ الْأَرْبَعَةُ إِلَّا التِّرْمِذِيَّ، وَصَحَّحَهُ ابْنُ حِبَّانَ، وَرَجَّحَ النَّسَائِيُّ وَقْفَهُ .

२९३- र हजरत अबू अय्यूब अल् अन्सारी रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "वित्र नमाज पढनु प्रत्येक मुसलमानलाई जरुरी छ, त जसलाई पाँच रकअत वित्र पढने मन लागोस् त्यो पाँच रकअत नै पढोस्, र जसलाई तीन रकअत वित्र पढ्न मन लागोस् त्यो तीन नै पढोस्, र जसलाई एक रकअत मात्रै वित्र पढ्ने मन लागोस् त्यो मात्र एकै रकअत पढोस्" । (यस हदीसलाई तिर्मिजी बाहेक चारौंले वर्णन गरेका छन्, र इब्ने हिब्बानले यसलाई सही भनेका छन्, र नेसाईको दृष्टिमा यो हदीस मौकूफ छ ।)

٢٩٤ - وَعَنْ عَلِيِّ بْنِ أَبِي طَالِبٍ رضي الله عنه قَالَ: { لَيْسَ الْوِتْرُ بِحَتْمٍ كَهَيْئَةِ الْمَكْتُوبَةِ، وَلَكِنْ سُنَّةٌ سَنَّهَا رَسُولُ اللَّهِ ﷺ } رَوَاهُ النَّسَائِيُّ وَالتِّرْمِذِيُّ وَحَسَّنَهُ

२९४- र हजरत अली बिन अबि तालिब रजिअल्लाहो अन्होको वर्णन छ कि: "वित्र नमाज फर्ज नमाज जस्तो अनिवार्य छैन, बरु यो सुन्नत हो जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले प्रचलित गरेका छन्" । ( यस हदीसलाई नेसाई र तिर्मिजीले वर्णन गरेका छन्, र तिर्मिजीले विश्वासनीय पनि भनेका छन्, र हाकिमले यसलाई सही

وَالْحَاكِمُ وَصَحَّحَهُ .

भनेका छन् ।)

٢٩٥- وَعَنْ جَابِرٍ ﷺ { أَنَّ رَسُولَ اللَّهِ ﷺ قَامَ فِي شَهْرِ رَمَضَانَ، ثُمَّ انْتَظَرُوهُ مِنْ الْقَابِلَةِ فَلَمَّا يَخْرُجْ ، وَقَالَ: " إِنِّي خَشِيتُ أَنْ يُكْتَبَ عَلَيْكُمْ الْوِتْرُ } رَوَاهُ ابْنُ حِبَّانَ .

२९५- र हजरत जाबिर रजिअल्लाहो अन्होको वर्णन छ कि: “रसूल सल्लल्लाहो अलैहे वसल्लमले रमजानको महिनामा तराबीहको नमाज पढाउनु भयो, अनि अर्को दिन सबै उहाँ सल्लल्लाहो अलैहे वसल्लमको प्रतिक्षा गर्दैरहे तर उहाँ आएनन्, र उहाँले भन्नु भयो: मलाई यो भय लाग्यो कि कदाचित वित्र नमाजलाई तिमीहरूमाथि अनिवार्य नगरियोस्” । (यस हदीसलाई इब्ने हिब्बानले वर्णन गरेका छन् ।)

٢٩٦- وَعَنْ خَارِجَةَ بْنِ حُذَافَةَ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِنَّ اللَّهَ أَمَدَّكُمْ بِصَلَاةٍ هِيَ خَيْرٌ لَكُمْ مِنْ حُمْرِ النَّعَمِ " قُلْنَا: وَمَا هِيَ يَا رَسُولَ اللَّهِ ؟ قَالَ: " الْوِتْرُ، مَا بَيْنَ صَلَاةِ الْعِشَاءِ إِلَى طُلُوعِ الْفَجْرِ } رَوَاهُ الْخَمْسَةُ إِلَّا النَّسَائِيَّ وَصَحَّحَهُ الْحَاكِمُ .

وَرَوَى أَحْمَدُ : عَنْ عَمْرِو بْنِ شُعَيْبٍ، عَنْ أَبِيهِ، عَنْ جَدِّهِ نَحْوَهُ .

२९६- र हजरत खारेजह बिन हुजाफह रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “अल्लाहले तिमीहरूको सहायता यस्तो नमाजले गरेको छ जुन तिमीहरूको लागि रातो ऊँटहरूभन्दा पनि हितकर छ, त हामीले भनें: त्यो कुन नमाज हो हे अल्लाहका रसूल ? त उहाँले भन्नु भयो: त्यो वित्र हो, जसको समय हो इशादेखि उषाकाल उदय हुनुसम्म” । (यस हदीसलाई नेसाई बाहेक पाँचौले वर्णन गरेका छन्, र हाकिमले यसलाई सही भनेका छन् ।)

र अहमदले यसै जस्तो हदीस अमर बिन शुअैबको माध्यमले वर्णन गरेका छन् जसलाई उनले आफ्नो बाबु बाजेको माध्यमले वर्णन गर्नु भएको छ ।

٢٩٧ - وَعَنْ عَبْدِ اللَّهِ بْنِ بُرَيْدَةَ، عَنْ أَبِيهِ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { الْوِتْرُ حَقٌّ، فَمَنْ لَمْ يُوتِرْ فَلَيْسَ مِنَّا }

२९७- र हजरत अब्दुल्लाह बिन बुरैदह आफ्नो बुवाको माध्यमले वर्णन गर्नुहुन्छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “वित्र पढनु हक हो, यसर्थ जसले वित्र पढदैन त्यो हामीमध्येको होइन” । (यस हदीसलाई अबू दाऊदले विकारयुक्त

أَخْرَجَهُ أَبُو دَاوُدَ بِسَنَد لَيِّنٍ، وَصَحَّحَهُ الْحَاكِمُ .

सनदद्वारा वर्णन गरेका छन्, र यसलाई हाकिमले सही भनेका छन् ।)

وَلَهُ شَاهِدٌ ضَعِيفٌ عَنْ أَبِي هُرَيْرَةَ عِنْدَ أَحْمَدَ .

र अहमदले हजरत अबू हुरैरहको माध्यले अर्को एउटा हदीस वर्णन गरेका छन् जुन यस हदीसलाई सशक्त गर्छ ।

٢٩٨- وَعَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا قَالَتْ: { مَا كَانَ رَسُولُ اللَّهِ ﷺ يَزِيدُ فِي رَمَضَانَ وَلَا فِي غَيْرِهِ عَلَى إِحْدَى عَشْرَةَ رَكْعَةً، يُصَلِّي أَرْبَعًا، فَلَا تَسْأَلْ عَنْ حُسْنِهِنَّ وَطُولِهِنَّ، ثُمَّ يُصَلِّي أَرْبَعًا، فَلَا تَسْأَلْ عَنْ حُسْنِهِنَّ وَطُولِهِنَّ، ثُمَّ يُصَلِّي ثَلَاثًا. قَالَتْ عَائِشَةُ، فَقُلْتُ: يَا رَسُولَ اللَّهِ، أَتَنَامُ قَبْلَ أَنْ تُوتِرَ؟ قَالَ: "يَا عَائِشَةُ، إِنَّ عَيْنَيَّ تَنَامَانِ وَلَا يَنَامُ قَلْبِي". } مُتَّفَقٌ عَلَيْهِ .

२९८- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: “रसूल सल्लल्लाहो अलैहे वसल्लम रमजानमा वा रमजान बाहेकका रात्रीहरूमा ११ रकअतभन्दा अधिक पढदैनथे, (र यसलाई पढ्ने शैली यस्तो हुन्थ्यो) पहिला चार रकअत यस्तो तरिकाले पढथे जसको सुन्दरता, विशेषता, र लम्बाईको बारेमा कुरै नगर्नुस्, अनि तीन रकअत पढथे । हजरत आइशा भन्छिन् कि मैल भनें: हे अल्लाहका रसूल के तपाई वित्र पढनुभन्दा अघि नं सुत्नु हुन्छर ? त उहाँले भन्नु भयो: हे आइशा, निःसन्देह मेरो आँखाहरू सुत्दछन् तर मेरो हृदय सुत्दैन” । (बुखारी, मुस्लिम)

وَفِي رِوَايَةٍ لَهُمَا عَنْهَا: { كَانَ يُصَلِّي مِنْ اللَّيْلِ عَشْرَ رَكَعَاتٍ، وَيُوتِرُ بِسَجْدَةٍ، وَيَرْكَعُ رَكْعَتَيْ الْفَجْرِ، فَتِلْكَ ثَلَاثُ عَشْرَةَ .}

र उनैको माध्यमले बुखारी र मुस्लिमकै अर्को हदीसमा वर्णित छ कि: “उहाँ सल्लल्लाहो अलैहे वसल्लम रात्रीमा दश रकअत पढथे, अनि एक ढोगद्वारा (एक रकअतद्वारा) वित्र गर्थे, र फज्रका दुई रकअत सुन्नत पढथे, त यी समस्त १३ रकअत भए” ।

२९९- र उनैद्वारा वर्णित छ किः “रसूल सल्लल्लाहो अलैहे वसल्लम रात्रीमा १३ रकअत पढथे, जसमध्ये पाँच रकअतद्वारा वित्र गर्थे, जसको कुनै रकअतमा नबसिकन् अन्तिममा बस्थे” ।

٢٩٩- وَعَنْهَا قَالَتْ: { كَانَ رَسُولُ اللَّهِ ﷺ يُصَلِّي مِنْ اللَّيْلِ ثَلَاثَ عَشْرَةَ رَكْعَةً، يُوتِرُ مِنْ ذَلِكَ بِخَمْسٍ، لَا يَجْلِسُ فِي شَيْءٍ إِلَّا فِي آخِرِهَا. }

३००- र उनैद्वारा वर्णित छ किः “रसूल सल्लल्लाहो अलैहे वसल्लमले रात्रीको प्रत्येक भागमा वित्र पढेका छन् र तपाई फज्रभन्दा अलि अघिसम्म वित्र पढनु हुन्थ्यो” । (दुवै हदीसलाई बुखारी र मुस्लिमले वर्णन गरेका छन् ।)

٣٠٠ - وَعَنْهَا قَالَتْ: { مِنْ كُلِّ اللَّيْلِ قَدْ أَوْتَرَ رَسُولُ اللَّهِ ﷺ فَانْتَهَى وِتْرُهُ إِلَى السَّحَرِ } مُتَّفَقٌ عَلَيْهِمَا.

३०१- र हजरत अब्दुल्लाह बिन अमर बिन आस रजिअल्लाहो अन्हुमाको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः “हे अब्दुल्लाह (अल्लाहको भक्त) तिमी फलाना जस्तो नहोऊ, जुनकि रात्रीमा नमाज पढथ्यो, अनि यस कार्यलाई छाडिदियो” । (बुखारी, मुस्लिम)

٣٠١ - وَعَنْ عَبْدِ اللَّهِ بْنِ عَمْرِو بْنِ الْعَاصِ -رَضِيَ اللَّهُ عَنْهُمَا- قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { يَا عَبْدَ اللَّهِ! لَا تَكُنْ مِثْلَ فُلَانٍ، كَانَ يَقُومُ مِنْ اللَّيْلِ، فَتَرَكَ قِيَامَ النَّهَارِ } مُتَّفَقٌ عَلَيْهِ .

३०२- र हजरत अली रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः “हे कुरआनवालाहरू वित्र पढदै गर, किनकि अल्लाह वित्र (एकलो) छ र वित्रलाई मनपराउँछ” । (यस हदीसलाई पाँचौंले वर्णन गरेका छन्, र इब्ने खुजैमाले सही भनेका छन् ।)

٣٠٢- وَعَنْ عَلِيٍّ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { أَوْتِرُوا يَا أَهْلَ الْقُرْآنَ، فَإِنَّ اللَّهَ وِتْرٌ يُحِبُّ الْوِتْرَ } رَوَاهُ الْخَمْسَةُ، وَصَحَّحَهُ ابْنُ خُزَيْمَةَ .

३०३- र हजरत इब्ने उमर रजिअल्लाहो अन्हुमाको वर्णन छ किः नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः “तिमीहरू आफ्नो रात्रीको अन्तिम नमाज वित्रलाई

٣٠٣- وَعَنْ ابْنِ عُمَرَ رَضِيَ اللَّهُ عَنْهُمَا؛ عَنْ النَّبِيِّ ﷺ قَالَ: { اجْعَلُوا

آخِرَ صَلَاتِكُمْ بِاللَّيْلِ وِتْرًا } مُتَّفَقٌ عَلَيْهِ

बनाऊ” । (बुखारी, मुस्लिम)

٣٠٤- وَعَنْ طَلْقِ بْنِ عَلِيٍّ ﷺ قَالَ: سَمِعْتُ رَسُولَ اللَّهِ ﷺ يَقُولُ: { لَا وِتْرَانِ فِي لَيْلَةٍ } رَوَاهُ أَحْمَدُ، وَالثَّلَاثَةُ، وَصَحَّحَهُ ابْنُ حِبَّانَ .

३०४- र हजरत तलक बिन अली रजिअल्लाहो अन्होको वर्णन छ किः मैले रसूल सल्लल्लाहो अलैहे वसल्ललाई भन्दै सुनेको छु किः “एउटै रात्रीमा दुई वित्र हुँदैन” । (यस हदीसलाई अहमद र तीनौंले वर्णन गरेका छन्, र इब्ने हिब्बानले सही पनि भनेका छन् ।)

٣٠٥ - وَعَنْ أُبَيِّ بْنِ كَعْبٍ ﷺ قَالَ: { كَانَ رَسُولُ اللَّهِ ﷺ يُوتِرُ بِ "سَبِّحِ اسْمَ رَبِّكَ الْأَعْلَى"، و "قُلْ يَا أَيُّهَا الْكَافِرُونَ"، و "قُلْ هُوَ اللَّهُ أَحَدٌ" } رَوَاهُ أَحْمَدُ، وَأَبُو دَاوُدَ، وَالنَّسَائِيُّ. وَزَادَ: { وَلَا يُسَلِّمُ إِلَّا فِي آخِرِهِنَّ } .

३०५- र हजरत उबई बिन कअब रजिअल्लाहो अन्होको वर्णन छ किः “रसूल सल्लल्लाहो अलैहे वसल्लम वित्रको नमाजमा (सब्बिहिस्मा रब्बिकल् अअ्ला) र (कुल याअइयुहल् काफिरून्) र (कुल् हुवल्लाहु अहद) को पाठन गर्थे” । (यस हदीसलाई अहमद, अबू दाऊद र नेसाईले वर्णन गरेका छन्, र नेसाईले यति अभिवृद्धि गरेका छन्ः “र यस नमाजको अन्त्यमा मात्रै सलाम फेर्दथे” ।

وَلِأَبِي دَاوُدَ، وَالتِّرْمِذِيِّ نَحْوُهُ عَنْ عَائِشَةَ وَفِيهِ: { كُلَّ سُورَةٍ فِي رَكْعَةٍ، وَفِي الْأَخِيرَةِ: "قُلْ هُوَ اللَّهُ أَحَدٌ"، وَالْمُعَوِّذَتَيْنِ } .

र अबू दाऊद एवं तिर्मिजीले पनि यस्तै हदीस वर्णन गरेका छन् हजरत आइशा रजअिल्लाहो अन्हाको माध्यमले, र त्यसमा यो पनि छ किः “प्रत्येक रकअतमा एक सूरह, र अन्तिम रकअतमा (कुल हुवल्लाहु अहद) र मुऔवज्तैन पढ्थे” ।

٣٠٦- وَعَنْ أَبِي سَعِيدٍ الْخُدْرِيِّ ﷺ أَنَّ النَّبِيَّ ﷺ قَالَ: { أَوْتِرُوا قَبْلَ أَنْ تُصْبِحُوا } رَوَاهُ مُسْلِمٌ .

३०६- र हजरत अबू सईद अल् खुदरी रजिअल्लाहो अन्होको वर्णन छ किः नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः “वित्रको नमाज बिहान हुनुभन्दा अघि नै पढिहाल” । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

وَلِابْنِ حِبَّانَ: { مَنْ أَدْرَكَ الصُّبْحَ وَلَمْ يُوتِرْ فَلَا وِتْرَ لَهُ } .

र इब्ने हिब्बानले वर्णन गरेको हदीस यसरी छ किः "जसले बिहानसम्म वित्र पढेन त्यसको लागि अब कुनै वित्र छैन" ।

٣٠٧ – وَعَنْهُ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { مَنْ نَامَ عَنْ الْوِتْرِ أَوْ نَسِيَهُ فَلْيُصَلِّ إِذَا أَصْبَحَ أَوْ ذَكَرَ } رَوَاهُ الْخَمْسَةُ إِلَّا النَّسَائِيَّ .

३०७- र उनैद्वारा वर्णित छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "जसले वित्र नमाज सुत्ने कारण वा बिर्सने कारण पढेन त जब बिहान भइहालोस् वा त्यसलाई याद आओस् तब पढिहालोस्" । ( यस हदीसलाई नेसाई बाहेक पाँचौंले वर्णन गरेका छन् ।)

٣٠٨ – وَعَنْ جَابِرٍ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { مَنْ خَافَ أَنْ لَا يَقُومَ مِنْ آخِرِ اللَّيْلِ فَلْيُوتِرْ أَوَّلَهُ، وَمَنْ طَمِعَ أَنْ يَقُومَ آخِرَهُ فَلْيُوتِرْ آخِرَ اللَّيْلِ، فَإِنَّ صَلَاةَ آخِرِ اللَّيْلِ مَشْهُودَةٌ، وَذَلِكَ أَفْضَلُ } رَوَاهُ مُسْلِمٌ .

३०८- र हजरत जाबिर रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "जसलाई यो भय होस् कि त्यो रात्रीको अन्तिम भागमा जाग्न सक्दैन त्यो रात्रीको पहिलो भागमा नै वित्र पढोस्, र जसलाई यो आशा र लालसा होस् कि त्यो रात्रीको अन्तिम भागमा जागिहाल्छ त्यो रात्रीको अन्तिम भागमा नै वित्र पढोस्, किनकि रात्रीको अन्तिम मागको नमाजमा फरिश्ताहरू उपस्थित हुन्छन्, त यो अति श्रेष्ठ हुन्छ" । (मुस्लिम)

٣٠٩– وَعَنْ ابْنِ عُمَرَ –رَضِيَ اللَّهُ عَنْهُمَا–، عَنْ النَّبِيِّ ﷺ قَالَ: { إِذَا طَلَعَ الْفَجْرُ فَقَدْ ذَهَبَ وقتُ كُلِّ صَلَاةِ اللَّيْلِ وَالْوِتْرِ، فَأَوْتِرُوا قَبْلَ طُلُوعِ الْفَجْرِ } رَوَاهُ التِّرْمِذِيُّ .

३०९- र हजरत इब्ने उमर रजिअल्लाहो अन्हुमाको वर्णन छ किः नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "जब उषाकाल उदय भइहालोस् त रात्रीका समस्त नमाजहरू र वित्रको समय समाप्त भइहाल्यो, यसर्थ तिमी वित्रको नमाज फज्र ( उषाकाल) उदय हुनुभन्दा अघि नै पढनेगर" । (यस हदीसलाई तिर्मिजीले वर्णन गरेका छन् ।)

٣١٠– وَعَنْ عَائِشَةَ –رَضِيَ اللَّهُ

३१०- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ किः "रसूल सल्लल्लाहो

عَنْهَا- قَالَتْ: { كَانَ رَسُولُ اللَّهِ ﷺ يُصَلِّي الضُّحَى أَرْبَعًا، وَيَزِيدُ مَا شَاءَ اللَّهُ }. رَوَاهُ مُسْلِمٌ .

अलैहे वसल्लम चाश्तको नमाज [1] चार रकअत पढथे, र जति अल्लाह चाहन्थ्यो त्यति त्यसमा अभिवृद्धि गर्थे" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

وَلَهُ عَنْهَا: { أَنَّهَا سُئِلَتْ: هَلْ كَانَ رَسُولُ اللَّهِ ﷺ يُصَلِّي الضُّحَى؟ قَالَتْ: لَا، إِلَّا أَنْ يَجِيءَ مِنْ مَغِيبِهِ. }

र मुस्लिमले नै हजरत आइशाको माध्यमले वर्णन गरेका छन् किः "उनीसित सोधियो किः के रसूल सल्लल्लाहो अलैहे वसल्लम चाश्तको नमाज पढथे ? त उनले भनिन्: होइन, पढदैनथे तर यस अवस्था बाहेक कि उहाँ कुनै यात्राबाट आएका होउन्" ।

وَلَهُ عَنْهَا: { مَا رَأَيْتُ رَسُولَ اللَّهِ ﷺ يُصَلِّي سُبْحَةَ الضُّحَى قَطُّ، وَإِنِّي لَأُسَبِّحُهَا } .

र मुस्लिमले नै उनैद्वारा वर्णन गरेका छन् किः हजरत आइशाले भनिन्: "मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई चाश्तको नमाज पढदा कहिले पनि हेरेको छैन, तैपनि म यसलाई पढ्दछु" ।

٣١١- وَعَنْ زَيْدِ بْنِ أَرْقَمَ؛ أَنَّ رَسُولَ اللَّهِ ﷺ قَالَ: { صَلَاةُ الْأَوَّابِينَ حِينَ تَرْمَضُ الْفِصَالُ } رَوَاهُ التِّرْمِذِيُّ .

३११- र हजरत जैद बिन अरकम रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "औवाबीन (अल्लाहलाई स्मरण गर्ने सदाचारीहरू) को नमाजको समय तब हो जब ऊँटनीका बच्चाहरू गर्मी महसूस गर्न थालुन्" । (यस हदीसलाई तिर्मिजीले वर्णन गरेका छन् ।)

٣١٢- وَعَنْ أَنَسٍ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { مَنْ صَلَّى الضُّحَى ثِنْتَيْ عَشْرَةَ رَكْعَةً بَنَى اللَّهُ لَهُ قَصْرًا فِي الْجَنَّةِ } رَوَاهُ

३१२- र हजरत अनस रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "जसले चाश्तको नमाज १२ रकअत पढ्यो त्यसको लागि अल्लाह स्वर्गमा एउटा स्मारक बनाउँछन्" । (यस हदीसलाई तिर्मिजीले वर्णन गरेका छन्,

1 - यो त्यो नमाज हो जसलाई सूर्य उदय भए पश्चात पढिन्छ, जसको समय हो सूर्य उदयको लगभग १५ मिनेट पश्चातदेखि जुहरभन्दा अलि अघिसम्म ।

التِّرْمِذِيُّ وَاسْتَغْرَبَهُ .

र अपरिचित पनि भनेका छन् ।)

٣١٣- وَعَنْ عَائِشَةَ -رَضِيَ اللَّهُ عَنْهَا- قَالَتْ: { دَخَلَ النَّبِيُّ ﷺ بَيْتِي، فَصَلَّى الضُّحَى ثَمَانِيَ رَكَعَاتٍ } رَوَاهُ ابْنُ حِبَّانَ فِي "صَحِيحِهِ" .

३१३- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लम मेरो कोठामा प्रवेश गर्नु भयो, अनि आठ रकअत चाश्तको नमाज पढनु भयो” । (यस हदीसलाई इब्ने हिब्बानले आफ्नो सहीहमा वर्णन गरेका छन् ।)

## بَابُ صَلَاةِ الْجَمَاعَةِ وَالْإِمَامَةِ

## अध्याय: सामूहिक नमाज र इमामतको वर्णन

٣١٤- عَنْ عَبْدِ اللَّهِ بْنِ عُمَرَ -رَضِيَ اللَّهُ عَنْهُمَا-؛ أَنَّ رَسُولَ اللَّهِ ﷺ قَالَ: { صَلَاةُ الْجَمَاعَةِ أَفْضَلُ مِنْ صَلَاةِ الْفَذِّ بِسَبْعٍ وَعِشْرِينَ دَرَجَةً } مُتَّفَقٌ عَلَيْهِ

३१४- हजरत अब्दुल्लाह बिन उमर रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “सामूहिक पढिएको नमाजको श्रेष्ठता एकलै पढिएको नमाजभन्दा २७ गुणा अधिक छ” । (बुखारी, मुस्लिम)

وَلَهُمَا عَنْ أَبِي هُرَيْرَةَ: { بِخَمْسٍ وَعِشْرِينَ جُزْءًا }. وَكَذَا لِلْبُخَارِيِّ: عَنْ أَبِي سَعِيدٍ، وَقَالَ: "دَرَجَةً ".

र बुखारी एवं मुस्लिमलले हजरत अबू हुरैरहको माध्यमले वर्णन गरेका छन् कि: “२५ गुणा अधिक पुण्य मिल्छ” । र यस्तै बुखारीले अबू सईदको माध्यमले “दर्जा” शब्दको वृद्धि गरेर वर्णन गरेका छन् ।

٣١٥- وَعَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه أَنَّ رَسُولَ اللَّهِ ﷺ قَالَ: { وَالَّذِي نَفْسِي بِيَدِهِ لَقَدْ هَمَمْتُ أَنْ آمُرَ بِحَطَبٍ فَيُحْتَطَبَ، ثُمَّ آمُرَ بِالصَّلَاةِ فَيُؤَذَّنَ لَهَا، ثُمَّ آمُرَ رَجُلًا فَيَؤُمَّ النَّاسَ، ثُمَّ أُخَالِفُ إِلَى

३१५- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “त्यसको शपथ जसको हातमा मेरो प्राण छ मैले यो इच्छा गरें कि दाउरो एकत्रित गर्ने आदेश गरूँ, अनि नमाजको लागि अजान भन्ने आदेश गरूँ, र कसैलाई नमाज पढाउने आदेश गरेर ती मानिसहरूको घरसम्म जाऊँ जुन सामूहिक नमाजमा उपस्थित हुँदैनन्, अनि

رِجَالٍ لَا يَشْهَدُونَ الصَّلَاةَ، فَأُحَرِّقَ عَلَيْهِمْ بُيُوتَهُمْ، وَالَّذِي نَفْسِي بِيَدِهِ لَوْ يَعْلَمُ أَحَدُهُمْ أَنَّهُ يَجِدُ عَرْقًا سَمِينًا أَوْ مِرْمَاتَيْنِ حَسَنَتَيْنِ لَشَهِدَ الْعِشَاءَ } مُتَّفَقٌ عَلَيْهِ وَاللَّفْظُ لِلْبُخَارِيِّ .

तिनीहरूसमेत तिनीहरूको घरलाई आगो लगाइदिऊँ, र त्यसको शपथ जसको हातमा मेरो ज्यान छ यदि उनीमध्ये कसैलाई यो ज्ञात भइहालोस् कि त्यसलाई रोटी मासु मिल्नेछ वा (बाखाको) दुई अघिल्लो पाइला मिल्नेछ त त्यो इशाको नमाजमा दगुरेर आउँनेछ" । (बुखारी, मुस्लिम, र वर्णित शब्द बुखारीका हुन् ।)

٣١٦- وَعَنْهُ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { أَثْقَلُ الصَّلَاةِ عَلَى الْمُنَافِقِينَ: صَلَاةُ الْعِشَاءِ، وَصَلَاةُ الْفَجْرِ، وَلَوْ يَعْلَمُونَ مَا فِيهِمَا لَأَتَوْهُمَا وَلَوْ حَبْوًا } مُتَّفَقٌ عَلَيْهِ .

३१६- र उनैद्वारा वर्णित छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "कपटीहरूको लागि सबैभन्दा कष्टकर नमाज इशा र फज्रको नमाज हो, र यदि उनीहरूलाई यो थाहा भइहाल्थ्यो कि यी दुवै नमाजमा उपस्थित हुनुमा के कस्ता कुराहरू (पुण्यहरू) छन् त उनीहरू आफ्नो घुँडामा घिसरेर पनि यसमा उपस्थित हुन्थे" । (बुखारी, मुस्लिम)

٣١٧- وَعَنْهُ قَالَ: { أَتَى النَّبِيَّ ﷺ رَجُلٌ أَعْمَى فَقَالَ: يَا رَسُولَ اللَّهِ! لَيْسَ لِي قَائِدٌ يَقُودُنِي إِلَى الْمَسْجِدِ، فَرَخَّصَ لَهُ، فَلَمَّا وَلَّى دَعَاهُ، فَقَالَ: "هَلْ تَسْمَعُ النِّدَاءَ بِالصَّلَاةِ؟" قَالَ: نَعَمْ. قَالَ: "فَأَجِبْ" } رَوَاهُ مُسْلِمٌ .

३१७- र उनैद्वारा वर्णित छ कि: "नबी सल्लल्लाहो अलैहे वसल्लमको पासमा एउटा अन्धो मान्छे आयो अनि भन्यो: हे अल्लाहका रसूल ! मसित कुनै यस्तो मान्छे छैन जुन मलाई मस्जिदसम्म पुगाओस्, त उहाँले त्यसलाई यो अनुमति प्रदान गर्नु भयो कि त्यो आफ्नो घरमै नमाज पढोस्, अनि जब त्यो जान लाग्यो त त्यसलाई बोलाउनु भयो, र भन्नु भयो: के तिमी नमाजको लागि भनिने अजानलाई सुन्दछौ ? त त्यसले भन्यो: हो सुन्दछु, त उहाँले भन्नु भयो: यसो भए त्यसको उत्तर देऊ अर्थात मस्जिदमा आएर नमाज पढ" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

٣١٨- وَعَنْ ابْنِ عَبَّاسٍ رَضِيَ اللَّهُ

३१८- र हजरत इब्ने अब्बास रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: नबी सल्लल्लाहो

عَنْهُمَا، عَنْ النَّبِيِّ ﷺ قَالَ: { مَنْ سَمِعَ النِّدَاءَ فَلَمْ يَأْتِ فَلَا صَلَاةَ لَهُ إِلَّا مِنْ عُذْرٍ } رَوَاهُ ابْنُ مَاجَهْ، وَالدَّارَقُطْنِيُّ، وَابْنُ حِبَّانَ، وَالْحَاكِمُ، وَإِسْنَادُهُ عَلَى شَرْطِ مُسْلِمٍ، لَكِنْ رَجَّحَ بَعْضُهُمْ وَقْفَهُ .

अलैहे वसल्लमले भन्नु भयो: “जसले अजान सुन्यो अनि बिना कारण मस्जिदमा आएन त त्यसको नमाज हुँदैन” । (यस हदीसलाई इब्ने माजा, र दारकुत्नी र इब्ने हब्बिान, एवं हाकिमले वर्णन गरेका छन्, र यस हदीसको सनद मुस्लिमको शर्तमा छ, तर उनीमध्ये केही विद्ले यसको मौकूफ हुने कुरालाई (राजेह)[1] सही भनेका छन् ।)

٣١٩- وَعَنْ يَزِيدَ بْنِ اَلْأَسْوَدِ ﵁ { أَنَّهُ صَلَّى مَعَ رَسُولِ اللَّهِ ﷺ صَلَاةَ الصُّبْحِ، فَلَمَّا صَلَّى رَسُولُ اللَّهِ ﷺ إِذَا هُوَ بِرَجُلَيْنِ لَمْ يُصَلِّيَا، فَدَعَا بِهِمَا، فَجِيءَ بِهِمَا تَرْعَدُ فَرَائِصُهُمَا، فَقَالَ لَهُمَا: "مَا مَنَعَكُمَا أَنْ تُصَلِّيَا مَعَنَا؟" قَالَا: قَدْ صَلَّيْنَا فِي رِحَالِنَا. قَالَ: "فَلَا تَفْعَلَا، إِذَا صَلَّيْتُمَا فِي رِحَالِكُمْ، ثُمَّ أَدْرَكْتُمْ اَلْإِمَامَ وَلَمْ يُصَلِّ، فَصَلِّيَا مَعَهُ، فَإِنَّهَا لَكُمْ نَافِلَةٌ" } رَوَاهُ أَحْمَدُ، وَاللَّفْظُ لَهُ، وَالثَّلَاثَةُ، وَصَحَّحَهُ التِّرْمِذِيُّ، وَابْنُ حِبَّانَ .

३१९- र हजरत यजीद इब्नुल् अस्वद रजिअल्लाहो अन्होको वर्णन छ कि: “उनले रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथमा बिहानको नमाज पढे, अनि जब रसूल सल्लल्लाहो अलैहे वसल्लम नमाज पढेर सम्पन्न गरे त के हेर्दछन् कि दुई व्यक्तिले उनीहरूको साथमा नमाज पढेनन्, त उहाँले उनी दुवैलाई बोलाए, त उनीहरूलाई उहाँ समक्ष यस अवस्थामा ल्याइयो कि दुवैका काँधाहरू कम्पित थियो, त उहाँले उनी दुवैसित भने: तिमी दुवैलाई हामीसंग नमाज पढनुबाट कुन कुराले रोक्यो ? त दुवैले भने: हामीले घरमै नमाज पढिसकेका थिएँ, त उहाँले भन्नु भयो: यस्तो जिन गर, यदि तिमीले आफ्नो घरमा नमाज पढिसकेका छौ, अनि सामूहिक नमाजलाई पनि पायौ भने इमामको साथमा सामूहिक नमाज पनि पढिहाल, र यो नमाज तिमीहरूको लागि नफिली नमाज भइहाल्छ” । (यस हदीसलाई अहमद र तीनौंले वर्णन गरेका छन्, र वर्णित शब्द अहमदका हुन्, र यसलाई इब्ने हिब्बान र तिर्मिजीले सही भनेका छन् ।)

٣٢٠- وَعَنْ أَبِي هُرَيْرَةَ ﵁ قَالَ:

३२०- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो

1 -राजेह: यसको अर्थ हो कि कुनै कुरामा दुई अथवा त्यसभन्दा अधिक दृष्टिकोण होस् जसमध्ये कुनैलाई अधिक सही भन्ने कुरालाई अरबी भाषामा राजेह भननिन्छ ।

قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِنَّمَا جُعِلَ الْإِمَامُ لِيُؤْتَمَّ بِهِ، فَإِذَا كَبَّرَ فَكَبِّرُوا، وَلَا تُكَبِّرُوا حَتَّى يُكَبِّرَ، وَإِذَا رَكَعَ فَارْكَعُوا، وَلَا تَرْكَعُوا حَتَّى يَرْكَعَ، وَإِذَا قَالَ سَمِعَ اللَّهُ لِمَنْ حَمِدَهُ، فَقُولُوا: اللَّهُمَّ رَبَّنَا لَكَ الْحَمْدُ، وَإِذَا سَجَدَ فَاسْجُدُوا، وَلَا تَسْجُدُوا حَتَّى يَسْجُدَ، وَإِذَا صَلَّى قَائِمًا فَصَلُّوا قِيَامًا، وَإِذَا صَلَّى قَاعِدًا فَصَلُّوا قُعُودًا أَجْمَعِينَ } رَوَاهُ أَبُو دَاوُدَ، وَهَذَا لَفْظُهُ . وَأَصْلُهُ فِي الصَّحِيحَيْنِ .

अलैहे वसल्लमले भन्नु भयो: “इमाम यस कारण नियुक्त गरिएको छ ताकि त्यसको अनुशरण गरियोस्, यसर्थ जब त्यो तक्बीर भनोस् त तिमी पनि तक्बीर भन्, र जबसम्म त्यो तक्बीर नभनोस् तबसम्म तिमीहरू पनि तक्बीर नभन्, र जब त्यो रुकूअ गरोस् त तिमी पनि रुकूअ गर, र तिमी पनि तबसम्म रुकूअ नगर्नु जबसम्म इमाम रुकूअ नगरोस्, र जब इमाम समिअल्लाहु लेमन् हमिदह (अल्लाहले त्यसको प्रशंसालाई सुन्यो जसले त्यसको प्रशंसा गर्‍यो) भनोस्, त तिमीहरू भन्: अल्लाहुम्मा रब्बना लकल् हुम्द (हे अल्लाह हाम्रो प्रतिपालक समस्त प्रशंसा तिम्रै लागि छ), र जब त्यो ढोग गरोस् त तिमी पनि ढोग गर, र त्यसभन्दा अघि नै ढोग नगर्नु, र जब त्यो उभेर नमाज पढोस् त तिमी पनि उभेर नमाज पढ, र जब त्यो बसेर नमाज पढोस् त तिमी सबै बसेर नमाज पढ” । ( यस हदीसलाई अबू दाऊदले वर्णन गरेका छन्, र शब्द उनैका हुन्, र मूल हदीस बुखारी र मुस्लिममा वर्णित छ ।)

٣٢١- وَعَنْ أَبِي سَعِيدٍ الْخُدْرِيِّ رضي الله عنه { أَنَّ رَسُولَ اللَّهِ ﷺ رَأَى فِي أَصْحَابِهِ تَأَخُّرًا. فَقَالَ: "تَقَدَّمُوا فَائْتَمُّوا بِي، وَلْيَأْتَمَّ بِكُمْ مَنْ بَعْدَكُمْ" } رَوَاهُ مُسْلِمٌ .

३२१- र हजरत अबू सईद अल् खुदरी रजिअल्लाहो अन्होको वर्णन छ कि: “रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो साथीहरूलाई आफूभन्दा पछाडि हेरे त भने: तिमीहरू अगाडि आऊ र मेरो अनुशरण गर, र तिमीहरू पछाडि भएका मानिसहरू तिमीहरूको अनुशरण गरुन्” । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

٣٢٢- وَعَنْ زَيْدِ بْنِ ثَابِتٍ رضي الله عنه قَالَ: { اِحْتَجَرَ رَسُولُ اللَّهِ ﷺ حُجْرَةً بِخَصَفَةٍ، فَصَلَّى فِيهَا، فَتَتَبَّعَ إِلَيْهِ رِجَالٌ،

३२२- र हजरत जैद बिन साबित रजिअल्लाहो अन्होको वर्णन छ कि: “रसूल सल्लल्लाहो अलैहे वसल्लमले घाँसबाट निर्मित एउटा चटाई (चकटी) द्वारा एउटा सानो खीमा बनाए, अनि त्यसमा नमाज

पढनथाले, अनि जब यसको जानकारी सबैलाई भयो त सबै आएर उहाँको नमाजमा शामेल भए..." पूर्ण हदीससम्म । र यसै हदीसमा छ: "मान्छेको अनिवार्य नमाज बाहेक समस्त नमाज त्यसको घरमा पढ्नु नै श्रेष्ठ छ" । (बुखारी, मुस्लिम)

وَجَاءُوا يُصَلُّونَ بِصَلَاتِهِ... } الْحَدِيثَ، وَفِيهِ: { أَفْضَلُ صَلَاةِ الْمَرْءِ فِي بَيْتِهِ إِلَّا الْمَكْتُوبَةَ } مُتَّفَقٌ عَلَيْهِ .

३२३- र हजरत जाबिर रजिअल्लाहो अन्होको वर्णन छ कि: "मुआजले आफ्नो साथीहरूलाई इशाको नमाज पढाउनु भयो, अनि नमाजलाई अति लामो गरेर पढाउनु भयो, त नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: हे मुआज के तिमी नमाजीहरूलाई कष्टमा पार्न चाहन्छौ ? यसर्थ जब तिमी मानिसहरूको इमामत गराऊ त (वश्शम्सि वजुहाहा) र ( सब्बिहिस्मा रब्बिकल् अअ्ला) र (इक्रा बिस्मि रब्बिका, र वल्लैले इजा यग्शा) को पाठ गर" । (बुखारी, मुस्लिम, र वर्णित शब्द मुस्लिमका हुन् ।)

٣٢٣- وَعَنْ جَابِرٍ قَالَ: { صَلَّى مُعَاذٌ بِأَصْحَابِهِ الْعِشَاءَ، فَطَوَّلَ عَلَيْهِمْ، فَقَالَ النَّبِيُّ ﷺ "أَتُرِيدُ أَنْ تَكُونَ يَا مُعَاذُ فَتَّانًا؟ إِذَا أَمَمْتَ النَّاسَ فَاقْرَأْ: بِالشَّمْسِ وَضُحَاهَا، وَ سَبِّحْ اسْمَ رَبِّكَ الْأَعْلَى، وَ اقْرَأْ بِاسْمِ رَبِّكَ، وَاللَّيْلِ إِذَا يَغْشَى". } مُتَّفَقٌ عَلَيْهِ، وَاللَّفْظُ لِمُسْلِمٍ .

३२४- र हजरत आइशा रजिअल्लाहो अन्हा रसूल सल्लललाहो अलैहे वसल्लमको नमाजको त्यस समयको कथालाई वर्णन गर्नुहुन्छ जब उहाँ विरामी थिए कि: "उहाँ सल्लल्लाहो अलैहे वसल्लम आउनु भयो यहाँसम्म कि हजरत अबू बक्रको देब्रेतिर बस्नु भयो, अनि उहाँले बसेर सबैलाई नमाज पढाउँनथाले यस्तो अवस्थामा कि हजरत अबू बक्र उभेका थिए, त हजरत अबू बक्र उहाँको नमाजको अनुशरण गरिरहेका थिए र सबै हजरत अबू बक्रको नमाजको अनुशरण गरिरहेका थिए" । (बुखारी, मुस्लिम)

٣٢٤- وَعَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا فِي قِصَّةِ صَلَاةِ رَسُولِ اللَّهِ ﷺ بِالنَّاسِ، وَهُوَ مَرِيضٌ - قَالَتْ: { فَجَاءَ حَتَّى جَلَسَ عَنْ يَسَارِ أَبِي بَكْرٍ، فَكَانَ يُصَلِّي بِالنَّاسِ جَالِسًا وَأَبُو بَكْرٍ قَائِمًا، يَقْتَدِي أَبُو بَكْرٍ بِصَلَاةِ النَّبِيِّ ﷺ وَيَقْتَدِي النَّاسُ بِصَلَاةِ أَبِي بَكْرٍ } مُتَّفَقٌ عَلَيْهِ .

३२५- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: नबी सल्लल्लाहो

٣٢٥- وَعَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه أَنَّ

النَّبِيَّ ﷺ قَالَ: { إِذَا أَمَّ أَحَدُكُمْ النَّاسَ فَلْيُخَفِّفْ، فَإِنَّ فِيهِمْ الصَّغِيرَ وَالْكَبِيرَ وَالضَّعِيفَ وَذَا الْحَاجَةِ، فَإِذَا صَلَّى وَحْدَهُ فَلْيُصَلِّ كَيْفَ شَاءَ } مُتَّفَقٌ عَلَيْهِ .

अलैहे वसल्लमले भन्नु भयो: “जब तिमीमध्ये कोही मानिसहरूलाई इमामत गराओस् त सानो पाठन गरोस्, किनकि उनीहरूमा बुढा बच्चा, विरामीहरू र आवश्यकतावालहरू पनि हुन्छन्, अनि जब एकलै पढोस् त जसरी चाहोस् नमाज पढोस्” । (बुखारी, मुस्लिम)

٣٢٦ – وَعَنْ عَمْرِو بْنِ سَلَمَةَ قَالَ: قَالَ أَبِي: { جِئْتُكُمْ مِنْ عِنْدِ النَّبِيِّ ﷺ حَقًّا. قَالَ: "فَإِذَا حَضَرَتْ الصَّلَاةُ فَلْيُؤَذِّنْ أَحَدُكُمْ، وَلْيَؤُمَّكُمْ أَكْثَرُكُمْ قُرْآنًا"، قَالَ: فَنَظَرُوا فَلَمْ يَكُنْ أَحَدٌ أَكْثَرَ قُرْآنًا مِنِّي، فَقَدَّمُونِي، وَأَنَا ابْنُ سِتٍّ أَوْ سَبْعِ سِنِينَ } رَوَاهُ الْبُخَارِيُّ، وَأَبُو دَاوُدَ، وَالنَّسَائِيُّ .

३२६- र हजरत अमर बिन सलमा रजिअल्लाहो अन्होको वर्णन छ कि: मेरो बुवाले भन्नु भयो: “म तिमीहरू समक्ष नबी सल्लल्लाहो अलैहे वसल्लमबाट सत्यकुरा लिएर आएको छु रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ कि: जब नमाजको समय भइहालोस् त तिमीमध्ये कोही अजान भनोस् र तिमीमध्ये अधिक कुरआनको ज्ञानी (कण्ठ गर्नेवाला) तिमीहरूको इमामत गराओस् । त अमर भन्छन् कि: जब मेरो जातिका मानिसहरूले हेरे कि मभन्दा अधिक कसैलाई कुरआन आउँदैन त मलाई नै इमामतको लागि अगाडि गरिदिए जबकि म त्यस समय ६ वर्षको वा ७ वर्षको बालक थिएँ” । (यस हदीसलाई बुखारी र अबू दाऊद एवं नेसाईले वर्णन गरेका छन् ।)

٣٢٧- وَعَنْ أَبِي مَسْعُودٍ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { يَؤُمُّ الْقَوْمَ أَقْرَؤُهُمْ لِكِتَابِ اللَّهِ، فَإِنْ كَانُوا فِي الْقِرَاءَةِ سَوَاءً فَأَعْلَمُهُمْ بِالسُّنَّةِ، فَإِنْ كَانُوا فِي السُّنَّةِ سَوَاءً فَأَقْدَمُهُمْ هِجْرَةً، فَإِنْ كَانُوا فِي

३२७- र हजरत अबू मसऊद रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “मानिसहरूको इमामत त्यो व्यक्ति गरोओस् जुन कुरआनको सबैभन्दा अधिक जानकार होस्, तर यदि यसमा सबै एकनास होउन् भने इमामत त्यो गराओस् जुन हदीसको अधिक ज्ञानी होस्, त यदि यसमा पनि एकनास होउन् भने त्यो इमामत गराओस् जुन प्रवास गर्नुमा प्रथम होस्, र यदि प्रवासमा पनि सबै

الْهِجْرَةِ سَوَاءً فَأَقْدَمُهُمْ سِلْمًا -وَفِي رِوَايَةٍ: سِنًّا- وَلَا يَؤُمَّنَّ الرَّجُلُ الرَّجُلَ فِي سُلْطَانِهِ، وَلَا يَقْعُدْ فِي بَيْتِهِ عَلَى تَكْرِمَتِهِ إِلَّا بِإِذْنِهِ". } رَوَاهُ مُسْلِمٌ .

बराबर होउन् भने इमामत त्यो गराओस् जुन इस्लाम अंगीकार गर्नुमा प्रथम होस्, र एउटा हदीसमा छ किः जुन सबैभन्दा ठूलो उमेरको होस्, र कुनै मान्छे कसैको सत्ता भएको ठाउँमा इमामत नगराओस्, नत कुनै व्यक्ति कसैको घरमा भएको त्यसको विशेष बस्ने ठाउँमा बिना त्यसको अनुमति बसोस्" । (यसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

٣٢٨- وَلِابْنِ مَاجَهْ: مِنْ حَدِيثِ جَابِرٍ: { وَلَا تَؤُمَّنَّ اِمْرَأَةٌ رَجُلًا، وَلَا أَعْرَابِيٌّ مُهَاجِرًا، وَلَا فَاجِرٌ مُؤْمِنًا. } وَإِسْنَادُهُ وَاهٍ .

३२८- र इब्ने माजाले हजरत जाबिर रजअिल्लाहो अन्होको माध्यमले वर्णन गरेका छन् किः "महिला पुरुषको इमामत नगराओस्, नत गाउँले प्रवासीको इमामत गराओस्, र नत अवज्ञाकारी आस्थावानको इमामत गराओस्" । (र यसको सनद नितान्त जईफ छ ।)

٣٢٩ - وَعَنْ أَنَسٍ، عَنْ النَّبِيِّ ﷺ قَالَ: { رُصُّوا صُفُوفَكُمْ، وَقَارِبُوا بَيْنَهَا، وَحَاذُوا بِالْأَعْنَاقِ. } رَوَاهُ أَبُو دَاوُدَ، وَالنَّسَائِيُّ، وَصَحَّحَهُ ابْنُ حِبَّانَ .

३२९- र हजरत अनस रजिअल्लाहो अन्होको वर्णन छ किः नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "पंक्तिहरूलाई दृढतापूर्वक मिलाऊ, र त्यसबीचको दूरीलाई कम गर, र अआफ्ना गर्दनहरूलाई एकसमान राख" । (यस हदीसलाई अबू दाऊद र नेसाईले वर्णन गरेका छन्, र इब्ने हिब्बानले यसलाई सही भनेका छन् ।)

٣٣٠- عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { خَيْرُ صُفُوفِ الرِّجَالِ أَوَّلُهَا، وَشَرُّهَا آخِرُهَا، وَخَيْرُ صُفُوفِ النِّسَاءِ آخِرُهَا، وَشَرُّهَا أَوَّلُهَا } رَوَاهُ مُسْلِمٌ .

३३०- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "पुरुषहरूको लागि प्रथम (अघिल्लो) पंक्ति श्रेष्ठ छ, र अन्तिम पंक्ति नराम्रो छ, र महिलाहरूको लागि अन्तिम पंक्ति श्रेष्ठ छ, र अघिल्लो पंक्ति नराम्रो छ" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

٣٣١- وَعَنْ ابْنِ عَبَّاسٍ رَضِيَ اللَّهُ

३३१- र हजरत अब्दुल्लाह बिन अब्बास रजिअल्लाहो अन्हुमाको वर्णन छ किः "एक

रात्री मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथमा नमाज पढें, अनि म उहाँको देब्रेतिर उभें, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले मेरो पछाडिबाट मेरो टाउकोलाई समातेर मलाई आफ्नो दायाँतिर गरिहाले" । (बुखारी, मुस्लिम)

عَنْهُمَا قَالَ: { صَلَّيْتُ مَعَ رَسُولِ اللَّهِ ﷺ ذَاتَ لَيْلَةٍ، فَقُمْتُ عَنْ يَسَارِهِ، فَأَخَذَ رَسُولُ اللَّهِ ﷺ بِرَأْسِي مِنْ وَرَائِي، فَجَعَلَنِي عَنْ يَمِينِهِ } مُتَّفَقٌ عَلَيْهِ .

३३२- र हजरत अनस रजिअल्लाहो अन्होको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लमले नमाज पढाउनु भयो अनि म र एउटा टुहुरो उहाँको पछाडि पंक्तिबद्ध भएँ, र उम्मे सुलैम हामीहरू पछाडि" । (बुखारी, मुस्लिम, र वर्णित शब्द बुखारीका हुन् ।)

٣٣٢- وَعَنْ أَنَسٍ قَالَ: { صَلَّى رَسُولُ اللَّهِ ﷺ فَقُمْتُ وَيَتِيمٌ خَلْفَهُ، وَأُمُّ سُلَيْمٍ خَلْفَنَا. } مُتَّفَقٌ عَلَيْهِ، وَاللَّفْظُ لِلْبُخَارِيِّ .

३३३- र हजरत अबू बक्रह रजिअल्लाहो अन्होको वर्णन छ कि उनी नबी सल्लल्लाहो अलैहे वसल्लम निकट त्यस समय पुगे जब उहाँ रुकूअ गर्न लागेका थिए, त उनले पंक्तिसम्म पुग्नुभन्दा अघि नै रुकूअ गरिहाले, त नबी सल्लल्लाहो अलैहे वसल्लमले उनीसित भन्नु भयो: "अल्लाह तिम्रो यस लालसामा अभिवृद्धि गरुन् तर पुनः यस्तो नगर्नु" । (यस हदीसलाई बुखारीले वर्णन गरेका छन् ।)

٣٣٣- وَعَنْ أَبِي بَكْرَةَ رضي الله عنه أَنَّهُ انْتَهَى إِلَى النَّبِيِّ ﷺ وَهُوَ رَاكِعٌ، فَرَكَعَ قَبْلَ أَنْ يَصِلَ إِلَى الصَّفِّ، فَقَالَ لَهُ النَّبِيُّ ﷺ { زَادَكَ اللَّهُ حِرْصًا وَلَا تَعُدْ } رَوَاهُ الْبُخَارِيُّ .

र अबू दाऊदले यति अभिवृद्धि वर्णन गरेका छन् कि: "अनि उनी पंक्तिसम्म पुग्नुभन्दा अगावैं रुकूअ गरिहाले, अनि पंक्तितिर चले" ।

وَزَادَ أَبُو دَاوُدَ فِيهِ: { فَرَكَعَ دُونَ الصَّفِّ، ثُمَّ مَشَى إِلَى الصَّفِّ } .

३३४- र हजरत वाबिसा बिन मअ्बद रजिअल्लाहो अन्होको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लमले एउटा मान्छेलाई हेरे जुन पंक्तिको पछाडि एकलै नमाज पढिरहेको थियो, त त्यसलाई यो आदेश गरे कि त्यो पुनः नमाज पढोस्" । (

٣٣٤ - وَعَنْ وَابِصَةَ بْنِ مَعْبَدٍ رضي الله عنه أَنَّ رَسُولَ اللَّهِ ﷺ { رَأَى رَجُلًا يُصَلِّي خَلْفَ الصَّفِّ وَحْدَهُ، فَأَمَرَهُ أَنْ يُعِيدَ

الصَّلَاةَ. }   رَوَاهُ أَحْمَدُ، وَأَبُو دَاوُدَ، وَالتِّرْمِذِيُّ وَحَسَّنَهُ، وَصَحَّحَهُ ابْنُ حِبَّانَ .

وَلَهُ عَنْ طَلْقٍ { لَا صَلَاةَ لِمُنْفَرِدٍ خَلْفَ الصَّفِّ }. وَزَادَ الطَّبَرَانِيُّ مِنْ حَدِيثِ وَابِصَةَ: { أَلَا دَخَلْتَ مَعَهُمْ أَوْ اجْتَرَرْتَ رَجُلًا؟ } .

यस हदीसलाई अहमद र अबू दाऊद एवं तिर्मिजीले वर्णन गरेका छन्, र तिर्मिजीले यसलाई विश्वासनीय भनेका छन्, र इब्ने हिब्बानले यसलाई सही भनेका छन् ।)
र इब्ने हिब्बानले तलकको माध्यमले वर्णन गरेका छन् किः “पंक्तिको पछाडि एकलै मान्छेको नमाज हुँदैन” । र तब्रानीले वाबिसाको हदीसमा यति अभिवृद्धि वर्णन गरेका छन् किः “तिमी उनीहरूको साथमा किन शामेल भएनौ वा पंक्तिबाट कसैलाई तानेर आफूसँग मिलाइहाल्थ्यौ ?” ।

٣٣٥- وَعَنْ أَبِي هُرَيْرَةَ ﷺ عَنْ النَّبِيِّ ﷺ قَالَ: { إِذَا سَمِعْتُمْ الْإِقَامَةَ فَامْشُوا إِلَى الصَّلَاةِ، وَعَلَيْكُمْ السَّكِينَةُ وَالْوَقَارُ، وَلَا تُسْرِعُوا، فَمَا أَدْرَكْتُمْ فَصَلُّوا، وَمَا فَاتَكُمْ فَأَتِمُّوا }  مُتَّفَقٌ عَلَيْهِ، وَاللَّفْظُ لِلْبُخَارِيِّ .

३३५- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ किः नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः “जब तिमीहरू इकामत सुन त नमाजको लागि पूर्ण शान्ति श्रद्धा र विनम्रताको साथ हिंडिहाल, र हतार नगर्नु, यसर्थ जति नमाज पाउँछौ समूहको साथमा पढ, र जति छुटिहाल्छ त्यसलाई पढेर नमाजलाई पूर्ण गर” । (बुखारी, मुस्लिम, र वर्णित शब्द बुखारीका हुन् ।)

٣٣٦- وَعَنْ أُبَيِّ بْنِ كَعْبٍ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { صَلَاةُ الرَّجُلِ مَعَ الرَّجُلِ أَزْكَى مِنْ صَلَاتِهِ وَحْدَهُ، وَصَلَاتُهُ مَعَ الرَّجُلَيْنِ أَزْكَى مِنْ صَلَاتِهِ مَعَ الرَّجُلِ، وَمَا كَانَ أَكْثَرَ فَهُوَ أَحَبُّ إِلَى اللَّهِ ﷻ }  رَوَاهُ أَبُو دَاوُدَ، وَالنَّسَائِيُّ،

३३६- र हजरत उबई बिन कअब रजिअल्लाहो अन्होको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः “मान्छेको एकलो पढिएको नमाजभन्दा कुनै अर्को मान्छेको साथ मिलेर पढनु उत्तम हुन्छ, र दुई मान्छेको साथ पढिएको नमाज एक मान्छेको साथ पढिएको नमाजभन्दा उत्तम हुन्छ, र नमाजीहरूको संख्या जति अधिक हुन्छ त्यति नै महान अल्लाहलाई प्रिय लाग्दछ” । (यस हदीसलाई अबू दाऊद र नेसाईले वर्णन गरेका छन्, र इब्ने हिब्बानले यसलाई सही भनेका छन् ।)

وَصَحَّحَهُ ابْنُ حِبَّانَ .

٣٣٧- وَعَنْ أُمِّ وَرَقَةَ رَضِيَ اللَّهُ عَنْهَا، { أَنَّ النَّبِيَّ ﷺ أَمَرَهَا أَنْ تَؤُمَّ أَهْلَ دَارِهَا } رَوَاهُ أَبُو دَاوُدَ، وَصَحَّحَهُ ابْنُ خُزَيْمَةَ .

३३७- र हजरत उम्मे वरका रजिअल्लाहो अन्हाको वर्णन छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लमले उहाँलाई यो आदेश गरे कि उनी आफ्नो परिवारको इमामत गराउन्” । (यस हदीसलाई अबू दाऊदले वर्णन गरेका छन्, र इब्ने खुजैमाले सही भनेका छन् ।)

٣٣٨- وَعَنْ أَنَسٍ رَضِيَ اللَّهُ عَنْهُ؛ { أَنَّ النَّبِيَّ ﷺ اسْتَخْلَفَ ابْنَ أُمِّ مَكْتُومٍ، يَؤُمُّ النَّاسَ، وَهُوَ أَعْمَى } رَوَاهُ أَحْمَدُ، وَأَبُو دَاوُدَ .

وَنَحْوُهُ لِابْنِ حِبَّانَ: عَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا.

३३८- र हजरत अनस रजिअल्लाहो अन्होको वर्णन छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लमले इब्ने उम्मे मकतूमलाई आफ्नो सहायक बनाए, र उनी मानिसहरूलाई नमाज पढाउँथे जबकि उनी अन्धो थिए” । ( यस हदीसलाई अहमद र अबू दाऊदले वर्णन गरेका छन् ।)
र यसै जस्तो हदीस इब्ने हिब्बानले हजरत आइशा रजिअल्लाहो अन्हाको माध्यमले वर्णन गरेका छन् ।

٣٣٩- وَعَنْ ابْنِ عُمَرَ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { صَلُّوا عَلَى مَنْ قَالَ: لَا إِلَهَ إِلَّا اللَّهُ، وَصَلُّوا خَلْفَ مَنْ قَالَ: لَا إِلَهَ إِلَّا اللَّهُ } رَوَاهُ الدَّارَقُطْنِيُّ بِإِسْنَادٍ ضَعِيفٍ .

३३९- र हजरत इब्ने उमर रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “जसले लाइलाहा इल्लल्लाह भनेको होस् त्यसको जनाजाको नमाज पढ, र जसले लाइलाहा इल्लल्लाह भनेको होस् त्यसको पछाडि नमाज पढ” । (यस हदीसलाई दारकुत्नीले जईफ सनदको माध्यमले वर्णन गरेका छन् ।)

٣٤٠- وَعَنْ عَلِيٍّ رضي الله عنه قَالَ: قَالَ النَّبِيُّ ﷺ: { إِذَا أَتَى أَحَدُكُمْ الصَّلَاةَ

३४०- र हजरत अली रजिअल्लाहो अन्होको वर्णन छ कि: नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “जब तिमीमध्ये कोही पनि नमाजको लागि आओस्, अनि जुन सुकै

وَالْإِمَامُ عَلَى حَالٍ، فَلْيَصْنَعْ كَمَا يَصْنَعُ الْإِمَامُ } رَوَاهُ التِّرْمِذِيُّ بِإِسْنَادٍ ضَعِيفٍ .

अवस्थामा इमामलाई पाओस् त्यस्तै अवस्थामा त्यो पनि शामेल भइहालोस्, र त्यस्तै त्यो पनि गरोस् जसरी इमाम गरिरहेको छ” । (यस हदीसलाई तिर्मिजीले जईफ सनदद्वारा वर्णन गरेका छन् ।)

## بَابُ صَلَاةِ الْمُسَافِرِ وَالْمَرِيضِ

## अध्यायः यात्रु र रोगीको नमाजको वर्णन

٣٤١- عَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا قَالَتْ: { أَوَّلُ مَا فُرِضَتْ الصَّلَاةُ رَكْعَتَيْنِ، فَأُقِرَّتْ صَلَاةُ السَّفَرِ وَأُتِمَّتْ صَلَاةُ الْحَضَرِ }. مُتَّفَقٌ عَلَيْهِ .

وَلِلْبُخَارِيِّ: { ثُمَّ هَاجَرَ، فَفُرِضَتْ أَرْبَعًا، وَأُقِرَّتْ صَلَاةُ السَّفَرِ عَلَى الْأَوَّلِ } زَادَ أَحْمَدُ: { إِلَّا الْمَغْرِبَ فَإِنَّهَا وِتْرُ النَّهَارِ، وَإِلَّا الصُّبْحَ، فَإِنَّهَا تَطُولُ فِيهَا الْقِرَاءَةُ } .

३४१- हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: “आरम्भमा नमाजज मात्र दुई रकअत नै अनिवार्य गरिएको थियो, अनि यात्राको नमाजलाई त्यस्तै बाँकी राखियो र नगरबासीहरूको लागि नमाजलाई पूर्ण गरियो (अर्थात त्यसमा वृद्धि गरियो)” । ( बुखारी, मुस्लिम)

र बुखारीमा छ कि: “अनि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले प्रवास गरे, त चार रकअत अनिवार्य गरियो, र यात्राको नमाजलाई पहिलाको आकारमा नै स्वीकृति प्रदान गरियो” । र अहमदले यति वृद्धि वर्णन गरेका छन् कि: “मग्‌रिब बाहेक, किनकि त्यो दिनको वित्र नमाज हो, र फज्र बाहेक, किनकि त्यसमा पाठन लामो हुन्छ” ।

٣٤٢- وَعَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا؛ { أَنَّ النَّبِيَّ ﷺ كَانَ يَقْصُرُ فِي السَّفَرِ وَيُتِمُّ، وَيَصُومُ وَيُفْطِرُ. } رَوَاهُ الدَّارَقُطْنِيُّ، وَرُوَاتُهُ ثِقَاتٌ. إِلَّا أَنَّهُ مَعْلُولٌ ، وَالْمَحْفُوظُ عَنْ عَائِشَةَ مِنْ فِعْلِهَا،

३४२- र हजरत आइशा रजिअल्लाहो अन्हाकै वर्णन छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लम यात्रामा नमाजलाई कहिले कस्र गरेर पढदथे त कहिले पूर्ण गरेर, र कहिले व्रत बस्दथे त कहिले बस्दैनथे” । (यस हदीसलाई दारकुत्नीले वर्णन गरेका छन्, र यसका वर्णनकर्ताहरू सत्यनिष्ठ छन्, तैपनि यो खोटबाट मुक्त छैन । तर सुरक्षित र प्रसिद्ध हजरत आइशाको कार्य नै छ, किनकि

وَقَالَتْ: { إِنَّهُ لَا يَشُقُّ عَلَيَّ } أَخْرَجَهُ الْبَيْهَقِيُّ .

उनको भनाई छ कि: “मेरो लागि व्रत बस्नु कष्टकर छैन”, यसलाई बैहकीले वर्णन गरेका छन्)

٣٤٣- وَعَنْ ابْنِ عُمَرَ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِنَّ اللَّهَ يُحِبُّ أَنْ تُؤْتَى رُخَصُهُ كَمَا يَكْرَهُ أَنْ تُؤْتَى مَعْصِيَتُهُ } رَوَاهُ أَحْمَدُ، وَصَحَّحَهُ ابْنُ خُزَيْمَةَ، وَابْنُ حِبَّانَ .

३४३- र हजरत इब्ने उमर रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “निःसन्देह अल्लाहलाई यो प्रिय लाग्दछ कि त्यसले दिएको छूटलाई कार्यन्वित गरियोस्, जसरी त्यसलाई यो अप्रिय लाग्दछ कि त्यसले निषेधित गरेको कुरालाई गरियोस्” । (यस हदीसलाई अहमदले वर्णन गरेका छन्, र इब्ने खुजैमा र इब्ने हिब्बानले यसलाई सही भनेका छन् ।)

وَفِي رِوَايَةٍ: { كَمَا يُحِبُّ أَنْ تُؤْتَى عَزَائِمُهُ } .

र अर्को हदीसमा छ कि: “जसरी त्यसलाई यो प्रिय लाग्दछ कि त्यसले अनिवार्य गरेको कुरालाई गरियोस्” ।

٣٤٤ - وَعَنْ أَنَسٍ رَضِيَ اللَّهُ عَنْهُ قَالَ: { كَانَ رَسُولُ اللَّهِ ﷺ إِذَا خَرَجَ مَسِيرَةَ ثَلَاثَةِ أَمْيَالٍ أَوْ فَرَاسِخَ، صَلَّى رَكْعَتَيْنِ } رَوَاهُ مُسْلِمٌ .

३४४- र हजरत अनस रजिअल्लाहो अन्होको वर्णन छ कि: “जब रसूल सल्लल्लाहो अलैहे वसल्लम तीन मील[1] वा तीन फर्सख[2] जतिको यात्रा गर्थे त दुई रकअत नमाज पढथे, अर्थात कस्र गर्न थाल्दथे” । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

٣٤٥ - وَعَنْهُ قَالَ: { خَرَجْنَا مَعَ رَسُولِ اللَّهِ ﷺ مِنْ الْمَدِينَةِ إِلَى مَكَّةَ، فَكَانَ يُصَلِّي رَكْعَتَيْنِ رَكْعَتَيْنِ حَتَّى رَجَعْنَا

३४५- र उनैद्वारा वर्णित छ कि: “हामी रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथमा मदिनादेखि मक्काको लागि निस्कें, त उहाँ सल्लल्लाहो अलैहे वसल्लम पूर्ण यात्रामा दुई दुई रकअत पढदथे यहाँसम्म कि हामी मदिना फर्केर आएँ” । (बुखारी, मुस्लिम, र

1 - एक मील लगभग ६ हजार हातको हुन्छ, र केही विद्हरूको कथन बमोजिम तीन वा चार हजार हातको हुन्छ ।

2 - एक फर्सख तीन मीलको हुन्छ ।

إِلَى الْمَدِينَةِ }   مُتَّفَقٌ عَلَيْهِ، وَاللَّفْظُ لِلْبُخَارِيِّ .

वर्णित शब्द बुखारीका हुन् ।)

٣٤٦- وَعَنْ ابْنِ عَبَّاسٍ رَضِيَ اللَّهُ عَنْهُمَا قَالَ: { أَقَامَ النَّبِيُّ ﷺ تِسْعَةَ عَشَرَ يَقْصُرُ }  وَفِي لَفْظٍ: { بِمَكَّةَ تِسْعَةَ عَشَرَ يَوْمًا }  رَوَاهُ الْبُخَارِيُّ .

३४६- र हजरत इब्ने अब्बास रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: "नबी सल्लल्लाहो अलैहे वसल्लमले १९ दिन बास बस्नु भयो जसमा नमाजलाई कस्र गरेर नै पढ्नु हुन्थ्यो" । र हदीसको अर्को शब्द यसरी वर्णित छ कि: "मक्कामा १९दिन बास बसे" । (यसलाई बुखारीले वर्णन गरेका छन् ।)

وَفِي رِوَايَةٍ لِأَبِي دَاوُدَ: { سَبْعَ عَشْرَةَ } وَفِي أُخْرَى: { خَمْسَ عَشْرَةَ } .

र अबू दाऊदको एउटा हदीसमा छ कि: "१७ दिन" । र अर्को हदीसमा छ: "१५ दिन" ।

وَلَهُ عَنْ عِمْرَانَ بْنِ حُصَيْنٍ: { ثَمَانِيَ عَشْرَةَ }. وَلَهُ عَنْ جَابِرٍ: { أَقَامَ بِتَبُوكَ عِشْرِينَ يَوْمًا يَقْصُرُ الصَّلَاةَ } وَرُوَاتُهُ ثِقَاتٌ، إِلَّا أَنَّهُ اُخْتُلِفَ فِي وَصْلِهِ .

र अबू दाऊदले नै इम्रान बिन हुसैनको माध्यमले "१८ दिन" वर्णन गरेका छन् । र हजरत जाबिरको माध्यमले वर्णन गरेका छन् कि: "उहाँ सल्लल्लाहो अलैहे वसल्लम तबूक नामक स्थानमा २० दिन बास बसे जता नमाजलाई कस्रगरेर नै पढथे" । (यस हदीसका वर्णनकर्ताहरू सत्यनिष्ठ छन् तर यसको मौसूल हुने कुरामा मतभेद छ ।)

٣٤٧ - وَعَنْ أَنَسٍ: { كَانَ رَسُولُ اللَّهِ ﷺ إِذَا ارْتَحَلَ قَبْلَ أَنْ تَزِيغَ الشَّمْسُ أَخَّرَ الظُّهْرَ إِلَى وَقْتِ الْعَصْرِ، ثُمَّ نَزَلَ فَجَمَعَ بَيْنَهُمَا، فَإِنْ زَاغَتْ الشَّمْسُ قَبْلَ أَنْ يَرْتَحِلَ صَلَّى الظُّهْرَ، ثُمَّ رَكِبَ } مُتَّفَقٌ عَلَيْهِ.

३४७- र हजरत अनस रजिअल्लाहो अन्होको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लम जब सूर्य ढल्किनुभन्दा अघि नै यात्राको आरम्भ गर्थे त जुहर नमाजलाई अस्रको समयसम्मको लागि अवलम्बित गरिदिन्थे, अनि सवारीबाट झर्दथे र दुवैलाई जम्मा गरेर पढथे, तर यदि सूर्य ढल्के पश्चात यात्राको आरम्भ गर्थे भने जुहर पढेर नै यात्राको आरम्भ गर्थे" । (बुखारी, मुस्लिम)

र हाकिमले अरबईनमा एउटा हदीस वर्णन

وَفِي رِوَايَةِ الْحَاكِمِ فِي "الْأَرْبَعِينَ" بِإِسْنَادِ الصَّحِيحِ: { صَلَّى الظُّهْرَ وَالْعَصْرَ، ثُمَّ رَكِبَ } .

गरेका छन् जसको सनद पनि सही छ कि: “उहाँ सल्लल्लाहो अलैहे वसल्लम जुहर र अस्र पढेर नै सवारीमा सवार हुन्थे” ।

وَلِأَبِي نُعَيْمٍ فِي "مُسْتَخْرَجِ مُسْلِمٍ": { كَانَ إِذَا كَانَ فِي سَفَرٍ، فَزَالَتْ الشَّمْسُ صَلَّى الظُّهْرَ وَالْعَصْرَ جَمِيعًا، ثُمَّ ارْتَحَلَ }.

र अबू नुऐमले मुस्तखरज मुस्लिममा वर्णन गरेका छन् कि: “जब उहाँ सल्लल्लाहो अलैहे वसल्लम यात्रामा हुन्थे, र सूर्य ढल्किहाल्थ्यो त जुहर र अस्र दुवैलाई एकै साथ पढदथे, अनि पुनः यात्रालाई निरन्तरता दिन्थे” ।

٣٤٨- وَعَنْ مُعَاذٍ رضي الله عنه قَالَ: { خَرَجْنَا مَعَ رَسُولِ اللَّهِ ﷺ فِي غَزْوَةِ تَبُوكَ، فَكَانَ يُصَلِّي الظُّهْرَ وَالْعَصْرَ جَمِيعًا، وَالْمَغْرِبَ وَالْعِشَاءَ جَمِيعًا } رَوَاهُ مُسْلِمٌ .

३४८- र हजरत मुआज रजिअल्लाहो अन्होको वर्णन छ कि: “हामी तबूक नामक युद्धमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथमा निस्कें, त उहाँ जुहर र अस्रलाई एकैसाथ पढथे, र मग्रिब एवं इशालाई पनि एकै साथ पढथे” । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

٣٤٩- وَعَنْ ابْنِ عَبَّاسٍ رَضِيَ اللَّهُ عَنْهُمَا قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { لَا تَقْصُرُوا الصَّلَاةَ فِي أَقَلَّ مِنْ أَرْبَعَةِ بُرُدٍ؛ مِنْ مَكَّةَ إِلَى عُسْفَانَ } رَوَاهُ الدَّارَقُطْنِيُّ بِإِسْنَادٍ ضَعِيف وَالصَّحِيحُ أَنَّهُ مَوْقُوفٌ، كَذَا أَخْرَجَهُ ابْنُ خُزَيْمَةَ.

३४९- र हजरत इब्ने अब्बास रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “चार बुर्दभन्दा (४८ मीलभन्दा) कम दूरीमा कस्र नगर्नु जसरी मक्कादेखि अस्फानसम्म” । (यस हदीसलाई दारकुत्नीले जईफ सनदको साथ वर्णन गरेका छन्, र सत्य कुरो यो हो कि यो हदीस मौकूफ छ, यसरी नै इब्ने खुजैमाले वर्णन गरेका छन् ।)

٣٥٠- وَعَنْ جَابِرٍ رضي الله عنه قَالَ: قَالَ

३५०- र हजरत जाबिर रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे

رَسُولُ اللَّهِ ﷺ: { خَيْرُ أُمَّتِي الَّذِينَ إِذَا أَسَاءُوا اسْتَغْفَرُوا، وَإِذَا سَافَرُوا قَصَرُوا وَأَفْطَرُوا } أَخْرَجَهُ الطَّبَرَانِيُّ فِي "الْأَوْسَطِ" بِإِسْنَادٍ ضَعِيفٍ .

वसल्लमले भन्नु भयो: "मेरो अनुयायीहरूमध्ये सर्वोत्कृष्ट मानिसहरू ती हुन् जुन जब गल्ती गर्छन् त क्षमायाचना गर्छन्, र जब यात्रा गर्छन् त नमाजमा कस्र गर्छन् र व्रत बस्दैनन्" । (यस हदीसलाई तब्रानीले अवसतमा जईफ सनदको माध्यमले वर्णन गरेका छन् ।)

وَهُوَ فِي مُرْسَلِ سَعِيدِ بْنِ الْمُسَيَّبِ عِنْدَ الْبَيْهَقِيِّ مُخْتَصَرٌ .

र यस हदीसलाई इमाम बैहकीले सईद बिन मुसैयिबको मुरसल हदीस अन्तर्गत संक्षिप्त वर्णन गरेका छन् ।

٣٥١ - وَعَنْ عِمْرَانَ بْنِ حُصَيْنٍ رَضِيَ اللَّهُ عَنْهُمَا قَالَ: { كَانَتْ بِي بَوَاسِيرُ، فَسَأَلْتُ النَّبِيَّ ﷺ عَنْ الصَّلَاةِ؟ فَقَالَ: "صَلِّ قَائِمًا، فَإِنْ لَمْ تَسْتَطِعْ فَقَاعِدًا، فَإِنْ لَمْ تَسْتَطِعْ فَعَلَى جَنْبٍ" } رَوَاهُ الْبُخَارِيُّ.

३५१- र हजरत इम्रान बिन हुसैन रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: "मलाई बवासीर रोग लागेको थियो त यस्तो अवस्थामा नमाज पढनेबारे नबी सल्लल्लाहो अलैहे वसल्लमसित सोधें ? त उहाँले भन्नु भयो: उभेर नमाज पढ, र यदि यसको सामर्थ्य छैन भने बसेर नमाज पढ, र यदि यसको पनि शक्ति छैन भने कोल्टेको बल लेटर नमाज पढ" । (यस हदीसलाई बुखारीले वर्णन गरेका छन् ।)

٣٥٢- وَعَنْ جَابِرٍ قَالَ: { عَادَ النَّبِيُّ ﷺ مَرِيضًا، فَرَآهُ يُصَلِّي عَلَى وِسَادَةٍ، فَرَمَى بِهَا، وَقَالَ: "صَلِّ عَلَى الْأَرْضِ إِنْ اسْتَطَعْتَ، وَإِلَّا فَأَوْمِ إِيمَاءً، وَاجْعَلْ سُجُودَكَ أَخْفَضَ مِنْ رُكُوعِكَ" } رَوَاهُ الْبَيْهَقِيُّ. وَصَحَّحَ أَبُو حَاتِمٍ وَقْفَهُ.

३५२- र हजरत जाबिर रजिअल्लाहो अन्होको वर्णन छ कि: "नबी सल्लल्लाहो अलैहे वसल्लम एउटा विरामीलाई भेट्न जानु भयो, त त्यसलाई सिरानीमाथि नमाज पढदा हेरे, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले त्यस सिरानीलाई फालेर त्यससित भने: जमिनमाथि नमाज पढ यदि यसको तागत छ, नत्र झुकेर संकेतले नमाज पढ, र ढोगगर्दा रुकूअभन्दा अधिक झुक्दैगर" । (यस हदीसलाई बैहकीले वर्णन गरेका छन्, र अबू हातिमले यसको मौकूफ हुने कुरालाई सही भनेका छन् ।)

३५३- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ किः "मैले नबी सल्लल्लाहो अलैहे वसल्लमलाई चार अंगमा नमाज पढ्दा हेरें" । (यस हदीसलाई नेसाईले वर्णन गरेका छन्, र हकिमले यसलाई सही भनेका छन् ।)

٣٥٣- وَعَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا قَالَتْ: { رَأَيْتُ النَّبِيَّ ﷺ يُصَلِّي مُتَرَبِّعًا } رَوَاهُ النَّسائِيُّ. وَصَحَّحَهُ الْحَاكِمُ.

## अध्यायः जुमआको नमाजको वर्णन

## بَابُ صَلَاةِ الْجُمُعَةِ

३५४- हजरत अब्दुल्लाह बिन उमर, र अबू हुरैरह रजिअल्लाहो अन्हुमद्वारा वर्णित छ किः "उनी दुवैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई उहाँको मिम्बरमाथि[1] भन्दै सुने किः मानिसहरू जुमआको नमाज त्याग्नुबाट रुकिहालुन् नत्र अल्लाह उनीहरूको हृदयमाथि छाप लगाइदिन्छन्, अनि उनीहरू अचेत मान्छेहरूमध्येका भइहाल्नेछन्" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

٣٥٤- عَنْ عَبْدِ اللَّهِ بْنِ عُمَرَ، وَأَبِي هُرَيْرَةَ رَضِيَ اللَّهُ عَنْهُمْ، { أَنَّهُمَا سَمِعَا رَسُولَ اللَّهِ ﷺ يَقُولُ -عَلَى أَعْوَادِ مِنْبَرِهِ- "لَيَنْتَهِيَنَّ أَقْوَامٌ عَنْ وَدْعِهِمُ الْجُمُعَاتِ، أَوْ لَيَخْتِمَنَّ اللَّهُ عَلَى قُلُوبِهِمْ، ثُمَّ لَيَكُونُنَّ مِنَ الْغَافِلِينَ } رَوَاهُ مُسْلِمٌ .

३५५- र हजरत सलमा इब्नुल् अकवअ् रजिअल्लाहो अन्होको वर्णन छ किः "हामी रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथमा जुमआको नमाज पढ्थ्यौं, अनि अआफ्ना घरहरूतिर फर्केर आउँथें त पर्खालहरूको कुनै छायाँ हुँदैनथ्यो जसमा बसेर हामी अलि वश्रिाम गरौं" । (बुखारी, मुस्लिम, र वर्णित शब्द बुखारीका हुन् ।)

٣٥٥- وَعَنْ سَلَمَةَ بْنِ الْأَكْوَعِ ﷺ قَالَ: { كُنَّا نُصَلِّي مَعَ رَسُولِ اللَّهِ ﷺ الْجُمُعَةَ، ثُمَّ نَنْصَرِفُ وَلَيْسَ لِلْحِيطَانِ ظِلٌّ نَسْتَظِلُّ بِهِ }. مُتَّفَقٌ عَلَيْهِ، وَاللَّفْظُ لِلْبُخَارِيِّ .

र मुस्लिमले वर्णन गरेको एउटा हदीसका शब्द यसरी छन् किः "हामी सूर्य डल्के पश्चात उहाँको साथमा जुमआ पढथें, अनि जब घर फर्कन्थें त छहारीलाई खोज्दै हिँडदथें" ।

وَفِي لَفْظٍ لِمُسْلِمٍ: { كُنَّا نَجْمَعُ مَعَهُ إِذَا زَالَتِ الشَّمْسُ، ثُمَّ نَرْجِعُ، نَتَتَبَّعُ الْفَيْءَ

1 - मिम्बरः दाउरोको बोटद्वारा निर्मित टेबल जस्तो आकार भएको वस्तु जसमाथि उभेर इमाम पर्वचन सुनाउँछ जसरी डाइस... आदि ।

}.

٣٥٦ – وَعَنْ سَهْلِ بْنِ سَعْدٍ رَضِيَ اللَّهُ عَنْهُمَا قَالَ: { مَا كُنَّا نَقِيلُ وَلَا نَتَغَدَّى إِلَّا بَعْدَ الْجُمُعَةِ } مُتَّفَقٌ عَلَيْهِ، وَاللَّفْظُ لِمُسْلِمٍ .

वَفِي रِवायَةٍ: { فِي عَهْدِ رَسُولِ اللَّهِ ﷺ }.

३५६- र हजरत सहल बिन सअद रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: “हामी अपराह्नको भोजन र विश्राम जुमआ पढे पश्चात नै गर्थें” । (बुखारी, मुस्लिम, र वर्णित शब्द मुस्लिमका हुन् ।)

र एउटा हदीसमा यो पनि छ कि: “रसूल सल्लल्लाहो अलैहे वसल्लमको जीवन कालमा” ।

٣٥٧– وَعَنْ جَابِرٍ { أَنَّ النَّبِيَّ ﷺ كَانَ يَخْطُبُ قَائِمًا، فَجَاءَتْ عِيرٌ مِنَ الشَّامِ، فَانْفَتَلَ النَّاسُ إِلَيْهَا، حَتَّى لَمْ يَبْقَ إِلَّا اثْنَا عَشَرَ رَجُلًا } رَوَاهُ مُسْلِمٌ.

३५७- र हजरत जाबिर रजिअल्लाहो अन्होको वर्णन छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लम उभेर खुत्बा दिइरहेका थिए, अनि शाम देशबाट एउटा व्यापारिक मण्डल (समूह) आयो, अनि १२ मान्छे बाहेक समस्त मानिसहरू त्यसै व्यापारिक समूहतिर प्रवृत्त भइहाले” । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

٣٥٨– وَعَنِ ابْنِ عُمَرَ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { مَنْ أَدْرَكَ رَكْعَةً مِنْ صَلَاةِ الْجُمُعَةِ وَغَيْرِهَا فَلْيُضِفْ إِلَيْهَا أُخْرَى، وَقَدْ تَمَّتْ صَلَاتُهُ }. رَوَاهُ النَّسَائِيُّ، وَابْنُ مَاجَهْ، وَالدَّارَقُطْنِيُّ، وَاللَّفْظُ لَهُ، وَإِسْنَادُهُ صَحِيحٌ، لَكِنْ قَوَّى أَبُو حَاتِمٍ إِرْسَالَهُ .

३५८- र हजरत इब्ने उमर रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “जसले जुमआ वा कुनै नमाजको एक रकअत पायो भने त्यसमा अरु मिलाओस् (अर्थात जति छुटेछ त्यति पढोस्), अनि त्यसको नमाज पूर्ण र सम्पन्न भइहाल्छ” । (यस हदीसलाई नेसाई, इब्ने माजा र दारकुत्नीले वर्णन गरेका छन्, र शब्द यिनैका (दारकुत्नीका) हुन्, र यसको सनद सही छ, तर अबू हातिमले यसको मुर्सल हुने कुरालाई सशक्त भनेका छन् ।)

٣٥٩- وَعَنْ جَابِرِ بْنِ سَمُرَةَ رَضِيَ اللَّهُ عَنْهُمَا، { أَنَّ النَّبِيَّ ﷺ كَانَ يَخْطُبُ قَائِمًا، ثُمَّ يَجْلِسُ، ثُمَّ يَقُومُ فَيَخْطُبُ قَائِمًا، فَمَنْ أَنْبَأَكَ أَنَّهُ كَانَ يَخْطُبُ جَالِسًا، فَقَدْ كَذَبَ } أَخْرَجَهُ مُسْلِمٌ .

३५९- र हजरत जाबिर बिन समुरह रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: "नबी सल्लल्लाहो अलैहे वसल्लम उभेर खुत्बा[1] दिइरहेका थिए, अनि बसिहाल्थे, अनि पुन: उभेर खुत्बा दिन्थे, त जसले पनि तिमीलाई यो खबर देओस् कि उहाँ सल्लल्लाहो अलैहे वसल्लम बसेर खुत्बा दिन्थे त्यसले झुट बोलिरहेको छ" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

٣٦٠- وَعَنْ جَابِرِ بْنِ عَبْدِ اللَّهِ رَضِيَ اللَّهُ عَنْهُمَا قَالَ: { كَانَ رَسُولُ اللَّهِ ﷺ إِذَا خَطَبَ، احْمَرَّتْ عَيْنَاهُ، وَعَلَا صَوْتُهُ، وَاشْتَدَّ غَضَبُهُ، حَتَّى كَأَنَّهُ مُنْذِرُ جَيْشٍ يَقُولُ: صَبَّحَكُمْ وَمَسَّاكُمْ، وَيَقُولُ: "أَمَّا بَعْدُ، فَإِنَّ خَيْرَ الْحَدِيثِ كِتَابُ اللَّهِ، وَخَيْرَ الْهَدْيِ هَدْيُ مُحَمَّدٍ، وَشَرَّ الْأُمُورِ مُحْدَثَاتُهَا، وَكُلَّ بِدْعَةٍ ضَلَالَةٌ } رَوَاهُ مُسْلِمٌ.

३६०- र हजरत जाबिर बिन अब्दुल्लाह रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: "जब रसूल सल्लल्लाहो अलैहे वसल्लम खुत्बा दिन्थे त उहाँको आँखा रातो भइहाल्थ्यो, र उहाँको अवाज ठूलो भइहाल्थ्यो, र उहाँको क्रोध यति बढिहाल्त्यो मानो कुनै सेनालाई ढाँटिरहेका हुन् कि: शत्रुहरूको सेना तिमीहरू समीप प्रात:काल वा दिउँसो पुगिहाल्नेछ । र उहाँ यो पनि भन्थे: तत्पश्चात, सबैभन्दा सर्वोत्कृष्ट कुरा अल्लाहको वाणी हो, र सबैभन्दा सर्वोत्कृष्ट पद्धति मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको पद्धति हो, र सबैभन्दा घृणित कार्य धर्ममा नौलो कुराको अविष्कार (बिदअत) हो, र प्रत्येक बिदअत पथभ्रष्टता हो" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

وَفِي رِوَايَةٍ لَهُ كَانَتْ خُطْبَةُ النَّبِيِّ ﷺ يَوْمَ الْجُمُعَةِ: { يَحْمَدُ اللَّهَ وَيُثْنِي عَلَيْهِ، ثُمَّ يَقُولُ عَلَى إِثْرِ ذَلِكَ، وَقَدْ عَلَا صَوْتُهُ }

र मुस्लिमको अर्को हदीसमा छ कि: जुमआको दिन नबी सल्लल्लाहो अलैहे वसल्लमको खुत्बा यसरी हुन्थ्यो: "पहिला अल्लाहको प्रशंसा र महिमागान गर्थे, अनि पर्वचन भन्थे यस्तो अवस्थामा कि उहाँको स्वर उच्च हुन्थ्यो" ।

र मुस्लिमको एउटा हदीसमा यो पनि वर्णित

1 - शुक्रबारको दिन मस्जिदमा दिइने पर्वचनलाई खुत्बा भनिन्छ ।

وَفِي رِوَايَةٍ لَهُ: { مَنْ يَهْدِهِ اللَّهُ فَلَا مُضِلَّ لَهُ، وَمَنْ يُضْلِلْ فَلَا هَادِيَ لَهُ }. وَلِلنَّسَائِيِّ: { وَكُلَّ ضَلَالَةٍ فِي النَّارِ }.

छ (कि उहाँ भन्थेः) "जसलाई अल्लाह मार्गदर्शित गरिदेओस् त्यसलाई कोही पथभ्रमित गर्न सक्दैन, र जसलाई दिग्भ्रान्त गरिदेओस् त्यसलाई कोही मार्गदर्शित गर्न सक्दैन" । र नेसाईमा छः "र प्रत्येक पथभ्रष्टता नर्कमा लैजानेछ" ।

٣٦١ - وَعَنْ عَمَّارِ بْنِ يَاسِرٍ رَضِيَ اللَّهُ عَنْهُمَا قَالَ: سَمِعْتُ رَسُولَ اللَّهِ ﷺ يَقُولُ: { إِنَّ طُولَ صَلَاةِ الرَّجُلِ، وَقِصَرَ خُطْبَتِهِ مَئِنَّةٌ مِنْ فِقْهِهِ } رَوَاهُ مُسْلِمٌ .

३६१- र हजरत अम्मार बिन यासिर रजिअल्लाहो अन्हुमाको वर्णन छ किः मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई भन्दै सुनेको छु किः "मान्छेको लामो नमाज र सानो खुत्बा त्यसको विद्ताको निशानी हो" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

٣٦٢- وَعَنْ أُمِّ هِشَامٍ بِنْتِ حَارِثَةَ رَضِيَ اللَّهُ عَنْهَا قَالَتْ: { مَا أَخَذْتُ: "ق وَالْقُرْآنِ الْمَجِيدِ"، إِلَّا عَنْ لِسَانِ رَسُولِ اللَّهِ ﷺ يَقْرَؤُهَا كُلَّ جُمُعَةٍ عَلَى الْمِنْبَرِ إِذَا خَطَبَ النَّاسَ } رَوَاهُ مُسْلِمٌ .

३६२- र हजरत उम्मे हिशाम बिन्ते हारेसा रजिअल्लाहो अन्हाको वर्णन छ किः "मैले (काफ् वल् कुरआनिल् मजीद) अर्थात सूरतुल् काफ् रसूल सल्लल्लाहो अलैहै वसललमलाई पढदै सुनेर कण्ठ गरेको छु किनकि उहाँ यसलाई प्रत्येक जुमआको दिन मम्बिरमा खुत्बा दिने क्रममा पाठन गर्थे" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

٣٦٣ - وَعَنِ ابْنِ عَبَّاسٍ رَضِيَ اللَّهُ عَنْهُمَا قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { مَنْ تَكَلَّمَ يَوْمَ الْجُمُعَةِ وَالْإِمَامُ يَخْطُبُ فَهُوَ كَمَثَلِ الْحِمَارِ يَحْمِلُ أَسْفَارًا، وَالَّذِي يَقُولُ لَهُ: أَنْصِتْ، لَيْسَتْ لَهُ جُمُعَةٌ } رَوَاهُ أَحْمَدُ، بِإِسْنَادٍ لَا بَأْسَ بِهِ . وَهُوَ

३६३- र हजरत इब्ने अब्बास रजिअल्लाहो अन्हुमाको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः "जसले जुमआको दिन त्यस समय कुरा गऱ्यो जुन समय इमाम खुत्बा दिइरहेको हुन्छ त यस्तो मान्छे त्यस गद्हा (गधा) झैं छ जसमाथि किताबको भारी लादिएको होस्, र जसले त्यसलाई यो भनोस् कि चुप लाग, त्यसको पनि जुमआ हुँदैन" । (यस हदीसलाई अहमदले उचित सनदको माध्यमले वर्णन गरेका छन् । र यो हदीस त्यस हदीसको व्याख्या गरिरहेको छ जसलाई बुखारी

يُفَسِّرُ حَدِيثَ أَبِي هُرَيْرَةَ ﷺ فِي "الصَّحِيحَيْنِ" مَرْفُوعًا: { إِذَا قُلْتَ لِصَاحِبِكَ: أَنْصِتْ يَوْمَ الْجُمُعَةِ وَالْإِمَامُ يَخْطُبُ، فَقَدْ لَغَوْتَ } .

मुस्लिमले हजरत अबू हुरैरहको माध्यमले मरफूअन् वर्णन गरेका छन् कि: “जब तिमी जुमआको दिन इमामले खुत्बा दिइरहेको अवस्थामा आफ्नो साथीलाई यो भन्यो कि चुप लाग, त तिमीले व्यर्थ कार्य गऱ्यौ” ।

٣٦٤ - وَعَنْ جَابِرٍ قَالَ: { دَخَلَ رَجُلٌ يَوْمَ الْجُمُعَةِ، وَالنَّبِيُّ ﷺ يَخْطُبُ . فَقَالَ: "صَلَّيْتَ؟" قَالَ: لَا. قَالَ: "قُمْ فَصَلِّ رَكْعَتَيْنِ" } مُتَّفَقٌ عَلَيْهِ .

३६४- र हजरत जाबिर रजिअल्लाहो अन्होको वर्णन छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लमले जुमआको दिन खुत्बा दिइरहेको अवस्थामा एउटा मान्छे मस्जिदमा प्रवेश गऱ्यो, त उहाँले भन्नु भयो: के तिमीले नमाज पढ्यौ (अर्थात दुई रकअत मस्जिदको प्रवेशिका) ? त त्यसले भन्यो: होइन, पढेछैन, त उहाँले भन्नु भयो: उभेर दुई रकअत पढिहाल” । (बुखारी, मुस्लिम)

٣٦٥ - وَعَنِ ابْنِ عَبَّاسٍ؛ { أَنَّ النَّبِيَّ ﷺ كَانَ يَقْرَأُ فِي صَلَاةِ الْجُمُعَةِ سُورَةَ الْجُمُعَةِ، وَالْمُنَافِقِينَ } رَوَاهُ مُسْلِمٌ .

३६५- र हजरत इब्ने अब्बास रजिअल्लाहो अन्होको वर्णन छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लम जुमआको नमाजमा सूरतुल् जुमुआ र सूरतुल् मुनाफिकून पढथे” । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

وَلَهُ: عَنِ اَلنُّعْمَانِ بْنِ بَشِيرٍ: { كَانَ يَقْرَأُ فِي الْعِيدَيْنِ وَفِي الْجُمُعَةِ: بِـ "سَبِّحِ اسْمَ رَبِّكَ اَلْأَعْلَى"، وَ "هَلْ أَتَاكَ حَدِيثُ الْغَاشِيَةِ" }.

र मुस्लिमले नुअमान बिन बशीरको माध्यमले वर्णन गरेका छन् कि: “उहाँ सल्लल्लाहो अलैहे वसल्लम दुवै ईद र जुमआमा (सब्बिहिस्मा रब्बिकल् अअ्ला) र ( हल अताका हदीसुल् गाशीयह) को पाठन गर्थे” ।

٣٦٦- وَعَنْ زَيْدِ بْنِ أَرْقَمَ ﷺ قَالَ: { صَلَّى النَّبِيُّ ﷺ الْعِيدَ، ثُمَّ رَخَّصَ فِي الْجُمُعَةِ، فَقَالَ: "مَنْ شَاءَ أَنْ يُصَلِّيَ

३६६- र हजरत जैद बिन अरकम रजिअल्लाहो अन्होको वर्णन छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लमले ईदको नमाज पढनु भयो अनि जुमआको नमाजको बारेमा अनुमति प्रदान गर्नु भयो, र भन्नु भयो: जसले चाहोस् त्यो जुमआको नमाज पनि

فَلْيُصَلِّ" }  رَوَاهُ الْخَمْسَةُ إِلَّا التِّرْمِذِيَّ، وَصَحَّحَهُ ابْنُ خُزَيْمَةَ .

पढोस्" । (यस हदीसलाई तिर्मिजी बाहेक पाँचौंले वर्णन गरेका छन्, र इब्ने खुजैमाले यसलाई सही पनि भनेका छन् ।)

٣٦٧ - وَعَنْ أَبِي هُرَيْرَةَ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { إِذَا صَلَّى أَحَدُكُمُ الْجُمُعَةَ فَلْيُصَلِّ بَعْدَهَا أَرْبَعًا }  رَوَاهُ مُسْلِمٌ .

३६७- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "जब तिमीमध्ये कोही जुमआको नमाज पढोस् त त्यस पश्चात चार रकअत (सुन्नत) पनि पढोस्" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

٣٦٨- وَعَنِ السَّائِبِ بْنِ يَزِيدَ، أَنَّ مُعَاوِيَةَ قَالَ لَهُ: { إِذَا صَلَّيْتَ الْجُمُعَةَ فَلَا تَصِلْهَا بِصَلَاةٍ، حَتَّى تتكَلَّمَ أَوْ تَخْرُجَ، فَإِنَّ رَسُولَ اللَّهِ ﷺ أَمَرَنَا بِذَلِكَ: أَنْ لَا نُوصِلَ صَلَاةً بِصَلَاةٍ حَتَّى نَتَكَلَّمَ أَوْ نَخْرُجَ } رَوَاهُ مُسْلِمٌ .

३६८- र हजरत साइब बिन यजीद रहेमहुल्लाहको वर्णन छ कि: हजरत मुआविया रजिअल्लाहो अन्होले उनीसित भने कि: "जब तिमी जुमआको नमाज पढ त त्यसको साथमा कुनै नमाज तबसम्म नपढ यहाँसम्म कि कुनै कुरा नगरिहाल वा त्यहाँबाट निस्किहाल, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले हामीलाई यो आदेश गरेका थिए कि: हामी जुमआको नमाजको साथ तबसम्म कुनै नमाज नपढौं जबसम्म कुनै कुरा नगरिहालौं वा त्यहाँबाट निस्किहालौं" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

٣٦٩- وَعَنْ أَبِي هُرَيْرَةَ ﷺ قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { مَنِ اغْتَسَلَ، ثُمَّ أَتَى الْجُمُعَةَ، فَصَلَّى مَا قُدِّرَ لَهُ، ثُمَّ أَنْصَتَ، حَتَّى يَفْرُغَ الْإِمَامُ مِنْ خُطْبَتِهِ، ثُمَّ يُصَلِّي مَعَهُ: غُفِرَ لَهُ مَا بَيْنَهُ وَبَيْنَ الْجُمُعَةِ

३६९- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "जसले स्नान गरेर जुमआको लागि आयो, अनि त्यति नमाज (सुन्नत) पढ्यो जति त्यसको भाग्यमा नर्धारित गरिएको छ, अनि चुप लागेर बस्यो यहाँसम्म कि इमामले खुत्बा समाप्त गरिहाल्यो, अनि इमामको साथमा जुमआको नमाज पढ्यो, त त्यस जुमआ र अर्को जुमआको बीचमा भएको त्यसका

الْأُخْرَى، وَفَضْلُ ثَلَاثَةِ أَيَّامٍ } رَوَاهُ مُسْلِمٌ .

दोषपापलाई क्षमा गरिन्छ, र तीन दिनको अरु पापलाई पनि" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

٣٧٠- وَعَنْهُ؛ أَنَّ رَسُولَ اللَّهِ ﷺ ذَكَرَ يَوْمَ الْجُمُعَةِ فَقَالَ: { فِيهِ سَاعَةٌ لَا يُوَافِقُهَا عَبْدٌ مُسْلِمٌ وَهُوَ قَائِمٌ يُصَلِّي، يَسْأَلُ اللَّهَ عَزَّ وَجَلَّ شَيْئًا إِلَّا أَعْطَاهُ إِيَّاهُ، وَأَشَارَ بِيَدِهِ يُقَلِّلُهَا } مُتَّفَقٌ عَلَيْهِ .

वَفِي رِوَايَةٍ لِمُسْلِمٍ: { وَهِيَ سَاعَةٌ خَفِيفَةٌ } .

३७०- र उनैद्वारा वर्णित छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले जुमआको सन्दर्भमा भन्नु भयो: "जुमआको दिनमा एउटा यस्तो समय छ जसमा कुनै मुसलमान व्यक्ति नमाज पढदै यदि अल्लाहसित कुनै कुराको याचना गर्छ भने अल्लाह त्यसलाई त्यो अवश्य प्रदान गर्छन्, अनि उहाँले आफ्नो औंलाले संकेत गरेर यो बुझाउनु भयो कि त्यो समय अति कम अवधिको हुन्छ" । (बुखारी, मुस्लिम)
र मुस्लिमकै एउटा हदीसमा छ कि: "त्यो समय अति थोरै हुन्छ" ।

٣٧١- وَعَنْ أَبِي بُرْدَةَ عَنْ أَبِيهِ سَمِعْتُ رَسُولَ اللَّهِ ﷺ يَقُولُ: { هِيَ مَا بَيْنَ أَنْ يَجْلِسَ الْإِمَامُ إِلَى أَنْ تُقْضَى الصَّلَاةُ } رَوَاهُ مُسْلِمٌ، وَرَجَّحَ الدَّارَقُطْنِيُّ أَنَّهُ مِنْ قَوْلِ أَبِي بُرْدَةَ .

३७१- र हजरत अबू बुर्दह आफ्नो बुवाको माध्यमले वर्णन गर्छन् कि उनको भनाई छ कि उनेले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई भन्दै सुने कि: "त्यो समय इमामले मिम्बरमा बसेदेखि जुमआको नमाज सम्पन्न गर्नेसम्म जतिको हुन्छ" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन्, र दारकुत्नीले यस कुरामा जोर दिएका छन् कि यो अबू बुर्दहको कथनमध्येको हो ।)

وَفِي حَدِيثِ عَبْدِ اللَّهِ بْنِ سَلَامٍ عِنْدَ ابْنِ مَاجَهْ وَجَابِرٍ عِنْدَ أَبِي دَاوُدَ، وَالنَّسَائِيِّ : { أَنَّهَا مَا بَيْنَ صَلَاةِ الْعَصْرِ إِلَى غُرُوبِ الشَّمْسِ }. وَقَدْ اخْتُلِفَ فِيهَا

र इब्ने माजाले अब्दुल्लाह बिन सलामको माध्यमबाट र अबू दाऊद एवं नेसाईले हजरत जाबिरको माध्यमले वर्णन गरेका छन् कि: "त्यस समयको अवधि अस्र नमाजदेखि सूर्य अस्त हुनेसम्म जतिको हुन्छ" । र यस विषयमा ४० भन्दा अधिक उक्तिहरू छन् जसलाई मैले बुखारीको (शरह) व्याख्यामा

عَلَى أَكْثَرَ مِنْ أَرْبَعِينَ قَوْلًا، أَمْلَيْتُهَا فِي "شَرْحِ الْبُخَارِيِّ" .

वर्णन गरेको छ।

٣٧٢ - وَعَنْ جَابِرٍ ﷺ قَالَ: { مَضَتِ السُّنَّةُ أَنَّ فِي كُلِّ أَرْبَعِينَ فَصَاعِدًا جُمُعَةً } رَوَاهُ الدَّارَقُطْنِيُّ بِإِسْنَادٍ ضَعِيفٍ .

३७२- र हजरत जाबिर रजिअल्लाहो अन्होको वर्णन छ कि: "सुन्नतको तरिका यो हो कि ४० र त्यसभन्दा अधिक संख्यामाथि जुमआ अनिवार्य हुन्छ" । (यस हदीसलाई दारकुत्नीले जईफ सनदद्वारा वर्णन गरेका छन् ।)

٣٧٣- وَعَنْ سَمُرَةَ بنِ جُنْدُبٍ ﷺ { أَنَّ النَّبِيَّ ﷺ كَانَ يَسْتَغْفِرُ لِلْمُؤْمِنِينَ وَالْمُؤْمِنَاتِ كُلَّ جُمُعَةٍ } رَوَاهُ اَلْبَزَّارُ بِإِسْنَادٍ لَيِّنٍ .

३७३- र हजरत समुरह बिन जुन्दुब रजिअल्लाहो अन्होको वर्णन छ कि: "नबी सल्लल्लाहो अलैहे वसल्लम प्रत्येक जुमआको नमाजमा आस्थावान महिला र पुरुषहरूको लागि क्षमायाचना गर्दथे" । (यस हदीसलाई बज्जारले खोट भएको सनदद्वारा वर्णन गरेका छन् ।)

٣٧٤- وَعَنْ جَابِرِ بْنِ سَمُرَةَ رَضِيَ اللَّهُ عَنْهُمَا { أَنَّ النَّبِيَّ ﷺ كَانَ فِي الْخُطْبَةِ يَقْرَأُ آيَاتٍ مِنَ الْقُرْآنِ، وَيُذَكِّرُ النَّاسَ } رَوَاهُ أَبُو دَاوُدَ . وَأَصْلُهُ فِي مُسْلِمٍ .

३७४- र हजरत जाबिर बिन समुरह रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: "नबी सल्लल्लाहो अलैहे वसल्लम खुत्बामा कुरआनका केही श्लोकहरूको पाठन गर्थे, र मानिसहरूलाई उपदेश गर्थे" । (यस हदीसलाई अबू दाऊदले वर्णन गरेका छन्, र यसको मूल तथ्य मुस्लिममा वर्णित छ ।)

٣٧٥- وَعَنْ طَارِقِ بْنِ شِهَابٍ؛ أَنَّ رَسُولَ اللَّهِ ﷺ قَالَ: { الْجُمُعَةُ حَقٌّ وَاجِبٌ عَلَى كُلِّ مُسْلِمٍ فِي جَمَاعَةٍ إِلَّا أَرْبَعَةً: مَمْلُوكٌ، وَامْرَأَةٌ، وَصَبِيٌّ، وَمَرِيضٌ }

३७५- र हजरत तारिक बिन शेहाब रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "चार प्रकारका मानिसहरू बाहेक समस्त मुसलमानहरूमाथि जुमआलाई सामूहिक तरिकाले आयोजित गर्नु अनिवार्य छ: (र ती चार प्रकारका मानिस हुन्:) दास, र महिला, र बालक र रोगी" । (यस हदीसलाई अबू

رَوَاهُ أَبُو دَاوُدَ، وَقَالَ: لَمْ يَسْمَعْ طَارِقٌ مِنَ النَّبِيِّ ﷺ.

दाऊदले वर्णन गरेका छन्, र भनेका छन् किः तारिकले नबी सल्लल्लाहो अलैहे वसल्लमबाट सुनेका छैनन् ।)

وَأَخْرَجَهُ الْحَاكِمُ مِنْ رِوَايَةِ طَارِقٍ الْمَذْكُورِ عَنْ أَبِي مُوسَى .

र हाकिमले यस तारिकको हदीसलाई हजरत अबू मूसाको माध्यमले वर्णन गरेका छन् ।

٣٧٦- وَعَنِ ابْنِ عُمَرَ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { لَيْسَ عَلَى مُسَافِرٍ جُمُعَةٌ } رَوَاهُ الطَّبَرَانِيُّ بِإِسْنَادٍ ضَعِيفٍ .

३७६- र हजरत इब्ने उमर रजिअल्लाहो अन्हुमाको वर्णन छ किः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः “यात्रुमाथि जुमआको नमाज छैन” । (यस हदीसलाई तब्रानीले जईफ सनदको माध्यमले वर्णन गरेका छन् ।)

٣٧٧- وَعَنْ عَبْدِ اللَّهِ بْنِ مَسْعُودٍ رضي الله عنه قَالَ: { كَانَ رَسُولُ اللَّهِ ﷺ إِذَا اسْتَوَى عَلَى الْمِنْبَرِ اسْتَقْبَلْنَاهُ بِوُجُوهِنَا } رَوَاهُ التِّرْمِذِيُّ، بِإِسْنَادٍ ضَعِيفٍ .

३७७- र हजरत अब्दुल्लाह बिन मसऊद रजिअल्लाहो अन्होको वर्णन छ किः “रसूल सल्लल्लाहो अलैहे वसल्लम जब मिम्बरमाथि राम्ररी उभिहाल्थे त हामी अआफ्ना अनुहारलाई उनीतिर गरिहाल्थ्यौं” । (यस हदीसलाई तिर्मिजीले जईफ सनदको माध्यमले वर्णन गरेका छन् ।)

وَلَهُ شَاهِدٌ مِنْ حَدِيثِ الْبَرَاءِ عِنْدَ ابْنِ خُزَيْمَةَ .

र इब्ने खुजैमाले हजरत बराअको माध्यमले यस सन्दर्भमा एउटा हदीस वर्णन गरेका छन् जुन यस हदीसको समर्थन गर्दछ ।

٣٧٨- وَعَنِ الْحَكَمِ بْنِ حَزْنٍ رضي الله عنه قَالَ: { شَهِدْنَا الْجُمُعَةَ مَعَ النَّبِيِّ ﷺ فَقَامَ مُتَوَكِّئًا عَلَى عَصًا أَوْ قَوْسٍ } رَوَاهُ أَبُو دَاوُدَ .

३७८- र हजरत हकम बिन हज्न रजिअल्लाहो अन्होको वर्णन छ किः “हामी नबी सल्लल्लाहो अलैहे वसल्लमको साथमा उपस्थित भएँ, त उहाँ लट्ठी अथवा धनुषको अडेस लिएर उभे” । (यस हदीसलाई अबू दाऊदले वर्णन गरेका छन् ।)

## بَابُ صَلَاةِ الْخَوْفِ

## अध्यायः भयको अवस्थाको नमाजको वर्णन

٣٧٩- عَنْ صَالِحِ بْنِ خَوَّاتٍ، { عَمَّنْ صَلَّى مَعَ رَسُولِ اللَّهِ ﷺ يَوْمَ ذَاتِ الرِّقَاعِ صَلَاةَ الْخَوْفِ: أَنَّ طَائِفَةً صَلَّتْ مَعَهُ وَطَائِفَةٌ وِجَاهَ الْعَدُوِّ، فَصَلَّى بِالَّذِينَ مَعَهُ رَكْعَةً، ثُمَّ ثَبَتَ قَائِمًا وَأَتَمُّوا لِأَنْفُسِهِمْ، ثُمَّ انْصَرَفُوا فَصَفُّوا وِجَاهَ الْعَدُوِّ، وَجَاءَتِ الطَّائِفَةُ الْأُخْرَى، فَصَلَّى بِهِمْ الرَّكْعَةَ الَّتِي بَقِيَتْ، ثُمَّ ثَبَتَ جَالِسًا وَأَتَمُّوا لِأَنْفُسِهِمْ، ثُمَّ سَلَّمَ بِهِمْ } مُتَّفَقٌ عَلَيْهِ، وَهَذَا لَفْظُ مُسْلِمٍ .

وَوَقَعَ فِي "الْمَعْرِفَةِ" لِابْنِ مَنْدَهْ، عَنْ صَالِحِ بْنِ خَوَّاتٍ، عَنْ أَبِيهِ.

३७९- हजरत सालेह बिन खौवात रजिअल्लाहो अन्हो यस्ता मानिसहरूको माध्यमले वर्णन गर्छन् जिनले जाते रिकाअको दिन रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथमा नमाज पढेका थिए किः "एउटा समूह उहाँ सल्लल्लाहो अलैहे वसल्लमको साथ पंक्तिबद्ध थियो र अर्को समूह शत्रुसित मुकाबिला गर्ने उद्देश्यले त्यसको सामुन्ने पंक्तिबद्ध रह्यो, अनि उहाँले त्यस समूहलाई एक रकअत पढाउनु भयो जुन उहाँको साथमा पंक्तिबद्ध थियो, अनि उहाँ उभिरहनु भयो यहाँसम्म कि यिनीहरूले आफै आफ्नो नमाजलाई पूर्ण गरेर शत्रुको सामुन्ने पंक्तिबद्ध भए, अनि दोस्रो समूह आएर उहाँको साथ नमाजमा शामेल भयो, अनि यिनीलाई पनि रसूल सल्लल्लाहो अलैहे वसल्लमले बाँकी बचेको एक रकअत पढाए, अनि बसिराखे यहाँसम्म कि उनीहरूले आफै आफ्नो नमाजलाई पूर्ण गरे, अनि उहाँले उनीहरूको साथमा सलाम फेरे" । (बुखारी, मुस्लिम, र वर्णित शब्द मुस्लिमका हुन् ।)
र इब्ने मन्दहको " अल् मअरेफामा" छ किः सालेह बिन खौवातले आफ्नो बुवाको माध्यमले वर्णन गरेका छन् ।

٣٨٠- وَعَنِ ابْنِ عُمَرَ قَالَ: { غَزَوْتُ مَعَ النَّبِيِّ ﷺ قِبَلَ نَجْدٍ، فَوَازَيْنَا الْعَدُوَّ، فَصَافَفْنَاهُمْ، فَقَامَ رَسُولُ اللَّهِ ﷺ يُصَلِّي بِنَا، فَقَامَتْ طَائِفَةٌ مَعَهُ، وَأَقْبَلَتْ

३८०- र हजरत इब्ने उमर रजिअल्लाहो अन्हुमाको वर्णन छ किः "म नबी सल्लल्लाहो अलैहे वसल्लमको साथमा नज्दतिरको एउटा युद्धमा शामेल थिएँ, अनि हामी शत्रुको ममुकाबिलामा पंक्तिबद्ध भएँ, अनि सहसा रसूल सल्लल्लाहो अलैहे वसल्लम हामीलाई नमाज पढाउनुको लागि उभे, त सेनाको

طَائِفَةٌ عَلَى الْعَدُوِّ، وَرَكَعَ بِمَنْ مَعَهُ، وَسَجَدَ سَجْدَتَيْنِ، ثُمَّ انْصَرَفُوا مَكَانَ الطَّائِفَةِ الَّتِي لَمْ تُصَلِّ فَجَاءُوا، فَرَكَعَ بِهِمْ رَكْعَةً، وَسَجَدَ سَجْدَتَيْنِ، ثُمَّ سَلَّمَ، فَقَامَ كُلُّ وَاحِدٍ مِنْهُمْ، فَرَكَعَ لِنَفْسِهِ رَكْعَةً، وَسَجَدَ سَجْدَتَيْنِ } مُتَّفَقٌ عَلَيْهِ، وَهَذَا لَفْظُ الْبُخَارِيِّ .

एउटा समूह उहाँको साथमा नमाज पढनुको लागि उभ्यो र अर्को समूह शत्रुको सामुन्ने नै पंक्तिबद्ध रह्यो, अनि उहाँले आफूसाथ भएकाहरूको साथमा एक रुकूअ र दुई ढोग गरे, अनि उनीहरू त्यस समूहको स्थानमा आए जसले अहिलेसम्म नमाज पढेको थिएन, अनि यिनीहरू पनि उहाँको पासमा आए, अनि उहाँले यिनीहरूको साथमा पनि एक रुकूअ र दुई ढोग गरे, अनि सलाम फेरे, अनि उनीमध्ये प्रत्येक उभ्यो र आफै आफ्नो लागि एक रुकूअ र दुई ढोग गऱ्यो" । ( बुखारी, मुस्लिम, र वर्णित शब्द बुखारीका हुन् ।)

٣٨١- وَعَنْ جَابِرٍ قَالَ: { شَهِدْتُ مَعَ رَسُولِ اللَّهِ ﷺ صَلَاةَ الْخَوْفِ، فَصَفَّنَا صَفَّيْنِ: صَفٌّ خَلْفَ رَسُولِ اللَّهِ ﷺ وَالْعَدُوُّ بَيْنَنَا وَبَيْنَ الْقِبْلَةِ، فَكَبَّرَ النَّبِيُّ ﷺ وَكَبَّرْنَا جَمِيعًا، ثُمَّ رَكَعَ وَرَكَعْنَا جَمِيعًا، ثُمَّ رَفَعَ رَأْسَهُ مِنَ الرُّكُوعِ وَرَفَعْنَا جَمِيعًا، ثُمَّ انْحَدَرَ بِالسُّجُودِ وَالصَّفُّ الَّذِي يَلِيهِ، وَقَامَ الصَّفُّ الْمُؤَخَّرُ فِي نَحْرِ الْعَدُوِّ، فَلَمَّا قَضَى السُّجُودَ، قَامَ الصَّفُّ الَّذِي يَلِيهِ... } فَذَكَرَ الْحَدِيثَ.

३८१- र हजरत जाबिर रजिअल्लाहो अन्होको वर्णन छ किः "म रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथमा भयको नमाजमा उपस्थित भएँ, अनि हामीले दुई पंक्ति बनाएँ: एक पंक्ति रसूल सल्लल्लाहो अलैहे वसल्लमको पछाडि यस अवस्थामा कि शत्रु हामी र किब्लाबीच थियो, अनि नबी सल्लल्लाहो अलैहे वसल्लमले तक्बीर भने र हामी सबैले तक्बीर भनें, अनि उहाँले रुकूअ गर्नु भयो र हामी सबैले पनि रुकूअ गरें, अनि उहाँले रुकूअबाट टाउको उठाउनु भयो र हामी सबैले पनि टाउको उठायौं, अनि उहाँले र उहाँको पछाडि भएको पंक्तिमा भएकाहरूले ढोगको लागि झुके, र अन्तिममा भएको पंक्तिमा भएका मानिसहरू शत्रुको मुकाबिलामा उभेकै अवस्थामा नै रहे, अनि जब उहाँले ढोग गरेर सम्पन्न गर्नु भयो, त त्यो पंक्ति जुन उहाँको एकदम पछाडि नै थियो त्समा भएका समस्त मानिसहरू उभे..." । अनि पूर्ण हदीसलाई वर्णन गर्नु भयो ।

وَفِي رِوَايَةٍ: { ثُمَّ سَجَدَ وَسَجَدَ مَعَهُ

الصَّفُّ الْأَوَّلُ، فَلَمَّا قَامُوا سَجَدَ الصَّفُّ الثَّانِي، ثُمَّ تَأَخَّرَ الصَّفُّ الْأَوَّلِ وَتَقَدَّمَ الصَّفُّ الثَّانِي... } فَذَكَرَ مِثْلَهُ. وَفِي آخِرِهِ: { ثُمَّ سَلَّمَ النَّبِيُّ ﷺ وَسَلَّمْنَا جَمِيعًا } رَوَاهُ مُسْلِمٌ .

र अर्को हदीसमा छ कि: "अनि उहाँले ढोग गर्नु भयो अनि उहाँको साथमा पहिलो पंक्तिमा भएकाहरूले पनि ढोग गरे, अनि जब यिनीहरू उभे त दोस्रो पंक्तिमा भएकाहरूले पनि ढोग गरे, अनि पहिलो पंक्तिमा भएकाहरू पछाडि गए र पछाडिको पंक्तिमा भएकाहरू अगाडि आए..." अनि उपरोक्तको हदीस झैं वर्णन गरेका छन् । र यस हदीसको अन्त्यमा छ कि: "अनि नबी सल्लल्लाहो अलैहे वसल्लमले सलाम फेर र हामी सबैले पनि सलाम फेरें" । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

وَلِأَبِي دَاوُدَ: عَنْ أَبِي عَيَّاشٍ الزُّرَقِيِّ مِثْلُهُ، وَزَادَ: { أَنَّهَا كَانَتْ بِعُسْفَانَ } .

र अबू दाऊदले अबू अय्याश अज्जुरकीको माध्यमले यस्तै हदीस वर्णन गरेका छन्, र यति वृद्धि वार्णन गरेका छन् कि: "यो घटना अस्फानमा घटेको हो" ।

وَلِلنَّسَائِيِّ مِنْ وَجْهٍ آخَرَ عَنْ جَابِرٍ { أَنَّ النَّبِيَّ ﷺ صَلَّى بِطَائِفَةٍ مِنْ أَصْحَابِهِ رَكْعَتَيْنِ، ثُمَّ سَلَّمَ، ثُمَّ صَلَّى بِآخَرِينَ أَيْضًا رَكْعَتَيْنِ، ثُمَّ سَلَّمَ } . وَمِثْلُهُ لِأَبِي دَاوُدَ، عَنْ أَبِي بَكْرَةَ .

र नेसाईले अर्को सनदद्वारा हजरत जाबिरको माध्यमले वर्णन गरेका छन् कि: "नबी सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो साथीहरूको एउटा समूहलाई दुई रकअत पढाएर सलाम फेरे, अनि अर्को समूहलाई पनि दुई रकअत पढाए, अनि सलाम फेरे" । र यसै जस्तो हदीस अबू दाऊदले हजरत अबू बकरहको माध्यमले वर्णन गरेका छन् ।

٣٨٢- وَعَنْ حُذَيْفَةَ: { أَنَّ النَّبِيَّ ﷺ صَلَّى صَلَاةَ الْخَوْفِ بِهَؤُلَاءِ رَكْعَةً، وَبِهَؤُلَاءِ رَكْعَةً، وَلَمْ يَقْضُوا } رَوَاهُ أَحْمَدُ، وَأَبُو دَاوُدَ، وَالنَّسَائِيُّ، وَصَحَّحَهُ ابْنُ حِبَّانَ. وَمِثْلُهُ عِنْدَ ابْنِ خُزَيْمَةَ: عَنِ ابْنِ عَبَّاسٍ .

३८२- र हजरत हुजैफा रजिअल्लाहो अन्होको वर्णन छ कि: "नबी सल्लल्लाहो अलैहे वसल्लमले यिनीहरूलाई पनि (एउटा समूहलाई) एक रकअत पढाउनु भयो, र उनीहरूलाई पनि (अर्को समूहलाई) एक रकअत पढाउनु भयो, तर सबैले छुटेको नमाजको कजा गरेनन् (त्यसलाई पछि पढेर पूर्ण गरेनन्)" । (यस हदीसलाई अहमद, अबू दाऊद र नेसाईले वर्णन गरेका छन्, र इब्ने हिब्बानले सही पनि भनेका छन्, र यस्तै

हदीस इब्ने खुजैमाले हजरत इब्ने अब्बासको माध्यमले वर्णन गरेका छन् ।)

٣٨٣- وَعَنِ ابْنِ عُمَرَ رَضِيَ اللَّهُ عَنْهُمَا قَالَ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { صَلَاةُ الْخَوْفِ رَكْعَةٌ عَلَى أَيِّ وَجْهٍ كَانَ } رَوَاهُ الْبَزَّارُ بِإِسْنَادٍ ضَعِيفٍ .

३८३- र हजरत इब्ने उमर रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "भयको नमाज मात्र एक रकअत छ त्यसलाई जुन तरिकाले पनि पढियोस्" । (यस हदीसलाइ बज्जारले जईफ सनदको माध्यमले वर्णन गरेका छन् ।)

٣٨٤- وَعَنْهُ مَرْفُوعًا: { لَيْسَ فِي صَلَاةِ الْخَوْفِ سَهْوٌ } أَخْرَجَهُ الدَّارَقُطْنِيُّ بِإِسْنَادٍ ضَعِيفٍ .

३८४- र उनैद्वारा मरफूअन् वर्णित छ कि: "भयको नमाजमा गल्तीको ढोग (सज्दए सहव) छैन" । (यस हदीसलाई दारकुत्नीले जईफ सनदको माध्यमले वर्णन गरेका छन् ।)

## بَابُ صَلَاةِ الْعِيدَيْنِ

## अध्याय: दुवै ईदको नमाजको वर्णन

٣٨٥- عَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا قَالَتْ: قَالَ رَسُولُ اللَّهِ ﷺ: { الْفِطْرُ يَوْمَ يُفْطِرُ النَّاسُ، وَالْأَضْحَى يَوْمَ يُضَحِّي النَّاسُ } رَوَاهُ التِّرْمِذِيُّ.

३८५- हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: "ईदको पर्व त्यसै दिन हुन्छ जस दिन सबै (रमजानको व्रत पूर्ण गरेर) खानपान गर्दै पर्व मनाउँछन्, र ईदुल् अजहा (कुर्बानीको पर्व) त्यसै दिन हुन्छ जस दिन सबै मानिसहरू बलि (कुर्बानी) गर्छन्" । (यस हदीसलाई तिर्मिजीले वर्णन गरेका छन् ।)

٣٨٦- وَعَنْ أَبِي عُمَيْرِ بْنِ أَنَسٍ، عَنْ عُمُومَةٍ لَهُ مِنَ الصَّحَابَةِ، { أَنَّ رَكْبًا جَاءُوا، فَشَهِدُوا أَنَّهُمْ رَأَوُا الْهِلَالَ بِالْأَمْسِ، فَأَمَرَهُمْ النَّبِيُّ ﷺ أَنْ يُفْطِرُوا، وَإِذَا أَصْبَحُوا يَغْدُوا إِلَى مُصَلَّاهُمْ } رَوَاهُ

३८६- हजरत अबू उमैर बिन अनस रहेमहुल्लाह आफ्नो एउटा काकाको माध्यमले वर्णन गर्दछन् जुनकि रसूल सल्लललाहो अलैहे वसल्लमका साथीहरूमध्येका थिए कि: "एउटा सवारहरूको समूह आयो, अनि त्यस समूहका मानिसहरूले यो गवाही दिए कि

أَحْمَدُ، وَأَبُو دَاوُدَ -وَهَذَا لَفْظُهُ- وَإِسْنَادُهُ صَحِيحٌ .

उनीहरूले हिजो चन्द्र हेरेका छन्, त उनीहरूलाई नबी सल्लल्लाहो अलैहे वसल्लमले व्रत भंग गर्ने आदेश गरे, र यो पनि आदेश गरे कि बिहान भए पश्चात ईदगाह (ईदको नमाज पढिने ठाउँ) जाउन्" । (यस हदीसलाई अहमद एवं अबू दाऊदले वर्णन गरेका छन्, र वर्णित शब्द यिनैका हुन्, र यसको सनद सही छ ।)

٣٨٧- وَعَنْ أَنَسٍ ﷺ قَالَ: { كَانَ رَسُولُ اللَّهِ ﷺ لَا يَغْدُو يَوْمَ الْفِطْرِ حَتَّى يَأْكُلَ تَمَرَاتٍ } أَخْرَجَهُ الْبُخَارِيُّ .

وَفِي رِوَايَةٍ مُعَلَّقَةٍ -وَوَصَلَهَا أَحْمَدُ-: وَيَأْكُلُهُنَّ أَفْرَادًا.

३८७- र हजरत अनस रजिअल्लाहो अन्होको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लम ईदुल् फित्रको दिन तबसम्म ईदगाह जाँदैनथे जबसम्म केही खजूर खाँदैनथे" । (यस हदीसलाई बुखारीले वर्णन गरेका छन् ।) र एउटा मुअल्लक हदीसमा छ जसलाई अहमदले मौसूलन् वर्णन गरेका छन् कि: "उहाँ विसम खजूर खान्थे" ।

٣٨٨- وَعَنِ ابْنِ بُرَيْدَةَ، عَنْ أَبِيهِ قَالَ: { كَانَ النَّبِيُّ ﷺ لَا يَخْرُجُ يَوْمَ الْفِطْرِ حَتَّى يَطْعَمَ، وَلَا يَطْعَمُ يَوْمَ الْأَضْحَى حَتَّى يُصَلِّيَ } رَوَاهُ أَحْمَدُ، وَالتِّرْمِذِيُّ، وَصَحَّحَهُ ابْنُ حِبَّانَ .

३८८- र हजरत इब्ने बुरैदह आफ्नो बुवाको माध्यमले वर्णन गर्छन् कि उनले भने: "नबी सल्लल्लाहो अलैहे वसल्लम ईदुल् फित्रको दिन केही खाएर नै ईदगाहको लागि नस्किन्थे, र ईदुल् अजहा (कुर्बानीको पर्व) को दिन तबसम्म केही खाँदैनथे जबसम्म ईदको नमाज पढेर सम्पन्न गर्दैनथे" । (यस हदीसलाई अहमद र तिर्मिजीले वर्णन गरेका छन्, र इब्ने हिब्बानले यसलाई सही पनि भनेका छन् ।)

٣٨٩- وَعَنْ أُمِّ عَطِيَّةَ قَالَتْ: { أُمِرْنَا أَنْ نُخْرِجَ الْعَوَاتِقَ، وَالْحُيَّضَ فِي الْعِيدَيْنِ؛ يَشْهَدْنَ الْخَيْرَ وَدَعْوَةَ الْمُسْلِمِينَ، وَيَعْتَزِلُ الْحُيَّضُ الْمُصَلَّى } مُتَّفَقٌ عَلَيْهِ .

३८९- र हजरत उम्मे अतीयह रजिअल्लाहो अन्हाको वर्णन छ कि: "हामीलाई यो आदेश गरियो कि हामी नवयौवना र रजस्वलामा भएकी महिलाहरूलाई पनि लिएर दुवै ईदको अवसरमा ईदगाह जाऔं, ताकि उनीहरू पनि भलाई र मुसलमानहरूको याचनामा सहभागी होउन्, तर रजस्वलामा भएकी महिलाहरू ईदगाहका किनाराहरूमा रहुन्" ।

(बुखारी, मुस्लिम)

٣٩٠- وَعَنِ ابْنِ عُمَرَ: { كَانَ النَّبِيُّ ﷺ وَأَبُو بَكْرٍ، وَعُمَرُ: يُصَلُّونَ الْعِيدَيْنِ قَبْلَ الْخُطْبَةِ } مُتَّفَقٌ عَلَيْهِ .

३९०- र हजरत इब्ने उमर रजिअल्लाहो अन्हुमाको वर्णन छ किः "नबी सल्लल्लाहो अलैहे वसल्लम र हजरत अबू बक्र, र हजरत उमर दुवै ईदको नमाज खुत्बा दिनुभन्दा पहिला नै पढ्थे" । (बुखारी, मुस्लिम)

٣٩١- وَعَنِ ابْنِ عَبَّاسٍ: { أَنَّ النَّبِيَّ ﷺ صَلَّى يَوْمَ الْعِيدِ رَكْعَتَيْنِ، لَمْ يُصَلِّ قَبْلَهَا وَلَا بَعْدَهَا } أَخْرَجَهُ السَّبْعَةُ.

३९१- र हजरत इब्ने अब्बास रजिअल्लाहो अन्हुमाको वर्णन छ किः "नबी सल्लल्लाहो अलैहे वसल्लमले ईदको दिन दुई रकअत नमाज पढे, र त्यसभन्दा अघि नत कुनै नमाज पढे नत त्यसभन्दा पछि" । (यस हदीसलाई सातौंले वर्णन गरेका छन् ।)

٣٩٢- وَعَنْهُ: { أَنَّ النَّبِيَّ ﷺ صَلَّى الْعِيدَ بِلَا أَذَانٍ، وَلَا إِقَامَةٍ } أَخْرَجَهُ أَبُو دَاوُدَ. وَأَصْلُهُ فِي الْبُخَارِيِّ .

३९२- र उनैद्वारा वर्णित छ किः "नबी सल्लल्लाहो अलैहे वसल्लमले ईदको नमाज बिना अजान र इकामत पढनु भयो" । (यस हदीसलाई अबू दाऊदले वर्णन गरेका छन् । र यसको मूल हदीस बुखारीमा वर्णित छ ।)

٣٩٣- وَعَنْ أَبِي سَعِيدٍ قَالَ: { كَانَ رَسُولُ اللَّهِ ﷺ لَا يُصَلِّي قَبْلَ الْعِيدِ شَيْئًا، فَإِذَا رَجَعَ إِلَى مَنْزِلِهِ صَلَّى رَكْعَتَيْنِ } رَوَاهُ ابْنُ مَاجَهْ بِإِسْنَادٍ حَسَنٍ.

३९३- र हजरत अबू सईद रजिअल्लाहो अन्होको वर्णन छ किः "रसूल सल्लल्लाहो अलैहे वसल्लम ईदको नमाजभन्दा पूर्व कुनै (सुन्नत) पढदैनथे, अनि जब ईदगाहबाट आफ्नो घर फर्केर आउँथे त दुई रकअत पढथे" । (यस हदीसलाई इब्ने माजाले विश्वासनीय सनदद्वारा वर्णन गरेका छन् ।)

٣٩٤- وَعَنْهُ قَالَ: { كَانَ رَسُولُ اللَّهِ ﷺ يَخْرُجُ يَوْمَ الْفِطْرِ وَالْأَضْحَى إِلَى الْمُصَلَّى، وَأَوَّلُ شَيْءٍ يَبْدَأُ بِهِ الصَّلَاةُ، ثُمَّ يَنْصَرِفُ فَيَقُومُ مُقَابِلَ النَّاسِ -وَالنَّاسُ

३९४- र उनैद्वारा वर्णित छ किः "रसूल सल्लल्लाहो अलैहे वसल्लम ईदुल् फित्र र ईदुल् अजहाको दिन ईदगाह (ईदको नमाज पढिने ठाउँ) तिर निस्किन्थे, अनि सर्वप्रथम नमाज पढ्थे, अनि मानिसहरूतिर अनुहार गरेर उभ्थे यस्तो अवस्थामा कि मानिसहरू अआफ्ना पंक्तिहरूमा नै हुन्थे, अनि

عَلَى صُفُوفِهِمْ- فَيَعِظُهُمْ وَيَأْمُرُهُمْ } مُتَّفَقٌ عَلَيْهِ.

उनीहरूलाई उपदेश गर्थे र भलाईको आदेश गर्थे" । (बुखारी, मुस्लिम)

٣٩٥- وَعَنْ عَمْرِو بْنِ شُعَيْبٍ عَنْ أَبِيهِ عَنْ جَدِّهِ قَالَ: قَالَ نَبِيُّ اللَّهِ ﷺ: { التَّكْبِيرُ فِي الْفِطْرِ سَبْعٌ فِي الْأُولَى، وَخَمْسٌ فِي الْأُخرَى، وَالْقِرَاءَةُ بَعْدَهُمَا كِلْتَيْهِمَا } أَخْرَجَهُ أَبُو دَاوُدَ. وَنَقَلَ التِّرْمِذِيُّ عَنِ الْبُخَارِيِّ تَصْحِيحَهُ.

३९५- र हजरत अमर बिन शुअैब आफ्नो बुवा र बाजेको माध्यमले वर्णन गर्छन् कि उनले भन्नु भयो कि: अल्लाहको सन्देष्टाले भनेका छन् कि: "ईदुल् फित्रको नमाजको पहिलो रकअतमा सात तक्बीर र दोस्रो रकअतमा पाँच तक्बीर छ, र दुवै रक्अतमा पाठन तक्बीर पश्चात गरिन्छ" । (यस हदीसलाई अबू दाऊदले वर्णन गरेका छन्, र तिर्मिजीले यो वर्णन गरेका छन् कि इमाम बुखारीले यसलाई सही भनेका छन् ।)

٣٩٦- وَعَنْ أَبِي وَاقِدٍ اللَّيْثِيِّ قَالَ: { كَانَ النَّبِيُّ ﷺ يَقْرَأُ فِي الْأَضْحَى وَالْفِطْرِ بِـ (ق)، وَ (اقْتَرَبَتْ). } أَخْرَجَهُ مُسْلِمٌ .

३९६- र हजरत अबू वाकिद अल्लैसी रजिअल्लाहो अन्होको वर्णन छ कि: "नबी सल्लल्लाहो अलैहे वसल्लम ईदुल् फित्र र ईदुल् अजहामा सूरतु काफ र (सूरतुल् कमर) इकतरबतिस्साअहको पाठन गर्नु हुन्थ्यो" । ( यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

٣٩٧- وَعَنْ جَابِرٍ ﷺ قَالَ: { كَانَ رَسُولُ اللَّهِ ﷺ إِذَا كَانَ يَوْمُ الْعِيدِ خَالَفَ الطَّرِيقَ } أَخْرَجَهُ الْبُخَارِيُّ. وَلِأَبِي دَاوُدَ: عَنِ ابْنِ عُمَرَ، نَحْوُهُ .

३९७- र हजरत जाबिर रजिअल्लाहो अन्होको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लम दईदको दिन बाटो परिवर्तित गरेर आवत जावत गर्थे" । (यस हदीसलाई बुखारीले वर्णन गरेका छन् । र अबू दाऊदले इब्ने उमरद्वारा यस्तै हदीस वर्णन गरेका छन् ।)

٣٩٨- وَعَنْ أَنَسٍ قَالَ: { قَدِمَ رَسُولُ اللَّهِ ﷺ الْمَدِينَةَ، وَلَهُمْ يَوْمَانِ يَلْعَبُونَ فِيهِمَا. فَقَالَ: "قَدْ أَبْدَلَكُمُ اللَّهُ

३९८- र हजरत अनस रजिअल्लाहो अन्होको वर्णन छ कि: "रसूल सल्लल्लाहो अलैहे वसल्लम जब (प्रवास गरेर) मदिना आए र मनिदाबासीहरूको लागि दुई दिन विशिष्ट थियो जसमा उनीहरू खेलकुद गर्थे, त

بِهِمَا خَيْرًا مِنْهُمَا: يَوْمَ الْأَضْحَى، وَيَوْمَ الْفِطْرِ } أَخْرَجَهُ أَبُو دَاوُدَ، وَالنَّسَائِيُّ بِإِسْنَادٍ صَحِيحٍ .

उहाँले भनेः अल्लाहले तिमीहरूको लागि ती दुवै दिनको सट्टामा त्यसभन्दा राम्रो दुई दिन प्रदान गरेको छ, जुन हुन्ः ईदुल् अजहा र ईदुल् फित्रको दिन" । (यस हदीसलाई अबू दाऊद र नेसाईले सही सनदको साथ वर्णन गरेका छन् ।)

٣٩٩- وَعَنْ عَلِيٍّ ﷺ قَالَ: { مِنَ السُّنَّةِ أَنْ يَخْرُجَ إِلَى الْعِيدِ مَاشِيًا } رَوَاهُ التِّرْمِذِيُّ، وَحَسَّنَهُ.

३९९- र हजरत अली रजिअल्लाहो अन्होको वर्णन छ किः "सुन्नतको तरिका यो हो कि मान्छे ईदगाह पैदल जाओस्" । (यस हदीसलाई तिर्मिजीले वर्णन गरेका छन्, र विश्वासनीय पनि भनेका छन् ।)

٤٠٠- وَعَنْ أَبِي هُرَيْرَةَ ﷺ { أَنَّهُمْ أَصَابَهُمْ مَطَرٌ فِي يَوْمِ عِيدٍ. فَصَلَّى بِهِمْ النَّبِيُّ ﷺ صَلَاةَ الْعِيدِ فِي الْمَسْجِدِ } رَوَاهُ أَبُو دَاوُدَ بِإِسْنَادٍ لَيِّنٍ.

४००- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ किः "उनीहरूलाई ईदको दिन वर्षा आइलाग्यो, अनि नबी सल्लल्लाहो अलैहे वसल्लमले उनीहरूलाई मस्जिदमा ईदको नमाज पढाए" । (यस हदीसलाई अबू दाऊदले खोट भएको सनदद्वारा वर्णन गरेका छन् ।)

## بَابُ صَلَاةِ الْكُسُوفِ

## अध्यायः ग्रहणको नमाजको वर्णन

٤٠١- عَنِ الْمُغِيرَةِ بْنِ شُعْبَةَ ﷺ قَالَ: { انْكَسَفَتِ الشَّمْسُ عَلَى عَهْدِ رَسُولِ اللَّهِ ﷺ يَوْمَ مَاتَ إِبْرَاهِيمُ، فَقَالَ النَّاسُ: انْكَسَفَتِ الشَّمْسُ لِمَوْتِ إِبْرَاهِيمَ، فَقَالَ رَسُولُ اللَّهِ ﷺ "إِنَّ الشَّمْسَ وَالْقَمَرَ آيَتَانِ مِنْ آيَاتِ اللَّهِ لَا يَنْكَسِفَانِ لِمَوْتِ أَحَدٍ وَلَا لِحَيَاتِهِ، فَإِذَا

४०१- हजरत मुगीरह बिन शुअबह रजिअल्लाहो अन्होको वर्णन छ किः "रसूल सल्लल्लाहो अलैहे वसल्लमको जीवन कालमा सूर्यग्रहण लाग्यो त्यस दिन जस दिन ( उहाँको छोरा) इब्राहीमको निधन भएको थियो, त मानिसहरू भन्नथाले कि सूर्य ग्रहण इब्राहीमको निधनको कारण लागेको छ, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः सूर्य र चन्द्र अल्लाहका प्रतीकहरूमध्ये दुई प्रतीक हुन्, कसैको जीवन र मृत्युको कारण दुवैमा ग्रहण लाग्दैन, यसर्थ जब तिमीहरू ग्रहण लागेको हेर त अल्लाहसित याचना गर र नमाजको आयोजना गर

رَأَيْتُمُوهُمَا، فَادْعُوا اللَّهَ وَصَلُّوا، حَتَّى تَنْكَشِفَ" } مُتَّفَقٌ عَلَيْهِ.

यहाँसम्म कि ग्रहण समाप्त भइहालोस्" । ( बुखारी, मुस्लिम)

وَفِي رِوَايَةٍ لِلْبُخَارِيِّ: { حَتَّى تنجَلِي }.

र बुखारीमा छ: "यहाँसम्म कि त्यो ग्रहण छटोस्" ।

- وَلِلْبُخَارِيِّ مِنْ حَدِيثِ أَبِي بَكْرَةَ ﵁ { فَصَلُّوا وَادْعُوا حَتَّى يُكْشَفَ مَا بِكُمْ } .

र बुखारीमा नै हरजत अबू बकरह रजिअल्लाहो अन्होको माध्यमले वर्णित छ कि: "अनि नमाज पढ र याचना गर यहाँसम्म कि जुन अवस्था तिमीहरूलाई लागेको छ त्यो समाप्त भइहालोस्" ।

٤٠٢- وَعَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا: { أَنَّ النَّبِيَّ ﷺ جَهَرَ فِي صَلَاةِ الْكُسُوفِ بِقِرَاءَتِهِ، فَصَلَّى أَرْبَعَ رَكَعَاتٍ فِي رَكْعَتَيْنِ، وَأَرْبَعَ سَجَدَاتٍ } مُتَّفَقٌ عَلَيْهِ، وَهَذَا لَفْظُ مُسْلِمٍ .

४०२- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: "नबी सल्लल्लाहो अलैहे वसल्लमले ग्रहणको नमाजमा पाठनलाई जाहेर गरेर पढ्नु भयो, र दुई रकअतमा चार रुकूअ र चार ढोग गर्नु भयो" । (बुखारी, मुस्लिम, र वर्णित शब्द मुस्लिमका हुन् ।)

وَفِي رِوَايَةٍ لَهُ: فَبَعَثَ مُنَادِيًا يُنَادِي: الصَّلَاةُ جَامِعَةٌ.

र मुस्लिमको एउटा हदीसमा छ कि: "अनि उहाँले एउटा आह्वान गर्ने मान्छेलाई आह्वान गर्नुको लागि पठाउनु भयो जुन यो आवाज लगाइरहेको थियो कि: अस्सलातु जामेअतुन (अर्थात नमाज हुनेवाला छ त्यसको लागि एकत्रित भइहाल)" ।

٤٠٣- وَعَنِ ابْنِ عَبَّاسٍ رَضِيَ اللَّهُ عَنْهُمَا قَالَ: { انْخَسَفَتِ الشَّمْسُ عَلَى عَهْدِ النَّبِيِّ ﷺ فَصَلَّى، فَقَامَ قِيَامًا

४०३- र हजरत इब्ने अब्बास रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: "नबी सल्लल्लाहो अलैहे वसल्लमको जीवन कालमा सूर्यग्रहण लाग्यो अनि उहाँले नमाज पढनु भयो, जसमा उहाँले सूरतुल् बकरहको पाठन जतिको लामो कियाम (नमाजमा उभिने

طَوِيلًا، نَحْوًا مِنْ قِرَاءَةِ سُورَةِ الْبَقَرَةِ، ثُمَّ رَكَعَ رُكُوعًا طَوِيلًا، ثُمَّ رَفَعَ فَقَامَ قِيَامًا طَوِيلًا وَهُوَ دُونَ الْقِيَامِ الْأَوَّلِ، ثُمَّ رَكَعَ رُكُوعًا طَوِيلًا، وَهُوَ دُونَ الرُّكُوعِ الْأَوَّلِ، ثُمَّ سَجَدَ، ثُمَّ قَامَ قِيَامًا طَوِيلاً، وَهُوَ دُونَ الْقِيَامِ الْأَوَّلِ، ثُمَّ رَكَعَ رُكُوعًا طَوِيلًا، وَهُوَ دُونَ الرُّكُوعِ الْأَوَّلِ، ثُمَّ رَفَعَ، فَقَامَ قِيَامًا طَوِيلًا، وَهُوَ دُونَ الْقِيَامِ الْأَوَّلِ، ثُمَّ رَكَعَ رُكُوعًا طَوِيلاً، وَهُوَ دُونَ الرُّكُوعِ الْأَوَّلِ، ثُمَّ سَجَدَ، ثُمَّ انْصَرَفَ وَقَدْ تَجَلَّتِ الشَّمْسُ. فَخَطَبَ النَّاسَ } مُتَّفَقٌ عَلَيْهِ، وَاللَّفْظُ لِلْبُخَارِيِّ.

وَفِي رِوَايَةٍ لِمُسْلِمٍ: { صَلَّى حِينَ كَسَفَتِ الشَّمْسُ ثَمَانَ رَكَعَاتٍ فِي أَرْبَعِ سَجَدَاتٍ }. وَعَنْ عَلِيٍّ مِثْلُ ذَلِكَ.

وَلَهُ: عَنْ جَابِرٍ ﷺ { صَلَّى سِتَّ رَكَعَاتٍ بِأَرْبَعِ سَجَدَاتٍ }.

وَلِأَبِي دَاوُدَ: عَنْ أُبَيِّ بْنِ كَعْبٍ: {

कार्य) गर्नु भयो, अनि लामो रुकूअ पनि गर्नु भयो, अनि रुकूअबाट उठे पश्चात फेरि लामो कियाम गर्नु भयो, जुनकि पहिलो कियामभन्दा अलि कम थियो, अनि पुनः लामो रुकूअ गर्नु भयो जुन पहिलो रुकूअभन्दा अलि कम थियो, अनि ढोग गर्नु भयो, अनि फेरि लामो कियाम गर्नु भयो, जुनकि पहिलो कियामभन्दा अलि कम थियो, अनि लामो रुकूअ गर्नु भयो जुन पहिलो रुकूअभन्दा अलि कम थियो, अनि रुकूअबाट उठे पश्चात फेरि लामो कियाम गर्नु भयो, जुनकि पहिलो कियामभन्दा अलि कम थियो, अनि पुनः लामो रुकूअ गर्नु भयो जुन पहिलो रुकूअभन्दा अलि कम थियो, अनि ढोग गर्नु भयो, अनि सलाम फेर्नु भयो, तबसम्म सूर्य प्रकाशमान भइसकेको थियो, अनि मासिहरूलाई खुत्बा दिनु भयो" । (बुखारी, मुस्लिम, र वर्णित शब्द बुखारीका हुन् ।)

र मुस्लिमको एउटा हदीसमा छ किः "उहाँ सल्लल्लाहो अलैहे वसल्लमले सूर्यग्रहण लागे पश्चात आठ रुकूअ र चार ढोगको नमाज पढनु भयो" । र हजरत अलीको माध्यमले पनि यस्तै हदीस वर्णित छ ।

र मुस्लिमले नै हजरत जाबिर रजिअल्लाहो अन्होको माध्यमले वर्णन गरेका छन् किः "उहाँले ६ रुकूअ र चार ढोगको साथ नमाज पढनु भयो" ।

र अबू दाऊदले उबई बिन कअबको माध्यमले वर्णन गरेका छन् किः "उहाँ सल्लल्लाहो अलैहे वसल्लमले ग्रहणको नमाज पढनु भयो त पहिलो रकअतमा पाँच रुकूअ

صَلَّى، فَرَكَعَ خَمْسَ رَكَعَاتٍ وَسَجَدَ سَجْدَتَيْنِ، وَفَعَلَ فِي الثَّانِيَةِ مِثْلَ ذَلِكَ }.

र दुई ढोग गर्नु भयो, र दोस्रो रकअतमा पनि यस्तै गर्नु भयो" ।

٤٠٤- وَعَنِ ابْنِ عَبَّاسٍ رَضِيَ اللَّهُ عَنْهُمَا قَالَ: { مَا هَبَّتْ رِيحٌ قَطُّ إِلَّا جَثَا النَّبِيُّ ﷺ عَلَى رُكْبَتَيْهِ، وَقَالَ: "اللَّهُمَّ اجْعَلْهَا رَحْمَةً، وَلَا تَجْعَلْهَا عَذَابًا" } رَوَاهُ الشَّافِعِيُّ وَالطَّبَرَانِيُّ.

४०४- र हजरत इब्ने अब्बास रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: "जहिले पनि तीव्र वायु (आँधी) आउँथ्यो त रसूल सल्लल्लाहो अलैहे वसल्लम आफ्नो घुँडाको बल बसेर यो याचना गर्थे कि: हे अल्लाह यसलाई कल्याणकारी बनाइदेऊ र विपत्ति एवं कष्टकर नबनाउनु" । (यस हदीसलाई शाफई र तब्रानीले वर्णन गरेका छन् ।)

٤٠٥- وَعَنْهُ: { أَنَّهُ صَلَّى فِي زَلْزَلَةٍ سِتَّ رَكَعَاتٍ، وَأَرْبَعَ سَجَدَاتٍ، وَقَالَ: هَكَذَا صَلَاةُ الْآيَاتِ } رَوَاهُ الْبَيْهَقِيُّ.

وَذَكَرَ الشَّافِعِيُّ عَنْ عَلِيٍّ رضي الله عنه مِثْلَهُ دُونَ آخِرِهِ.

४०५- र उनैद्वारा वर्णित छ कि: "उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भूकम्प आएकोमा ६ रुकूअ र चार ढोगको साथ नमाज पढनु भयो, र भन्नु भयो: अल्लाहका नशिानीहरूको नमाज यसरी नै पढिन्छ" । ( यस हदीसलाई बैहकीले वर्णन गरेका छन् ।) र इमाम शाफईले यस हदीसको अन्तिम भाग बाहेक यस्तै हदीस हजरत अलीको माध्यमले वर्णन गरेका छन् ।

## بَابُ صَلَاةِ الِاسْتِسْقَاءِ

## अध्याय: वर्षा माँग्नुको नमाजको वर्णन

٤٠٦- عَنِ ابْنِ عَبَّاسٍ رَضِيَ اللَّهُ عَنْهُمَا قَالَ: { خَرَجَ النَّبِيُّ ﷺ مُتَوَاضِعًا، مُتَبَذِّلًا، مُتَخَشِّعًا، مُتَرَسِّلًا، مُتَضَرِّعًا، فَصَلَّى رَكْعَتَيْنِ، كَمَا يُصَلِّي فِي الْعِيدِ، لَمْ يَخْطُبْ خُطْبَتَكُمْ هَذِهِ } رَوَاهُ الْخَمْسَةُ،

४०६- हजरत इब्ने अब्बास रजिअल्लाहो अन्हुमाको वर्णन छ कि: "नबी सल्लल्लाहो अलैहे वसल्लम विनम्रताको साथ सादा लुगा लगाएर पूर्ण श्रद्धा नतमस्तकताको साथ र त्रसित भएर निस्के, अनि दुई रकअत त्यस्तै पढे जसरी ईदको नमाज पढथे तर तिमीहरूको यस खुत्बा भैं खुत्बा दिएनन्" । (यस हदीसलाई पाँचौंले वर्णन गरेका छन्, र इमाम तिर्मिजी र अबू अवाना र इब्ने

وَصَحَّحَهُ التِّرْمِذِيُّ، وَأَبُو عَوَانَةَ، وَابْنُ حِبَّانَ .

हिब्बानले यसलाई सही भनेका छन् ।)

٤٠٧- وَعَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا قَالَتْ: { شَكَا النَّاسُ إِلَى رَسُولِ اللَّهِ ﷺ قُحُوطَ الْمَطَرِ، فَأَمَرَ بِمِنْبَرٍ، فَوُضِعَ لَهُ فِي الْمُصَلَّى، وَوَعَدَ النَّاسَ يَوْمًا يَخْرُجُونَ فِيهِ، فَخَرَجَ حِينَ بَدَا حَاجِبُ الشَّمْسِ، فَقَعَدَ عَلَى الْمِنْبَرِ، فَكَبَّرَ وَحَمِدَ اللَّهَ، ثُمَّ قَالَ: "إِنَّكُمْ شَكَوْتُمْ جَدَبَ دِيَارِكُمْ، وَقَدْ أَمَرَكُمْ اللَّهُ أَنْ تَدْعُوَهُ، وَوَعَدَكُمْ أَنْ يَسْتَجِيبَ لَكُمْ، ثُمَّ قَالَ: الْحَمْدُ لِلَّهِ رَبِّ الْعَالَمِينَ، الرَّحْمَنِ الرَّحِيمِ، مَالِكِ يَوْمِ الدِّينِ، لَا إِلَهَ إِلَّا اللَّهُ يَفْعَلُ مَا يُرِيدُ، اللَّهُمَّ أَنْتَ اللَّهُ، لَا إِلَهَ إِلَّا أَنْتَ، أَنْتَ الْغَنِيُّ وَنَحْنُ الْفُقَرَاءُ، أَنْزِلْ عَلَيْنَا الْغَيْثَ، وَاجْعَلْ مَا أَنْزَلْتَ قُوَّةً وَبَلَاغًا إِلَى حِينٍ" ثُمَّ رَفَعَ يَدَيْهِ، فَلَمْ يَزَلْ حَتَّى رُئِيَ بَيَاضُ إِبِطَيْهِ، ثُمَّ حَوَّلَ إِلَى النَّاسِ ظَهْرَهُ، وَقَلَبَ رِدَاءَهُ، وَهُوَ رَافِعٌ

४०७- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: “मानिसहरूले रसूल सल्लल्लाहो अलैहे वसल्लमसित वृष्टि नहुने कारण अन्नकालको गुनासो गरे, त उहाँले म्मिबर ल्याउने आदेश गरे, अनि मिम्बरलाई नमाज पढिने स्थानमा राखियो, अनि उहाँले मानिसहरूसित एक दिन आउने वाचा गरे जसमा सबै आउन्, अनि सूर्य उदय भए पश्चात उहाँ स्वयम् निस्के, अनि मिम्बरमाथि विराजित भए, अनि तक्बीर भने र अल्लाहको प्रशंसा गरे, अनि भने: तिमीहरूले आफ्नो नगरमा अन्नकाल परेको गुनासो गरेका छौ, र अल्लाहले यो आदेश गरेको छ कि त्यससित याचना गर, र यो बचन पनि दिएको छ कि तिम्रो याचनालाई स्वीकार गर्नेछ, अनि भन्नु भयो: समस्त प्रशंसा अल्लाहकै लागि छ जुन समस्त संसारको प्रतिपालक हो, त्यो अति दयालु र अति कृपालु छ, जुन प्रलयको दिनको स्वामी हो, जस बाहेक कोही सत्य पूजनीय छैन त्यो जे चाहन्छ गरिहाल्छ, हे अल्लाह तिमी नै होम्रो ईश हौ, तिमी बाहेक कोही सत्य ईश छैन, तिमी समृद्ध र हामी फकीर (मुखापेक्षी) हौं, हामीहरूमाथि वृष्टि गराइदेऊ, र जुन पनि तिमी अवतरित गर्नेछौ त्यसलाई हामीहरूको शक्ति र अधिक समयसम्म पुग्ने माध्यम र स्रोत बनाइदेऊ, अनि उहाँले आफ्नो दुवै हात उठाए र त्यो विस्तारै उच्च हुँदै रह्यो यहाँसम्म कि उहाँको बाँहको सेतोपना जाहेर भयो, अनि उहाँले मासिनहरूतिर आफ्नो पिठ्युँ गरेर आफ्नो

يَدَيْهِ، ثُمَّ أَقْبَلَ عَلَى النَّاسِ وَنَزَلَ، وَصَلَّى رَكْعَتَيْنِ، فَأَنْشَأَ اللَّهُ سَحَابَةً، فَرَعَدَتْ، وَبَرَقَتْ، ثُمَّ أَمْطَرَتْ } رَوَاهُ أَبُو دَاوُدَ وَقَالَ: "غَرِيبٌ، وَإِسْنَادُهُ جَيِّدٌ" .

च्यादरलाई पल्टाउनु भयो यस अवस्थामा कि उहाँ आफ्नो दुवै हात उठाएका थिए, अनि मानिसहरूतिर अनुहार गर्नु भयो र मिम्बरबाट तल झर्नु भयो, अनि दुई रकअत नमाज पढनु भयो, अनि त्यसै समय अल्लाहले बादल (मेघ) सृजित गरे, र त्यो गर्जन र चमक्न थाल्यो, अनि वृष्टि भयो" । (यस हदीसलाई अबू दाऊदले वर्णन गरेका छन्, र भनेका छन् कि यो अपरिचित हदीस हो, र यसको सनद उत्तम छ ।)

وَقِصَّةُ التَّحْوِيلِ فِي "الصَّحِيحِ" مِنْ: حَدِيثِ عَبْدِ اللَّهِ بْنِ زَيْدٍ، وَفِيهِ: { فَتَوَجَّهَ إِلَى الْقِبْلَةِ، يَدْعُو، ثُمَّ صَلَّى رَكْعَتَيْنِ، جَهَرَ فِيهِمَا بِالْقِرَاءَةِ } . وَلِلدَّارَقُطْنِيِّ مِنْ مُرْسَلِ أَبِي جَعْفَرٍ الْبَاقِرِ: وَحَوَّلَ رِدَاءَهُ؛ لِيَتَحَوَّلَ الْقَحْطُ .

र च्यादर पल्टनुको कथा बुखारीमा अब्दुल्लाह बनि जैदको माध्यमले वर्णित हदीसमा छ, र त्यसमा यो पनि छ किः "अनि उहाँ किब्लातिर अनुहार गरेर दुआ गर्न थाले, अनि दुई रकअत नमाज पढे जसमा पाठनलाई जाहेर गरेर पाठ गरे" । र अबू दाऊदले अबू जअफरको मुरसल हदीसहरूको सन्दर्भमा वर्णन गरेका छन् किः "अनि उहाँले आफ्नो च्यादरलाई पल्टाए ताकि अन्नकाल पनि पल्टोस् (फर्कोस्" ।

٤٠٨ - وَعَنْ أَنَسٍ ﷺ { أَنَّ رَجُلًا دَخَلَ الْمَسْجِدَ يَوْمَ الْجُمُعَةِ، وَالنَّبِيُّ ﷺ قَائِمٌ يَخْطُبُ. فَقَالَ: يَا رَسُولَ اللَّهِ، هَلَكَتِ الْأَمْوَالُ، وَانْقَطَعَتِ السُّبُلُ، فَادْعُ اللَّهَ يُغِيثُنَا، فَرَفَعَ يَدَيْهِ، ثُمَّ قَالَ: "اللَّهُمَّ أَغِثْنَا، اللَّهُمَّ أَغِثْنَا..." } فَذَكَرَ الْحَدِيثَ،

४०८- र हजरत अनस रजिअल्लाहो अन्होको वर्णन छ किः "एउटा व्यक्ति जुमआको दिन मस्जिदमा प्रवेश गर्‍यो यस्तो अवस्थामा कि नबी सल्लल्लाहो अलैहे वसल्लम उभेर खुत्बा दिइरहेका थिए, त त्यसले भन्योः हे अल्लाहका रसूल, धन सम्पत्ति नष्ट भए, र मार्गहरू बन्द भए, यसर्थ अल्लाहसित याचना गर्नुस् कि त्यो हामीहरूमाथि वृष्टि गराओस्, अनि उहाँले आफ्नो दुवै हात उठाए, अनि भनेः हे अल्लाह हामीलाई वर्षा प्रदान गर, हे अल्लाह हामीमाथि वृष्टि अवतरित गर..." । अनि पूर्ण हदीसलाई

وَفِيهِ الدُّعَاءُ بِإِمْسَاكِهَا مُتَّفَقٌ عَلَيْهِ.

वर्णन गरेका छन्, र यसै हदीसमा वर्षालाई रोक्ने याचनाको पनि वर्णन छ । (बुखारी, मुस्लिम)

٤٠٩- وَعَنْه ﷺ { أَنَّ عُمَرَ ﷺ كَانَ إِذَا قَحَطُوا يَسْتَسْقِي بِالْعَبَّاسِ بْنِ عَبْدِ اَلْمُطَّلِبِ. وَقَالَ: اللَّهُمَّ إِنَّا كُنَّا نَسْتَسْقِي إِلَيْكَ بِنَبِيِّنَا فَتَسْقِينَا، وَإِنَّا نَتَوَسَّلُ إِلَيْكَ بِعَمِّ نَبِيِّنَا فَاسْقِنَا، فَيُسْقَوْنَ } رَوَاهُ الْبُخَارِيُّ.

४०९- र हजरत अनस रजिअल्लाहो अन्होको नै वर्णन छ कि: “जब मान्छेहरूलाई अन्नकाल लाग्दथ्यो त हजरत उमर रजिअल्लाहो अन्हो हजरत अब्बास बिन अब्दुल मुत्तलिबको माध्यमले वृष्टिको याचना गर्थे, र भन्थेः हे अल्लाह हामी तिम्रो नबीको माध्यमले वृष्टिको याचना गर्दथ्यौं अनि तिमी हामीलाई वृष्टिद्वारा अनुग्रहित गरिदन्थ्यौ, त अहिले हामी तिम्रो नबीको काकाको माध्यमले याचना गरिहेका छौं यसर्थ हामीमाथि वर्षा अवतरित गरिदेऊ, अनि उनीहरूमाथि वर्षा अवतरित भइहाल्थ्यो” । ( यस हदीसलाई बुखारीले वर्णन गरेका छन् ।)

٤١٠- وَعَنْه ﷺ قَالَ: { أَصَابَنَا - وَنَحْنُ مَعَ رَسُولِ اللَّهِ- ﷺ مَطَرٌ قَالَ: فَحَسَرَ ثَوْبَهُ، حَتَّى أَصَابَهُ مِنَ الْمَطَرِ، وَقَالَ: "إِنَّهُ حَدِيثُ عَهْدٍ بِرَبِّهِ" } رَوَاهُ مُسْلِمٌ.

४१०- र हजरत अनस रजिअल्लाहो अन्होको नै वर्णन छ कि: “हामी रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथमा थिएँ, अनि हामीलाई वर्षा आइलाग्यो, त हजरत अनस भन्छन् कि: उहाँ सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो लुगालाई माथि उठाउनु भयो, र भन्नु भयोः यो वृष्टि आफ्नो पालनकर्ताको तर्फबाट नयाँ उपहारको रूपमा आएको छ” । (यस हदीसलाई मुस्लिमले वर्णन गरेका छन् ।)

٤١١- وَعَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا؛ أَنَّ رَسُولَ اللَّهِ ﷺ كَانَ إِذَا رَأَى الْمَطَرَ قَالَ: { اللَّهُمَّ صَيِّبًا نَافِعًا }

४११- र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि: “जब रसूल सल्लल्लाहो अलैहे वसल्लम वर्षालाई हेर्दथे त भन्थेः हे अल्लाह यसलाई हामीहरूको लागि लाभदायक र हितकर बनाइदेऊ” । (बुखारी, मुस्लिम)

أَخْرَجَاهُ.

٤١٢- وَعَنْ سَعْدٍ ﷺ أَنَّ النَّبِيَّ ﷺ دَعَا فِي الِاسْتِسْقَاءِ: { اللَّهُمَّ جَلِّلْنَا سَحَابًا، كَثِيفًا، قَصِيفًا، دَلُوقًا، ضَحُوكًا، تُمْطِرُنَا مِنْهُ رَذَاذًا، قِطْقِطًا، سَجْلًا، يَا ذَا الْجَلَالِ وَالْإِكْرَامِ } رَوَاهُ أَبُو عَوَانَةَ فِي "صَحِيحِهِ".

४१२- र हजरत सअद रजिअल्लाहो अन्होको वर्णन छ कि: नबी सल्लल्लाहो अलैहे वसल्लमले वर्षाको नमाजमा यो दुआ गर्नु भयो कि: “हे अल्लाह हामीलाई अत्याधिक रिमझिम वृष्टि प्रदान गर यस्तो बादलको माध्यमले जुन समस्त पृथ्वीलाई छाएको होस्, तीव्रताले वृष्टि गर्नेवाला होस्, गर्जने कडकनेवाला हुनुको साथै ससाना थोपावाल होस्, हे प्रताप र प्रतिष्ठाको स्वामी” । (यस हदीसलाई अबू अवानाले आफ्नो सहीहमा वर्णन गरेका छन् ।)

٤١٣- وَعَنْ أَبِي هُرَيْرَةَ ﷺ أَنَّ رَسُولَ اللَّهِ ﷺ قَالَ: { خَرَجَ سُلَيْمَانُ عَلَيْهِ السَّلَامُ يَسْتَسْقِي، فَرَأَى نَمْلَةً مُسْتَلْقِيَةً عَلَى ظَهْرِهَا رَافِعَةً قَوَائِمَهَا إِلَى السَّمَاءِ تَقُولُ: اللَّهُمَّ إِنَّا خَلْقٌ مِنْ خَلْقِكَ، لَيْسَ بِنَا غِنًى عَنْ سُقْيَاكَ، فَقَالَ: ارْجِعُوا لَقَدْ سُقِيتُمْ بِدَعْوَةِ غَيْرِكُمْ } رَوَاهُ أَحْمَدُ وَصَحَّحَهُ الْحَاكِمُ.

४१३- र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “हजरत सुलैमान अलैहिस्सलाम वर्षाको याचना गर्ने उद्देश्यले निस्के, त एउटा कमिलोलाई पिठ्युँको बल आफ्नो पाइलालाई आकाशतिर उठाएर लेटेको अवस्थामा हेरे, जुन अल्लाहसित यो याचना गरिरहेको थियो कि: हे अल्लाह हामी पनि तिम्रो सृष्टिमध्येका एउटा सृष्टि हौं, हामी पनि तिम्रो वर्षाबाट निस्पृह छैनौं, त हजरत सुलैमानले भने: तिमीहरू फर्किहाल, किनकि तिमीलाई तिमीहरू बाहेकको याचनाको कारण वर्षा प्रदान गरियो ” । (यस हदीसलाई अहमदले वर्णन गरेका छन्, र हाकिमले यसलाई सही भनेका छन् ।)

٤١٤- وَعَنْ أَنَسٍ ﷺ { أَنَّ النَّبِيَّ ﷺ اسْتَسْقَى فَأَشَارَ بِظَهْرِ كَفَّيْهِ إِلَى السَّمَاءِ } أَخْرَجَهُ مُسْلِمٌ .

४१४- र हजरत अनस रजिअल्लाहो अन्होको वर्णन छ कि: “नबी सल्लल्लाहो अलैहे वसल्लमले वर्षाको लागि याचना गर्नु भयो, त आफ्नो हातलाई पल्टाएर आकाशतिर संकेत गर्नु भयो” । (यस हदीसलाई

मुस्लिमले वर्णन गरेका छन् ।)

अल्लाहको कृपाले अनुवादको पहिलो भाग समाप्त भयो, र निकट भविष्यमा नै यस अनुवादको दोस्रो भाग लुगा कपडाको वर्णनको अध्यायदेखि अगाडिका अध्यायहरुलाई लिएर उपस्थित हुनेछौं,अल्लाहसित विन्ती छ अल्लाह हामीलाई हाम्रो लक्ष्यमा सफल पारुन्, र हामी सबैलाई इस्लाम बमोजिम कायरत रहने सुअवसर प्रदान गरेर स्वर्ग प्रदान गरुन् । (आमीन)


**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड नं. ४ तौलिहवा कपिलवस्तु नेपाल**

**मो.नं. ००९६६५०१३७२२५४, ००९७७९८०८८४०७४१**